

**बाँसुरीको धुनले...**
मनाइयो दिवस । ११

**एसेज टेस्ट आजदेखि**
इंग्ल्यान्डको नजर डबल उपलब्धि । १८




नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १६४ काठमाडौं | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ




भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# देउवा–पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई 'भिलेन' बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठककै सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । 'समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको



'खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?'



'समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ'

छ,' पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'संकटमा पुर्‍याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।' लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । 'मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,' देउवाको भनाइ थियो, 'मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।

बाँकी पृष्ठ १६ ▸▸

## भित्र


पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग


## गजब छ बा !

– अविन –




तपैं 'चन्द' 'चन्द' भनिर'छु भन्नुहुन्छ !...
म 'चन्दा' 'चन्दा' नै सुनिर'छु त !


हामी देख्छौं
अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले 'काठमाडौं भ्यु टावर' मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । 'उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

आएको छ,' विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले 'काठमाडौं भ्यु टावर' निर्माणका लागि कुननी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै विल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुर्‍याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका

पृष्ठ १२

# 'अपझट आकस्मिकता'

'भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।'

■ **सुरज कुँवर** (काठमाडौं)

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झिँदै भने, 'आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।' उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई 'अपझट आकस्मिकता' भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, 'मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा



*ईश्वर जोशी*

गर्व छ ।' केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, 'मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।'

राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।

बाँकी पृष्ठ १६ ▸▸



!!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?


Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!

Sample Bank-Branch wise Account Details




Sample Bank-Branch wise Account Details




Our services:

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds #1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



Discount offer:
If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

G FORCE SYSTEMS & TECHNOLOGIES rest assured

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# संसद् अवरोधको गुत्थी

सरकारविरुद्धको मोर्चा बलियो बनाउन कांग्रेसले राजपाको साथ लिएर सर्लाही घटनालाई राष्ट्रिय मुद्दा बनाइरहँदा सत्तापक्षले त्यसलाई सामान्य नजरबाटै हेरिरहेको छ । सभामुख महरा सहमतिको मध्यविन्दु खोजिरहेका छन् ।

**राजेश मिश्र** (काठमाडौं)

संसदीय छानबिन समिति बनाउनुपर्ने र बनाउन नहुने परस्परविरोधी दलीय अडानका कारण प्रतिनिधिसभा लगातार अवरुद्ध छ। विपक्षी र सत्तारूढ दल अडानमा लचिलो नहुँदा समस्याको गाँठो फुक्न सकेको छैन ।

सभामुख कृष्णबहादुर महरा सत्तारूढ र विपक्षी दलको चेपुवामा छन् । उनले कार्यव्यवस्था समितिको बैठकबाट निकास निकाल्ने प्रयास गरिरहेका छन् । नेताहरूसँग औपचारिक/अनौपचारिक छलफल गरेका छन् । तर, निकास निक्लेको छैन । महरा भन्छन्, 'सबै दल एकमत भए संसदीय छानबिन समिति बनाउन आपत्ति छैन । एक मत नभएपछि गाह्रो छ ।' कांग्रेस र राजपाको नाराबाजीका कारण बुधबार पनि सदन अवरुद्ध भयो ।

सत्तारूढ दल नेकपा विपक्षीले माग गर्दैमा संसदीय छानबिन समिति बनाइहाल्ने पक्षमा छैन । नेकपाका प्रमुख सचेतक देव गुरुङ घटना हुनेबित्तिकै संसदीय छानबिन समिति बनाउने विषय सान्दर्भिक नहुने बताउँछन् । 'उहाँहरूले सर्लाहीको घटना उठाउनुभएको छ। त्यस्तै प्रकृतिका घटना यसअघि पनि भएका छन् । एउटा केसमा गर्ने र अर्कोमा नगर्ने भन्ने हुन्न,' उनले भने, 'सबैको फेरि छानबिन गर्दै जाने त ? त्यसले सिस्टमलाई कहाँ पुऱ्याउँछ ?'

सर्लाहीमा असार १५ मा अवरुद्ध राजमार्ग खुलाउने क्रममा प्रहरीले चलाएको गोली लागेर ईश्वर नगरपालिका-१३ का २८ वर्षीय सरोजनारायण सिंह (केवल महतो) को मृत्यु भएको थियो । अघिल्लो दिन बालुवा गिट्टी झिकिएको खाल्डोमा डुबेर त्यही ठाउँका १२ वर्षीय अमित रायको मृत्यु भएको विरोधमा स्थानीयले पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका थिए । सरकारविरुद्ध सदनमा एक हुने सहमति गरेका राजपा र कांग्रेसलाई त्यस घटनाले मुद्दा दियो । त्यसको १० दिनअगाडि चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेल प्रहरीको कारबाहीमा मारिएका थिए । दुई दलले त्यस घटनालाई पनि जोडेर संसदीय छानबिन समितिको माग गरेका हुन् ।

पौडेलको प्रहरी कारबाहीमा मृत्यु भएपछि प्रतिनिधिसभाका कैयौं बैठक भए, अर्को घटनापछि पनि दुइटा बैठक भए । तर, कांग्रेस र राजपा उक्त विषयलाई महत्त्वका साथ उठाएका थिएनन् । संसद् सहजै चलेर बजेट पारित भएको थियो । त्यसअघि भएका अन्य शंकास्पद 'गैरन्यायिक' हत्यामा कांग्रेस वा राजपा यस किसिमले प्रस्तुत भएका थिएनन् । कांग्रेस प्रमुख सचेतक बालकृष्ण खाँण प्रहरी कारबाहीका नाममा गरिने गैरन्यायिक हत्या स्विकार्न नसकिने बताउँछन् । 'यस्ता घटना दोहरिन नदिन पनि संसदीय छानबिन आवश्यक छ,' उनले भने, 'सरकारले सत्ता चलाउँदा विधिपूर्वक काम गर्नुपऱ्यो । हामीले मानव अधिकार र नागरिक अधिकारको रक्षा चाहेका हौं ।'

सरकारविरुद्धको मोर्चा बलियो बनाउन कांग्रेसले राजपाको साथ लिन यस मुद्दालाई उचालेको कांग्रेसकै नेताहरूको बुझाइ छ । लाल आयोगको प्रतिवेदन सार्वजनिक गरिनुपर्ने र सर्लाही घटनामा संसदीय छानबिन समिति गठन गर्नुपर्ने दुवै माग राजपाकै हुन् । ०७२ सालको मधेस आन्दोलनका क्रममा भएका घटना छानबिन गर्न सर्वोच्चका पूर्वन्यायाधीश गिरीशचन्द्र लाल नेतृत्वको आयोग बनेको थियो । आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग राजपाले दोस्रो अधिवेशनदेखि नै उठाउँदै आएको छ । 'राजपाको विश्वास हासिल गर्न साथमा उभिएका हौं,' कांग्रेसका एक सांसदले भने ।

राजपा सांसद राजकिशोर यादव राज्यबाट गैरन्यायिक हत्या गर्ने क्रम बढेपछि त्यसविरुद्ध कांग्रेससँग सहकार्य गरिएको बताउँछन् । 'मुद्दाका आधारमा साथमा रहन हामी सहमत छौं, यतिबेला सरकारले मानव अधिकार, शक्ति पृथकीकरणको सिद्धान्त, लोकतन्त्रको मूल मर्म, संसद्को गरिमा भुलेको छ,' उनले भने 'त्यसले हामीलाई चिन्तित बनाएको हो ।' उनले संसद्ले पटकपटक निर्देशन गरिसकेको लाल आयोगको प्रतिवेदन सार्वजनिक नगरेर सरकारले संसद्को अपमान गरिरहेको बताए ।

नेकपाका नेताहरूले चन्द समूहका नेता पौडेलको मृत्यु सम्बन्धमा संसद्कै राज्यव्यवस्था समितिले छानबिन गरिरहेको र अर्को घटना स्थानीयस्तरमा सहमति भइसकेको हुनाले संसदीय छानबिन आवश्यक नरहेको भन्दै आएका छन् । सत्तापक्ष राज्य व्यवस्था समितिमार्फत नै छानबिन बढाउने पक्षमा देखिन्छ । सभामुख महरा त्यसमा सहमतिको मध्यबिन्दु देख्छन् । 'विपक्षीको माग संसदीय छानबिन समिति हो, राज्य व्यवस्था संसद्कै अंग हो, उसले छानबिन गर्नेमा सत्तापक्ष पनि राजी छ,' उनले भने, 'छानबिनको पूरै अधिकार राज्य व्यवस्था समितिलाई दिन सकिन्छ । सिंगो राज्य व्यवस्था समिति त्यसमा लागोस् भन्न सकिन्छ ।' बुधबारको संसद् बैठकपूर्व बोलाइएको सर्वदलीय बैठकबाट निकास निस्कनेमा आफू आशावादी रहेको महराले सञ्चारकर्मीलाई बताए ।

धेरैजसो बलिया मुद्दामा सरकारलाई घेर्न चुकेको विपक्षीले 'पहिले को बोल्ने ?' भन्ने विवाद र संसदीय समिति छानबिनको मागमा सदनलाई लामो समय अवरुद्ध गर्नुलाई संसदीय अभ्यासका जानकार राम्रो मान्दैनन् । संसद्का पूर्वमहासचिव सूर्यकिरण गुरुङ संसद्मा छलफल नगरी लामो अवधि अवरुद्ध पारेर बस्नु ठीक नभएको बताउँछन् । '०४८ सालदेखि संसदीय अभ्यासमा छौं । तर अहिलेसम्म परिपक्व हुन सकेको छैन । यस्ता घटनाले व्यवस्थाप्रति जनताको आस्था बढ्छ कि घट्छ ?' उनले भने, 'पहिले को बोल्ने विषयमा संसद् स्थगित हुन थाल्नु जस्तो हास्यास्पद के होला ?' उनले राष्ट्रिय महत्त्व बोकेको विषयमा मात्रै संसदीय छानबिन समिति बनाइनु उचित हुने बताए । 'संसद्को अवरुद्ध सांकेतिक मात्रै हुनुपर्छ, त्यस्तो अभ्यास थालनी हुनुपर्छ,' उनले भने ।

०५८ सालमा अहिलेसम्मकै धेरै ५७ दिन सदन अवरुद्ध पारेको तत्कालीन एमाले यतिबेला सत्तामा छ । उतिबेलाको सत्तापक्ष अहिले सदन अवरुद्ध गरिरहेको छ । दुई कार्यकाल संविधानसभा अध्यक्ष रहिसकेका नेकपा संसदीय दलका उपनेता सुवास नेम्वाङ सदनलाई लामो समय अवरुद्ध गर्नु ठीक नभएको बताउँछन् । 'हामीले नै गरेका थियौं, तर ५७ दिनको सदन अवरुद्ध ठीक थिएन,' उनले भने, 'कहिलेकाहीं अवरोध ठीक हुन सक्छ । तर, लगातारको अवरोधका कारण जनताको समस्यामाथि छलफल हुन सक्दैन ।'

विपक्षी दलले सर्लाहीको घटनालाई राष्ट्रिय मुद्दा बनाइरहँदा सत्तापक्षले त्यसलाई सामान्य नजरबाटै हेरिरहेको छ । 'एउटालाई गम्भीर लाग्ने अर्कोलाई लाग्दैन, नेताहरू यहींनिर क्षमता प्रदर्शन गरेर जान जरुरी छ,' उनले भने, 'एकले अर्कालाई सुन्न र सहमत बनाउन सक्नुपर्छ । सहमतिबाट गयो भने मात्रै परिणाम आउँछ ।'



प्रतिनिधिसभामा बुधबार बैठक अवरोध गर्दै कांग्रेस र राजपा सांसदहरू । तस्बिर : रासस

# फेरि रोकियो बैठक

**ऋषिराम पौड्याल** (काठमाडौं)

प्रमुख प्रतिपक्ष कांग्रेस र राष्ट्रिय जनता पार्टी (राजपा) ले सर्लाही घटनामा संसदीय छानबिनलगायत माग राखी बुधबार फेरि प्रतिनिधिसभा बैठक अवरुद्ध गरेका छन् । सभामुख कृष्णबहादुर महराले बैठक सुरु भएको जानकारी गराउनेबित्तिकै सांसदहरू रोस्ट्रम घेर्न गएका थिए । उनीहरूलाई मर्यादापालकले रोकेपछि झन्डै एक घण्टा नाराबाजी गरे ।

सभामुखले सांसदलाई आआफ्नो आसनमा बसेर बैठक सञ्चालनमा सहयोग गर्न पटकपटक आग्रह गरेका थिए । तर, सांसदहरूले त्यसलाई बेवास्ता गर्दै सर्लाही घटनामा संसदीय छानबिन समिति गठन गर्नुपर्ने, निर्मला काण्डका दोषीमाथि कारबाही हुनुपर्ने, गिरीशचन्द्र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, संसदीय सर्वोच्चता कायम गर्नुपर्ने, मानव अधिकारको हनन बन्द गर्नुपर्नेलगायत नारा लगाइरहे । दुवै दलले यिनै माग राखेर असार २४ देखि संसद् अवरोध गर्दै आएका छन् । बाढीपहिरोपीडितको राहत र उद्धारका लागि भन्दै केही दिन संसद् चल्न दिए पनि सोमबारदेखि फेरि अवरुद्ध गरेका हुन् । बैठकअघि सभामुखले नेताहरूसँग छलफल गरे पनि सहमति जुट्न सकेन ।

> बैठकअघि सभामुखले नेताहरूसँग छलफल गरे पनि सहमति जुटेन

असार ५ गते नेत्रविक्रम चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेलको प्रहरी कारबाहीमा मृत्यु भएको थियो । प्रतिपक्षले दोहोरो भिडन्त नभई प्रहरीले समातेर गोली हानेको भन्दै संसदीय छानबिन माग गरेको हो । त्यसैगरी असार १५ गते अवरुद्ध राजमार्ग खुलाउने क्रममा प्रहरीको गोली लागेर ईश्वर नगरपालिका १३ का सरोजनारायण सिंहको मृत्यु भएको थियो । नदीबाट अवैध तरिकाले ढुंगा, गिट्टी झिक्दा बनाइएको खाल्डोमा पुरिएर १२ वर्षीय बालक अमित रायको मृत्यु भएपछि स्थानीयले विरोधमा राजमार्ग बन्द गरेका थिए । यी सबै घटनामा मानव अधिकार हनन भएकाले छानबिन गर्नुपर्ने विपक्षीको माग छ । राजपाले टीकापुरलगायत तराई मधेस आन्दोलनका घटना छानबिन गरेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग राख्दै आएको छ ।

सभामुखले असार २४ मा संसदीय समिति गठन गर्न आफू सकारात्मक रहेको बताएका थिए । तर, सभामुख सरकारको पक्षमा लागेर पछि हटेको विपक्षीको आरोप छ । सांसदहरूले नारा लगाउने क्रममा सभामुख 'सत्तामुख' भनेका थिए । महराले सभामुखविरुद्ध संसद्मा बोल्न नपाइने रुलिङ गरेपछि मात्र उनीहरूले उक्त नारा रोकेका थिए ।

बैठक अवरोधलाई सत्तापक्षले संसदीय मर्यादाअनुरूप नभएको भन्दै आपत्ति जनाएको छ । प्रमुख प्रतिपक्ष कांग्रेसले भने सरकारले संसदीय सर्वोच्चता बेवास्ता गरेको र संसदीय समिति बनाउन नचाहेको आरोप लगाएको छ। नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले पटकपटक छलफल भए पनि विवाद नटुंगिएकामा आश्चर्य व्यक्त गरे । सञ्चारकर्मीसँग उनले समस्या समाधान गर्न सभामुखले कुरा गरिरहेको बताए । 'यो कुरा प्रधानमन्त्रीलाई पनि राम्ररी जानकारी छ । संसद्को राज्य व्यवस्था समितिले हेरेको कुमार पौडेलको मृत्युको विषयमा कसरी संसदीय समिति बनाउने ?' उनले प्रश्न गरे । उनले पौडेल हत्याको विषय दलहरूले स्थानीयस्तरमै समाधान गरिसकेको बताए ।

कांग्रेस सांसद गगनकुमार थापाले संसद् अवरुद्ध नहोस् भन्ने चाहे पनि सभामुखले स्वतन्त्र भएर काम गर्न सक्ने हुन् कि होइन न् भन्ने प्रश्न उठेको बताए । सभामुख आफैंले समिति बनाउने वचन दिएको स्मरण गराउँदै थापाले भने, 'उहाँले सरकारलाई सोधेपछि सबै कुरा रोकियो ।' सभामुख संसद्को अभिभावक बन्न नसकेको र सरकारको छायाका रूपमा काम गरेको उनको आरोप छ । राजपाका नेता तथा सांसद राजेन्द्र महतोले सरकारले संसदीय छानबिन समिति बनाउन नचाहेको आरोप लगाए । सरकार निरंकुशतातर्फ उन्मुख भएको भन्दै माग पूरा नभएसम्म विरोध जारी रहने उनले बताए ।







GLOBAL COLLEGE OF MANAGEMENT

# Congratulations

"Congratulations to all the students of Grade-XII for outstanding NEB Examination Result-2076"


Phurba Sherpa (3.92)


Pooja Sharma (3.92)


Ajay Kumar Sah (3.84)


Bishal Kumar Sah (3.84)


Bishal Kumar Shrestha (3.84)


Kushal Nepal (3.84)


Manju Pathak (3.84)


Nikshya Man Singh Karki (3.84)



Nisha Rai (3.84)


Prachi Kumari Mahato (3.84)


Punam Kumari Sharma (3.84)


Rahul Yadav (3.84)


Resha Mudbhari (3.84)


Sneha Basnet (3.84)

Number of students securing

**GPA 3.6 and above: 130** | **GPA 3.2 to 3.59: 381** | **GPA 2.06 to 3.19 : 335**

Global College family is thankful to all brilliant faculties and staff for this wonderful achievement !

Devkota Sadak, Kathmandu-31, Nepal | Tel.: 977-1-4490021, 4490022, 4488312, 4479598 | Email: info@globacollege.edu.np | www.globalcollege.edu.np



vianet | अब सबै connected

ISO 9001:2015 Certified



# Upgrade to vianet

अब Vianet को अपग्रेडसँग वार्षिक ग्राहकहरुले रु. १५०० सम्मको उत्कृष्ट छुटसहित अनुभव गर्नुहोस् super-fast internet र 230 भन्दा बढी Channel भएको NetTv Combo Pack. साथै पाउनुहोस् Ultraboost, Viasecure, Viashop र Service Assurance जस्ता उत्कृष्ट features!

30 Mbps — Rs. 13,500* per year with NetTv

40 Mbps — Rs. 15,300* per year with NetTv

60 Mbps — Rs. 19,140* per year with NetTv

*Conditions apply

Included features

NetTv — 230 + Channels

Ultraboost — 100mbps Boost for Speedy Work

Upcoming Features

viasecure — Child Safety for Safer browsing

viashop — Exclusive Discount on Various Retail Outlets

Call to upgrade 01-5970444, 9801046410

sales@vianet.com.np | www.vianet.com.np | vianetnepal | vianetftth

Now available in Kathmandu, Lalitpur, Bhaktapur, Banepa, Birgunj, Butwal, Bhairahawa, Biratnagar, Chitwan, Hetauda, Pokhara, Lekhnath, Dadeldhura, Dhangadhi, Darchula.

Service Assurance within 24 hr

## सवारी साधनमा आगजनी

हेटौंडा (कास)- नेत्रविक्रम चन्द समूहका कार्यकर्ताले मकवानपुरमा बुधबार बिहान गाडीमा आगजनी गरेका छन् । हेटौंडामा शंकास्पद वस्तु भेटिएको थियो । बन्दको पूर्वसन्ध्यामा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-४ फाखेल हुमाने भन्ज्याङमा निजी कारमा आगजनी गरेका छन् । हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको बा १४ च ८२३४ नम्बरको कारमा आगजनी गरेका हुन् । कारमा सवार दुई जनालाई ओरालेर आगजनी गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक यज्ञप्रसाद भट्टराईले बताए । कार पूर्णरूपमा जलेको छ । यसैगरी मकवानपुरको मनहरी गाउँपालिका ९ ज्यामिरे खरङ्गामा बा ५ ख १७३९ नम्बरको ट्रकमा आगजनी गरेको जिल्ला प्रहरी कार्यालय मकवापनुरका प्रहरी उपरीक्षक मुकेशकुमार सिंहले बताए । गुडिरहेको ट्रकमा टाढैबाट अज्ञात समूहले पेट्रोल बम प्रहार गरेका थिए । ट्रकको अगाडिको भाग मात्र जलेको छ । शंकास्पद वस्तु नेपाली सेनाको टोलीले डिस्पोज गरेको थियो ।

## वडाका कागजात जलाइए

सिन्धुपाल्चोक (कास)- मेलम्ची नगरपालिका- १० को वडा कार्यालयको ढोका फोरेर बुधबार आगजनी गरिएको छ । कार्यालयका सबै कागजात एकै स्थानमा राखेर आगजनी गरिएपछि 'शंकास्पद' भन्दै अनुसन्धान तीव्र बनाएको प्रहरीले जनाएको छ । ताल्चा काटेर ढोका फोडेर कागजी डकुमेन्ट एकै स्थानमा थुप्रो लगाएर जलाएकाले घटना योजनापूर्वक षड्यन्त्र देखिने इलाका प्रहरी मेलम्चीका प्रहरी निरीक्षक महेन्द्र दर्नालले बताए । 'विप्लवभन्दा अन्य समूहले गरेको हुन सक्ने आशका बढी देखिन्छ, अहिले यसै भन्न सक्दैनौं,' उनले भने । प्रनि दर्नालका अनुसार कार्यालयमा राखिएका कम्प्युटर, कुर्सी, कागजपत्र र फर्निचर खरानी बनाइएको छ । तयसैगरी नुवाकोट ककनी गाउँपालिका- १ कागतीगाउँमा रहेको वडा कार्यालय भवनमा अज्ञात समूहले पेट्रोल बम प्रहार गरी क्षति पुऱ्याएको छ । प्रहरीका अनुसार गएराति ४/५ जनाको समूहमा आएका व्यक्तिले कार्यालयमा पेट्रोल बम प्रहार गरेका थिए । पेट्रोल बम प्रहारपछि कार्यालयमा रहेका दुई वटा कम्प्युटर, कागजपत्र, फर्निचर, चार थान पंखा जलेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं डिएसपी राजेश थापाले जानकारी दिए । बम प्रहारवाट आगलागी भएपछि स्थानिय र प्रहरीको सहयोगमा आगो नियन्त्रणमा ल्याइएको थियो ।

# भेटिँदै डेंगु र स्क्रपटाइफस

- ८ जनामा डेंगु र १ मा स्क्रपटाइफस फेला
- जिल्ला स्वास्थ्य कार्यालयमा परीक्षणका लागि किटको अभाव



जनस्वास्थ्य कार्यालय हेटौंडामा डेंगु परीक्षण गराउँदै । *तस्बिर : सुवास/कान्तिपुर*

**सुवास बिडारी** (हेटौंडा)

प्रदेश ३ को मुकाम हेटौंडामा डेंगु र स्क्रपटाइफसका बिरामी दैनिक भेटिन थालेका छन् । हेटौंडा उपमहानगरभित्र आठ जनामा डेंगु र एक जनामा स्क्रपटाइफस फेला परेको छ ।

जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रयोगशाला प्रमुख भूपनारायण यादवका अनुसार हेटौंडा बजार क्षेत्रका बिरामीमा विशेष गरी डेंगुको संक्रमण देखिएको छ । हेटौंडा अस्पतालको सिफारिसमा रगत परीक्षणका लागि स्वास्थ्य कार्यालयमा आएका २९ जनामध्ये चार महिला र चार पुरुषमा डेंगु र एक पुरुषमा स्क्रपटाइफस भेटिएको हो । उनका अनुसार स्वास्थ्य कार्यालयले निःशुल्क रूपमा परीक्षण गर्ने भएका कारण धेरै बिरामी डेंगुको शंका हुनेबित्तिकै त्यहाँ आउने गरेका छन् । 'हामीले डेंगु परीक्षण गर्ने किट दुई सय माग गर्दा मुस्किलले ५० वटा प्राप्त गर्छौं,' उनले भने, 'त्यसकारण हामी बिरामीको अवस्था हेरेर डेंगुको परीक्षण गर्छौं ।' उनका अनुसार स्वास्थ्य कार्यालयसँग अब २५ वटा मात्र किट बाँकी छन् ।

डेंगुको परीक्षण निजी क्लिनिकले निकै महँगो शुल्कमा गर्दै आएका छन् । निजी क्लिनिकले ३ हजार २ सय रुपैयाँसम्म शुल्क लिनेको गरेका छन् । 'हेटौंडाबाट धेरै बिरामी डेंगु भेटिएपछि थप उपचारका लागि चितवन अथवा काठमाडौं जाने गरेका छन्,' हेटौंडा अस्पतालका प्रयोगशाला प्रमुख अनिल यादवले भने । स्क्रपटाइफस र डेंगुका विरुद्ध सचेतना स्वास्थ्य कार्यालयले अभियान सञ्चालन गरेको थियो । जिल्ला अस्पतालले आवश्यक किट खरिद गर्न नसकेका कारण कार्यक्रम सञ्चालन हुन सकेनन् । डेंगुका बिरामी भेटिएपछि उच्च सर्तकता अपनाउन स्वास्थ्य कार्यालयले आग्रह गरेको छ । असार अन्तिम साता र साउनको पहिलो हप्तामा आएको अविरल वर्षासँगै जमेको पानीका कारण डेंगो र स्क्रफटाइफसको फैलिएको हुन सक्ने अनुमान छ ।

**बिरामीलाई निःशुल्क रगत**

मकवानपुरको एक गाउँपालिकाले बिरामीलाई आवश्यक पर्ने रगतका लागि रकम उपलब्ध गराउने भएको छ । रगत खरिद गर्न नसकेर कसैले पनि समस्या भोग्न नपरोस भनेर वकैया गाउँपालिकाले रकम उपलब्ध गराउने निर्णय गरेको अध्यक्ष दामोदर खनालले वताए ।

उपचार गर्ने क्रममा अस्पतालमा रगतको अभाव हुने, गाउँलेले रगतको व्यवस्था गर्न नसक्ने र रकमको पनि अभाव हुने भएकाले ब्लड बैंक हेटौंडासँग गाउँपालिकाले सहकार्य गरेको हो । रगतका निम्ति लाग्ने शुल्क गाउँपालिकाले ब्लड बैंक हेटौंडालाई उपलब्ध गराउने नीति छ । 'रगतको व्यवस्था गर्न नसकेर दुर्गम गाउँका केही बिरामीले ज्यान गुमाएको घटनापश्चात् रगतको व्यवस्था गरिदिने निर्णय गरेको हो,' उपाध्यक्ष सरला बोलखेले भनिन् । गाउँका बिरामीले हत्तपत्त रगत नपाउने, पाए पनि पैसा नहुने भएकाले चालु आवदेखि उक्त नीति पारित गरेको उनले सुनाइन् । ब्लड बैंकसँग एक प्रिन्ट रगत खरिद गर्न साढे ८ सय रुपैयाँ पर्छ । बकैयाका बिरामीलाई आवश्यक पर्ने रगत ब्लड बैंकले उपलब्ध गराउने र गाउँपालिकाले भुक्तानी गर्ने सहमति भएको छ ब्लड बैंक हेटौंडाका प्रमुख टंकप्रसाद दाहालले बताए ।

### कांग्रेसले भन्यो-

# प्रदेशसभा तत्काल

**कान्तिपुर संवाददाता** (मकवानपुर)

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले प्रदेससभाको बैठक तत्काल बोलाउन माग गरेको छ । प्रदेश ३ का कांग्रेस सांसदले बाढीपहिरोका कारण व्यापक धनजनको क्षति भएकाले मौन बस्न नहुने भन्दै प्रदेशसभा बोलाउन आग्रह गरेका हुन् ।

असार १२ मा बजेट पारित भएर स्थगित भएको प्रदेशसभा बैठक एक महिना पूरा भइसक्दा पनि बसेको छैन । प्रदेश तीनको प्रदेशसभा अझै अनिश्चित बनेको छ । वर्षाका कारण सांसद आउन नसक्ने कारण देखाउँदै बैठक आह्वान गरिएको छैन । 'हामीले मुख्यमन्त्रीलाई भेटेर नै प्रदेशसभाको बैठक बोलाउन आग्रह गरेको छौं,' नेपाली कांग्रेसकी प्रमुख सचेतक राधा घलेले भनिन्, 'जनता पीडामा परेको समय हो । हामीले उद्धारपछिको अवस्थामा राहत वितरणलगायत विषयमा सदनमार्फत् सरकारको ध्यानाकर्षण गराउन पाउनुपर्छ ।' उनका अनुसार तत्काल प्रदेशसभाको बैठक बोलाइएको खण्डमा प्रदेशसभा सदस्यले आआफ्नो निर्वाचन क्षेत्रको बारेमा प्रदेशसभालाई जानकारी गराउँदा विपद्बाट भएको क्षतिको तथ्यांक संकलनमा सजिलो हुने छ ।

प्रदेश ३ का सभामुख सानुकुमार श्रेष्ठका अनुसार सांसद आफ्नो निर्वाचन क्षेत्रमा विपद्पछिको व्यवस्थापनमा जुटेका कारण प्रदेशसभाको बैठक बोलाउन नसकिएको हो । 'प्रदेशसभाको बैठक राख्ने विषयमा छलफल भइरहेको छ,' सभामुख श्रेष्ठले भने, 'तर, मिति तोकिएको छैन । अधिकांश सांसद् आआफ्नो क्षेत्रमा गएकाले हामीले बैठकको मिति तय गर्न नसकेका हौं ।'

प्रदेशसभाको बैठक अर्को साता वा साउनको अन्तिममा राख्ने निश्चित भएको उनले सुनाए । वैशाख ३० गते सुरु भएको चौथो अधिवेशन असार १२ मा बजेट पारित गरेसँगै सकिएको थियो । प्रदेशसभाका सांसद आफ्नै निर्वाचन क्षेत्रमा व्यस्त छन् । विपद्पछिको व्यवस्थापनका लागि आफूहरू निर्वाचन क्षेत्रमा व्यस्त रहेकोले प्रदेशसभाको बैठक तत्काल आह्वान नगरिएको बताएका छन् । यता, प्रदेश सवारीसाधान ऐन-२०७५ मा गरिएको नवीकरणसम्बन्धी व्यवस्था सच्याउन प्रदेश सरकारले सिफारिस गरिसकेको अवस्थामा प्रदेशसभाको बैठक तत्काल बोलाउनुपर्ने अवस्था सिर्जना भएको छ । सवारी ऐन संशोधन नभएसम्म प्रदेशअन्तर्गत सवारीसाधन नवीकरण गर्ने कार्य अगाडि नबढ्ने भएका कारणले समेत बैठक बोलाउन सरकारले सभामुख श्रेष्ठलाई अनुरोध गरिसकेको छ । प्रदेश सरकारले सवारी नवीकरणबापत् वार्षिक करिब दस अर्ब रुपैयाँ कर संकलन गरिरहेको छ ।

**विधेयकमाथि छलफल अगाडि बढेन**

प्रदेशसभाको बैठक नहुँदा समितिमा पठाइएको विधेयकमाथिको दफावार छलफल पनि रोकिएको छ । प्रदेशसभाको बैठक सञ्चालन भएको समयमा नै समितिको बैठक आह्वान गर्ने गरिएको छ । केही महत्त्वपूर्ण विधेयक समितिमा नै अडकिएको छ । प्रादेशिक व्यापार व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, मदनकुमार भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, वनसम्बन्धी विधेयकजस्ता महत्त्वपूर्ण विधेयकमाथिको छलफल पनि रोकिएको छ । 'प्रदेशसभाको बैठकमा नै सांसद आएको बेला समितिको बैठक बोलाइन्छ,' प्रदेश मामिला समितिका सभापति माधव पौडेलले भने, 'अरु बेला समितिको बैठक हुन्न । सांसद प्रदेशसभा बैठक सकिएपछि आफ्नो क्षेत्रमा फर्किने भएकाले पनि बैठक बस्न समस्या हुने गरेको छ ।' समितिले विधेयकमाथि सरोकारवालासँग छलफल भने गरिरहेको छ ।

> बाढी पहिरोका कारण क्षति भएको धनजनको तथ्यांक संकलन र राहतका लागि बैठक बस्नुपऱ्यो
>
> **– राधा घले, कांग्रेस प्रमुख सचेतक**

# धानमा हाल्ने मलको हाहाकार

**कान्तिपुर संवाददाता** (नुवाकोट)

रोपो गोड्मेल गरेर धानमा मलखाद हाल्नुपर्ने बेलामा फेरि मलको हाहाकार भएको छ । किसानले सिधै मल किन्न नपाउने भएकाले सहकारीलाई गुहारिरहेका छन् । सहकारी पनि मलका लागि सदरमुकाम विदुरस्थित कृषि सामग्री कम्पनी धाइरहेका छन् ।

जिल्लामा गत जेठमा पनि यही समस्या थियो । 'किसानलाई मल खाँचो परिराछ, बजारमा पाइएन,' मल खोज्न भौंतारिएका लिखु गाउँपालिका- १ ढिकुरे दुप्चेश्वर बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक गोकर्ण ढकालले भने । अहिले मुख्य धानबालीका लागि मल नपाएपछि किसान चिन्तामा परेका छन् । गोठेमल हालेको ठाउँमा रोपो राम्रो छ । 'गोठेमल नपुगेको र रोपो पहेंलो भएको ठाउँमा मल नहाली धान फल्दैन,' उनले भने, 'मल लिन आउने किसानको ताँती छ । पाइएन भनेर कतिलाई जवाफ दिने ।'

ढिकुरेफाँट, लब्दु, धामीखेत, सेराफाँट, थानसिङफाँट, भद्रुटार, बुढीसेरा र सुनखानीका खेतका धानमा मल हाल्ने बेला भएको छ । त्यसैगरी, थानपती, छहरे, माछापोखरी, फेदीबेसी, नौबिसे, सातबिसे, चौघडा, मिश्रफाँट, शिखरबेसी, रावतबेसी, रामोती, बाहुनबेसी, मदानपुर, श्रीखालीलगायत स्थानका खेतमा मल राख्न ढिला हुन लागिसक्यो । 'धान खेतीका लागि चाहिने मल पाइएको छैन,' सूर्यगढी गाउँपालिका ५ का मछिन्द्र पौडेलले भने, 'टारीखेतमा धान रोपिँदै छ । अब केही दिनमा मल नपाए किसानलाई समस्या हुन्छ ।'

यति बेला टारी खेतमा किसान मकै भित्र्याएर वर्षाको भल हालेर खेत रोपिरहेका छन् । मकैको बेलामा पनि मल लिन उतिकै लडाइँ गर्नुपरेको बताउँदै पौडेलले भने, 'फेरि धानको सिजन आइसक्यो मल अभावले छाडेन ।' लिखु गाउँपालिका- १ नारायणदेवी बहुउदेश्य सहकारी संस्थाले पनि किसानलाई मल उपलब्ध गराउन सकेको छैन । 'किसानले मल लिन दिनहुँ आउने गरेका छन्,' संस्थाका अध्यक्ष रामशरण थापाले भने, 'मल केही दिनमा आउँछ भनेर पठाउने गरेको छु ।'

रासायनिक मल खेतमा राख्नुपर्ने चलनले किसान मर्कामा परेको ढकालको बुझाइ छ । 'किसानलाई मल हाल्ने बानी पारिदिए,' उनले भने, 'नत्र भने पहिला गोठेमल हालेर किसानले धान फलाउँथे । अब त माटो बिग्रीसक्यो नहाली हुँदैन ।' मकैपछि पछिल्लो धानबाली हो । जिल्लाका अधिकांश किसानले धानमा युरिया मल प्रयोग गर्छन् भने थोरैले मिसाएर डीएपी हाल्छन् ।

# चेपाङ चाहन्छन् शिक्षा, स्वास्थ्य र रोजगारी

**कान्तिपुर संवाददाता** (चितवन)

चेपाङ बहुल पहाडी क्षेत्रलाई छुट्टै स्थानीय तह बनाउन माग गर्दै चेपाङ संघ आन्दोलित भयो । चेपाङ बहुल भने चितवनका तत्कालीन नौवटा पहाडी गाविसमध्ये चार स्थानीय तहमा परे । पाँच गाविस भरतपुर महानगर र कालिका तथा राप्ती नगरपालिकाका वडा कायम भए । पहाडी क्षेत्रकै बाँकी चार गाविसलाई समेटेर जिल्लाको एक मात्र गाउँपालिका इच्छाकामना गठन भयो ।

स्थानीय तह गठनका बेलामै आफ्नो माग सुनुवाइ नभएको गुनासो गर्दै आएका चितवनका चेपाङले अहिले कस्तो अनुभव गर्दै छन् ? नेपाल चेपाङ संघ चितवन अध्यक्ष लक्ष्मण चेपाङ भन्छन्, 'चुनाव भएपछि चिनेजानेकै प्रतिनिधिहरू प्राप्त भए । कर्मचारीको पालामा भन्दा कार्यालयबाट हुने काम केही सहज रूपमा लिन पाइयो । तर अरू उल्लेख गर्न लायक राम्रो काम खासै भएन ।' जनगणना २०६८ अनुसार चेपाङको जनसंख्या देशभर ६८ हजार ९ सय ९९ छ । मुख्य बसोबास चितवनसहित मकवानपुर, धादिङ र गोरखा जिल्लामा छ । चितवनमा मात्रै चेपाङको जनसंख्या २८ हजार ९ सय ६३ रहेको उनले बताए । 'पहाडी क्षेत्रमा बाक्लो बसोबास छ,' उनले भने, 'चितवनका सातै स्थानीय तहमा चेपाङहरू छन् ।'

राप्ती नगरपालिकामा दुई, इच्छाकामना गाउँपालिकामा दुई र कालिका नगरमा एकजना गरेर चेपाङ समुदायका पाँचजना वडाध्यक्ष छन् । 'वडाध्यक्षले आफ्नो समुदायका लागि नहेर्ने भन्ने त हुँदैन । तर स्थानीय तह प्रमुख, उपप्रमुख र अन्य वडाध्यक्ष अनि कार्यपालिका सदस्यहरूभन्दा अल्पमतमा परेपछि आफ्नै कुरा मात्रै लागू गराउन सम्भव नहुँदो रहेछ,' अगुवा सफल चेपाङले भने । राप्ती नगरपालिकाको चेपाङ संघको नगरस्तरीय समितिका अध्यक्ष रहेका उनी समुदायको चाहनाअनुसारका कार्यक्रम र योजना ल्याउन सजिलो नभएको बताउँछन् । 'विकास यही हो भनेर अहिले धेरैको चाहना बाटोघाटो छ,' उनले भने, 'तर चेपाङलाई शिक्षा, स्वास्थ्य र आर्थिक सुधार हुने योजना आवश्यक छ । यसलाई स्थानीय तहले कार्यक्रममा पार्न सकेनन् ।' चेपाङ संघको कालिका नगरस्तरीय एकाई अध्यक्ष सुरज चेपाङ पनि स्थानीय तहले बाटोमा भन्दा अरूमा ध्यान नदिएको गुनासो गर्छन् । 'पहिलाको तुलनामा चेपाङको घर भएको पहाडी क्षेत्रमा बाटो खन्ने काम बढेको छ । तर हाम्रो क्षेत्रमा नगदेबाली बढाउने कार्यक्रम छैन । पशुपालन गर्न प्रोत्साहित गर्नुपर्ने हो,' उनले भने, 'कार्यक्रम चाहियो भनेर वडा र नगरपालिकामा माग गरेका पनि छौं ।' इच्छाकामना गाउँपालिकास्तरीय चेपाङ संघका अध्यक्ष विकास चेपाङले स्थानीय तहले चेपाङका लागि छुट्ट्याएको बजेट पनि खर्च हुन नसकेको बताए । 'पोहोर चेपाङ समुदायका लागि भनेर गाउँपालिकाले दुई लाख रुपैयाँ छुट्ट्याएको रहेछ । आधा पनि खर्च भएन,' उनले भने, 'यो वर्ष पाँच लाख रुपैयाँ छुट्ट्याएका छौं भनेर उपप्रमुखले मलाई भन्नुभएको छ । बजेट छुट्ट्याएर मात्र हुन्न, योजना कार्यान्वयन हुनुपऱ्यो ।'



चितवनको राप्ती नगरपालिकामा पर्ने लोथरका चेपाङ । *तस्बिर : रमेशकुमार पौडेल/कान्तिपुर*

भरतपुर-२९ को डोडेनी गाउँमा चन्द्र चेपाङले अदुवा लगाएर राम्रो आम्दानी गरेका छन् । वर्षमा अढाई लाख रुपैयाँसम्म आम्दानी गरेर उनले गाउँमा राम्रो घर बनाए । चार सय बोट सुन्तला हुर्केका छन् । यत्तिको भरमा गाउँमा उनी हुने खाने व्यक्तिका रूपमा बोलाइन थाले । तर उनको भनाइ छ, 'हाम्रो गाउँ पुग्ने राम्रो बाटो छैन ।' हिउँदमा मात्रै मोटर चल्ने बाटो छ । नारायणगढ-मुग्लिन सडकमा पर्ने भोर्लेबाट माथि लागेको जिप ठाउँ-ठाउँमा रोक्दै र मान्छे चढाउने र ओराल्ने गर्दै तीन घण्टामा उनको गाउँ पुग्छ । 'त्योभन्दा जुगेडीबाट हिँडेर आउँदा डेढ घण्टामा घर पुगिन्छ,' उनले भने, 'कृषि कर्म गर्दा स्तर अवश्य उकासिन्छ । तर चेपाङका बस्तीसम्म पूर्वाधार पुऱ्याउन सरकारको ध्यान गएमात्रै काम गरेको ठहरिन्छ ।' बाटो बनाइदेऊ भनेर जाँदा जाँदा दिक्क लागेको उनले बताए । 'तिमी त जमिनदार हौ, अरूका समस्या धेरै छन् भन्ने गर्दछन्,' उनले भने ।

रत्ननगर नगरपालिकास्तरीय संघका अध्यक्ष रिसल्ला चेपाङ नगर क्षेत्रभित्र बस्ने ७० प्रतिशत चेपाङको लालपुर्जा नभएको बताउँछन् । 'लालपुर्जा नभएपछि नगरभित्र सेवा लिन अनेक अप्ठ्यारा पर्दोरहेछन्,' उनले भने, 'सरकारले दिने सेवा नै लिन नपाइने भएपछि हाम्रा लागि के योजना आए भन्नु ?'


















## तपाईंको आज

| | |
|---|---|
| मेष | सोचेको पुग्ने |
| वृष | शत्रु परास्त |
| मिथुन | आर्थिक लाभ |
| कर्कट | पदोन्नति |
| सिंह | खर्च वृद्धि |
| कन्या | कार्य सफल |
| तुला | कर्म प्राप्ति |
| वृश्चिक | भाग्य वृद्धि |
| धनु | डर चिन्ता |
| मकर | नयाँ कार्य प्रारम्भ |
| कुम्भ | कान्ति क्षय |
| मीन | अध्ययनमा सफल |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल श्रावण १७ गते शुक्रबार तदनुरुप २ अगस्ट २०१९ श्रावण शुक्लपक्ष प्रतिपदा तिथी प्रातः ६:३७ बजेसम्म उप्रान्त द्धितिया तिथि, अश्लेषा नक्षत्र प्रातः ११ ५९ बजेसम्म उप्रान्त मघा नक्षत्र, व्यतिपात योग दिनको २:३४ बजेसम्म उप्रान्त वरियान योग, बालब करण दिनको ५:२६ बजेसम्म उप्रान्त कौलब करण, कर्कट राशिमा चन्द्रमा प्रातः ११:५९ बजेसम्म उप्रान्त सिंह राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एण्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एण्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एण्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एण्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४११५५० |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४९११७२५ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४९११००८ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल | ४४७६१५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४/४२१७७६६/४२१७७५५ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| कान्तिपुर हस्पिटल | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| वयोधा अस्पताल (प्रा.) लि. | ४२८६४२८/४२८१६६६ |
| लाइफ केयर अस्पताल | ४२२७०३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| भक्तपुर रेडक्रस | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| नेपाल मेडिसिटी | ४२१७७५५/४२१७७६६ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल | ४३७७४०४/४३७७७०४ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि. | ४४७४९६८/४४८९८९१ |
| सामुदायिक मानसिक स्वा. से. केन्द | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल | ४३६६३०१-०५ |
| मध्यपुर अस्पताल | ०१-५०९३३८८/५०९३३९५/५०९३३७२ |
| विनायक अस्पताल तथा प्रसुति गृह | ४३८३१५२/४३८०८४८ |
| केन्द्रीय पशु चिकित्सालय | ४२६१३८२/४२२०६४/४२६८१९३ |
| हेल्पिङ हेन्ड्स सामुदायिक अस्पताल | ४४७३५१८/४४७०६१५ |
| शहीद मेमोरियल अस्पताल | ४६७२९३४/०१६२०८६७२ |
| स्पार्क हेल्थ होम अस्पताल | ४२७३०९४/४२७००२३ |
| ओम समाज अस्पताल | ४३१३५९२ |
| स्टार अस्पताल | ५५५०१९७/५५५०१९८/५५५२२२७ |
| अल्का अस्पताल | ५५५५५५५ |
| नागरिक सामुदायिक अस्पताल | ६६३७७००/५६३९१८४ |
| हिमाल अस्पताल/एम्बुलेन्स | ४४१५०७६/४४१९६७२ |
| स्पाइनल इन्जरी पुनस्थापना केन्द्र | ०११-६६०८४७/६६०८४८ |
| काठमाडौं अस्पताल | ४२२२२९२ |
| अन्तराष्ट्रिय मैत्री बाल अस्पताल | ४४११११३४/४४१५४६१ |
| बी.पी. स्मृति अस्पताल | ४३८७००९/४३८७००६ |
| सुमेरु अस्पताल | ५२७५३७७/५२७५०८८/९९ |
| वेलकेयर हस्पिटल | ४४२६१३५/४४२६१८४ |
| एभरेष्ट हस्पिटल | ४७८१२०४/४७८३०२४ |
| काठमाडौं नाक कान घाँटी अस्पताल | ४२४५५५४/४२२६७३० |
| ग्रान्डी इन्टरनेशनल हस्पिटल | ५१५९२६५/५१५९२६६ |
| ग्रिन सिटी हस्पिटल | ४३५२२४८/४३५७४५२ |
| शुभेक्षा इन्तरनेशनल हस्पिटल | ४२८९५३४/४२८९५३५ |
| कान्तिपुर जनरल हस्पिटल | ४३८५९१०/४३८५९११ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| दीर्घायु गुरु हस्पिटल | ४४६९५९३/९८४४८५५५७ |
| गणेशमान सिंह मेमोरियल अस्पताल | ०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)



काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका ५ हरियाली नगरस्थित डाँडो काटेर गरिएको प्लटिङमा बिजुलीको पोलका लागि मात्र बचाएर राखिएको सानो ढिस्को । यसले पोल धरापमा परेको छ । जथाभावी जग्गा प्लटिङ गर्नाले उपत्यकावरिपरिका डाँडाहरू कुरूप हुँदै गएका छन् भने खेतीयोग्य जमिन घट्दै छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# साइबर मुद्दा बढे


काठमाडौंमा मात्र मुद्दा दर्ता हुने भएकाले साइबर अपराधको न्यायिक पहुँच उपत्यकाबाहिर न्यून छ । उजुरी र न्यायका लागि काठमाडौं आइपुग्नुपर्ने झन्झटले पीडितहरु झन् समस्यामा छन् ।

**लीला श्रेष्ठ** (काठमाडौं)

युवतीलाई आईएमओमार्फत् अश्लील तस्बिरहरू पठाई चरित्रहत्या गरेको आरोपमा एक जना पक्राउ परेका छन् । गतसाता आईएमओमार्फत् अश्लील तस्बिर पठाई इज्जत, प्रतिष्ठामाथि आँच आउने कार्य गरी चरित्रहत्या गरेको उजुरीमा प्रहरीले रौतहट गौर नगरपालिका १३ का ३६ वर्षीय उमेशकुमार पासवानलाई पक्राउ गरेको हो । गत सोमबार पक्राउ परेका पासवानलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत मुद्दा दर्ता गरी अनुसन्धान थालेको प्रहरी प्रधान कार्यालय केन्द्रीय साइबर ब्युरोले जनाएको छ ।

झापा दमक पशुहाटका २१ वर्षीय उज्वल भन्ने समीर घिमिरे पनि पक्राउ परेका छन् । उनलाई एक किशोरीको फेसबुक आईडीको पासवर्ड परिवर्तन गरी अश्लील फोटो आईएमओ तथा म्यासेन्जरमार्फत् पीडितका आफन्तलाई पठाउने, धाकधम्की दिई बेइजत गर्ने, चरित्रहत्या गरेको आरोप छ ।

आफूसँग विवाह नगरेको आरोपमा उनले किशोरीको अश्लील तस्बिर आफन्तहरूलाई पठाउने गरेको पाइएको प्रहरीले जनाएको छ । उनलाई प्रहरीले गत मंगलबार पक्राउ गरी विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दामा म्याद थप गरेको छ । त्यस्तै, १५ वर्षीय किशोरीको फोटो प्रयोग गरी अपरिचित व्यक्तिको नाममा फेसबुक फेक आईडी बनाई फोटोसहित अश्लील शब्दहरू प्रयोग गरी सामाजिक सञ्जालमा पोस्ट गरेको आरोपमा प्रहरीले झापा हल्दीबारीका सीताराम भट्टराईलाई नियन्त्रणमा लिएको छ । शनिबार पक्राउ परेका भट्टराईलाई विद्युतीय कारोबार ऐनअन्तर्गत मुद्दामा म्याद थप गरेको केन्द्रीय साइबर ब्युरोले जनाएको छ । यी तीन घटना त उदाहरण मात्र हुन् । इन्टरनेट तथा प्रविधिको बढ्दो लोकप्रियतासँगै चुनौती पनि थपिँदै गएको छ । यसको दुरुपयोग मात्र नभई यससम्बन्धी गम्भीर किसिमका अपराध पनि बढ्दै गएको प्रहरीको भनाइ छ । सूचना प्रविधिको बढ्दो पहुँचले खासगरी इन्टरनेटसम्बन्धी र त्यसमा पनि नेपालमा निकै लोकप्रिय बनेको सामाजिक सञ्जाल फेसबुकसम्बन्धी अपराध बढेको प्रहरी प्रधान कार्यालय केन्द्रीय साइबर ब्युरो प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआईजी) विकास श्रेष्ठ बताउँछन् । चालू आर्थिक वर्ष ०७६/७७ को दुई सातामै साइबर अपराधका ५० वटा उजुरी ब्युरोमा पेस भएको उनी बताउँछन् । जसमध्ये ४५ वटा उजुरी फेसबुकसम्बन्धी अपराधका छन् । ३ वटा युटचुब, १ ट्वीटर र १ अन्य छन् । केन्द्रीय साइबर ब्युरो स्थापनाको करिब तीन



महिनामा १ सय ९० उजुरी परेका छन् । भोटाहिटीस्थित २०७६ वैशाख २९ मा डीआईजीको नेतृत्वमा केन्द्रीय साइबर ब्युरो कार्यालय स्थापना भएको हो । ब्युरोका अनुसार साइबर अपराधसम्बन्धी अपराधमध्ये फेसबुकसम्बन्धी उजुरी बढ्दै गएका छन् । गतआर्थिक वर्ष ०७५/७६ मा साइबर अपराधसम्बन्धी ३ सय ५७ वटा उजुरी परेकामा त्यसमध्ये १ सय ७१ वटा फेसबुकसम्बन्धी मात्र छन् । साइबर अपराधसम्बन्धी उजुरीमध्ये ३६ वटा उजुरीको अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्युरो, ४६ वटाको युजर डिटेल माग गरिएको र १ सय ७१ को फेसबुक अकाउन्ट बन्द गरेको र १ सय ४ उजुरीको अनुसन्धान जारी रहेको जनाएको छ । फेसबुकबाट विभिन्न व्यक्तिको चरित्रहत्या हुने किसिमका सामग्री पोस्ट गर्ने, अश्लील फोटो ट्याग गर्ने, नक्कली फेसबुक अकाउन्ट बनाउनेजस्ता उजुरी परेको डीआईजी श्रेष्ठले बताए ।

काठमाडौंमा मात्र मुद्दा दर्ता हुने हुँदा साइबर अपराधको न्यायिक पहुँच उपत्यकाबाहिर न्यून छ । उजुरी र न्यायका लागि काठमाडौं आइपुग्नुपर्ने झन्झटले पीडितहरू न्यायबाट टाढै छन् । उपत्यकाबाहिर सेवा प्रवाहका लागि जनशक्ति तथा साधनस्रोतको कमी भएको ब्युरोको भनाइ छ । साइबर अपराधसम्बन्धी प्रस्ट कानुनी प्रावधान छैन । यसबाहेक संस्थागत क्षमता बलियो भइसकेको अवस्था छैन । मुलुक भरका विद्युतीय अपराधसम्बन्धी मुद्दा हेर्ने एकल निकायका रूपमा काठमाडौं जिल्ला अदालत मात्र छ ।

०६४ देखि काठमाडौं जिल्ला अदालतलाई साइबर अपराधको क्षेत्राधिकार तोकिएकोमा एउटै मात्र अदालत भएका कारण यसबाट पाइने न्याय ढिलो, खर्चिलो, झन्झटिलो हुनुका साथै सहर पहुँचमा नभएको सरोकारवाला व्यक्तिको गुनासो छ । इन्टरनेट तथा प्रविधिको बढ्दो लोकप्रियतासँगै बढेको साइबर अपराध न्यूनीकरणका लागि प्रयोगकर्ता आफैं सचेत हुनुपर्ने डीआईजी श्रेष्ठको सुझाव छ । 'आफ्नो पासवर्ड कसैलाई दिनु हुँदैन, समयसमयमा परिवर्तन गरिरहनुपर्छ,' उनले भने, 'इमेलमा काम गरिसकेपछि साइन आउट गर्नुपर्छ ।' सामाजिक सञ्जालमा अनावश्यक तस्बिर राख्ने, व्यक्तिगत विवरण राख्ने, अपरिचित व्यक्ति वा संस्थाबाट आएको इमेल नखोल्ने, इमेल तथा मोबाइलमा आउन सक्ने आकर्षक उपहार चिठ्ठाको भर नपर्ने, मेल वा मेसेन्जरमा आएको अनावश्यक लिङ नखोल्नेलगायत कार्य गरे मात्र पनि अपराध न्यूनीकरणमा सहयोग पुग्ने उनको भनाइ छ । प्रत्येक कम्प्युटर प्रयोगकर्ताले सेक्युरिटी सफ्टवेयरहरूको प्रयोग गर्नुपर्ने, विद्युतीय उपकरण मार्फत कुनै पनि अश्लील सामग्री आदानप्रदान गर्न नहुने प्रहरीको सुझाव छ ।

# शुक्रबार शैक्षिक मेला

काठमाडौं (कास)- 'उच्च शिक्षा नेपालमै' नारासहित शैक्षिक मेला हुने भएको छ । स्नातक तह अध्ययन गर्ने विद्यार्थीलाई लक्षित शैक्षिक मेला एजुकेसनडटकम र भिजन मिडियाले मेला आयोजना गर्न लागेका हुन् । शैक्षिक मेला काठमाडौंको दरबारमार्गस्थित अन्नपूर्ण होटलमा शुक्रबार (साउन १७ गते) बाट दुई दिनसम्म हुने छ । भर्खरै मात्र कक्षा १२ को नतिजा सार्वजनिक भएको छ । शैक्षिक मेला तिनै विद्यार्थीलाई लक्षित छ । स्वदेशका उत्कृष्ट शैक्षिक कार्यक्रमहरू र शैक्षिक संस्थाबारे जानकारी दिलाउनु मुख्य उद्देश्य रहेको बताइएको छ ।

'नेपालमा उच्च शिक्षा लिन चाहाने विद्यार्थीलाई लक्षित गरी शैक्षिक मेला आयोजना गर्न लागिएको हो,' आयोजक संस्थाका प्रमुख कार्यकारी अधिकृत जीवन लामा गोलेले बुधबार आयोजित पत्रकार सम्मेलनमा भने, '६ वर्ष अगाडि सुरुवाती कालमा जुन अन्योल थियो, आज त्यो छैन ।

ढुक्क साथ स्वदेशमै उच्च शिक्षा हासिल गर्न विद्यार्थीलाई भन्न सक्ने भएका छौं । स्तरीय शिक्षा दिने संस्थाहरूमा छन् । स्नातक पढ्न विदेश जानु पर्दैन ।'





ADMISSION OPEN
FASHION INTERIOR

BA (HONS) in FASHION & RETAILING 3 Years
BA IN INTERIOR ARCHITECTURE 3 YEARS
DIPLOMA IN FASHION & MARKETING 15 Months
DIPLOMA IN INTERIOR & PRODUCT DESIGN 15 Months

FASHION ASIA ASIAN TOP FASHION ORGANIZATION AWARD WINNER 2016
NEPAL BEST BRAND LEADERSHIP AWARDS 2018.
NEPAL'S NO.1 FASHION & INTERIOR SCHOOL IEC SCHOOL OF ART & FASHION ...Since 1997
NEPAL'S NO.1 FASHION & INTERIOR COLLEGE IEC COLLEGE OF ART & FASHION

facebook.com/ieccollege.np | instragram.com/iecsaf | ieckn@rediffmail.com | www.ieccollege.com.np
Fashion Wing : Mandikhatar, Kathmandu | Tel : 4650426 / 4650713 Interior Wing : Chandol, Kathmandu | Tel : 4432216 / 4432396
Kathmandu Aradhan Complex, Bagbazar | Tel : 4247475 / 4247528 Bhaktapur Above NCC Bank, 2nd Floor, Lokanthali | Tel : 01-6636553 / 6639727


# क्याफेमै सार्वजनिक शौचालय

**कान्तिपुर संवाददाता** (काठमाडौं)

काठमाडौं महानगरले आफ्नो क्षेत्रभित्रका होटल, रेस्टुरेन्ट र क्याफेसँग सहकार्य गरी शौचालय सुविधा उपलब्ध गराउने भएको छ । पहिलो चरणमा ५० वटा होटल, रेस्टुरेन्ट र क्याफेका शौचालयमा निर्वाध रूपमा महानगरवासी र पर्यटकलाई दिसापिसाब गर्न पाउने सशुल्क सेवा दिन लागेको हो ।

राजधानीका मुख्य चोकहरूमा सार्वजनिक शौचालय निर्माण गर्न महँगो पर्नेमात्र नभई बनाउनका लागि ठाउँको अभावसमेत रहेकाले विकल्पमा विदेशी मुलुकका ठूला महानगरमा जस्तै होटल, रेस्टुरेन्ट र क्याफेभित्र सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराउने तयारी भइरहेको जानकारी महानगरका अधिकारीले दिएका छन् ।

ती अधिकारीका अनुसार अबको दुई/तीन महिनाभित्रै राजधानीका ५० होटल, रेस्टुरेन्ट र क्याफेमा शौचालय सुविधा उपलब्ध गराउन महानगरले आवश्यक काम अघि बढाइरहेको छ । महानगरले पहिलो चरणमा आफ्नो क्षेत्रभित्रका ५० वटा होटल, रेस्टुरेन्ट र क्याफेका सञ्चालकसित वार्ता गरी तिनका शौचालयमा 'सार्वजनिक शौचालय' को सुविधा दिनेबारेमा प्रारम्भिक समझदारी गरिसकेको छ ।

महानगरभित्रका सहरी योजना आयोगका उपाध्यक्ष सरोज बस्नेतका अनुसार तिनमा महानगरबासी र पर्यटकले कुनै पनि खानेकुरा नखाए पनि तोकिएको शुल्क तिरेर शौचालय प्रयोग गर्न पाउने छन् । शौचालय प्रयोग गरेबापत लाग्ने शुल्क भने टुंगो लगाउन बाँकी छ । सार्वजनिक शौचालयका रूपमा प्रयोग गर्न आवश्यक थप पानी उपलब्ध गराउने र दिसापिसाब गर्दा लाग्ने शुल्कको टुंगो लागेपछि महानगर र ती होटल, रेस्टुरेन्ट र क्याफेबीच सम्झौता हुने छ । 'सम्झौता भएपछि तोकिएका होटल, रेस्टुरेन्ट र क्याफेका शौचालयलाई सार्वजनिक शौचालयका रूपमा उपयोगमा ल्याइने छ,' महानगरका ती अधिकारीले भने, 'सम्झौता भएपछि शुल्क तिरेर दिसापिसाब गर्न पाइने होटलहरूको नाम महानगरले सार्वजनिक गर्ने छ ।'

महानगरमा उपलब्ध सार्वजनिक शौचालयभन्दा होटल र रेस्टुरेन्टको शौचालयमा बढी शुल्क तिर्नु नपर्नेसमेत महानगरका अधिकारी बताउँछन् । ती अधिकारीका अनुसार दोस्रो चरणमा राजधानीका थप होटल, रेस्टुरेन्टर र क्याफेसित सहकार्य गरी सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराउँदै जाने कार्यक्रम रहेको जानकारी

**सार्वजनिक शौचालय निर्माण गर्न महँगो र ठाउँको अभावसमेत रहेकाले विकल्पमा विदेशी मुलुकका ठूला महानगरमा जस्तै होटल, रेस्टुरेन्ट र क्याफेभित्र सार्वजनिक शौचालयको सुविधा उपलब्ध गराउने तयारी**

महानगरले दिएको छ । 'अबको दुई/तीन महिनापछि नै राजधानीमा हिडदा या घुम्दा दिसापिसाब लागेमा शौचालय खोज्न भौंतारिनु पर्ने छैन,' महानगरका एक अधिकारी भन्छन्, 'छानीछानी राम्रा होटल, रेस्टुरेन्ट र क्याफे छिरेर दिसापिसाब गर्न सकिने छ । त्यसका लागि होटल छिरेर कुनै खानेकुरा खानुपर्ने छैन । तोकिएको शुल्क तिर्‍यो, शौच गर्‍यो, निस्कियो गर्न पाइने छ ।'

मुलुकको केन्द्रीय राजधानी रहेको काठमाडौं महानगरभित्र सार्वजनिक शौचालय अत्यन्त कम संख्यामा छन् । भएका शौचालय पनि सरसफाइ र पानीको अभावले अत्यन्त फोहोर छन् ।


GLOBAL COLLEGE INTERNATIONAL

ADMISSIONS OPEN
2019 INTAKE

BBA Bachelor of Business Administration
BTTM Bachelor of Travel and Tourism Management
BHM Bachelor of Hotel Management

FEATURES
- Four - year semester system programs.
- Participative and student centered teaching / learning.
- Research-based practices and real time case studies/ seminars.
- Time tested curriculum.
- Business incubation and leadership programs.
- Out-reach orientation and induction workshop.
- Courses delivered by prominent faculty of national and international repute.
- National/multinational internship & placement opportunities.
- International faculties for specific courses.
- Specialization in industry demanded courses.
- State of the Art facilities and infrastructures.
- Industry based faculties.

Training Partner
culinary solutions AUSTRALIA INTERNATIONAL

Last date of form submission Bhadra 6, 2076

- Application forms can be downloaded from college website.
- GCI Merit Scholarship scheme is available for the meritorious and deserving candidates.
- Provisional admission for result – awaiting students.

Mid Baneshwor, Kathmandu, Nepal, Tel: 977-1-465786, 4488410, info@gci.edu.np, www.gci.edu.np



MEET CQUNIVERSITY AUSTRALIA

**CQUniversity staff will be available to interview prospective students for places in our exciting range of internationally recognised and employment focussed degrees. Scholarships are available for outstanding candidates in bachelor, two year masters and research degrees.**

» Business and Accounting
» Creative, Performing and Visual Arts
» Education and Humanities
» Engineering and Built Environment
» English, Work and Study Preparation
» Health
» Information Technology and Digital Media
» Psychology, Social Work and Community Services
» Science and Environment
» Service Industries
» Transport and Safety Sciences

Secure your future at CQUniversity by bringing your original documents for an on-the-spot assessment at one of the following information sessions.

**Sunday, 04 August 2019**
10.00 AM - 11.30 AM - **Education Asia** (01) 4267889, 9802016700
12.00 Noon - 1.30 PM - **Sydney Express Education Consultancy** (01) 4225603, 4233185, 9841046231
2.00 PM - 3.30 PM - **Mate's Education** (01) 4233565, 4233566
4.00 PM - 5.30 PM - **AE Global Pvt. Ltd.** (01) 4418782, 4420502, 4422929

**Monday, 05 August 2019**
10.00 AM - 11.30 AM - **KIEC (Kathmandu Infosys)** (01) 4443526
12.00 Noon - 1.30 PM - **Dolphin Education Consultancy Centre Pvt. Ltd.** (01) 4254282, 4223053
2.00 PM - 3.30 PM - **Orbit International Education** (01) 4430677
4.00 PM - 5.30 PM - **VIEC Nepal** (01) 4429190, 4429191

Find out more
**www.cqu.edu.au/international**

CQUniversity AUSTRALIA
BE WHAT YOU WANT TO BE
cqu.edu.au
CRICOS: 00219C I P_AD_190017v2

सम्पादकीय

# सभामुख, उपसभामुख संवैधानिक विवाद टुंग्याऊ

संविधानतः सभामुख र उपसभामुख फरक-फरक दलको हुनुपर्ने प्रावधान भए पनि प्रतिनिधिसभाका साथै प्रदेश २ बाहेकका ६ प्रदेशसभाका सभामुख र उपसभामुख सत्तारूढ नेकपाकै छन् ।

संविधानको धारा-९१ (२) मा प्रस्टै भनिएको छ, 'प्रतिनिधिसभाको सभामुख र उपसभामुख फरक-फरक दलको सदस्य हुनुपर्ने छ ।' तर, सभामुख कृष्णबहादुर महरा र उपसभामुख शिवमाया तुम्बाहाम्फे दुवै नेकपाका सांसद हुन् । २०७४ फागुन २५ मा महरा सभामुखमा निर्विरोध र चैत २ मा उपसभामुखमा तुम्बाहाम्फे प्रतिस्पर्धाबाट निर्वाचित भएका हुन्, जतिबेला उनीहरू क्रमशः माओवादी केन्द्र र एमालेमा थिए ।

निर्वाचित भइसकेपछि संसदीय परम्परा र संसद्‌लाई निष्पक्ष तथा सन्तुलित नेतृत्व दिन सकियोस् भन्ने मान्यताअनुरूप उनीहरू पार्टीको जिम्मेवारीबाट औपचारिक रूपमा अलग भएका छन् । तर, राजनीतिक दलसम्बन्धी ऐनको दफा ३३ मा प्रतिनिधिसभाका सभामुख र उपसभामुख अनि प्रदेशसभाका सभामुख र उपसभामुख निर्वाचित भएको कारण देखाएर कुनै सदस्यले सम्बन्धित दलको सदस्यताबाट लिखित राजीनामा दिए पनि दल त्याग गरेको नमानिने प्रावधान छ ।

गत वर्ष जेठ ३ गते एमाले र माओवादी केन्द्रबीच औपचारिक रूपमा एकता भएपछि सभामुख र उपसभामुख एउटै दलका हुन पुगेका हुन् । यसलाई संसद्‌मा प्रमुख प्रतिपक्षी कांग्रेसले संविधानविपरीत भनी विरोध गर्दै आएको छ । सत्तारूढ नेकपाले भने उक्त पदमा निर्वाचन हुँदा दुवै उम्मेदवार फरक-फरक दलका सांसद रहेकाले यसमा आपत्ति जनाइरहनु नपर्ने तर्क गरिरहेको छ ।

संविधानले नै सभामुख र उपसभामुख फरक-फरक दलको हुनुपर्ने स्पष्ट व्यवस्था गरिसकेको सन्दर्भमा नेकपाले दुवै पद लिइराख्दा दुई तिहाइको दम्भमा बचमिच्याइँ गरेको सन्देश गइरहेको छ । आफैंले बनाएको संविधानको मर्मलाई हृदयतः आत्मसात् गर्ने र संविधानका हरेक प्रावधानको अक्षरशः पालना गर्ने हो भने नेकपाले दुईमध्ये एक पद संसद्‌मा प्रतिनिधित्व गर्ने अरू दललाई दिनु उचित हुन्छ । यसले संसदीय अभ्यासको गरिमा त बढाउँछ नै, त्यहाँ प्रतिनिधित्व गर्ने अन्य दलका सांसदले पनि आफूलाई अझ सम्मानित महसुस गर्न पाउँछन् ।

तर, नेकपाले दुवै छाड्न नचाहेकैले विवाद अदालतसमक्ष पुग्यो । २०७५ जेठ ११ गते अधिवक्ता अच्युत खरेलले सभामुख र उपसभामुख एउटै दलको हुनु असंवैधानिक भन्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । संवैधानिक विवाद निरूपण गरिदिन माग गर्दै परेको रिट दर्जन पटक पेसीमा चढे पनि अदालतले 'हेर्न नभ्याइने' भनी थन्क्याउँदै आएको छ । पछिल्लो पटक असार १६ गते पेसीमा चढेर पनि यो संवैधानिक विवादलाई सर्वोच्चले हेर्न नभ्याउने भन्दै प्राथमिकताबाट हटाइदियो ।

गत वर्ष कांग्रेसले यो मुद्दा संसद्‌मै चर्काउन खोजेपछि साउन १३ को बैठकमा सभामुखले अदालतमा विचाराधीन विषयमा छलफल हुन नसक्ने भनी रोक लगाइदिए । त्यसपछि विवाद संसद्‌बाट सर्वोच्च अदालततिर अड्किन पुगेको हो ।

संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतको भएकाले संवैधानिक जटिलता उत्पन्न भयो र मुद्दा पर्‍यो भने त्यसको छिनोफानो गर्ने दायित्व उसकै हुन्छ । तर, १४ महिनादेखि आफ्नो इजलासमा आइपुगेको संवैधानिक विवादलाई सर्वोच्चले प्राथमिकतामै नराख्नु संविधान कार्यान्वयनको सुनिश्चितताप्रति बेवास्ता हो ।

राजनीतिक दलहरू यस मामिलामा विभाजित छन् । संसद् विभाजित छ । संसदीय परम्परा र नजिर पनि एकै खालका छैनन् । २०४८ सालमा दमननाथ ढुंगाना सभामुख र महन्थ ठाकुर उपसभामुख दुवै कांग्रेसबाट बनेका थिए । २०५१ मा कांग्रेसका रामचन्द्र पौडेल र एमालेका लीला श्रेष्ठ सुब्बा क्रमशः सभामुख र उपसभामुख बने । २०५६ मा कांग्रेसकै तारानाथ रानाभाट सभामुख र चित्रलेखा यादव उपसभामुख भएका थिए । २०६३ मा पुनःस्थापित प्रतिनिधिसभामा एमालेका सुवास नेम्वाङ सभामुख र कांग्रेसकी चित्रलेखा यादव उपसभामुख थिए । २०६४ मा एमालेका सुवास नेम्वाङ सभामुख र माओवादीकी पूर्णाकुमारी सुवेदी उपसभामुख भए । २०७० मा पुनः एमालेकै सुवास नेम्वाङ सभामुख र माओवादी केन्द्रकी ओनसरी घर्ती उपसभामुख रहे । २०७२ असोजमा संविधान घोषणा भएपछिको रूपान्तरित संसद्‌मा माओवादी केन्द्रकी ओनसरी घर्ती सभामुख र राप्रपा नेपालका गंगाप्रसाद यादव उपसभामुख थिए ।

संसद्‌को विगत हेर्दा कहिले एकै दलका सभामुख र उपसभामुख अनि कहिले फरक-फरक दलका सभामुख र उपसभामुख बनेका देखिन्छन् । तर फरक के भने ती कालखण्डमा अहिले जस्तो सभामुख र उपसभामुख फरक-फरक दलको हुनुपर्ने प्रावधान संविधानमा तोकिएको थिएन । अहिलेको संविधानमा सभामुख र उपसभामुख फरक-फरक दलको मात्र होइन फरक लिंगको समेत हुनुपर्ने प्रावधान छ । संविधानमा एक प्रकारको व्यवस्था बनाएर व्यवहारमा अर्कै अभ्यास गर्ने परिपाटी लोकतान्त्रिक संस्कार र आचरण सुहाउँदो काम हुन सक्दैन ।

विवाद अब न्यायालयमा पुगिसकेकाले यसको छिनोफानो पनि सर्वोच्चबाटै हुनुपर्छ । बरु सम्मानित सर्वोच्च अदालतले संवैधानिक विवादको यो विषयलाई 'हेर्न नभ्याउने' भनेर पन्छिनुको सट्टा सक्दो छिटो छिनोफानो गरिदिनु नै सबैभन्दा श्रेयस्कर हुन्छ ।

# किन चाहियो स्कुल विभाग ?



केशव दाहाल

हाम्रा कम्युनिस्ट सबैभन्दा जब्बर छन् । अन्तरपार्टी लोकतन्त्र पतनशील छ । गुट छन् । बहुसंख्यक कार्यकर्तामा आलोचनात्मक चेत छैन । चाकडी तीव्र छ । राजनीतिमा असल कार्यकर्ता नभई दास नै उत्पादन गर्ने हो भने पार्टी स्कुल किन चाहियो ?

नेकपाको स्कुल विभाग अहिले निकै चर्चामा छ । चर्चाको केन्द्रमा रस्साकस्सी छ र छन् केही मूर्धन्य नामहरू । पार्टीका अध्यक्षद्वय प्रस्तावित नामलाई लिएर हिसाब-किताबमा लागेका छन् । वर्चस्वको हिसाब-किताब । पार्टी सत्ता, शक्ति र स्वामित्वको जोड-घटाउ । सायद यो लेख प्रकाशित हुँदासम्म कम्युनिस्ट पाठशालाले आफ्नो 'हेडसर' पाउला । अथवा, यो लडाइँ लामै पनि जाला । यो प्राविधिक कुरा भयो । मुख्य कुरा भने अर्कै छ । त्यो कुरामा केही प्रश्न निहित छन् । नेकपालाई स्कुल विभाग किन चाहियो ? नेकपाको स्कुलमा के पढाइन्छ ? के यसको बृहत्तर राजनीतिक अर्थ छ ? कि छ, दलगत तुष्टि मात्र ? आज यस्तै प्रश्नमा केही विवेचना गरौं ।

कुनै पनि पार्टीको स्कुल विभागले त्यो समयको 'राजनीतिक भाष्य' स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । यसले पार्टीको कार्यदिशालाई पढाउँछ । समाज अध्ययन गराउँछ । सदस्यको ज्ञानलाई गहिरो बनाउँछ । कार्यकर्तालाई सभ्यता सिकाउँछ । यो अर्थमा दलहरूभित्र स्कुल विभाग महत्त्वपूर्ण हुन्छ । प्रश्न उठ्छ– के नेकपाले स्कुल विभागलाई त्यति नै महत्त्व दिएको छ ? के नेकपा गम्भीर राजनीतिक मन्थन र वैचारिक पुनर्गठनको प्रक्रियामा जाँदै छ ? अन्यथा स्कुल विभागमा नयाँ नेताको खोजी किन पेचिलो बन्यो ? यी सायद आजको नेकपाका लागि बेतुकका प्रश्न हुन् । किनभने पछिल्लो समय नेकपामा चलेको स्कुलको लफडाको गुह्य अर्कै छ । त्यहाँ पार्टीको वैचारिक लाइनलाई अझ स्पष्ट, गतिशील र वैज्ञानिक बनाउने चिन्ता छैन, न त मार्क्सवादको पुनर्व्याख्या गर्ने चिन्ता छ, न छ समाजवादको भविष्यमाथि नै चिन्तन । नेकपाभित्र स्कुल विभागको द्वन्द्व मूलतः पार्टीको वैचारिक सत्तालाई आफ्नो वर्चस्वमा राख्ने नेताहरूको लडाइँ हो । यसलाई गुटगत संकीर्णता र वैचारिक अवसरवादको पछिल्लो प्रवृत्ति मान्न सकिन्छ, जुन स्कुल विभागको आवरणमा नाङ्गेझार भएको छ ।

सबैलाई जानकारी नै छ, एमाले र माओवादीबीच एकीकरण हुँदा वैचारिक एकतालाई थाती राखिएको थियो । वैचारिक एकता भनेको मदन भण्डारीको जनताको बहुदलीय जनवाद र प्रचण्डहरूले भन्ने गरेको एक्काइसौं शताब्दीको जनवादको एकता हो । अथवा, त्यो माओवाद र लेनिनवाद (काउत्की ?) बीचको एकता हो । संगठनको एकताले मात्र कम्युनिस्टहरूको एकता पूरा हुँदैन । उनीहरू नै भन्छन्, 'वैचारिक एकता नै पार्टी एकताको कडी हो ।' तर नेकपाभित्र वैचारिक बहस यति धेरै सुस्त, छिपछिपे र तदर्थवादी छ, उनीहरू विचारको नयाँ शृंखला निमाण गर्न थोरै पनि उत्सुक छैनन् । उनीहरूको सर्वाधिक चासो पुरानै विचारको वर्चस्व स्थापित गर्नुमा छ । ओली र प्रचण्डहरू विचारको संश्लेषणमा भन्दा आ-आफ्ना पृष्ठविचारको छिपछिपे पोखरीमा पौडिन चाहन्छन् । भन्नलाई जनताको बहुदलीय जनवाद, जनताको जनवाद वा बहुदलीय जनवाद जे भने पनि विचारको पूर्वाग्रह उनीहरूको समस्या हो, जुन पछिल्लो समय वैचारिक कम र प्राविधिक ज्यादा बनेको छ । पार्टी कसको वैचारिक लाइनमा छ भनी प्रबन्धन गर्नु ओली र प्रचण्डका लागि अस्तित्वको प्रश्न हो । यसर्थ स्कुल विभाग आ-आफ्ना गुट, पृष्ठभूमि र नेतृत्वमा राख्न उनीहरू प्रयत्नशील देखिन्छन् ।

यहींनेर नेकपा, यसको स्कुल र ज्ञानको पछिल्लो प्रवृत्तिमाथि केही प्रश्न गरौं । नेकपाको स्कुलले आजसम्म निर्माण गरेको वैचारिक पाठ्यक्रम के हो ? त्यो कस्तो छ ? त्यसले के उत्पादन गरिरहेको छ ? कुनै बेला भनिन्थ्यो– कम्युनिस्टहरू सिद्धान्तरक्षाका लागि जीवन उत्सर्ग गर्छन् । उनीहरू स्वयं सिद्धान्त मुख्य कुरा हो भनी मान्थे । सिद्धान्तले नै जनतालाई गोलबद्ध गर्छ । सिद्धान्तमा सम्झौता नगर, सिद्धान्तको रक्षा गर । त्यो जब्बर शिक्षाले राम्रो पनि गर्‍यो र नराम्रो पनि । तर २०४६ पछि जब सत्ताको स्वाद चाखे, त्यसपछि उनीहरूलाई लाग्यो– राजनीतिको केन्द्रमा 'सिद्धान्त' हुँदैन, 'सत्ता' हुन्छ । सत्ताको केन्द्रमा हुन्छ, 'शक्ति' । शक्ति प्राप्त गर्नु नै राजनीतिको 'मुख्य ध्येय' हो । परिणामतः सबै कुरा फेरियो । उनीहरूले सिद्धान्तको अवमूल्यन गरे । जनताको जीवनमूल्य बिर्सिए । र प्रधान बन्यो, व्यक्ति स्वयंको चञ्चलाश्री । राजनीतिको केन्द्रमा स्थापित भए सत्ता, शक्ति, सम्पत्ति र स्वार्थ । त्यसपछि नेपाली कम्युनिस्टहरूका लागि विचार, आस्था र मूल्य-मान्यता गौण बने । सिद्धान्त गौण बन्यो । मुद्दाहरू गौण बने । स्कुलका कक्षाहरू त्यसरी नै चले । त्यसपछि के भयो ? उही भयो । कार्यकर्ताहरू अरिंगाल बने, मौरी बन्न सकेनन् ।

हामी विश्वव्यापी रूपमै राजनीतिक संक्रमणको युगमा छौं । स्वभावतः यो विचारको संक्रमण हो, जसले अर्थराजनीतिमा नयाँ बहसको माग गर्छ । आज मार्क्सवाद र पुँजीवादमाथि ठूलठूला प्रश्न उपस्थित भएका छन् । राज्यको भूमिकामाथि नयाँ चिन्तन सुरु भएको छ । भूराजनीतिक स्वार्थहरू फेरिँदै छन् । संसारभर वैकल्पिक लोकतन्त्र, सुशासन र न्याय प्रखर बन्दै छ । यस्तो बेला राजनीतिले गहिरा बहसहरू माग गर्छ । दर्शन र विचारमा विहंगम समालोचना खोज्छ । आजको युगका लागि कस्तो पार्टी बनाउने ? कस्तो राजनीति बनाउने ? कस्तो राज्य बनाउने ? मान्छेको गरिमा र सभ्यताको नयाँ भाष्य के हुने ? नेकपाको पछिल्लो स्कुल यस्ता विषयमा मौनप्रायः छ । त्यहाँ न विचार छ न त राजनीति, न विकास न त समृद्धि । मुद्दाहरू छरिएका छन् र सम्हाल्ने मान्छे छैनन् । नेकपा वैचारिक ठहरावमा छ । अझ भनौं, वैचारिक पतनमा छ । स्वयं नेकपाकै कार्यकर्ताहरू भन्छन्– आजको नेकपाका लागि किताबभन्दा ठूलो कुरा पैसा हो । अस्पतालभन्दा ठूलो कुरा अस्पतालका मालिक हुन् । विश्वविद्यालयभन्दा ठूलो कुरा त्यसका पदाधिकारी हुन् । विद्यार्थीको पठन-पाठन, ज्ञान र बौद्धिकताभन्दा ठूलो कुरा विद्यार्थी संगठन हुन् । सुशासित निजामती प्रशासनभन्दा ठूलो कुरा उसका भाले कर्मचारी संगठन हुन् ।

त्यसो त दलहरूमा राजनीतिक संस्कृतिको प्रश्न पनि महत्त्वपूर्ण हुन्छ । नेकपाले नेपाली राजनीतिकलाई कस्तो संस्कृति दियो ? यो प्रश्नको कसीबाट हेर्दा पनि समस्या नै देखिन्छन् । हाम्रा कम्युनिस्ट सबैभन्दा जब्बर छन् । अन्तरपार्टी लोकतन्त्र नेतातन्त्रमा पतनशील छ । गुटहरू छन् । बहुसंख्यक कार्यकर्तामा प्रश्न छैन, आलोचनात्मक चेत छैन । जोसँग छ, उनीहरू किनारमा छन् । चाकडी तीव्र छ । पार्टीमा डनहरूको साम्राज्य फैलँदो छ । यसको अर्थ नेकपाको पछिल्लो स्कुलले के उत्पादन गर्दै छ ? राजनीतिमा असल कार्यकर्ता नभई दासहरू नै उत्पादन गर्ने हो भने पार्टी स्कुल किन चाहियो ? त्यसो त नेकपाभित्र विकास र समृद्धिको चिन्तन पनि गहिरो, रचनात्मक र गतिशील देखिँदैन । नेताहरू ज्ञान र तर्कमा दम्भी छन् । उनीहरूसँग सबै प्रश्नको मुढेउत्तर छ र पार्टीका बुद्धिजीवीसँग छन्, मात्र ताली बजाउने लोभी हातहरू । उनीहरू दलाल पुँजीवाददेखि दलाल पुँजीवादसम्मको बहसमा रमाउँछन् र पूरा दिन आसेपासेहरूको ज्ञानधारा सुनेर मक्ख पर्छन् । कुनै अध्ययन-अनुसन्धान छैन । परिणामतः तथ्य र तर्कहरू कमजोर छन् र हठ ज्यादा छ । बिचौलियाको भाउ चर्को छ र जनता मूल्यहीन भएका छन् । नेकपाले बनाएको स्कुल यही हैन र ? अतः प्रश्न स्वाभाविक हुन्छ– यस्तो स्कुलको के काम, जसले तथ्य र तर्कको अवमूल्यन गर्छ र स्वतन्त्र चिन्तनको सधैं खिल्ली उडाउँछ ?

जब गर्नु अर्कै थोक छ भने स्कुल खोलेर के हुन्छ ? बरु खोल्नुहोस् अखडा, जहाँ छिर्केदाउ लगाउन र आफ्नै कमरेडलाई पछार्न तालिम दिइयोस् । खोल्नुहोस् यस्तो कोचिङ सेन्टर, जसले विचारको हैन, चाकडीको भाषा सिकाओस् । यदि गुटवाद, सत्तावाद, अवसरवाद नै पढ्ने हो भने नेकपालाई स्कुल किन चाहियो ? त्यसका लागि नेताहरूका कोठरी नै काफी छन् । त्यसैले प्रिय कमरेडहरू, स्कुल विभागको लफडामा समय नफ्याँक्नुहोस् । आउनुहोस्, कृपया स्कुल भत्काउनुहोस् र दासशाला बनाउनुहोस् । आजको नेकपाका लागि त्यो नै सही र ऐतिहासिक निर्णय हुनेछ ।



अन्यथा, नेकपाको वैचारिक पुनर्गठन आजको आवश्यकता हो । नेकपाको सांस्कृतिक पुनर्गठन आजको आवश्यकता हो । यो अर्थमा नेकपाका अगाडि मात्र दुइटा बाटा छन् । पहिलो, सत्ताको मायाजाल नै राजनीतिको सर्वोपरि सत्य हो भन्ने स्थापित गर्ने । त्यही लेख्ने, त्यही पढ्ने, चाकडी र चाप्लुसी पढाउने । मान्छेलाई भुत्ते बनाउने । मानवीय मूल्य-मान्यताको तेजोवध गर्ने र पूर्वाग्रहको शिर उठाउने । दोस्रो बाटो छ, राजनीतिका आदर्शहरूलाई पार्टी, राज्यसत्ता र समाजमा स्थापित गर्ने । कमरेडहरू कुन बाटो हिँड्ने ? पहिलो बाटो नै प्रिय छ भने तपाईंहरूले गर्ने स्कुल विभागको पजनी फगत एक थान मठाधीशको आत्मतुष्टि मात्र हुनेछ, जसको राजनीतिमा कुनै अर्थ छैन ।

dahal.keshab@gmail.com

# सम्पादकलाई चिठी

## हिरोहरू हेग जाँदैनन्

नेकपाका एक अध्यक्ष पुष्पकमल दाहालको 'हेग लगे हिरो' भन्ने भनाइले सामाजिक सञ्जाल भरिएको छ । दाहाललाई 'हिरो' बनाउन उनकै दल, विपक्षी वा जनताले हेग पुर्‍याउँछन् वा पुर्‍याउँदैनन्, त्यो समयले बताउला । अहिलेको प्रश्न हाम्रो समाजमा कस्तो संस्कृतिले बढावा पाइरहेको छ भन्ने हो । कसैलाई धेरै भ्रष्टाचार गरेर हिरो बन्ने धोको छ, कसैलाई ज्यादाभन्दा ज्यादा प्रहरी घेरामा बसेर खुल्ला सडकमा सवार हुँदा हिरो बनिने बुझाइ छ । कसैलाई विभिन्न मन्त्रालयको गाडी तानेर धेरैभन्दा धेरै गाडी आफ्नो कब्जामा राख्दै हिरो भएको महसुस छ । विडम्बना, आम जनताको काम गरेर यो राष्ट्रलाई समृद्ध बनाउँदा आफू हिरो बन्ने सपना भने कसैले देखेका छैनन् । कोही जनता के आफ्नो नेता अन्तर्राष्ट्रिय अदालतबाट दण्डित भएको हेर्न चाहन्छन् होला ? तैपनि हाम्रा नेतालाई किन यस्ता काममा सधैं हिरो हुने चाहनाले लखेटिरहेको छ ? अख्तियार वा हेग गएर हिरो हुनुभन्दा बाढी-पहिरोका कारण पालमुनि रात काटिरहेका ती नागरिकसँग एकरात बिताएर आए देशको अवस्था थाहा हुन्थ्यो ।

– **रामकृष्ण बराल,** *जोरपाटी २*

●●●

'बेलैमा विवेक' भन्ने कान्तिपुरमा प्रकाशित सम्पादकीयमा उल्लेख विषय-वस्तुले राजनीतिक वृत्तमा एक खालको सनसनी पैदा गरिदिएको छ । कि आफै जान्नु कि अरुले सिकाएको मान्नु भन्ने आहान नेपाली उखान स्मरण गराएको छ । छिट्टै विवेकी होऊ भनेर दर्शाइदिँदा पनि नमान्नेलाई कस्तो विशेषणले सम्बोधन गर्ने ? द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका पीडितहरूले आजसम्म पनि न्यायको छनक पाएका छैनन् । पीडितहरूका घाउ डाहा हुनेगरी चहर्‍याइरहेको छ । उक्त घाउमा मल्हमपट्टी लगाउने मनसायले शक्तिशाली आयोग पनि बने । पदावधि सकिएका दुवै आयोगका अध्यक्षहरू नियुक्ति गरी काम चुस्त र प्रक्रिया प्रभावकारी बनाउनुको सट्टा मेरो पक्ष र तेरो पक्ष भन्ने होड चल्नु विडम्बनापूर्ण छ । द्वन्द्वका ज्यादती टुंग्याउन शीर्षस्थ नेताहरू एक नभएसम्म कसैको दाल नगल्ने परिस्थिति छ । देशमा दस वर्षसम्म चलेको सशस्त्र युद्धपछि शान्ति वार्ताका माध्यमबाट आन्दोलनरत दल तत्कालीन नेकपा माओवादी अन्ततः बुलेटलाई विश्राम गर्दै ब्यालेटबाट राजनीतिको मजधारमा छ । कहिले आफै सत्तामा र कहिले जोकसैलाई पनि सत्तामा पुर्‍याउने प्रमुख साझेदारका रूपमा राजनीतिको केन्द्रमा छ । तैपनि विवेक शून्य हुने खेलमा किन मुलुक अघि बढ्दैछ ?

– **श्यामसुन्दर कुइँकेल,** *हाँडीगाउँ, काठमाडौं*

## थरीथरीका नेवार र आरक्षणको मर्म

आरक्षणको मर्म र आशय सही हो । तर कानुन निर्माण र कार्यान्वयनमा ठूलो त्रुटि देखियो । उदाहरण हो, नेवारहरूको वर्गीकरण । र यसबाट सीमित नेवारलाई हुने फाइदा । मूल समस्या आरक्षणका लागि सिट छुट्याएका समूहको वर्गीकरणमा सुरु भयो, जसमा सम्पूर्ण नेवार समुदायलाई आदिवासी र जनजाति समूहमा राख्ने गम्भीर त्रुटि भयो । नेवारहरू आदिवासी र जनजाति हुन् र हैनन् भन्ने छुट्टै बहस होला । तर त्यही वर्गीकरण अनुसार नेवार समुदाय भित्रका २८ वटै जातलाई एउटै सिंगो जात मानी निजामती सेवामा आरक्षित सिटमा प्रतिस्पर्धा गर्न दिनु गम्भीर त्रुटि हो । नेवारहरू सरकारी सेवा तथा सार्वजनिक संस्थानमा सबैभन्दा धेरै प्रतिनिधित्व (जनसंख्याको अनुपातमा) भएका जातिमध्ये पर्छन् ।
वास्तविकता के भने यो सब तथ्यांकले मात्र उपल्लो नेवार जात जस्तै- बौध-बाँडा, (वज्राचार्य-शाक्य) वा हिन्दु-ब्राह्मण (राजोपाध्याय) र ६ थरी/क्षत्री श्रेष्ठ (प्रधान, मल्ल, राजभण्डारी, जोशी, अमात्य आदि) को




तथ्यमात्र दर्शाउँछ । राजोपाध्याय र ६ थरीहरू त जनैधारण गर्ने, वर्ण अनुसार ब्राह्मण-क्षत्री जातहरू हुन् । इतिहास साक्षी छ, यिनै नेवार जातहरूले मात्र देशको सबै सुविधा पाए । यिनैले मात्र राणाकालमा बडा-हाकिम, बडा-काजी जर्नेल, कर्नेल भई विर्ता र जागिर पाए । अहिले पनि तथ्यांक हेर्‍यो भने यिनीहरू नै देशको सु-सम्पन्न र शिक्षित वर्गमा पर्छन् । तथ्यांकहरूमा नेवार यति अगाडि उति अगाडि देखाए पनि तिनले गैर-सवर्ण नेवार जातहरूको वास्तविकता चित्रण गर्दैनन् । आरक्षित धेरैजसो भाग तिनै उपल्लो नेवारहरूकै हिस्सामा पर्न जान्छ । आरक्षण प्रणालीले माथि बाहेकका अधिकांश नेवारलाई फाइदा पुर्‍याइरहेको छैन । पोडे वा खड्गी नेवारलाई प्रधान वा राजोपाध्याय नेवारसँग एउटै मानी दाँज्न मिल्दै मिल्दैन । नत यो कुनै हिसाबले निष्पक्ष हुन्छ । ऐतिहासिक रूपले उत्पीडित र गरिब नेवारको सट्टा नेवारका नाममा कथित उच्च जातले खाइरहने हो भने आरक्षण प्रणालीको मर्म र उद्देश्य के रह्यो त ? यही उदाहरण मधेसको उपल्लो जातिहरूमा पनि लागू हुन्छ । तसर्थ आरक्षण भनेको समाजको ऐतिहासिक दृष्टिकोणले पछाडि पारिएका वर्गको हक-हित हेरेर मात्र दिनुपर्छ । नेवार समुदायको उपल्लो जातहरूलाई आरक्षण दिइराख्नुको औचित्य छैन ।

– **राजन खड्गी,** *काठमाडौं*

## बैंक मोटायो, ऋणी दुब्लाए

राष्ट्र बैंकको सहमति नलिई ब्याज बढाउने बैंकहरूमा लगानी गर्ने सरकार र साहुहरू पुरानो समयको जमिनदार बनिरहेका छन् । पुरानो समयमा धनी व्यक्तिहरू भारतबाट मटितेल, नुन र अन्य सामग्री ल्याई गरिबहरूलाई नगद अथवा सादा कागजमा ल्याप्चे लगाई उधारोमा दिन्थे । समयमा उधारो रकम नतिरे जग्गाहरू हडपी जमिनदार बन्थे । अहिलेका बैंकहरू पनि त्यस्तै बन्न खोजेका छन् । ब्याजको मारमा धनी–धनी बन्दैछन् । गरिब झन् झन् गरिब हुँदैछन् । यसबाट जोगिन नेपाल राष्ट्र बैंकले केही बैंकमार्फत बिना ब्याज कारोबार गर्ने बैंक सुरु गर्न उत्तम होला । जस्तै पाँच लाख रुपैयाँभन्दा बढी ऋण माग्नेहरूबाट व्यापारिक योजना लिने र नाफा-नोक्सान दुवैमा साझा रहनेगरी लगानी गर्ने । हिसाब-किताब दुरुस्त राख्ने व्यवस्था मिलाई त्रैमासिक आय–व्यय लिने । यसका लागि आफ्नो दक्ष एकजना कर्मचारी त्यसै व्यापारबाट तलब-भत्ता खाने व्यवस्था मिलाउने । यसो गर्नसके जनता ब्याजबाट मुक्त भई स्वावलम्बन बन्न सक्थे । धेरैले रोजगारी पनि पाउँथे ।

– **हाशिम अन्सारी,** *राजविराज, सप्तरी*

## स्वदेशकै स्तरीय बनाऊ

प्रधानमन्त्री केपी शर्मा ओली आफ्नो उपचारका लागि शनिबार पुनः सिंगापुरतर्फ जानलागेका छन् । पहिले-पहिले पनि उनी भारत र थाइल्यान्ड जान्थे । अन्य थुप्रै नेता पनि स्वास्थ्य जाँचको लागि विदेश जाने गरेका छन् । केही अघि पुष्पकमल दाहालले पनि पत्नी सीतालाई विदेश लगेका थिए । पूर्व राष्ट्रपति डा. रामवरण यादव नेपालमै हुनसक्ने सानो समस्यामा पनि जापान गएको भन्दै आलोचित भएका थिए । नेता, मन्त्री, प्रधानमन्त्रीहरूले निजी पैसामा विदेश गई उपचार गराएमा भन्नु केही छैन । तर नेपालमै उपचार सम्भव रहेको कुरामा समेत गरिब देशका जनताको पसिनाबाट उठाएको राजस्वबाट विदेशमा गई उपचार गर्नु ठिक होइन । नेपालको मेडिकल बोर्डले स्वास्थ्य जाँच गरेर नेपालमा उपचार हुन सक्दैन भनेर रिपोर्ट दिएपछि मात्र उपचारका लागि विदेश जानुपर्छ । त्यसो त यस्तो रिपोर्ट दिने मेडिकल बोर्ड कति स्वतन्त्र रूपमा काम गर्न सक्षम छ भन्ने पनि हो । कुनै उपचार विदेशमा हुनसक्छ, नेपालमा सक्दैन भने त्यसको कारण खोजिनुपर्छ । डाक्टर नभएर हो वा उपकरण नभएर हो ? यसले भोलिको व्यवस्थापनमा सघाउँछ । राम्रो डाक्टर, राम्रो उपकरण भएमा नेपालमै उपचार गर्न सबै लालायित हुनेछन् । नेताहरू पनि हुनुपर्छ । यसका लागि सरकार र निजी क्षेत्र मिलेर वातावरण बनाउनुपर्छ ।

– **गोपाल देवकोटा,** *गोकर्णेश्वर- ८ जोरपाटी*

## पर्व र बालअधिकार

भक्तपुरमा गठेमंगल पर्वका अवसरमा राक्षस दहनको आगोमा बालकलाई नघाउँदै गरेको तस्बिर हेर्दा खुसी लागेन । कलिला बालबालिकालाई रुन्चे नलागोस् र बिरामी नहुन् भन्ने मान्यता राखेर गरिने यस प्रकारको कार्यले बालबालिकालाई यातना दिए जस्तो लाग्यो । रुढीवादी मान्यताका आधारमा यसरी कलिला बालबालिकाहरूलाई बल्दै गरेको आगोमा नघाउनु बालअधिकार विरोधी कार्य हो । यसले बालअधिकारको उल्लङ्घन गरेको बुझिन्छ । उक्त तस्बिरमा बालक डराएर रुँदै गरेको कारुणिक अवस्था चित्रित भएको छ । विभिन्न पर्व, धर्म लगायतका मान्यता अन्धविश्वासलाई निरन्तता दिनु समाजका लागि विडम्बना हो । यसरी आगोले बालक आफै डराइरहेको छ, कसरी उसलाई रोग नलाग्ने हुन्छ ? यस किसिमको गलत अभ्यासबाट बालबालिकाहरू प्रताडित भइराखेका छन् । बालबालिकाको कलिलो दिमागमा यसले असर गर्छ । रुन्चे नलाग्ने हैन, आगोको डरले बच्चाको सातो गएको अभिभावकलाई पत्तै हुँदैन । यसरी बालबालिकाहरूलाई परम्परागत मान्यताको आधारमा गलत कार्यमा प्रयोग गर्ने प्रवृत्तिलाई समाजले स्वीकार्नु हुँदैन ।
बालबालिकालाई अभिभावकले किन यसो गरेको ज्ञान हुँदैन । उनीहरूले यसलाई यातनाका रूपमा लिन्छन् र रुन्छन् डराउँछन् । यस किसिमको गलत अभ्यासको बारेमा स्थानीय सरकार बेखबर भएर बस्न मिल्दैन । समुदायमा मान्दै आएका धर्म संस्कार, रीतिरिवाज, पर्व लगायतका क्रियाकलाप गर्नु स्वाभाविक भए पनि बालबालिकालाई संलग्न गराउनु गलत हो ।

– **गोविन्द विक,** *बुनपा- १२, कपन फैका*

# सीपको सम्मान



पुष्परमण वाग्ले

मानव जीवनका लागि आवश्यक पर्ने भौतिक तथा सामाजिक पूर्वाधारहरू परिपूर्ति गर्न विज्ञान र प्रविधिको सम्मिश्रणबाट आर्जित परिणाममुखी सिकाइ नै प्राविधिक शिक्षा हो । अहिले प्राविधिक शिक्षा सञ्चालन हेर्दा, विद्यालयमा ज्ञान प्राप्तिको उद्देश्यले घोकाइन्छ भने विश्वविद्यालयमा पढाइन्छ । कृषि, इन्जिनियरिङ, स्वास्थ्य र होटल व्यवस्थापन संकायका विषयहरूमा समेत घोकाइ र पढाइका आधारमा उत्तीर्णाङ्क ३२ वा ४० राखी कापीमा लेखेकोलाई मूल्याङ्कनबाट पास वा फेल भनी प्रमाणित गरिन्छ । यस्तो शिक्षा प्रणालीले बोल्ने वा लेख्नेलाई प्रश्रय दिई श्रमलाई निरुत्साहित बनाएको छ । शिक्षा आर्जनका क्रममा कृषिमा उत्पादन गर्न सक्ने, इन्जिनियरिङमा कलकारखाना वा उद्योगमा काम गर्न सक्ने, स्वास्थ्यमा अस्पतालमा र होटल व्यवस्थापनमा होटलमै उत्कृष्ट सेवा प्रदान गर्न सक्ने खालको भएको भए नेपाल विश्वकै गरिब मुलुक भनेर चिनिइरहनुपर्ने थिएन ।

**श्रम गर्ने सन्दर्भमा, समाजमा भोग्नुपर्ने अपमानले गर्दा हामी विकसित मुलुकमा जस्तै छाती फुलाएर 'म काममा जान लागेको हुँ' नभनी भन्छौं, 'म अफिस जान लागेको हुँ ।'**

आर्थिक-सामाजिक रूपले हाम्रो समाजमा धेरै उन्नति भइरहे पनि सीपयुक्त जनशक्तिप्रति समाजको दृष्टिकोण उस्तै छ, मानौं ती तल्लो दर्जाका मानिस हुन् । त्यसैले पनि हामीकहाँ श्रमको सम्मान हुन नसकेको हो, श्रमप्रति आम रुचि नदेखिएको हो । घरआँगनमै उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगबाट उत्पादन वृद्धि गर्ने र उत्कृष्ट सेवा प्रदान गर्ने सीप सिकेको जनशक्ति नै गाउँबाट बजारतर्फ, बजारबाट सहर र सहरबाट विदेश जानेहरूको संख्या पनि दिनानुदिन बढ्दो छ । यसका कारण खेतीयोग्य जमिन बाँझो बसिरहेको छ ।

हाम्रो समाजको मनोविज्ञान अनौठै छ । कोही विद्यार्थी भेटिए सोधिहालिन्छ, 'बाबु/नानी, तिमी पढ्न जान लागेका हौ वा पढेर आएको ?' कसैले सोध्दैन, 'बाबु/नानीबाबु तिमी सिक्न जान लागेका हौ वा सिकेर आएको' भनेर । श्रम गर्ने सन्दर्भमा, समाजबाट भोग्नुपरेको अपमानले गर्दा हामी विकसित मुलुकमा जस्तै छाती फुलाएर 'म काममा जान लागेको हुँ' भन्न सक्दैनौं । भन्छौं, 'म अफिस जान लागेको हुँ ।' हाम्रो यस्तो विचित्र मनस्थितिले गर्दा प्राविधिक शिक्षा र व्यावसायिक तालिमबाट आर्जित सीप लुकाई-छिपाई रोजगारीका लागि हिँड्नुपरेको छ । जैविक विविधताले भरिपूर्ण मुलुक भइकन पनि बाह्य मुलुकबाट आयात गरी परजीवी बन्नुपर्नाको मूल कारण नै यही हो ।

प्राकृतिक सौन्दर्यलाई दृश्यावलोकन गर्न आउने पर्यटकलाई अवतरण भए लगत्तै आवागमनमा दिइने, ट्याक्सी ड्राइभर र होटल व्यवसायीले प्रदान गर्ने सेवाका साथै गाइडले दिने सेवा उत्कृष्ट भएमा पाँच दिनका लागि आएको पर्यटक दस दिनसम्म बस्न सक्छ । आफूले देखेका हिमाल, पहाड र तराईको रमणीय दृश्यबारे उसले फर्केपछि सामाजिक सञ्जालमा उल्लेख गर्छ, जसका कारण अन्य पर्यटक आकर्षित हुनेछन् । यस्तो प्रक्रियालाई प्रोत्साहन गर्न आवागमनमा कार्य गर्ने कर्मचारी, ट्याक्सी ड्राइभर, ट्याक्सी धनी, होटल व्यवसायी र गाइडलाई समेत आवश्यक पर्ने खालको रुचि अनुसारको सीप प्रदान गरी उत्कृष्ट सेवा गर्ने विधिको विकास गर्नुपर्ने हुन्छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा गुणस्तरीय प्रशिक्षणको भूमिका महत्त्वपूर्ण हुन्छ । हामीसँग उपलब्ध सीमित स्रोतसाधनका कारण प्राविधिक शिक्षा र व्यावसायिक तालिमलाई चाहेजस्तो विस्तार गर्नसकेका छैनौं । सिकेर जान्ने खालको रोजगारोन्मुख शिक्षामा गुणस्तरीय प्रशिक्षणका लागि आवश्यक पर्ने कक्षाकोठा, प्रयोगशाला, प्रयोगात्मक अभ्यासका लागि कार्यशाला वा कार्यस्थलको जरुरी पर्छ । शिक्षा प्रणालीमा, सिक्ने क्रममा उद्योग-व्यवसायीलाई समावेश गराई कार्यस्थलको सिकाइलाई महत्त्व दिइयो भने उत्पादन वृद्धि हुन्छ । साथै उद्योग-व्यवसायीको उत्पादन बढेर आर्थिक लाभ हुन्छ भनी विश्वास दिलाउन सक्ने योजना बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । उत्पादनका आधारमा मूल्यांकन गर्ने पद्धतिको विकास गर्ने, तहगत प्रमाणीकरण गर्ने र मान्यता हुने खालको शिक्षा प्रणालीको विकास गर्नुपर्ने हुन्छ । यही पद्धतिबाट शिक्षा लिँदालिँदै उत्पादनलाई सम्मानित रोजगारीमा परिणत गर्न सकिन्छ । विद्यार्थीले कार्यस्थलमै सीप सिक्न सकून् भन्नका लागि उद्योगी-व्यवसायीलाई अनुकूल हुने खालको ऐन, नियम र नीतिको व्यवस्था गर्नुपर्छ । यस्तो हुनसके विद्यार्थीमा श्रम गर्ने बानी बस्न जानेछ । अनि श्रमप्रति समाजको दृष्टिकोण पनि बदलिन सक्नेछ र रोजगारीलाई सम्मानित बनाउन सकिनेछ । जुनसुकै संकायमा अध्ययन गर्ने विद्यार्थीले सिक्ने क्रममै उत्पादन गर्ने वा सेवा प्रदान गर्ने खालको पद्धतिको विकास हुनेछ । तसर्थ देशमा आर्थिक र सामाजिक उन्नति गर्ने शिक्षा भनेको नै प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम बन्नेछ ।

आधारभूत, मध्यमस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गरी रोजगारोन्मुख बनाउने उद्देश्यले २०४५ मा स्थापित प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी) अन्तर्गतका शिक्षालयहरूले सिकाइका माध्यमबाट सीप बाँड्दै आइरहेका छन् । अहिले २९२ स्थानीय तहमा सीटीईभीटीको सेवा उपलब्ध छ । शिक्षालाई रोजगारोन्मुख बनाउने हो भने 'सिक, कमाउ र तिर' को अवधारणा अवलम्बन गरी आयआर्जनबाट निःशुल्क वा न्यून शुल्कमा सिक्ने शिक्षा प्रणालीको विकास गर्न जरुरी छ ।

*लेखक प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सदस्यसचिव हुन् ।*

# मधेस राजनीतिमा सोन चिरैया



डेटलाइन तराई

चन्द्रकिशोर



मधेसको सुनजस्तो खारिने सङ्घर्षको समृद्ध परम्परा र विरासतको प्रतीक हो- 'सोन' । र चरामात्र होइन, संरक्षणको प्रवृत्ति हो- 'चिरैया', जो सन्तानका लागि पनि चाहिन्छ ।

मधेसमा विद्यमान आन्दोलनकारी ऊर्जा– जो राज्य र समाजलाई परिवर्तन गर्नका लागि प्रकट हुने परम्परा छ– त्यो अहिले कतिको सुरक्षित अस्तित्वमा छ ? 'सोन चिरैया' बिम्बले सम्झाउने प्रश्न हो यो । अहिलेको राजनीतिले सङ्घर्षप्रतिको सम्मोहनलाई कति जोगाइराखेको छ ? यो सही हो, जहाँ आगो हुन्छ, त्यहीं पहिला धूवाँ उठ्छ । तर योभन्दा ठूलो सत्य हो, जहाँ आगो लगाउनुपर्ने हो, धूवाँ त्यहीं सिर्जना गरिन्छ । यो धुवाँ नै कतै झुट, कतै भ्रम, कहीं सपना त कहीं सम्भावना कहलिन्छ । प्रादेशिक अभ्यासमार्फत मधेस नयाँ युगमा पदार्पण गर्दा मुलुकको बाँकी हिस्सा पनि त्यही दिशामा थियो । प्रादेशिक संरचनामा मधेस खण्ड-खण्डमा आयो । विभिन्न प्रदेशभित्र आबद्ध हुँदै मधेसको समूल अस्तित्वको प्रतिनिधित्व प्रदेश २ ले गर्न पुग्यो । त्यसले गर्दा प्रदेश २ को चाल स्वयं मधेसभित्र र काठमाडौंबाट सूक्ष्म निगरानी हुन थाल्यो । काठमाडौंले प्रदेश २ मा 'धूवाँ' उठेको हल्ला फिजाउँदै छ ।

प्रदेश २ लाई 'बाढी, बालु र बर्बादी' ले सुरुमा चिनारी गराइयो । वर्षेनि डुबान र कटान । चुरे र चारकोसे माथिको दोहनले अन्नको माइती भनेर चिनिने यस क्षेत्रमा उर्वर खेतीयोग्य जग्गाको बालुवाकरण । राजकीय संरचनाहरू रुग्ण अवस्थामा रहेको पृष्ठभूमि । यस्तोमा प्रदेश २ मा समृद्धि र सुशासनमा तगारोका कैयौं कारण छन् । सामाजिक र राजनीतिक । भौगोलिक र आर्थिक पनि । सबैभन्दा ठूलो कारण हो, यसै भूभागको अतीत । वर्तमान पनि त्यही अतीतको विस्तारित रूप भएको छ । काठमाडौंले मधेसी जागरणलाई आफ्नो पारम्परिक वर्चस्व माथिको हस्तक्षेप ठान्यो । त्यसैले उसले संस्थापन शक्तिको असली जितका लागि प्रदेश २ मा अन्तिम लडाइँको व्यूहरचना निर्माण थाल्यो । नेपाली मिडिया र नागरिक समाजको ठूलो हिस्साले मधेसी विस्फोटको समानान्तरमा राज्यलाई साँचो धरातलमा खडा भएको माने । त्यसले उत्पन्न निहितार्थले गर्दा संविधानभित्र सँगालिन पुगेका संरचनाहरूले रूपान्तरणकारी स्वरूप ग्रहण गर्न सकेनन् । एकात्मकबाट सङ्घीय प्रणालीमा जानु चुनौतीपूर्ण हुन्छ । मधेसले सार्थक सङ्घीयताका लागि जुन दृष्टि प्रक्षेपण गरेको थियो, त्यसलाई तेजहीन बनाउन संविधान रचना र कार्यान्वयन दुवैमार्फत प्रयास भइरहे । निश्चय नै देशलाई औधी माया गर्ने मधेसी समाजभित्र यस परिवेशलाई आलोचनात्मक नजरले हेर्नेहरू कम छैनन् । यही हो सङ्घर्षको बीउ ।

**यो सही हो– जहाँ आगो हुन्छ, त्यहीं पहिला धूवाँ उठ्छ । योभन्दा ठूलो सत्य हो– जहाँ आगो लगाउनुपर्ने हो, धूवाँ त्यहीं सिर्जना गरिन्छ ।**

प्रदेश २ मा सङ्घीयताका लागि सङ्घर्ष गरेका दुई दलको संयुक्त सरकार छ । अहिलेसम्म सरकार टिकिराख्नु नै कतिपयका लागि आश्चर्य भएको छ । काठमाडौंको बन्दकोठामा टिप्पणी सुनिन्छ, 'लालबाबु सरकार खडी है ! खुब जमी है !' यसभित्र व्यंग्य पनि छ र आलोचना पनि । निराशा पनि छ र विस्मय पनि । प्रदेश २ को कमजोर आर्थिक स्वास्थ्य, पारदर्शिता अभाव, विधि व्यवस्थाको लथालिंग अवस्था र प्रगतिका नाममा गतिहीन कदमतालका उदाहरण दिएर लालबाबु सरकार अन्त्यको कामना गर्नेहरू कम छैनन् ।

सत्तामा हुनु र सत्तालाई नियन्त्रण गरिरहेको मनोवैज्ञानिक अनुभूति वञ्चित समूहलाई गराइराख्नु लालबाबुको राजनीतिको महत्त्वपूर्ण पक्ष हो । लालबाबुलाई उखेल्ने दलभित्र र बाहिरका तमाम उपक्रमबीच सीमान्तकृत समूहमा उनीप्रति कायम आक्रामक मोह यसैको सबुत हो । यो मोह उनको सत्ताका लागि सुरक्षाकवच पनि हो । कतिपय आलोचक भन्छन्– एक दिन यो मोह भंग हुनेछ र हुँदै पनि छ । यथार्थमा भने अहिले पनि यो मोह कायम छ र बलियो पनि छ । तमाम प्रतिकूलताको बाबजुद लालबाबुको कद अग्लो हुँदै जानुको रहस्य यसैभित्र लुकेको छ । जनताका नजरमा तिनको आलोचना गर्नेहरूको उद्देश्य सङ्घीयताको सशक्तीकरण होइन, तिनलाई अपदस्थ गर्नु हो । यस्तो स्थितिमा प्रदेशका जनताले तिनलाई शंकाको सुविधा किन नदिऊन् ! यस लाभबाट लालबाबु अवगत छन् र यसबाट हुने घाटाबारे असन्तुष्टहरू परिचित ।

प्रदेश २ को सरकारले केन्द्रसँग अडान प्रस्तुत गरिराख्नुले थोरै भए पनि प्रादेशिक अभ्यासप्रति आशा जगाएको छ । समय-समयमा लालबाबुले फुक्ने पाञ्चजन्यले सङ्घीयता समर्थकहरू स्पन्दित हुने गर्छन् । संरचनागत हिसाबले पाखा राखिएका समूहहरू यसैगरी मुखर हुँदै जान्छन् भन्ने सोच देखिएको छ । तर प्रदेश सरकारका मन्त्रीहरूको कार्यशैली 'गंगा गए गंगादास, जमुना गए जमुनादास' को स्थिति छ । कतिपय मन्त्रीहरूको भूमिका विरोधाभासयुक्त छ । उनीहरूको गन्तव्य र गोरेटोमै अलमल छ । त्यसैकारण प्रदेश सरकारले राखेका कतिपय संकल्पहरूको सन्देश ओझेलमा पर्दै गएको छ । केन्द्रीकृत शासन व्यवस्था हुँदाको जस्तो जोडतोड र सत्ता समीकरणको जिउँदो प्रवृत्तिकै नक्कल गर्नेतिर लागिरहँदा यस्ता खास व्यक्तिलाई विशेषलाई लाभ हुनसक्छ । तर मुद्दा आधारित सफलता गाह्रै हुन्छ । यसले गर्दा यथास्थितिवादीहरूले प्रदेश २ लाई प्रमाण देखाएर उत्सव-उत्साह गर्ने मौका पाएका छन् । उता प्रादेशिक अभ्यास वैदेशिक चलखेलको अवसर भएको छ । कूटनीतिक छायाहरूको क्रीडाभूमि प्रदेश २ बन्दै गएको त छैन भन्ने गाइँगुइँ पनि छ । त्यसका पछाडि नेपालमा जुनसुकै प्रकारको अभीष्ट पूरा गर्न खोज्नेको प्रयोगभूमि यही प्रदेश हुँदै गएको छ । यहाँको जनसङ्ख्या र जनघनत्व मात्र होइन, विविधताले समेत यहाँ गलपासोको डोरी फ्याँक्न सहज भएको हो । त्यसमाथि, संस्थापन शक्तिहरू बहुरूपिया चोला धारण गरेर मोहिनी नृत्यमा छन् ।

बढ्दो भ्रष्टाचार र बेथितिलाई कतिपयले जब गंगोत्री नै प्रदूषित छ भने गंगा कहाँबाट निर्मल हुने तर्क अघि सार्छन् । उनीहरूको आशय नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टीसँगको प्रतिस्पर्धात्मक राजनीतिमा टिक्न उनीहरूकै गोरेटो पछ्याउनुपर्ने बाध्यता छ । यसमा यस क्षेत्रका जनता पनि कम दोषी छैनन् । सुशासन र सशक्तिकरण चाहने हो भने आन्दोलनका बेलामा मात्र जागरुक भएर हुँदैन । मतदान गरिसकेपछिको बाँकी समयमा पनि चनाखो र सतर्क भइराख्नुपर्छ । सार्थक प्रादेशिक अभ्यास मुख्यमन्त्री र सरकारी पदाधिकारीहरूको कार्यभारको विषयमात्र होइन । हिजो आन्दोलनको बेला मोटरसाइकलमा दौडने नेताहरूलाई अब 'चारचक्के' गाडीमा खोज्नुको अभिप्राय के हो ? स्वयं जनताको तहमा पनि भूमिकाको खोजी हुन्छ । यस प्रदेशका जनताले अरू प्रदेशभन्दा फरक अनुकरणीय उदाहरण बन्नसकेका छन् वा छैनन् ?

एउटा देहाती आहान छ, 'जब घोडा हिँडाउने मान्छेलाई थाहा हुँदैन घोडालाई कसरी लग्ने, त्यतिखेर घोडाले पछार्छ नै ।' कर्मचारीतन्त्र प्रदेश २ मा बढी हावी देखिएको छ । यसको दुइटा कारण छन् । एउटा त सङ्घीय सरकारले रोजी-रोजी पठाएका छन् र अर्को अयोग्य मन्त्रीहरूले आफ्ना स्वार्थ पचाउन नसक्दा कर्मचारीहरूले तिनलाई कठपुतली बनाएका छन् । यस पृष्ठभूमिमा लालबाबु सरकारको साँचो कसको हातमा छ, भन्ने प्रश्न जायज हुन्छ । गठबन्धन दलका शीर्ष नेतृत्वले प्रदेश सरकारको काम-कारबाहीप्रति उन्मुक्तिको रवैया राखेको छ ।

लालबाबु सरकारको भविष्यमा सङ्घीयताको भविष्य छ भन्नु 'आधी हकिकत, आधा फसाना' हो । इतिहासको गतिलाई सुस्त पार्न सकिँदो रहेछ, तर रोक्न सकिँदैन । मधेसलाई तह लगाउन राजा महेन्द्रले सकेनन्, उल्टै जनकपुरमा दुर्घटना बेहोर्नुपर्‍यो । अरू कसैले पनि सक्छ भन्ने भ्रम पाल्नु व्यर्थ छ । प्रदेश २ को सरकारबारे जतिसुकै 'नोट छिलेर गन्ती गर्नु' जस्ता उखान जन्मिए पनि सार्थक सङ्घीयता र समानुपातिक समावेशी राज्य संरचना बेगर मधेसमा 'सोन चिरैया' स्थापित हुन सक्दैन । नेकपाभित्र मात्र होइन, नेपाली कांग्रेसभित्र पनि सङ्घीयता मन नपराउने कम छैनन् । उनीहरू लालबाबु सरकारको चाल, चरित्र र चेहरा देखाएर सङ्घीयताको चीरहरण गर्न खोज्दै छन् । आदिकालदेखि सङ्घीयता विरोधीहरूको डफ्फा छँदै छ । यस्तोमा समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीले केवल माग र दाबीमा नअल्झिकन प्रादेशिक सरकारको प्रभावकारितालाई स्थायी स्वरूप दिन सक्नुपर्छ, ताकि उसको ऐतिहासिक भूमिका स्थापित हुन सकोस् । सङ्घर्षको इतिहासलाई फगत श्रद्धा गरेर हुँदैन, सुव्यवस्थापनको कार्यभारले नै भविष्यका लागि विश्वास खडा गर्छ र वर्तमानमा जुझारुपन जोगाइराख्छ ।

datelineterai@gmail.com

# आरक्षणको संरक्षक अदालत



रञ्जना विश्वकर्मा

भनिन्छ, संविधान राजनीतिको गर्भबाट जन्मिन्छ र अदालतको कोखमा हुर्किन्छ । जनआन्दोलन-२ र नेपाली जनताको महान बलिदानपछिको राजनीतिक समझदारीको परिणामस्वरूप संविधान, २०७२ जन्मिएको हो । संविधानले बढीभन्दा बढी सामाजिक न्याय र जनहित संरक्षण गर्ने उद्देश्यले कानुनको शासन, गणतान्त्रिक व्यवस्था, संघीयता, मौलिक हक र मानव अधिकार तथा समावेशिता गरी पाँच वटा आधारभूत मान्यतालाई आत्मसात् गरेको छ । यसलाई विद्वान्हरूले वर्तमान संविधानको पञ्चतत्त्व नै मानेका छन् । संविधानका अन्य प्रावधान यिनै मान्यता प्राप्त गर्ने साधन हुन् । राज्यका अंगले पनि यिनै उद्देश्यप्राप्तिका लागि स्रोतसाधन व्यवस्थित गर्न अधिकार पाएका हुन्छन् । कुनै मुलुकको संविधान कति जनमुखी र लोकतान्त्रिक छ, यसको मापन पनि उल्लिखित पाँच मान्यताले गर्छन् । यसर्थ नेपालजस्तो विविधतायुक्त मुलुकका लागि उक्त मान्यता मुलुकको अमूल्य आभूषण हो ।

**आरक्षणलाई संविधानमा संरक्षित गरिसकेपछि व्यवहारमा उतार्नु राज्यका अंगहरूको परम कर्तव्य हुन्छ भने विभेदमा परेका समुदायका लागि अधिकार ।**


उक्त पाँच आधारभूत मान्यतामध्ये समावेशिताका विभिन्न तरिकामध्ये एउटा तरिका आरक्षण हो, जसको चर्चा अहिले उत्कर्षमा छ । लोकसेवा आयोगले गत जेठ १५ मा प्रकाशित गरेको स्थानीय तहको विज्ञापन समावेशिताको मर्मविपरीत भएको भनी सम्बद्ध अभियन्ताहरूले सर्वोच्च अदालतमा रिट दायर गरे । सो रिटमा सर्वोच्चमा अन्तरिम आदेश जारी भएन । त्यसैले आयोगले आफ्नो कामकारबाही अगाडि बढाइसकेको छ । उक्त मुद्दामा अन्तिम फैसला हुन भने बाँकी छ ।

अदालतमा विचाराधीन विषयमा अन्तिम फैसला नहुन्जेल अदालतलाई विश्वास र सम्मान गर्नुपर्ने हुन्छ । उल्लिखित मुद्दामा मिसिलमा संलग्न कागजातबाट के देखियो र के निर्णय गर्ने भन्ने कुरा इजलासको कानुन बमोजिमको स्वविवेक हो । अन्तिम फैसलामा मुद्दाका पक्षहरूलाई चित्त नबुझे कानुन बमोजिमको माग अख्तियारवालासमक्ष पुर्‍याउन उचित मार्ग अपनाउने विकल्प हुन्छ नै । यस लेखमा भने उक्त विचाराधीन मुद्दा होइन, जातीय विभेदमा परेका व्यक्ति र समुदायलाई मूलधारमा ल्याउन न्यायालय लगायत राज्यका अंगको भूमिका कस्तो हुने भन्नेबारे विश्लेषण गरिएको छ ।

## आरक्षणको विपक्षमा सुनिने तर्क

आरक्षण जातको होइन, वर्गका आधारमा दिइनुपर्छ । आरक्षणबाट आउने कर्मचारी अक्षम हुन्छन् । सक्षम उम्मेदवारमा यसले निराशा ल्याउँछ । आरक्षणका नाममा लक्षित समूहले नभएर टाठाबाठाले फाइदा लिइरहेका छन् । त्यसैले जातमा आधारित आरक्षण व्यवस्थाको दुरुपयोग भयो । यो व्यवस्था विकृति निम्त्याउने दिशातिर उन्मुख छ । आरक्षण समानताविरोधी अवधारणा हो । आरक्षण प्रणालीले समाजलाई अझ बढी विभाजित गर्छ । यसले साम्प्रदायिकताको उत्पत्ति गराउने हुँदा यो व्यवस्था दमनकारी पनि छ, त्यसैले जात अनुसारको आरक्षण व्यवस्था आधारहीन छ ।

## आरक्षणको पक्षमा गरिने तर्क




नेपाल लगायत दक्षिण एसियाको वर्ग व्यवस्था जातमा आधारित छ । परापूर्व कालदेखि नै जातका आधारमा पेसा अवलम्बन गरिन्थ्यो । सीमित जातबाहेक अरूलाई शिक्षा, राज्य तथा शासन व्यवस्थामा सहभागी हुनबाट रोक्न कानुनै बनाई नियन्त्रण गरिएको थियो । सोही कारण अहिलेसम्म राज्य व्यवस्थाको कर्मचारीतन्त्रमा सीमित जातिको बाहुल्य छ । २०६२/६३ मा आरक्षण व्यवस्था लागू भएदेखि हाल राज्यका प्रमुख अंगहरूमा मूलधार बाहिरका जनताको प्रवेश सुरु भएको छ । आरक्षण साध्य नभएर समान प्रतिनिधित्व सुनिश्चित गर्ने साधन भएको हुँदा निश्चित समयका लागि राज्यले तथा मूलधारमा उभिएका अख्तियारवाला जनताले उदार भएर यो व्यवस्थालाई संरक्षण गर्नुपर्छ ।

आयोगको परीक्षाको मापदण्डले मात्र कुनै व्यक्तिको सक्षमताको मापदण्ड निर्धारण गर्न सक्दैन । आरक्षणका उम्मेदवारहरू आयोगले तोकेको न्यूनतम मापदण्ड पूरा गरी आउने हुन्छन् । त्यसैले उनीहरू अक्षम हुन्छन् भन्ने हो भने, कि त हाम्रा विद्यालयबाट दिइने सर्टिफिकेट नै गलत हो भन्नुपर्‍यो र सक्षम हो भन्न तोकिएको निश्चित अंक (मानौं ८० वा ९० प्रतिशत) भन्दा कम ल्याउने सबै अक्षम हुन् र ठ्याकै तोकिएको अंक ल्याउने मात्र सक्षम हो भन्ने आधिकारिक घोषणा हुनुपर्‍यो । यस्तो व्यवस्था नहुन्जेल तोकिएको मापदण्ड पूरा गरेको उम्मेदवार अक्षम हुन्छ भन्ने तर्क गलत र आधारहीन छ । कुनै पनि व्यवस्था र प्रावधान सुरुमा आउँदा राज्य वा शासनको वरिपरि भएका व्यक्तिहरूलाई सो कुराको जानकारी हुन्छ र सुरुआती चरणमा स्वाभाविक रूपले उनीहरूकै वर्चस्व हुन जान्छ । अहिले पनि राज्यबाट प्रदान गरिने सेवासुविधा तथा रोजगारी शासन व्यवस्थाको वरपर हुनेहरूले नै पाइरहेका छन् । यसमा अपवाद हुन सक्छ । अतः लक्षित समूह नै लाभान्वित हुन सक्ने किसिमले त्यस्तो नीतिको व्यवस्थापन गरिनु राम्रो हो । तर राज्यको व्यवस्थापकीय कमजोरीका कारण आरक्षण नै धरापमा पर्ने गरी र प्रतिशत निर्धारण गर्ने अभ्यास हुनु संविधानको उपहास हो ।

केही दशकअघिसम्म जातका आधारमै कसैलाई शिक्षा, स्वास्थ्य, रोजगारी लगायतमा प्रतिबन्ध लगाउँदै जातिका आधारमा असमानता मात्र हैन, दमनपूर्वक अन्याय गर्ने नीति कार्यान्वयन गर्दै आएको समाज हो हाम्रो । हामीकहाँ जातीय विभाजन छँदै छ । अतः हाल विद्यमान साम्प्रदायिकतालाई परिवर्तन गरी समानताको भावना पैदा गराउन आवश्यक देखिएकाले नै जनआन्दोलनपछि आरक्षण व्यवस्था संविधानमा संरक्षित भएको हो ।

यही एक दशकमा आरक्षणले कर्मचारीतन्त्रमा केही संख्यामा भए पनि विविधतायुक्त अनुहार भित्र्याएको छ । जातकै आधारमा अमानवीय व्यवहारहरू अहिले पनि हाम्रो समाजमा रहेकाले आरक्षणको उपादेयता टड्कारै छ । त्यसैले आरक्षण बन्द गर्नुभन्दा यसलाई छोटो समयमा कसरी सबै जातजातिको उल्लेख्य प्रतिनिधित्व कायम गराइसकेर एउटै रेखाबाट प्रतिस्पर्धा गराउन सकिने अवस्था ल्याउन सकिन्छ भन्ने बहस न्यायपूर्ण हुन्छ ।

## अदालतको भूमिका

नेपाल सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ को पक्षराष्ट्र हो । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार सन्धि-महासन्धिका प्रावधान नेपालको कानुनसँग बाझिए तिनै प्रावधान आकर्षित हुन्छन् । विभेदमा परेका व्यक्ति र समुदायको हक संरक्षण गर्न पक्षराष्ट्रहरूले विशेष उपाय अपनाउनुपर्ने दायित्व हुन्छ । यस्ता उपाय सामान्यतः विभेदपूर्ण देखिने भए पनि जातीय भेदभावको चपेटामा परेका व्यक्ति र समुदायको हक संरक्षणका लागि केही समय मान्य नै ठानिन्छन् ।

आरक्षणलाई संविधानमा संरक्षित गरिसकेपछि व्यवहारमा उतार्नु राज्यका अंगहरूको परम कर्तव्य हुन्छ भने विभेदमा परेका समुदायका लागि अधिकार । विभेदमा परेकाको संरक्षण अदालत, अन्य संयन्त्र, मूलधारमा रहेका व्यक्ति तथा समुदाय, विभिन्न संघ-संगठन तथा औद्योगिक संस्थाको समेत कर्तव्य हो ।

संविधानको प्रस्तावनामा 'हामी सार्वभौम सत्तासम्पन्न नेपाली जनता, ... यो संविधान जारी गर्दछौं' भनी लेखिएको र हाम्रो राष्ट्रगानमा 'सयौं थुँगा फूलका हामी एउटै माला नेपाली', 'बहुल जाति भाषा अनि विशाल संस्कृति' रहेको भावना अभिव्यक्त छ । संविधानमा सुरक्षित गरिएका नागरिकका ती अधिकार स्वतन्त्र र पवित्र न्यायालयद्वारा प्रत्याभूति नहुन्जेल संविधानको प्रस्तावनाको मर्मदेखि सम्बन्धित सम्पूर्ण संवैधानिक धारा-उपधारा तथा राष्ट्रगानको भावनाको उपहास हुन जान्छ ।

यसरी राजनीतिको गर्भबाट जन्मिसकेको संवैधानिक प्रावधानलाई अदालतले आफ्नो न्यानो काख दिएर उचित प्राथमिकता र तदारुकताका साथ संरक्षण गर्नुपर्छ ।

*लेखक उच्च अदालत, पाटनमा शाखा अधिकृत छिन् ।*

ranjanabk2047@gmail.com

# पौडेललाई गोली हान्नेसँग आयोगको बयान

एक प्रहरी अधिकारीले चन्द समूहका सर्लाही इन्चार्ज कुमार पौडेललाई आफूले २ मिटर दूरीबाट ६ गोली प्रहार गरेको मानव अधिकार आयोगसमक्ष बताएका छन्

## बुधबार ६ जनाको बयान सकियो, बिहीबार बाँकी ६ जनासँग

■ **घनश्याम खड्का**, काठमाडौं

राष्ट्रिय मानव अधिकार आयोगले चन्द समूहका सर्लाही जिल्ला इन्चार्ज कुमार पौडेललाई गोली हानेका प्रहरी अधिकृत तथा जवानहरूसँग बुधबार बयान सुरु गरेको छ। पहिलो दिन आयोगले बिहान ८ बजेदेखि साँझ अबेरसम्म ६ जना प्रहरीसँग बयान लिएको छ। घटनामा प्रत्यक्ष संलग्न अन्य ६ जनालाई बिहीबार बोलाइएको छ।

बयानका क्रममा एक प्रहरी अधिकारी मुठभेड भएको दाबी गर्दै आफूले पौडेलमाथि ६ गोली हानेको स्वीकार गरेका छन्। 'हानाहान भएको भए तपाईंलाई चाहिँ किन गोली किन लागेन त ?' आयोगका सदस्य गोविन्द शर्मा पौड्यालले ती अधिकारीलाई सोधेका थिए। 'मैले गोली छलें,' उनको जवाफ थियो। पौड्यालले 'गोली हान्दा पौडेल र तपाईंबीचको दूरी कति थियो ?' भनेर सोध्दा ती अधिकारीले दुई मिटर रहेको बताएका थिए। प्रहरी अधिकारीको जवाफपछि आयोगले दुई मिटरको दूरीमा गोली छल्न सकिन्छ कि सकिँदैन भन्ने प्रश्नको निरूपण गर्नुपर्ने भएको छ। आयोगको निर्देशनअनुसार बयानमा आएका प्रहरीले गोली लागेपछि ढलेका पौडेलको तस्बिर पनि ल्याएका थिए। त्यसमा पौडेलको जीउ थिलथिलो हुने गरी कुटपिट भएको प्रस्ट देखिने प्रमाण रहेको आयोगले जनाएको छ। 'पौडेललाई गोली हान्नुअघि समातेर कुट्नुविधि कुटेजस्तो तस्बिरमा देखिन्छ,' आयोगका एक अधिकारीले भने, 'पौडेलको मृत्यु भिडन्तमै भएको हो भन्नेमा शंका गर्नुपर्ने प्रशस्त ठाउँ छन्।' आयोगले पटकपटक ताकेता गर्दा पनि पोस्टमार्टम रिपोर्ट नपठाएका जिल्ला अस्पताल सर्लाहीका डा. वीरेन्द्रकुमार मण्डललाई पनि बयानमा बोलाउने सुरसार गरेको छ।

सर्लाहीको लालबन्दीस्थित जंगलछेउमा गत असार ५ गते प्रहरीको गोली लागी चन्द समूहका जिल्ला इन्चार्ज कुमार पौडेल मारिएका थिए। आयोगको प्रारम्भिक अनुसन्धानमा पौडेललाई गोली हान्न काठमाडौंबाटै 'सार्प सुटर' प्रहरी अधिकृत सर्लाही पुगेको देखिएको छ। घटनाका बेला पौडेलको साथमै रहेका तर उम्किन सफल चन्द समूहका कार्यकर्तालाई समेत आयोगले बयान लिइसकेको छ।

पौडेल भिडन्तका क्रममा मारिएको जिकिर सरकारले गरिरहेको छ। त्यसमाथि सन्देह गर्दै छानबिन हुनुपर्ने मागका साथ प्रतिपक्षी दल नेपाली कांग्रेसले संसद् अवरुद्ध गर्दै आएको छ। घटना भएको चार दिनपछि संसद्मा जवाफ दिने क्रममा गृहमन्त्री रामबहादुर थापाले पौडेलले चन्दा आतंक मच्चाएर जनतालाई दुःख दिइरहेको र प्रहरीसँग जम्काभेट हुँदा गोली चलाएकाले जवाफी कारबाही गर्दा ज्यान गएको दाबी गरेका थिए। कुमार पौडेलको घटना अनुसन्धान गर्ने जिम्मेवारी पाएलगत्तै आयुक्त पौड्यालले आयोगमा एक दसकदेखि 'पेन्डिङ' मा रहेका १२ वटा उस्तै प्रकृतिका घटनामा पुनः छानबिन थाल्ने निर्णय गरेका थिए। जसमा दिनेश अधिकार 'चरी' देखि कुमार श्रेष्ठ (घैंटे) सम्मलाई गोली हानी मारिएका घटना छन्।

'एक दसकयता इन्काउन्टर भनिएका घटनाहरूको ढाँचा हेर्दा अनुसन्धानमा परेको मानिसलाई पक्रिएर मुद्दा चलाउनुभन्दा समातेर गोली हान्नुमा प्रहरीले बढी सजिलो ठान्न थालेको जस्तो आभास भएको छ,' आयुक्त पौड्यालले भने, 'यसो हो भने प्रहरीले जसलाई पनि गोली हान्न सक्ने भयो, जुन ज्यादै चिन्ताको विषय हो।' उनले विगतमा भएका प्रत्येक घटनाको वस्तुनिष्ट र गम्भीर अनुसन्धान गर्ने निष्कर्षमा आयोग पुगेको बताए।

### आयोगले अनुसन्धान थालेका चर्चित "इन्काउन्टर"

| मृतक | जिल्ला | मारिएको मिति |
|---|---|---|
| शेखर यादव | धनुषा | २०५५ पुस २६ |
| रामनारायण यादव | सिरहा | २०६५ मंसिर ६ |
| देवनारायण यादव | सिरहा | २०६३ असार १ |
| मोहनचन्द गौतम | सिरहा | २०६१ भदौ २० |
| रामनारायण महतो | सिरहा | २०६६ साउन ३ |
| इन्दलकुमार महतो | सिरहा | २०६५ पुस ४ |
| दिनेश अधिकारी (चरी) | धादिङ | २०७१ साउन २६ |
| कुमार श्रेष्ठ (घैंटे) | काठमाडौं | २०७२ असार २७ |
| गोपाल तामाङ र अजय तामाङ | भक्तपुर | २०७५ साउन २५ |
| प्रवीण खत्री | ललितपुर | २०७४ साउन २९ |
| कुमार पौडेल | सर्लाही | २०७६ असार ५ |

# छुवाछूत घटनामा मिल्न दबाब

■ **ज्योति कटुवाल** (दैलेख)

पानी छोएको निहुँमा कुटपिट गरिएको विषयमा मेलमिलाप गर्न जनप्रतिनिधि र पार्टीका स्थानीय नेताले दबाब दिएको पीडितको परिवारले गुनासो गरेका छन्।

नारायण नगरपालिका-१०, भवानीकी ३५ वर्षीया लक्षिमा कामीलाई गत वैशाख ११ मा सार्वजनिक धारामा पानी छोएको भन्दै २४ वर्षीया राजकुमारी न्यौपानेले हँसिया प्रहार गरेकी थिइन्। लक्षिमाको टाउको, छाती, ढाडमा चोट लागेको थियो।

उनलाई उपचारका लागि प्रदेश अस्पताल सुर्खेत पुऱ्याइएको थियो। घटनालगत्तै जातीय विभेद मुद्दा दर्ता गराउन जाँदा राजनीतिक दलका नेता र जनप्रतिनिधिले जाहेरी रोक्न दबाब दिएको पीडितकी आमा पवित्राले बताइन्। उनले छोरीको मानसिक अवस्था कमजोर बन्दै गएको बताइन्। 'मुद्दा मिलाउन धेरैले विभिन्न लोभलालच देखाए,' उनले भनिन्, 'कैद हुने अवस्था नगराइदेऊ, बरु खर्च तिराउने व्यवस्था मिलाउँछौं भन्दै पार्टीका धेरै नेता आए।' पवित्राले न्यायका लागि सबैतिरबाट असहयोग भएको दुःखेसो गरिन्।

घटना भएको ४ महिना बित्दा पनि दोषीलाई कारबाही नभएको भन्दै अधिकारकर्मीले आपत्ति जनाएका छन्। 'जातीय विभेदमा परेकी पीडितलाई न्याय दिलाउन सरोकारवाला मौन हुनु आपत्तिजनक छ,' अधिकारकर्मी अमर सुनारले भने। वडाध्यक्ष लोकबहादुर थापाले लक्षिमाले न्याय पाउने दाबी गरे। आरोपी राजकुमारी फरार रहेकाले खोजी र अनुसन्धानको काम गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।



लक्षिमा कामी


# बर्गिकृत विज्ञापन

## घर जग्गा

दिव्येश्वरी आयोजना सानोठिमीमा घडेरीहरू 9851209035

**निर्मल निवास पछाडि बिसफिटे बाटोमा ४ आना जग्गा बिक्रिमा 9823827885**

**कपन पन्चकन्याटोलमा ७ आना जग्गा बिक्रिमा 9823827885**

बुढानिलकण्ठ सिद्धार्थ कोलोनी भिल्ला भित्र ०-८-०-०जग्गा तु.बिक्रीमा ९८५११४४५३६

गोलढुंगा, रामकोट, सीतापाइलामा जग्गाहरू 9841409716

धापासी राममन्दिरनजिक नयांघरहरू 9851017620, 9851074940

सिमरा पीलुवा आसपास सस्तो जग्गाहरू लगानिको लागि चाहियो ९८१३२७८३४६

घरजग्गा खरिदविक्री गर्नंपरेमा कुमारलामा Realestate 9851045824, 4720460

लालबन्दीमा घडेरी, सिन्धुलीघर तु.बिक्रीमा 9813637744

गौशाला बिजयचोक नजिक घडेरी बिक्रिमा ९८०३००७७९३

कुलेश्वरमा घर बिक्रिमा 9823058428 नोदलाल

गुणस्तर माछापोखरीमा होटल प्रयोजनकोलागि घर बिक्रिमा मुल्य: ५,२५,००,०००।- ९८०८७०५३७४

बुढानीलकण्ठ गणेशस्कुल एकैकित्ताभित्र सत्रआनामा दुईवटा घरविक्रीमा 9851064601

भक्तपुर-नाला, बनेपाजाने पिचरोडमा दशआना जग्गा विक्रीमा, ९८६०४८७३८५

भक्तपुर-नाला, बनेपाजाने पिचरोडमा सातआनामा बनेको २.५-तले पक्कीघर विक्रीमा, मुल्य:१,८०,००,०००/-, ९८६०४८७३८५

दहचोकमा प्रतिआना ८.५ लाखमा घडेरीहरू 9851157633

इमाडोलमा आधुनिक नयांघरहरू बिक्रिमा 9823443166

गुह्येश्वरी प्लानिङ्गमा ०-३-३-० मा बनेको २.५ तल्ले घर विक्रीमा ९८५१०२७१३२

बुढानिलकण्ठ बुद्धकोलनी सँगैको ०-५-२-० जग्गाबिक्रीमा आनाको २६,००,०००।- 9818640046

**कोटेश्वरमा घर विक्रीमा, 9823694751,** 9841778862

फुलफर्निस अपार्टमेन्ट विक्रीमा बेडरुम-५, बाथरुम-३, बालकनी-२, बैठककोठा, भान्सा, धुम्बाराही अपार्टमेन्ट सोसाइटी, 9851226804

गोंगबु बसपार्कअगाडी रिङरोडबाट ५०मि.भित्र २४कोठाको ४.५तलेघर तुरुन्तैबिक्रीमा मूल्य 1,75,00,000/- 9864248472

नयांठीमी चारदोबाटो नजिकै ०-१२-०-० जग्गा ९८४३१४१८०५

मेची आखां अस्पताल (विर्तामोड) अगाडी १० धुर जग्गा विक्रीमा, ९८५१०८१४५०

जमल कान्तिपथ नबिलबैंक अगाडी मूलसडकको घरबिक्रिमा नोदलाल ९८६१६६६०९५, ९८४३६७११४३

चपली नारायणस्थानमा घडेरी चाहियो ९८१३६७३६०४, ९८५११९४३०६

बानेश्वर, कोटेश्वर, इमाडोलमा नयाँघर जग्गाबिक्रीमा 9841594417

कलैयाबरेवा चीमनीमाई नजिक ४२-धुरबिक्रीमा 9841250504

**विराटनगर महेन्द्रचौक नजिकै घरजग्गा ९८१९०९५७४४**

गणेशचोक न्युकोलोनीभित्र यूरो स्कुल अगाडी ०-४-०-० जग्गाविक्रीमा ९८४१४२९१८९

भक्तपुरचागुं, बुढाथोकीगाउं, दुवाकोटजाने सडकमा ०-२०-०-०, आनाको १०,००,०००/- ९८४०३४८८९३

सस्तोमा दहचोकको बिसरोपनी जग्गा ९८६९६२३०७०

थानकोट, चन्द्रागिरी महादेवस्थानमा ०-३-३-२ ९८५११४५४६४

बसुन्धारामा ०-४-०-०, ०-५-०-०, ०-६-०-० टुक्रा जग्गाहरू बिक्रिमा ९८०८७०५३७४

धर्मस्थली चिसापानी मुलसडकमै १९आना उद्योग ९८५१२०८५०२

धुलिखेल KU अगाडी ०-१९-०-० प्रतिआना १३,००,०००/- ९८५१०३५७९४

नयां बंगला बिक्रीमा सिनामंगल ३,२५,००,०००/- ९८४१२१६१२०

भैसेपाटी आवास तथा आवास आसपास क्षेत्रमा टुका जमिन बिक्रिमा ९८५१२५३८१८, ९८०३२५६८२१, ०१–५५९२०२६

सामाखुसीचोक नजिकै पूर्वमोहडा रामो घाम आउने सुबिधायुक्त ५.५ आना 9823557668

रुद्रेश्वर (बुढानीलकण्ठ) २२ आना जग्गा विक्रीमा टुक्रा गरेर पनि दिइन्छ 9808917615

गुहेश्वरी टाउन प्लानिङमा ०-४-१-१, प्रतिआना ३३,००,०००/-, ९८५१०३५७९४

नारायणगोपालचोक चक्रपथट्र्याकमा ५४आना जग्गाबिक्रिमा 9851036108

बत्तिसपुतली कुमारीपम्पबाट सयमिटरभित्र १८.५-आनाजग्गा सहितघर बिक्रिमा 9849946887, 9804800826

टोखा मालपोत अगाडिको ३/४/५ आनाको नगर विकासबाट स्वीकृतप्राप्त सुविधा सम्पन्न घडेरिहरू प्रतिआना रु१९,००,००० सिधासम्पर्क ९८५११४१७००, ९८४१८२४०९१, ९८४१४४४१४१, ९८४१३२२३५२

साखुबजार नजिक सस्तो टुक्रा घडेरी विक्रीमा (५-१०) रोपनी विक्रीमा, ९८५१०२१६५९, ९८६१३९६९९०

ग्राण्डी हस्पिटल नजिक नयांघर ९८०३१५०८१९

टोखा साईबाबा चोकबाट पुर्वतर्फ हात्तीगौडा जाने ३२फिटे बाटोसगै 0-6-2, 0-6-0, 0-4-2 पुर्बमोहडा भएको ९८५११०४५९९,९८४१८९०२६१

मंडिकटार हाइटमा नयांघर विक्रीमा ९८५१०७३४५४

टोखा ग्रिनल्याण्डमा ०-५-०-०, ०-६-०-०जग्गा बिक्रिमा ९८४०८९५७३३, ९८४१७२०५७०

सितापाइला आदेश्वरनजिक सस्तोघर ९८४१२४८०४९, ९८४१२३१३५३

**धुलिखेलमा टुक्राजग्गाहरू प्रतिआना ८लाख (५.५,५.५) 9860890254**

सातदोबाटो स्विमिङ्गपुल पछाडी ०-३-०-० मा बनेको ३.५ तल्ला नयांघर बिक्रीमा ९८४१६८९१८५, ९८४४४७२६९१

अर्ग्यानिक फारमिङ्गको लागि जोरपाटी- सुन्दरीजल/ जोरपाटी-साखु बिचमा १०० रोपनी जमिन भाडामा चाहियो 9801010855

वृक्षारोपण एवं घास लगाउनलाई भ्याली भित्र 50-100 रोपनी अत्तिसस्तो जमिन चाहियो 9818710834

## सवारी साधन

Scorpio & Car भाडामा ९८५१०४३५३७

2011 Full-option Tucson- disel 9803105028

कार्गो भ्यान २०१२ सिङ्गलहेण्ड ९८०१०४९६००

Alto 2013ac, 13000km. 10,55,000/ 9803934835

## सम्पर्क

सस्तोमा Cash deposit धितोफुकुवा 9841027010

बिधार्थीलाई सस्तोमा Cash Deposit 9818013909

Cash Deposit विद्यार्थीका लागि ९८१५१५१५३५

धितोफुकुवा, क्यासडिपोजिट, धितोराखी ९८४४४७८७५८, ९८८०५६२७०४

सस्तोमा Cash deposit धितोफुकुवा 9851053106

धितोफुकुवा क्यासडिपोजिट धितोराखी ऋण 9851014408

Cash Deposit विदेशकोलागी सस्तोमा 9803453019

कृषिलाई चाहिने सामाग्रीहरू www.agronepal.org

सेकेण्डह्याण्ड फर्निचर खरिदबिक्रि बसुन्धारा ९८५१२३४०४७

अतिसस्तोमा धितोफुकुवागर्न, बिदेश अध्ययनकोलागि Cashdeposit, ऋणलिन ९८५१११७९८०

सस्तोमा Cashdeposit धितोफुकुवा ऋण ९८५१०८७७४९, ९८४९२१६१९६

Marriage Dependent Australia America 9869862433

पत्रपत्रिकाहरूमा विज्ञापन गर्नुपरेमा ९८४९११०२२२, ९८४१५३२९३३

Cash Deposit. Without Collateral 9841756349

घरजग्गा धितोराखी BANK LOAN Consultancy 9851034124

अति सस्तोमा बैंक Deposit 9863646909

धितोराखी ऋण चाहिएमा ९८६५५८९१७७, ९८६६१८०८७४

सस्तोमा Bank Deposit गर्नुपरेमा 9851161202

**एजुकेशन अफिसमा लगानीगर्न चाहने महिलाले सम्पर्क ९८४३१८१८८०**

Website Design and Development 9823317384

Education Consultancy चाहियो 9840270099

## विविध बिक्रीमा

300sqft फर्निचर सहित पसल कमलादीमा ५,५०,०००, ९८१८२८२५५५

कस्मेटिक्स/ रेडिमेट/ खालीसटर तु.विक्रीमा, ९८४३००९४१६, ९८०२३८९४५७, ९८६०६१५३९८

क्याफे, रेष्टुरेण्ट बिक्रीमा नारायणटार 9818349125

पाटनमा चलिरहेको किरानापसल बिक्रिमा 9840320886, 9818148709

चलिरहेको गेष्टहाउस बिक्रिमा एयरपोर्ट ९८५१०९७५८१

Educational Institute For Sale 9862496529

लाजिम्पाट जापानीज् एम्बेसीसंगैको फेमेली रेष्टुरेण्ट बिक्रीमा 9818640046

चलिरहेको नेवारी रेष्टुरेण्ट कलंकी 9808297747

राम्रो सञ्चालनको कन्सल्टेन्सी JAPANESE, KOREAN, CHINESE, ENGLISH, IELTS पढाई भइरहेको STUDENT VISA सम्बन्धी कामगर्ने बिक्रिमा ९८५११३३९१४

नयाँबजारमा ब्यटिपार्लर, स्पाबिक्रीमा 9841480047, 01-4356754

पुतलीसडकमा चलिरहेको ट्राभल एण्ड टुर विक्रीमा ९८५१०-८७४६१, ९८६९-११५०५२

अतिसस्तोमा बानेश्वरको फेन्सीपसल बिक्रिमा 9816023564

तु. बिक्रिमा लेडिज टेलर्स कोटेश्वर नरेफांटचोक ड्राइभिङ्ग सेन्टरनिर ९८५१०४२३९२, ९८२३१०५१९३

चलिरहेको संस्था बिक्रिमा ३,००,००० ९८४३९८९८७७

सिनामंगल के.एम.सि. हस्पीटल संगैको किराना पसल ठेक्का/बिक्रिमा ९८०३०१३१३५

नयाबसपार्क चलिरहेको गेष्टहाउस तुबिक्रीमा ९८६३९९६२२२

भोजनालय एण्ड गेष्टहाउस बिक्रीमा 9867680593

बौद्ध पार्टीटारचोक नयांबस्तीमा व्यस्त कुर्ता/फेन्सीपसल बिक्रिमा ९८४११९५३८७

नक्साल टंगालमा मदिरा पसल बिक्रिमा ९८४५०६२०८०, ९८१३२११२८८

काठमाडौंको व्यस्त चोकमा चलिरहेको म:म पसल तु.बिक्रीमा ९८१८५२८११४

राम्रो चलिरहेको किराना पसल बिक्रिमा सुबिधानगर ९८४०७५४१५२

## निर्माण सफाई

ढलट्वाइलेट, जामखोल्ने, मेसिनबाट धाराजामखोल्ने, प्लम्बिङ्ग, इनारखन्ने, इनारसफागने, बोरीङ्गसर्भिस, पहेंलोपानिफिल्टर, पानिटेङ्कीसफाई भ्याकुमबाट 9851168028

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

सस्तोमा सेफ्टीटैंकी ढल ट्वाइलेट ९८५१०५६६६२

इनारसफाई, रिजबटेङ्किसफाई प्लम्बिङ्ग, ढलट्वाइलेट जामखोल्ने 9841404088

इनारसफाई, रिजबटेङ्कीसफाई, फिल्टरमर्मत, ढलजडान, ढलट्वाइलेट, जामखोल्ने 9851116022

गाडीमेसीनबाट सेफ्टीट्याङ्की ढलट्वाईलेट सफाई 9851247369

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा ९८४१६६३६६८

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9860053124

ढलमंगाल, ट्वाइलेट जामखोल्ने 9851013512, 9841607856

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल बनाउने जामखोल्ने 9849759072, 9841319394

ढलट्वाइलेट, मंगाल, जामखोल्ने सस्तोमा 9851024861

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9841663344

धेरैसस्तोमा सेफ्टीट्याङकी सफाईगर्ने 9841691494, 9823859294

सेफ्टिटैंकि सफाई ९८४१२१२२४४, ९८४१४८८१३२, ०१-५१८२४०१

सेफ्टिटैंकि सफाई सस्तोमा ९८४१३४३४८७, ०१-४४६४५६८

सेफ्टिट्यांकि सफाई गाडिबाट ९८५१११८२७९, ९८५१०८७०५८

भ्याकुमबाट सेफ्टिट्याकि सफाई ०१-४११४४५५, ०१-५७१२६७१, ९८५१०५२२९९

सेफ्टीटैंकी सफाई २०००। ९८४१६७३२३०, ९८५१०९९५७२

फिल्टर सोलार, बोरिङ्गइनार प्लम्बिङ्ग 9841441798

सेफ्टीट्याङ्की सफाई गाडीमा १,५००/-, ९८४३७६८७३७

सेफ्टीट्याङ्की सफाई ठुलोगाडीमा मेसिनबाट ५२५१०९२, ९८५१०२४३६४

प्रोफेसनल पानीट्यांकि सफाई ९८५११५२२९९, ९८४१३६७८५१

## भाडामा

Flat, बंगलो, अफिसस्पेस लिनदिन सम्झनुहोला www.homektm.com, 9801117335

तुरुन्तै घरभाडामा लिनदिन 9851040807 realestatemanakamana@gmail.com

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदीन ९८५१०७१५९०

मध्यबानेश्वर भेनस हस्पिटल पुर्व आठआनामा बनेको पार्किङ, गार्डेन कम्पाउण्ड सहितको आधुनिक घर भाडामा, ९८४८८४१९०५

Chabahil गोपीकृष्णमा ब्यापारिक फ्ल्याटहरू 9803575322

घरभाडा लिनुदिनु सम्पधारियलस्टेट www.facebook.com/sampadrealestate 9741455638

Parking भएको ज्ञानेश्वरको Complex अफिसलाइ 1900 sq.ft. 9851017230

पुतलीसडकचोकमा सटर/ विक्री Travel Holiday 9851017230

Office Space Ground-floor 1000sqft with parking, Kupondole, Jwagal 9841479174

हस्पिटल अगाडिको खालीसटर भाडामा ९८४१६४९६३१

टहरा कोठा ११ भएको १-११-०-० जग्गा बहालमा, हाडिगाउं का.म.पा.-५ ९८४९४६५९४४

पुरैघर भाडामा गोंगबु म्यागिदचोकमा 9814353263

ललीतपुरमा घर फ्ल्याट लिनदिन, 9851046386

काठमाडौं तिनकुनेस्थित बागमति किनारमा करिब २.५रोपनी जग्गामा बनेको व्यवसायिक ट्रष्ट भाडामा/सम्पर्क ९८४८५९४२६३, ९८५११०६४३८, ९८५११२३०७८

ताहाचलमा चाररुमको दुईफ्ल्याट ४२७३३९१, ९८०३००५७९०

फ्ल्याटखाली कान्तिपुर पब्लिकेशन पछाडी, ९८५११४२९०३

पुतलीसडक धोबीधारामा अफिसस्पेस भाडामा, 9801117335

घर भाडामा मिनभवन पार्किङ्ग 9849908991

## चाहियो

गोपिकृष्णहल नजिकैको अफिसमा बेरोजगारहरूलाई रोजगार 31000/ 9823691949, 9861497188

सेक्युरिटी गार्डहरूको तुआवश्यकता १६,०००-२०,०००।- 9823543008

चाबहिलचोकैमा English टाइपिङ्ग, चाईनिज बिट्स, पेपरकटिङ्गमा पढेनपढेका कर्मचारीहरू १८,५००। खाजागाडीभाडा ०१-४४८७८७८, ९८०८३२२२३१

गोंगबु अफिसलाई कर्मचारी 15,499/- 9849365964, 9824937551

तिनकुनेचोकैको CSSकम्पनीलाई पढेनपढेक महिलापुरुष जोकोहिलेगर्न मिल्नेकाममा अफिसस्टाफ अर्जेन्ट 23,500/- 01-5199302, 9823705671

बालाजुमा 100%Job पक्का 15,500/- 01-4388962, 9818349301

बालकुमारी खरिबोट १५कर्मचारी 15,500/- तुआवश्यकता गाडीभाडाफ्रि 9813747906, 9851141277

चक्रपथमा +2 कर्मचारी 15,500/- 9813693602

अफिसलाई कर्मचारी कोटेश्वरचोक 14,500/- 9860215499, 9800989064

गोपिकृष्ण हलनजिकैको अफिसलाई Englishtyping पिक्चरकटीङ्ग बिट्माला १८ वर्षमाथिका सवैलेगर्नमिल्ने 21,500/ +खाजाबसभाडा 01-4820559, 9818282550

पढेनपढेका महिलापुरुष कामदार २४,५००/ 9810260716

चावहिलचोकमा उत्पादन/ कम्प्युटर सेकटरमा पढेनपढेका महिलापुरुष कामदार २४,५००/- 01–4483414, 9803434644

चावहिलचोकैमा English टाईपिङ्ग, पेपरकटिङमा पढेनपढेका कर्मचारीहरू रु.२४,५००।- खाजागाडीभाडा ९८१७७४९६१२

Homebased Typing Job 25,500/- 9803188112

कस्मेटिकभित्र इमान्दार कर्मचारी 18,000/- चाबहिल 9847687611, 9818310640

नयांशाखालाई SLC/+2 कर्मचारी 13,500/- चाबहिल 9866495854, 9808835855

सेक्यूरीटी अर्जेन्ट तलव 14000-20000 सम्म 9808951107 9841687964

कोटेश्वर, भक्तपुर अफिसलाई Receptionist, अन्तराष्ट्रिय सामानहरू उत्पादन/प्याकिंगगर्नेमा पढेनपढेका कामगर्नेहरू 18500-38500/ +गाडीभाडा 9823547840, 9840855526

Salesgirl/ Salesboy महाराजगंज 15,500/- 9818702341

बनस्थली अफिसलाई कर्मचारी आवश्यकता 18,500-35,000/- 9808984853, 9842387853

कर्मचारी 15,500/- सामाखुशी 9810205441, 9851043853

कस्मेटिकभित्र कर्मचारी 15,600/- 9809403955, 9843197516

+2 कर्मचारी ग्वार्को 18,500/- 9818554555

गोंगबुमा कर्मचारी 15,500/- 9860768436, 9823748140

Salesgirl/ Salesboy चावहिलचोक 9803281849, 9865135941

बालाजु अफिसलाई कर्मचारी 9823788909, 9868060201

घरमा कामगर्ने महिलाहरू चाहियो 9803880796

Primary/ Lower- Secondary English Teachers, Nayathimi 9818713484

खानबस्नसहित कर्मचारी बल्खुचोक 16,500/- 9823091703 , 9860909328

कस्मेटिकभित्र इमान्दार कर्मचारी 12,500/- 9823280255

कालिमाटिचोकमा साधारण कामदार अर्जेन्ट , रु.२०,०००/- 9813586522, 9861881845

English Teachers (Secondary Level) Attractive Salary, Chabahil 9841200709, 014471549

३२जना सेक्युरेटिगार्ड चाहियो ९८०१८४८८०६, ०१४४१८७२८

डलखेलौउना, धुपअगरबत्तिमा कर्मचारी २६,५००।- 9813591497

१३-कर्मचारी कलंकी 15,500/- 9851024779, 9819008028

कस्मेटिक कम्पनीकोलागि कर्मचारी 13,000/- 9818620949

अनुभबी कोरीयन कुक चाहियो ९८५११४५९३६

**मुक्तिनाथ मुस्ताङको होटलकोलागी अनुभबी cook** All Rounder manager waiter **तुचाहियो सम्पर्क** ९८५११८७३७१, ९८४१४३७३७१

उपत्यका बाहिर होटल कर्मचारी 9803594121

धराने सेकुवा कर्नर फेमेली रेष्टुरेण्ट एण्ड बार ललितपूर ढोलाहिटिकोलागि मेनेजर, वेटरक्याप्टेन, वेटर/वेट्रस, अलराउण्डर फाष्टफुटकुक, कीचन हेल्पर, बारिष्टा तुआवश्यक ९८६९६०६३९४

अफिसलाई इमान्दार कर्मचारीहरू- १५,९७५/- ९८१३३७१०५५, ९८४०७२७९००

कुक, तन्दुरीकुक, हेल्पर, वेटर 9843105084

मम मिस्त्री मसाल्ची हाडीगाउ ९८४१९२०८७६

सेक्युरिटीगार्ड-१० १४,०००-२०,००० Waiter-६ ८००० +२०० 9843259935, 9803168627

पढेनपढेका बिधार्थी गृहणिलेपनि गर्नसकीने- १५,०००/- ९८६०८५५६०८

बसुन्धराचोकको NGO अफिसलाई कर्मचारी अर्जेन्ट 9808962167

सिलाई मेसिन मेकानिक(मिस्त्री) चाहियो, महाराजगंज, चक्रपथ ९८१३०१९५९८

चितवन फयाक्ट्रीकोलागि मोटरसाईकल भएको एकाउण्टेन्ट र सिभिल ओभरसियर ९८५१०५०८३६

कम्प्यूटर शिक्षक प्राथमिक तह-१, माध्यमिक तह-१, सम्पर्क: ९८४१७८९४३४, ९८१८४७८४२२

दक्ष, अनुभबी Mobile Techion Hardware Software आकर्षक तलब १००००० भन्दामाथि ०१४३५३९५७, ९८०८१९७६७२

होस्टेलकोलागी महिला कुक ८०००, ९८४९०८२५९१, ९८१८१२२६५६

कस्मेटिकभित्र खानबस्नसहित 15,000/- 9841692640, 9818960020

चाबहिल अफिसलाई कर्मचारी 15,500/- 9805104649, 9860453054

कस्मेटिकभित्र इमान्दार कर्मचारी 15,500/- 9813644084

भारतको बम्बई,गुजरात, कलकत्तामा पानीजहाज, सरकारी कम्पनीभित्र ड्युटीगर्ने भू.पु, सिभिल सेक्युरिटीगार्ड, बडीगार्ड २३५जना अर्जेन्ट, तलब: २४,०००-४०,०००।-, सरकारीसुविधा, ०१४९१६६८९, ९७४१४२७४००

किचन हेल्पर, मसाल्ची, रोटी मेकर चाहियो राम्रो सेलरी, खानबस्ने सुविधा, बागबजार ९८०८९९६५५५

कपडा पसलमा सेल्सगर्ल, सेल्सब्वाई ९८१८०३९८५६

रेष्टुरेण्टकोलागि कुक चाहियो ठमेल 9861897714

चलिरहेको क्रसर प्लान्टकोलागि पार्टनरचाहियो 9808709311

कामदेब आर्युवेद क्लिनिक एण्ड फार्मेसी इन्द्रचोक अफिसलाई ४जना Diploma pharmesist अर्जेन्ट महिलालाई प्राथमिकता ९८६९४२२४८०

Secondary level HPE Population teacher Vidhya Vikash Secodnary School Jagati Bhaktapur 016610395, 016617801, 9851234157 info.vidhyavikash@gmail.com

**अफिसलाई कार्यालय सहयोगी चाहियो** ९८५१०१७९४५, ९८५१०६२३०५

+2पास मोटरसाईकल भएको Staff 9851032865

ढुक्कै घरमाबसेर कामगर्ने एकल महिला चाहियो ९७४१०५७०८७

ड्राइभर बाइक होल्डर रिसेप्सन चाहियो 9813699233

कर्मचारी चाहियो 14,500/- 9813017714, 9867033067 चावहिल

अफिसलाई लेडिज स्टाफ चाहियो 9869612342

आफ्नै Bike Scooter भएको Delivery Boy 014445199

## मर्मत

ढलमंगाल ट्वाइलेट जामखोल्ने ९८५१०८९४१० ९८४१२६६९५०

TV/LED, Computer, CCTV ग्यारेन्टीसाथ घरैमाममर्त 01-4215169, 9841688285

ढलट्वाइलेट, मंगालबनाउने, जामखोल्ने 9840540700, 9866457955

ढलट्वाईलेट मगाल जामखोल्ने साथैमर्मत 9807622373

ढलमंगाल ट्वाईलेट जामखोल्ने सस्तोमा ९८४११६०३५६

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9841881901

सेफ्टीट्याङ्की, ढलमंगाल जामखोल्ने सस्तोमा 9849442728

ढलमंगाल, ट्वाइलेट, जामखोल्ने सस्तोमा 9851096233

घरैमा फ्रिज, LED-T.V, 01-4464254, 9841296192

फ्रिज, वासिङ्गमेशिन, माईक्रोवेभ, एसि ग्यारेन्टि घरमैमर्मत अशोक ईलेक्ट्रोनिक्स ९८५११५६१२३

LED/LCD सस्तोमा ग्यारेन्टि घरमैमर्मत ९८१३३९८५३९

## भर्ना

प्राइभेट SLC/SEE, +2 100% पास साथै अंग्रेजी, जापानिज भाषा कक्षाहरू ९८८०७८०४१३

प्राईभेट SLC भर्ना खुल्यो ९८१३४७८६३३

Pre-primary teacher City School Koteshwor 4602033

## तालिम

डोजर (एस्काभेटर, JCB) फोर्कलिफ्ट अपरेटर तालिमकेन्द्र CTEVT सम्बन्धनपाप्त: 9851122136

निशुल्कमा मोबाइल, ल्यापटप, हाउसवायरिङ्ग 9803471693

कुकवेटर बारटेन्डर बेकरी कालिमाटी नयांबानेश्वर 9860235388

डोजर, जेसिबी, एक्साभेटर अपरेटरतालिम फ्रीहोस्टेल 9808178842

हाउसवाइरीङ, इण्डस्टियल, इलेक्ट्रिसियन, प्लम्बिङफ्रि, ९८५११७७३४१

## उपचार

यौनशक्ति, लिङ्गकोसाईज बढाउने Herbal Suppliment ९८५११४७८१०

हाईट बढाउन, पेट घटाउन, 9808558705

जांडरक्सी छुटाउन यौनशक्ति बढाउन 9851000196

## पशुपंक्षी

गुणस्तरीय कुकुरहरू विक्रीमा माउण्ट-एभरेष्ट केनल 4495668, 9841031037

## बिहावारी

देश विदेशमा भएका बर-बधुकोलागि बिन्दाम्यारिजब्यूरो 01-6637824, 9803873032

# बर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ९८५११७८८३०/९८५११८५८६७ |
| जिरो मिडिया | अनामनगर | ४२२०३२७ |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ४८२३१२५, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| मेमोरेक्स मिडिया | धापाखेल | ९८४१५३२९३३ |
| गोर्खा न्यूज एण्ड स्टेशनरी | सोह्रखुट्टे चोक | ४३५५७६० |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस कम्युनिकेशन | गोंगबु, नयांवसपार्क | ४३६४७५१ |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४३८३४५२ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ४३५६४७५ |
| नेपाल मिडिया कन्सल्ट | अनामनगर | ४१०२८२८ |
| विडलिंक मिडिया | पु. बानेश्वर | ४४९२३०९ |
| सूर्य विनायक साइबर | सूर्यविनायक | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४४१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | बागबजार | ४२४१२१२, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| भिजन एडभरटाइजिङ्ग | कलंकी | ४०३२०४२, ९८५१०९६०४४ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | नक्खु चोक | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५५२५५५०, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| अंकुर मिडिया हाउस प्रा.लि. | गठ्ठाघर | ६६३३५५८, ९८५११५२०५६ |
| सेभेन24 प्रा.लि. | जावलाखेल, लपु | ५५३५९२४, ५५४७७९७ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |

## बर्गीकृत डिस्प्ले

श्याम/श्वेत रू. ३०००/-

स्पट कलर रू. ३५००/-

मल्टी कलर रू. ५०००/-

## बर्गीकृत विज्ञापन

साधारण प्रति शब्द रू. ४५/-

बोल्ड प्रति शब्द रू. १००/-

* म.ल.क. बाहेक

प्रधानमन्त्रीद्वारा मन्त्रीसँग कार्यसम्पादन सम्झौता

# ठेकेदारलाई कडाइ गर्न निर्देशन

**कान्तिपुर संवाददाता** (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीले ठेकेदारहरूलाई दिइने 'मोबिलाइजेसन कस्ट' (काम सुरु गर्नुअघि दिने पेस्की) मा कडाइ गर्न विकासे मन्त्रालयका मन्त्री र सचिवलाई निर्देशन दिएका छन् ।

सबै मन्त्रालयसँग कार्यसम्पादन सम्झौता गर्दै प्रधानमन्त्रीले विशेषगरी आयोजनाको जिम्मा लिने तर समयमा काम नगर्ने प्रवृत्ति रोक्नका लागि मोबिलाइजेसन खर्चमा कडाइ गर्नुपर्ने बताएका छन् । कुनै पनि आयोजना ठेक्का लागेपछि सुरुमै 'मोबिलाइजेसन कस्ट' बापत २० प्रतिशत रकम दिन सक्ने व्यवस्था छ । यही व्यवस्थाको फाइदा उठाउँदै ठेकेदारले पेस्की रकम अन्यत्र लगाउने र मूल काम नगर्ने प्रवृत्ति छ ।

'मोबिलाइजेसन कस्ट लिने र काम अडकाउने भइरहेको छ, यसमा तपाईंहरूले कडाइ गर्नुहोस्, कामको जिम्मा लिएपछि समयमा पूरा हुनुपर्छ, त्यसका लागि कतैबाट छुट र सहुलियत हुनु हुँदैन,' प्रधानमन्त्रीलाई उद्धृत गर्दै बैठकका एक सहभागीले भने । उनले ठेकेदारहरूसँग साँठगाँठ मिलाएर जिम्मेवार अधिकारीहरूले नै सहुलियत दिने गरेको पाइएकाले यस्तो प्रवृत्ति सुधार्न र कुनै पनि आयोजना प्रमुखलाई स्वतन्त्र छोड्ने खालको काम नगर्न मन्त्री र सचिवलाई निर्देशन दिए । आयोजना प्रमुखहरूको कामको माथिल्लो निकायबाट नियमित अनुगमन गर्नुपर्ने उनले बताए ।

'मोबिलाइजेसन कस्ट' लिँदा बैंक जमानत बस्नुपर्ने व्यवस्था सार्वजनिक खरिद ऐनमा छ । ऐनको यो व्यवस्था आफैंमा कडा हो तर यसभित्रको पनि छिद्र प्रयोग गरेर ठेकेदारले पेस्की लिने र काम नगर्ने प्रवृत्ति छ । हालै मात्र गृह मन्त्रालयले समयमा काम नगर्ने १८ सय ठेकेदारको सूची अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई छानबिनका लागि बुझाएको छ ।

प्रधानमन्त्री ओलीले जेठ १५ मै बजेट ल्याउनुको उद्देश्य समयमै काम सुरु गरी तोकिएकै समयमा सक्ने रहेको तर त्यसअनुसार अहिलेसम्म काम नभएको बताए । वर्षको अन्तिममा खर्च गर्ने, भुक्तानी गर्ने र काम देखाउने प्रवृत्ति नदोहोर्‍याउन उनले चेतावनी दिएका छन् । 'हामीले जेठ १५ मा बजेट ल्याएर असारभित्र पारित गर्ने परिपाटी सुरु गरेको साउनको सुरुबाटै काम गर्न सकिन्छ भन्ने सोचले हो,' उनले भने, 'पहिलेजस्तै फागुनतिर बल्ल ठेक्का सदर हुने गर्‍यो भने फेरि ठेक्का लाग्दा नलाग्दै पानी पर्ने बेला हुन्छ । अब त्यस्तो हुनु हुँदैन । समय खेर फाल्नु भएन ।'



आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्ययोजना प्रस्तुति तथा कार्यान्वयन सम्झौतामा मन्त्रीहरूलाई बुधबार हस्ताक्षर गराउँदै प्रधानमन्त्री केपी शर्मा ओली । *तस्बिर : इलिट जोशी/कान्तिपुर*

प्रधानमन्त्री ओलीले आर्थिक वर्ष २०७६/७७ को वार्षिक कार्ययोजना प्रस्तुति तथा कार्यान्वयन सम्झौतामा मन्त्रीहरूलाई बुधबार हस्ताक्षर गराएका छन् । अब यसैअनुसार प्रत्येक मन्त्री र सचिवले मातहतका अन्य अधिकारीसँग थप सम्झौता गर्नेछन् । सम्झौताअनुसार काम भए/नभएको नियमित अनुगमन हुनेछ । विगतमा पनि मन्त्रालयहरूले प्रधानमन्त्रीसमक्ष मन्त्रालयको वार्षिक कार्ययोजना पेस गर्थे । यसपटक भने प्रत्येक अधिकारीलाई जिम्मेवार बनाउन पदअनुसारका छुट्टाछुट्टै सम्झौता गर्ने विधि अपनाइएको हो ।

'मेरो र मन्त्रीजीहरूको बीचमा सम्झौतामा हस्ताक्षर भएको छ । अब मन्त्रीजी र सचिवहरूबीचको सम्झौता भएर कामको गतिले तीव्रता लिने विश्वास लिएको छु,' प्रधानमन्त्रीले भने । जनताले स्थिरताका लागि बहुमत दिएकाले सरकार जनताप्रति उत्तरदायी भएर काम गर्ने उनले बताए । मन्त्रीहरूले प्रधानमन्त्रीसँग गरेको सम्झौतामा वार्षिक बजेटमा उल्लेखित कार्यक्रम नै छन् । तिनै कार्यक्रम तोकिएको समयमा पूरा गर्ने प्रतिबद्धता सम्झौतापत्रमा छ । कुन काम कहिलेसम्म गरिसक्ने भन्ने मन्त्रालयगत योजना छन् । सम्बन्धित योजनामा कुन अधिकारीको के भूमिका हुने र के काम उसले गर्ने भन्ने तल्लो तहबीचको सम्झौतामा उल्लेख हुनेछ ।

कार्यसम्पादन सम्झौताअनुसार काम भए/नभएको अनुगमन गर्ने प्रणाली बनाइएको छ । त्यसमा प्रधानमन्त्रीले सिधै र मन्त्रालयबाट अनलाइन पद्धतिबाट पनि अनुगमन हुने खालको संयन्त्र बनाइएको छ । यसबाट कार्यप्रगतिको अनुगमन हुनेछ ।

# चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग

**दीपेन्द्र विष्ट** (काठमाडौं)

चन्द समूहले पार्टीमा शुद्धीकरण अभियान चलाउन भन्दै स्थायी कमिटी र पोलिटब्युरो भंग गरेको छ । केही दिनअघि बसेको स्थायी कमिटी बैठकले ५ सदस्यीय स्थायी कमिटी र ११ सदस्यीय पोलिटब्युरो भंग गरेको हो । अब समूहमा सबै कमान्ड महासचिव नेत्रविक्रम चन्द आफैंले सम्हाल्ने भएका छन् ।

चन्द समूहले पार्टीभित्र विकृति मौलाएको उल्लेख गर्दै १७ केन्द्रीय सदस्यलाई जिम्मेवारीबाट हटाएर

- १७ जना केन्द्रीय सदस्यलाई जिम्मेवारीमुक्त
- सबै कमान्ड महासचिव चन्दले आफैं सम्हाल्ने

'खुला मोर्चा' मा पठाएको छ । '५० केन्द्रीय सदस्यमध्ये १७ जनालाई पद घटुवा गरेर कारबाही गरिएको हो,' एक केन्द्रीय सदस्यले कान्तिपुरसँग भने, 'घटुवा गरे पनि खुला मोर्चामा जिम्मेवारी दिइएको छ ।' तीमध्ये केहीलाई पार्टीले दिएको जिम्मेवारी पूरा नगरेपछि हटाइएको उनको भनाइ थियो । 'अब नयाँ ढंगले चल्नुपर्छ भन्ने पार्टीको निष्कर्ष छ, केहीलाई कारबाही पनि हुन सक्छ,' उनले भने ।

चन्द समूहका एक नेताका अनुसार पार्टी कार्यकर्ताको सुराकी गरेको, जिम्मेवारी दिएको क्षेत्रमा नगएको भन्दै केहीलाई जिम्मेवारीबाट हटाइएको र केहीलाई बर्खास्त गरिएको छ । स्थायी कमिटीमा चन्द, हेमन्तप्रकाश ओली, खडगबहादुर विश्वकर्मा, धर्मेन्द्र बाँस्तोला र सन्तोष बुढामगर थिए । चन्दबाहेकका चार जनालाई सचिवालय सदस्यको जिम्मेवारीमात्र दिइएको छ । पोलिटब्युरो सदस्यहरू भरत बम, अनिल शर्मा, ओम पुन, उमा भुजेल, वीरजंग चन्द र मोहन कार्कीलाई केन्द्रीय सदस्यमा घटुवा गरिएको छ । पोलिटब्युरो सदस्य कृष्ण धमलालाई भने केन्द्रीय सदस्यको जिम्मेवारीबाट समेत हटाइएको छ ।

त्यसैगरी केन्द्रीय सदस्य रामप्रसाद तिमल्सिना, शंकर खडका, डीडी पाण्डे, भेषराज भुसाल, पुरुषोतम विष्ट, धनबहादुर महर्जन, डम्बर विश्वकर्मा, आजाद केसीलगायत १७ जनालाई केन्द्रीय सदस्यबाट हटाएको चन्द समूहका ती नेताले जानकारी दिए । 'केही सदस्यले पार्टीभित्रको गोपनीयता भंग गरेको, सुराकी गरेको भन्ने उजुरी परेका छन्,' उनले भने, 'त्यही कारण पार्टीको शुद्धीकरण अभियान चलाइएको हो, पार्टीले तीनवटै कमिटीका सदस्यहरूलाई नयाँ ढंगले जिम्मेवारी दिएर कार्यक्षेत्रमा पठाएको छ ।'

सरकारले प्रतिबन्ध लगाएको अवस्थामा इमानदार कार्यकर्ता आवश्यक रहेको उल्लेख गर्दै उनले शुद्धीकरण अभियानबाट पार्टी झन् बलियो हुने दाबी गरे । उनले दर्जनभन्दा बढी कार्यकर्तामाथि निगरानी गरिरहेको जानकारी दिँदै केही दिनभित्रै पार्टी निष्कर्ष पुग्ने बताए ।

# प्रदेश सरकारद्वारा कर्मचारी भर्ना तयारी


मोरङ (कास)- प्रदेश १ सरकारले आफैं कर्मचारी भर्नाको तयारी थालेको छ । कर्मचारी नहुँदा भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रालयअन्तर्गत बजेट खर्चन समस्या पर्ने भन्दै मन्त्रिपरिषदको बुधबारको बैठकले यस्तो निर्णय गरेको हो । सरकारले कृषिलाई पहिलो प्राथमिकतामा राखेर काम अघि बढाउने नीति लिएको छ ।

बैठकले सेवा करारमा कृषि अधिकृत, प्राविधिक सहायक र नायब प्राविधिक सहायक छनोटसम्बन्धी कार्यविधि २०७६ स्वीकृत गरेसँगै मन्त्रालयलाई कर्मचारी भर्नाको बाटो खुलेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री हिक्मतकुमार कार्कीले नवौं र दसौं तहका कर्मचारीको सरुवा र पदस्थापनको अधिकार मुख्यमन्त्री कार्यालयमातहत रहने निर्णय भएको बताए । बैठकले प्रमुख सचिव सुरेश अधिकारीको संयोजकत्वमा प्रदेशमा संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि प्रदेशस्तरीय कार्यदल गठन गर्ने निर्णयसमेत गरेको उनको भनाइ छ । कार्यदलमा प्रत्येक मन्त्रालयका सचिव रहने व्यवस्था रहेको कार्कीले सुनाए ।

बैठकले मनमोहन प्राविधिक विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ लाई पनि स्वीकृति प्रदान गरेको छ । प्रदेश सरकारले चालु वर्ष विश्वविद्यालय स्थापना गर्न १६ करोड ५० लाख बजेट विनियोजन गरेको छ । साथै ताप्लेजुङ, पाँचथर, तेह्रथुम, संखुवासभा र सोलुखुम्बुमा मनमोहनका आंगिक क्याम्पस सञ्चालनका लागि थप ५ करोड छुट्याइएको छ ।

डिजिटल प्रदेश निर्माणका लागि तत्काल काम थाल्ने मन्त्रिपरिषदको निर्णय छ । सूचना तथा सञ्चार प्रविधि प्रयोगलाई बढावा दिई डिजिटल प्रदेश बनाउने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा मुख्यमन्त्री ड्यास बोर्डका साथै प्रदेश डिजिटल डेस्क स्थापना गर्ने सरकारले बजेटमा व्यवस्था गरेको छ । केन्द्रबाट आएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७५ र प्रदेश मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन २०७५ प्रदेशसभामा पेस गर्ने निर्णय भएको मन्त्री कार्कीले बताए ।



# बलात्कारपछि हत्याको पुष्टि

■ **सुरेशराज न्यौपाने** (नयाँदिल्ली)

भारतको राजधानी नयाँदिल्लीमा दुई साताअघि हत्या गरिएकी एक नेपाली बालिकाको बलात्कार भएको पुष्टि भएको छ। स्थानीय प्रहरीले पनि ती बालिकाको ३ साउनमा बलात्कार प्रयासपछि हत्या भएको दाबी गरेको थियो। मंगलबार आएको पोस्टमार्टम रिपोर्टले पनि बालिकाको बलात्कारपछि हत्या भएको पुष्टि गरेको छ। प्रहरीले बलात्कार र हत्या आरोपमा उनको परिवार बस्दै आएको पेइङ गेस्ट हाउस (पीजी) सञ्चालकलाई वसिम अहमद (सोनु) लाई पक्राउ गरेको थियो। र, स्थानीय अदालतले उनलाई पुपर्क्षका लागि थुनामा पठाएको थियो।

प्रहरी अनुसन्धानमा ३ साउनको मध्याह्न आफ्नै कोठामा रहेका बेला सोनुले बलात्कार प्रयाससँगै हत्या गरेको खुलेको थियो। घटनाका बेला मृतक बालिकाका बाबु नजिकैको अर्को होस्टलमा ड्युटीमा थिए। र आमा पनि घरायसी काम गर्न अर्को घरमा गएकी थिइन्। प्रहरी अनुसन्धानमा घरमा उनी र सानी बहिनी मात्र रहेको बेला अभियुक्तले पहिले बलात्कार गर्ने प्रयास गरेको र त्यसपछि हत्या गरेको खुलेको थियो। पोस्टमार्टम रिपोर्टले पनि त्यसलाई पुष्टि गरेको छ। रिपोर्टमा बालिकाको योनिमा घाउ रहेको र शरीरका घाँटी लगायतका ठाउँमा निलडाम रहेको उल्लेख छ।

बालिकाका बुबा रोजगारीका लागि पहिलो पटक सन् १९९६ मा भारत छिरेका थिए। त्यसपछि उनी काम खोज्दै उत्तरप्रदेश, हिमाचलदेखि विभिन्न ठाउँ पुगे। विगत चार वर्षदेखि भने उनी परिवारसहित दिल्लीमा बस्दै आएका थिए। विगत नौ महिनादेखि भने बालिकाको परिवार दिल्लीको लक्ष्मीनगर छेउको एउटा पीजीको भुइँतल्लाको कोठामा बस्दै आएको थियो। बालिकाका बुबा देव त्यही गेष्टहाउसको सरसफाईदेखि चौकादारी गर्दै आएका थिए। आमा डल्ली पनि होस्टलमा बस्ने विद्यार्थीका लागि खाना पकाउने काम गर्ने गर्थिन्।

बालिकाको बुबा ड्युटी बिहान दस बजेदेखि दिउँसो साढे चारसम्म थियो। पहिले आफू बस्ने पीजीको ड्युटी सकेर साँझ छेउकै अर्को पीजीमा उनी जाने गर्थे। उनकी श्रीमती पनि पीजीमा बस्ने विद्यार्थीका लागि खाना पकाउनेलगायतका घरायसी काम गर्थिन्। दुवै पीजीको ठेक्का सोनुले नै लिएका थिए। सँधैझैं घटनाको दिन बुबा करिब दस बजे काममा गएका थिए भने आमा पनि बिहानै सात बजे काममा निस्केकी थिइन्। दिउँसो करिब एक बजे बालिकाका बुबा ड्युटी सकेर आफू बस्ने घरमा आए। कोठामा आउँदै गर्दा उनले अभियुक्त सोनु बाइक निकालेर बाहिरिँदै गरेको देखेका थिए। उनीहरूबीच छोटो कुराकानीसमेत भयो। त्यतिबेलासम्म उनलाई सोनुबाट आफ्नै छोरीमाथि त्यस्तो अपराध गर्ला भन्ने अनुमानसमेत गरेका थिएनन्। तर, जब उनी कोठा छिरे छोरी अचेत अवस्थामा थिइन्। अचेत अवस्थामै नजिकैको अस्पताल पुर्‍याइएकी लछुलाई चिकित्सकले मृत घोषणा गरेका थिए।



चीनको सिचुवान प्रान्तको लिटाङ काउन्टीमा आयोजित घोडचढी पर्वमा आफ्नो कौशल देखाउँदै सहभागी। *तस्बिर : सिन्हवा*

# भारतमा तीर्थस्थलमा सास्ती

■ **विप्लव भट्टराई** (बनारस, भारत)

झारखण्डको कोडरमाबाट ६ घण्टाको यात्रा गरेर उत्तर प्रदेशको बनारस पुग्दा सिमसिम पानी थियो। रेलबाट उत्रनेबित्तिकै अटोमा चढ्न र होटल पुर्‍याउने भन्दै आएको ताँतीले अनिँदो ज्यानमा अझ आलश्यता थप्यो। बोकेरै लैजालान्झैं गरी आएको भीड भए पनि हाम्रो उद्देश्य तत्काल होटल या कुनै गन्तव्य थिएन। तर पटक-पटक आग्रह गर्दा पनि भीड नहटेपछि खस्रो बोल्नुको विकल्प नै भएन।

बिहान केही शीतल भए पनि दिउँसो प्रचण्ड गर्मी। उदेक लाग्दो ट्राफिक झन्झट अनि बनारसका गल्ली। रामनगरबाट गंगा तर्दै त्यता जाने क्रममा अटोवालाको दादागिरी सहनुपर्‍यो। ड्राइभरको गल्तीले बाटो भुलिए पनि थप रकमको माग भएकाले हामीसँगै रहेका बनारसकै बासिन्दा सुरेन्द्र त्रिपाठी जंगिए, 'तिमीहरू जस्ताले टाढा-टाढाबाट आएकाहरूलाई सानोतिनो कुरामा झमेला दिने गरेकाले पवित्र काशीलाई बदनाम बनाउँदै छौं।'

हाम्रो टोलीमा हिन्दी बुझ्ने र बोल्नेसहित त्यहाँको गलत संस्कृतिको विरोध गर्ने हिम्मत भएकाले ठगिनु परेन। तर यस्ता असंख्य तीर्थयात्री भाषा र त्यहाँको चलन बुझ्दैनन्। तीर्थयात्रामा जाने महिला र जेष्ठ नागरिकलाई भने अझ जोखिम छ।

अर्को गन्तव्य गंगातिर पुग्दा पनि त्यहाँको रमाइलो साट्ने भन्दै डुंगावालाको बार्गेनिङले थप हतोत्साही बनायो। गर्मीको चपेटाले शिथिल भएको बेला गंगामा डुंगा चडेर शीतलता खोज्ने हाम्रो उद्देश्य थियो। डुंगा चड्ने क्रममा क्षमताभन्दा धेरै रकम मागेपछि दिउँसोको योजना फेल गर्ने निर्णय भयो। करिब आधा घण्टा घुमेको भारतीय रुपैयाँ २ हजार ८ सय मागिएको थियो। साँझ भने त्यही डुंगामा भारु १२ सयमा घुम्न सकिने रहेछ।

आफ्नो बासस्थानमा फर्किने क्रममा अर्धबैंसे चालकले जसरी भीडबीच अटो छिराउँदै थिए त्यहाँ देखिने अचाक्ली सवारीसाधनको चापले झनै छक्क पार्ने। खुट्टा छिराउने ठाउँ नदेखिने सडकमा पनि दायाँ र बायाँ मोडै अटोमा हुँइकिएको अनुभव गज्जब थियो। यही बीचमा मोटरसाइकललाई मोडेर अर्कोतर्फ लानेहरू कसरी भीडबाट छिर्थे पत्तो नै नपाइने। यही बीचमा भाडा नदिएको निहुँमा छेवैको अर्को अटोका यात्री र चालकबीचको हात हालाहाल पनि चलिरहेको थियो। हामीलाई हुँइक्याउने चालक भन्दै थिए, 'अहिले ड्राइभरले ठगेको पब्लिकले थाहा पाए भने उल्टै कारबाही गर्छन्।' 'ठगिएका र हेपिएका घटना धेरै आएकाले बनारसको साख जोगाउन पब्लिक पनि लागिपरेका छन्,' उनी बोल्दै गए, 'तर के गर्नु सबैको मन उस्तै हुँदैन।'

यहाँ मात्र हैन ठगिनु र सास्ती पाउने भारत क्षेत्रका हरेक तीर्थस्थलको विशेषता बनेको छ। जुनसुकै धार्मिक स्थलमा पुगे पनि अटोवालादेखि, भिखारी, पुजारी, गाइड र सामान बेच्नेसम्मले टाढाबाट पुगेकालाई हैरानी दिन्छन्। बनारस, गयालगायत क्षेत्रमा ठूलो संख्यामा नेपाली तीर्थयात्री पनि पुग्ने गर्छन्। दुःख दिने खालको प्रवृत्तिले उनीहरूले सोचे जति न घुम्न सक्छन् न त धार्मिक कार्य नै। काशीको बोधगया, लक्ष्मीनारायण मन्दिरलगायतमा अगाढ आस्थाका कारण श्रद्धालु पुगेका हुन्छन्। 'मन्दिरको दर्शनले मन शान्त हुन्छ भनेर छिरेको तर पण्डा र अनेक बहानामा आउनेहरूले दिएको दुःखले असुरक्षित महसुस भयो,' केहीअघि गयाको घुमघामबाट फर्किएकी झापा धुलाबारीकी रमा खनालले भनिन्।

## ज्येष्ठ नागरिकको पहिलो चाहना जहाजबाट पशुपति दर्शन

जयपुर, भारत (एजेन्सी)- विमानमा बसेर विदेश यात्रा गर्ने चाहना सबै उमेरका मानिसलाई हुने गर्छ। त्यस्तै चाहना राजस्थानका ज्येष्ठ नागरिकको पनि छ। अझ उनीहरूले नेपालको पशुपतिनाथको दर्शनलाई पहिलो प्राथमिकतामा राखेका छन्।

भारतको 'राजस्थान पत्रिका' ले प्रदेशका ज्येष्ठ नागरिकले नेपाल गएर पशुपतिनाथको दर्शन गर्न चाहेको समाचार बुधबार प्रकाशित गरेको छ। राज्यको 'देवस्थान' विभागले ल्याएको 'ज्येष्ठ नागरिक तीर्थ योजना' अन्तर्गत राजस्थानका २९ हजार ज्येष्ठ नागरिकले नेपालको पशुपतिनाथ दर्शनका लागि निवेदन दिएको जनाएको छ। पत्रिकाको जयपुर संस्करणमा अगस्टको दोस्रो साता स्थानीय प्रशासनको उपस्थितिमा कम्प्युटरबाट भाग्यशाली ज्येष्ठ नागरिकको छनोट गरिने उल्लेख छ। यसै वर्ष मन्त्री विश्वेन्द्र सिंहले रेलबाट ५ हजार र हवाई मार्गबाट ५ हजार जनालाई यात्रा गराउने घोषणा गरेका थिए। जयपुरबाट एक हजार तीर्थ यात्रीको छनोट गरिने भएको छ। हवाई यात्राका लागि ५० हजारको निवेदन परेको छ। ती मध्ये धेरै पशुपतिनाथ जाने चाहना व्यक्त गरेका छन्।

पत्रिकाका अनुसार २९ हजार ७ सय ४६ जना पशुपतिनाथ जाने चाहना राखेका छन्। विभागका अतिरिक्त आयुक्त दिनेशचन्द्र कोठारीले भने, 'निर्धारित स्थानहरूमा सबैभन्दा बढी ज्येष्ठ नागरिक काठमाडौंको हवाई यात्रा गर्ने चाहना व्यक्त गरेका छन्।

# उत्तर कोरियाद्वारा क्षेप्यास्त्र परीक्षण

सोल (एएफपी)- उत्तर कोरियाले शृंखलाबद्ध रूपमा अत्याधुनिक हातहतियारको परीक्षण जारी राखेको छ। उसले बुधबार दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेको छ।

अमेरिकासँग मिलेर दक्षिण कोरियाले संयुक्त सैनिक अभ्यास गर्न लागेकोप्रति असन्तोष व्यक्त गर्दै उत्तरले पछिल्ला केही महिनायता हातहतियारको परीक्षणमा तीव्रता दिँदै आएको हो।

उत्तर कोरियाको वोनसान क्षेत्रबाट पूर्वीतटीय क्षेत्रमा बुधबार बिहानै दुईवटा क्षेप्यास्त्र प्रहार गरिएका छन्। यो करिब २५० किलोमिटर टाढा झरेको दक्षिण कोरियाली प्रधान सेनापतिले बताए। सेनापतिको कार्यालयद्वारा जारी विज्ञप्तिमा निरन्तर भइरहेको हतियार परीक्षणले कोरियाली द्वीपमा उत्पन्न तनाव कम हुन नसक्ने उल्लेख छ। संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले पारित गरेको प्रस्तावमा उत्तर कोरियालाई ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार/परीक्षण गर्न प्रतिबन्ध लगाइएको छ। तर, एकै साताभित्र उत्तरको यो दोस्रो क्षेप्यास्त्र परीक्षण भएको हो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ अनबीच भेटवार्ता भएको एक महिना नपुग्दै दुई पटक क्षेप्यास्त्र र पनडुब्बी परीक्षण गरिएका छन्। उत्तर कोरिया र अमेरिकाबीच उत्तरको आणविक तथा क्षेप्यास्त्र कार्यक्रम सुल्झाउनेबारे कूटनीतिक प्रयत्न भइरहेको छ। यही क्रममा एकै वर्षभित्र उत्तर कोरिया र अमेरिकाका शीर्ष नेताबीच तीन पटक भेटवार्ता भइसकेको छ।




कोरियाली संकट समाधानबारे केहीअघि अवरुद्ध वार्ता पुनः सुरु गर्ने सहमति भएको छ। तर, त्यस्तो वार्ता अझै सुरु हुन सकेको छैन। राष्ट्रसंघीय प्रतिबन्धका कारण मुलुकको अर्थतन्त्र थिल्थिलो भए पनि उत्तरले आणविक र अन्य अत्याधुनिक हतियार निर्माणको कार्यलाई तीव्रता दिँदै आएको छ। उत्तर कोरियाले निर्माण गरिरहेका आधुनिक र लामो दूरीसम्म प्रहार गर्न सक्ने क्षेप्यास्त्रका कारण क्षेत्रीय र विश्व शान्तिमा असर पर्ने खतरा देखिएको अमेरिकी बुझाइ छ।

# बस बममा ठोक्किँदा ३४ को मृत्यु

हेरात, अफगानिस्तान (रासस/एएफपी)- अफगानिस्तानको फरास प्रान्तस्थित राजमार्गमा राखिएको बममा बस ठोक्किँदा ३४ जनाको मृत्यु भएको छ। अन्य १० जना घाइते भएका छन्। मृत्यु भएकाहरूमा बसका यात्रुहरू रहेका छन्। राष्ट्रसंघले मंगलबार मात्र अफगानिस्तानमा द्वन्द्वको चपेटामा परेर सर्वसाधारण बढी मारिएको प्रतिवेदन सार्वजनिक गरेको थियो। फराह प्रान्तका प्रवक्ता मुहिबुल्लाह मुहिबले कन्दाहार-हेराज राष्ट्रिय राजमार्गमा गुडिरहेको बस दुर्घटनामा परेको जनाए।

राष्ट्रसंघले सार्वजनिक गरेको पछिल्लो विवरणमा यो वर्षको ६ महिना अवधिमा सर्वसाधारणको हत्याको संख्यामा २७ प्रतिशतले कमी आएको भए पनि सर्वसाधारणको मृत्यु बढी भएको उल्लेख छ। उक्त अवधिमा एक हजार ३ सय ६६ जना सर्वसाधारणको मृत्यु र दुई हजार ४ सय ४६ जना घाइते भए। तीमध्ये एक तिहाइ बालबालिका छन्। राष्ट्रसंघका अनुसार तालिवानका कारणभन्दा पनि सरकारी फौज र अमेरिकी नेतृत्वको फौजको कारबाहीमा बढी नागरिकको ज्यान गएको छ।

राष्ट्रसंघले हिंसा रोक्न भइरहेका प्रयास निकै अपर्याप्त रहेको ठहर गरेको छ। आगामी सेप्टेम्बर २८ मा राष्ट्रपतिको निर्वाचन हुने घोषणा गरिएका कारण पनि देशभर हिंसा अझ बढ्ने अनुमान गर्न थालिएको छ। चुनावमा अफगानिस्तानका प्रमुख विद्रोही शक्ति तालिवान समूह र इस्लामिक स्टेटको पूर्णविमति छ।

औपचारिक चुनावी अभियान प्रारम्भ हुनुअघि आइतबार काबुलमा भएको एक आक्रमणमा कम्तीमा २० जनाको मृत्यु हुनुका साथै ५० भन्दा बढी घाइते भएका थिए। तालिवान समूहका आत्मघाती आक्रमणकारीले राष्ट्रपतिका सम्भावित उम्मेदवार अमरुल्लाह सालेहको काबुल कार्यालयमा आक्रमण गरेका थिए।

राष्ट्रपतिको चुनाव हुनुअघि नै तालिवान समूहसँग शान्तिसम्झौता गर्ने तयारी अमेरिकाको छ, तर कतारमा महिनौंदेखि जारी अमेरिका र तालिवानबीचको वार्ता अझै निष्कर्षमा पुग्न सकेको छैन।


## स्नातक (Bachelor) विषयहरु अध्ययनका लागी भर्ना सम्बन्धि सुचना

पुर्वाञ्चल विश्व विद्यालयबाट सम्बन्धन प्राप्त तथा स्वास्थ्य विज्ञान शिक्षालय संघ (एशिया) का सदस्य निम्न हेल्थ साइन्सका कलेजहरुमा आगामी शैक्षिक सत्र २०७६/७७ का लागी चिकित्साशास्त्र संकाय अन्तर्गतका निम्न उल्लेखित विषयहरुमा स्नातक तहमा भर्नाको लागी आवेदन फारम खुल्ला गरिएको छ।

❖B.SC.Nursing – 4 Years ❖BPH – 4 Years ❖B. Pharma – 4 Years ❖PBBN –3 Years

फारम भर्ने अन्तिम मिति : २०७६।०५।०१ सम्म,(डबल दस्तुर : २०७६।०५।०८ सम्म )

| S.N. | NAMES OF COLLEGE | ADDRESS & TELEPHONE | PROGRAMME |
|---|---|---|---|
| 1 | Alka Hospital Pvt. Ltd.(AIMS) | Jaulakhel, Lalitpur 015251174, 9801206921 | PBBN |
| 2 | B & B Medical Institute(Nursing College) | Gwarko, Lalitpur 015202152,5202381 | PBBN, B.Sc.Nursing |
| 3 | Birat Health College | Biratnagar, Morang 021420974, 9842045040 | PBBN, B.SC. Nursing, BPH |
| 4 | Chakrabarti Habi Educational Academy | Madhyapur, thimi, Bhaktapur 016634637, 6637198,9869413504 | PBBN, B.Sc.Nursing, BPH |
| 5 | Charak Academy | Pokhara-13, Kaski 061536290, 537290 | PBBN, B.SC. Nursing |
| 6 | Devdaha College of Science & Technology | Butwal, Rupendehi, 071545203, 9801127097, 9857036093 | B. SC. Nursing |
| 7 | Hamro School of Nursing | Airport line, Biratnagar 021462225 | B. SC. Nursing |
| 8 | HOPE International College | Satdobato, Lalitpur,015151936, 5151867, 9851239539 | BPH, PBBN, B.SC.Nursing, B. Pharmacy |
| 9 | Innovative College of Health Science | Kutubahal, Chabahil 014485376, 9841370009 | PBBN |
| 10 | Kantipur Academy of Health Science(Kantipur Hospital) | Tinkune, Kathmandu 014117920, 4112146, 9810198172 | BPH, PBBN, B.SC. Nursing, B. Pharmacy |
| 11 | Karnali College of Health Science | GaushalaKtm, 014470205, 4470906,9851151314, 9851062691 | BPH, B. Pharmacy |
| 12 | Kathmandu Model Hospital School of Nursing | Swoyambhu, Kathmandu 014272163, 6212922 | PBBN, B.SC. Nursing |
| 13 | Koshi Health & Science College | Sansarimaisthan,Biratnagar 021527616, 532911 | BPH, PBBN |
| 14 | Krishna Medical & Technical Research Centre | Janakpurdham, Dhanusa 041525439, 525585, 9812024910 | PBBN, B.SC. Nursing |
| 15 | Little Buddha College of Health Science | Minbhaban, Kathmandu 014784458, 4784459 | BPH, B. Pharmacy |
| 16 | Mayadevi Tehnical College | Butwal-14, ढवाह, Rupendehi 071445420, 9802784041 | PBBN |
| 17 | Nagarik College of Health Science | Koteshor-35, Kathmandu 014154076 | PBBN, B.SC. Nursing |
| 18 | National Academy for Medical Science | Old Baneshor , Kathmandu 014466465, 4469017 | BPH, B.SC. Nursing |
| 19 | Nepal Institute of Health Science(Stupa) | Gokarneshor-5, Jorpati 014917557, 4917558 | PBBN, BPH, BSc.Nursing |
| 20 | Norvic Institute of Nursing Education (An ISO 9001:2015 Certified Institute) | Maharajgunj, KTM 014017577, 4017641, 9861181344 | PBBN, B.SC. Nursing |
| 21 | Novel Academy | Pokhara , newroad -8 061535629, 9856010151 | B.Pharmacy, B. SC. Nursing |
| 22 | NPI Narayani Samudayak Hospital | Bharatpur, Chitwan 056533133, 528817 | PBBN, B.SC.Nursing |
| 23 | Oasis Medical College | Bharatpur, Chitwan 056530577, 533472 | BPH |
| 24 | Om Health Campus | Gopikrishna Nagar, Chabahil 014822451, 4812453 | PBBN, BPH, BSc. Nursing |
| 25 | Sanjeevani College of Medical Science | Butwal, Rupendehi,071438654, 9857032196 | BPH, PBBN, B. SC.Nursing |
| 26 | SANN Institute of Nursing Pvt. Ltd | कपन, काठमाण्डौं 014823773, 4823694, 9803889833 | B. SC. Nursing |
| 27 | Saptarishi Health Science College | Rajbiraj, Saptari 031522043, 9852821505 | BPH |
| 28 | Shree Medical & Technical College | Bharatpur , Chitwan 056522911, 527897 | BPH, PBBN, B.SC. Nursing, B. Pharmacy |
| 29 | Sinha Health Foundation Pvt. Ltd | Janakpurdham,भङ्गारपुरा चोकबाट उत्तर, 041527442. 9854024995 | PBBN, B.SC. Nursing |
| 30 | Susma Koirala Memorial Nursing College | Sankhu, Kathmandu,014451153, 4650171, 9851144073 | B. SC. Nursing |
| 31 | Unique College | Rajbiraj, Saptari 031520531,521249 | PBBN, BPH |
| 32 | Valley College of Technical Science | Sitapaila , Kathmandu 014033127, 4033115 | BPH, B. Pharmacy |


# चीनमा योग सिकाउँदै नेपाली

■ **लक्ष्मी लम्साल** (बेइजिङ)

लामा दाह्री, उस्तै लामो कपाल, भगवान् शिवजीको जस्तो भावभंगी अनि तेजिलो समुज्वल अनुहार। सुखासनमा बसिरहेका अभ्यासी युवतीहरू, गहिरो श्वासप्रश्वास अनि हार्मोनियम बजेजस्तो ॐ ॐ को उच्चारण।

सामान्यतः जोगीको भेषमा देखिने एकजना साधु यतिखेर व्यस्त व्यापारिक सहरमा योगाभ्यास गराइरहेका छन्। आध्यात्मिक सूत्रहरू उच्चारण गर्दै गरेका योगी रमेश सिटौला काठमाडौंको गुरूकुल योगाश्रमबाट आएका हुन्।

'योग आसनहरू त जानी नजानी गरिहालिन्छ तर मन, बुद्धि र अहंकार शुद्धीकरण गराउँदै गुरूआमाहरूलाई प्रशिक्षण गरिरहेको छु,' २८ देखि ३५ उमेर समूहकालाई प्रशिक्षित गरेका युवागुरू सिटौला भन्छन्, 'तपोभूमि नेपालबारे थाहा पाउँछन्, योगभूमि र ध्यानभूमि नेपाल र नेपालीको आचरण र हार्दिकताबारे परिचित हुन्छन् अनि नेपाल पनि घुम्न जान्छन्।'

अघिल्लो वर्ष क्वाङ्चौकै फङह्वाङ भन्ने ठाउँमा झन्डै ४/५ सय योगी र गुरूमाझ भारतीय अष्टांग योग, यम, नियम, आसनबारे प्रवचन दिएका योगी रमेश क्वाङ्तोङ् प्रान्तकै हुईचौमा जुलाई २९ मा उत्रिएदेखि २९ जना योगी शिक्षिकामाझ यौगिक अध्यात्ममा जोडिए। चिनियाँ योग शारीरिक व्यायाममा बढी केन्द्रित छ। गुरूआमाहरूमार्फत अध्यात्म, सनातन हिन्दुत्व र सनातनी मुलुकहरूबीच योग अर्थात् जोडको पाटोबारे २ दिन सिकाएपछि फुच्येन प्रान्तमा ३ दिन योग शिविर गरेर फेरि क्वाङ्चौ सहरकै अर्को योग शिविरमा व्यस्त हुने छन्।

छिङ्थिङ् मान् पु युच्या अर्थात् ड्रागन फ्लाइकी स्याउ हुईले चीनमा धेरै वर्ष योग सिकाए पनि आसनमा मात्रै केन्द्रित भएको बताइन्। उनले भनिन्, 'हरेकमा ऊर्जा शक्ति र अध्यात्मको पाटो हुन्छ। अन्तरहृदयले चाहेको कुरा महसुस गर्नुपर्ने योगको तत्त्व बल्ल योगगुरूबाट भेट्न पाएँ।'



चीनको क्वाङतोङमा योग सिकाउँदै रमेश सिटौला। *तस्बिर : कान्तिपुर*

योगको उत्पत्ति तिब्बतमा पर्ने कैलाश पर्वतबाट सुरु भएर नेपालको पशुपतिनाथ हुँदै विश्वभर फैलिएको बताउँदै योगी रमेशले योग साधनास्थल नै हिमालयको काख भएकोबारे चिनियाँलाई बुझाउन सकिने बताउँछन्। योग, बुद्धिज्म वा संस्कृतप्रति चिनियाँको आकर्षण रहेको तर मूलस्रोतबारे ठूलो भ्रम रहेको उनले बुझे। उनी भन्छन्, 'नेपाल मात्रै त भन्न मिल्दैन तर सबैले इन्डिया मात्रै भन्ने सोच्दा रहेछन्।'

नेपालले योगमार्फत् पर्यटन प्रवर्द्धन गर्न सकिने बताउँदै योगी रमेशले योगसाधना र योग पर्यटनबाट मुलुकको सांस्कृतिक विकासमा ऊर्जा थप्न सकिने ठानेका छन्। सानो प्रयासबाट केही चिनियाँमा नेपालप्रतिको सद्भावमा बढोत्तरी भएको, उनीहरूले अरू धेरै योगीहरूलाई सिकाउँदै जाँदा नेपाल भन्ने देशबारे थाहा पाएको र चीन नेपाल भावनात्मक सम्बन्ध विकासमा टेवा पुर्‍याउने उनको सोच थियो।

दुईदिने शिविरमा सहभागी सुन्दरी योगीहरूले योगमा नेपालको योगदान र प्राचीन योग सिकाइ तरिकाबारे सिक्न पाउँदा खुसी लागेको सुनाए। उनीहरूले नेपाल र चीनबीचको सांस्कृतिक सम्बन्ध पनि निकै पुरानो भएको थाहा पाएकोले नेपाल पुग्ने चाहना प्रकट गरे।

जतिखेर उनी चीनको दक्षिण क्षेत्रमा पुगेर योगका संवाहक वा प्रशिक्षक गुरूहरूलाई योगले जोड्न खोजिरहेका थिए, नेपाल-चीन दौत्यसम्बन्ध स्थापनाको पनि ६४औं वर्षगाँठ पुग्दै थियो। दुवै देशबीचको योगिक सम्बन्ध मनभित्रै पुग्ने गरी, आत्मीय सम्बन्ध गहिरो हुने गरी, राष्ट्रिय पर्यटन प्रवर्द्धधनमा इँटा थप्ने गरी पहल गर्नुपर्ने सोचेर योगमार्फत् आफू खटिएको राष्ट्रवादी शैलीमा भन्दै गए उनी। 'एक्लो प्रयासले मात्रै त थोरै हुन्छ, राष्ट्रको चिन्तन पनि हुनुपर्छ। सिंगो सनातन अभ्यास गर्ने देशलाई जोड्न खोजेजस्तै अध्यात्म मार्गबाट देश चिनियोस् भन्ने विशुद्ध चाहना हो,' उनी भावुक भए।

## नेपाल-बंगलादेश कला प्रदर्शनी

# फरक देश, उस्तै दृश्य

■ सुशीला तामाङ (काठमाडौं)

नेपाल र बंगलादेश भौगोलिक दूरीले खासै टाढाको मुलुक होइन । सामाजिक, सांस्कृतिक तथा प्राकृतिक रूपमा पनि करिब-करिब समानता त छँदै छ, दुवै मुलुकले भोगिरहेको पीडा पनि मिल्दोजुल्दो नै छ । एकातिर महिला हिंसा, बाढी पहिरो, प्राकृतिक विपत्तिजस्ता समस्या समान लाग्छ भने अर्कोतिर प्राकृतिक र सांस्कृतिक सुन्दरताको सौन्दर्य पनि उस्तै । यतिबेला राजधानीमा यिनै साझा पक्षलाई कलाकृतिमार्फत् प्रस्तुत गरिरहेका छन् बंगलादेशी र नेपाली चित्रकारहरूले ।

बबरमलस्थित नेपाल आर्ट काउन्सिलमा जारी 'बंगलादेश-नेपाल फ्रेन्डसिप आर्ट' शीर्षकका प्रदर्शनीमा दुई देशका गरेर २३ चित्रकार सहभागी छन् । मंगलबारदेखि सुरु प्रदर्शनीमा दुवै मुलुकका चित्रकारले आआफ्ना मुलुकका चिनाउने विषयवस्तु पस्केका छन्, तर ग्यालरीमा चित्र रसास्वादन गर्दै जाँदा थुप्रै समानता भेटिन्छन् । ११ जना नेपाली तथा १२ जना बंगलादेशी चित्रकारका ३७ वटा क्यानभासमा एकातिर नेपाली सीमसार क्षेत्रको दृश्य हेर्न सकिन्छ भने अर्कोतिर बंगलादेशी समुद्रको छाल र डुंगाहरूको धीमा चाल हेर्न सकिन्छ । यही समुद्री दृश्यले दुई देशलाई अलिकति फरक पारेको अनुभूति हुन्छ ।


बंगलादेशी चित्रकार दिलसाद पथानले कोरेको समुद्री दृश्य चित्र खासै उज्यालो छैन । समुद्र समृद्धिको प्रतीक मात्र हैन, यो त दुःख र विछोडको पर्यायवाची पनि हो भन्ने उनको यो चित्रले औंल्याउँछ । सुमद्धिको क्षितिजमा अस्ताउँदै गरेको पहेंलो घाम अनि पानी जहाजका छायामा दुःख देखिन्छ, कसैको विछोड भाव अनुभूति हुन्छ । दुःख दर्साउन उनले नीलो रंगको पनि प्रयोग गरेका छन् अर्धमूर्त चित्रमा । लक्ष्मण मण्डल, मिथिलादेवी यादवलगायतका मैथिली चित्रकारका सिर्जनाले नेपाली सांस्कृतिक सघनतालाई पस्किरहेको भान हुन्छ भने उनीहरूले यही कलाको माध्यमबाट महिलाका समस्याहरूलाई प्रस्तुत गरेका छन्, जुन दुवै देशका लागि साझा सवाल हुन् ।

मण्डलको चित्रमा घरका सबै सदस्यहरू मिलेर एउटी महिलालाई यातना दिइरहेको देखिन्छ । घरेलु हिंसाको यो यथार्थ दक्षिण एसियाकै साझा समस्या हो । यता बंगलादेशी चित्रकार सवनम चौधरीले नारीलाई नै केन्द्रमा राखेर 'नारीको जीवन' शीर्षकमा मेटल आर्ट प्रस्तुत गरेका छन् । मेटलको माध्यमबाट यथार्थवादी शैलीमा उतारिएको उनको कलाकृतिमा निकै अर्थपूर्ण लाग्छ । त्यस्तै दुवै देशले भोगिरहेको बाढीपहिरोको समस्यालाई मध्यनजर गर्दै नेपाली चित्रकार एससी सुमनले एक्रेलिक माध्यमबाट 'सेक्रेड अफ द फरेस्ट' शीर्षकमा सुन्दर रुखको चित्र बनाएका छन् । 'नेपाली कला भए पनि यसले दुवै देशको जनताले भोगेको समस्यालाई सम्बोधन गर्दै वनजंगल संरक्षणमा जोड दिन खोजेको हुँ,' उनले भने ।

अर्का बंगाली चित्रकार सुनन्दा रानी वर्माले प्रकृतिलाई जोडेर सुन्दरतालाई प्रस्तुत गरेकी छन् । कलामा प्रकृतिलाई नै प्राथमिकता दिएकी छन् चित्रकार तैमुर हानले पनि । दुई देशबीचको कलामा समानतासँगै उही भाव र पीडाहरू प्रतिनिधित्व भएको हानले बताए । भने, 'कलाबाट नै दुवै देशबीचको सांस्कृतिक आदानप्रदान सबैभन्दा प्रभावकारी हुन सक्छ ।'

प्रदर्शनी उद्घाटनपछि कलाकृति अवलोकन गर्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति केके कर्माचार्यले २३ जना नै उत्कृष्ट काम गरेको दाबी गरे । प्रदर्शनीमा मूर्तिकला पनि राखिएका छन् । बंगलादेशकै कलाकारबाट बनेका 'म्यान अन द एज' शीर्षकको इमाम होसन सुमोनको फाइबर ग्लासमा बनेको मूर्ति, लक्की ओस्मानको 'साउटिङ' शीर्षकको मेटल निर्मित मूर्तिहरू निकै सुन्दर छन् । शुक्रबारसम्म जारी रहने प्रदर्शनीमा सुषमा राजभण्डारी, कान्छाकाजी भासिमा, किशोर नकर्मी लगायतका चित्रकारका कलाकृति पनि राखिएका छन् ।





राजधानीको बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा जारी नेपाल-बंगलादेश कला प्रदर्शनी ।

*तस्बिर : कान्तिपुर*

# बाँसुरीको धुनले...

■ गणेश राई (ललितपुर)




दुधकोसी र सुनकोसी संगम आसपासका बस्तीमा साउन १५ देखि बाँसुरी बजाउने परम्परा छ । त्यही परम्पराको निरन्तरता दिँदै काठमाडौं उपत्यकामा रहेका किरातीले तेस्रो 'बाँसुरी दिवस' बुधबार मनाएका छन् । त्यसैगरी ओखलढुंगाको मानेभन्ज्याङ गाउँपालिका ६ हिलेपानी गाउँमा समेत सामूहिक भेला भएर मनाएका छन् ।

कलाकार बडाजित राईको संयोजन रहेको दिवसमा बाँसुरीवादक जीवन राई, विकास सौगात, नवराज राई (क), नवराज राई (ख), श्याम राई र भीमराज राई तथा मादल विष्णु माइला र मोतीलाल राईले प्रस्तुत गरेका थिए । अक्सर पुरुषले बजाउने बाँसुरी वादनमा महिला कलाकार अम्बिका राई र दिलकला राईसमेत सहभागी थिए । उनीहरूले पहिलो चरणमा गोठाले भाकाको बाँसुरी बजाएर मादलसहित राम्दले गीति भाका प्रस्तुत गरे । दोस्रो चरणमा बाँसुरीकै आवाजमा संगिना भाका ताली बजाएर सुनाएका थिए । वाम्बुले राई समाज, नेपाल (वाम्रास) संस्थाले उक्त दिवसको आयोजना गरेको हो ।

गाउँघरमा बिर्सिंदै गएको लोकपरम्पराको पुनःउत्थान गर्न दिवसको आयोजना गरिएको वाम्रास संस्थाका अध्यक्ष गजुरधन राईले बताए । 'सहरमा बस्नेलाई गाउँघरको सम्झनाले ब्युँताउँछ,' आफ्नो गोठाले जीवनको सम्झना गर्दै उनले भने, 'विदेशमा बस्नेलाई स्वदेशको यादले सताउँछन् । गाउँघरमा बस्नेले बिर्सिंदै गरेको आफ्नोपन, परम्परालाई पुनःस्थापना गर्न बाँसुरी दिवस मनाउनुपरेको हो ।'

हिलेपानी गाउँमा जन्मिएका राष्ट्रगान रचयिता व्याकुल माइलाले बाँसुरीका भाकाको अध्ययन र परम्परागत लोकभाकाहरू अधिया, सरुमा, ख्याली र सरादको संकलन गरेको बताए । ती भाकाहरूलाई भर्खरै मात्र वरिष्ठ कलाकारलाई गाउन लगाउने काम गरेको जनाए । 'यी भाकाहरू ज्यादै गाह्रो रहेको प्रसिद्ध गायकले भन्नुभएको छ,' उनले भने, 'तर हामी सम्बन्धित समाजमा भने भिल्लको देशमा मणि भनेझैं भएको छ ।'

वाम्बुले भाषाका कोशकार अविनाथ राईले कतिपय लोकपरम्परालाई परिमार्जन आवश्यक रहेको बताए । 'कतिपय परम्परा परिवर्तन हुन जरुरी छ र राम्रो मनले नयाँ उत्थान हुन आवश्यक छ,' अल्पज्ञानी हुँदाहुँदै आफूलाई महान् ठान्नु हानिकारक हुने उल्लेख गर्दै उनले भने, 'थपघट हुने परम्परा तर्कसंगत, युक्तिसंगत र न्यायसंगत हुनुपर्छ ।' लोकपरम्परालाई अभिलेखीकरण हुनुपर्ने जोड दिए ।

किरात राई यायोक्खाका केन्द्रीय अध्यक्ष दिवस राईले बाँसुरी बाजालाई किरातीको मौलिक बाजा भएकाले यसलाई ब्रान्डिङ गर्न जरुरी रहेको बताए । 'किराती सामाजिक र सांस्कृतिक हिसाबले धनी छौं,' उनले किरात राईभित्र २६ वटा भाषा रहेको उल्लेख गर्दै भने, 'सांस्कृतिक विविधताभित्र बाँसुरी दिवस एक हो । यसलाई संस्थागत बहन गरिसकेका छौं । माइती, चेलीसँगै बसेर बजाइने बाँसुरीको ब्रान्डिङ गर्ने र यसको प्याटेन्ट राइट लिन जरुरी छ । जसले गर्दा पुस्तौं पुस्तादेखि पुर्खाले सिर्जको परम्परा बाँचिरहने छ ।'

लोकमान्यताअनुसार उपवास बसेका भगवान् साउन १५ देखि गुफाबाट बाहिर निस्किन्छन् । कालो मैलो, अँध्यारो हट्छ । त्यस दिनदेखि किराती वाम्बुले समुदायमा नयाँ उमंग छाउँछ । अँगेनोको माथि ध्वाँसे बलो अथवा खोल्मो छानोमा सिउरिएर जतनसाथ राखेका बाँसुरी, मुरली झिकेर बजाउँने गर्दछन् । गाउँघर, वनपाखा, खोलानाला, दुधकोसी र सुनकोसी नदी गडतीरमा कुर्लिङकुर्लिङ बाँसुरीको धुन गुन्जिने संस्कृतिकर्मी बताउँछन् । मायाप्रीति या विरह, मनै हर्ने भाकाहरू बजाउँछन् ।

## शैली संक्षेप

### दुर्गाको 'माइतीको माया'

काठमाडौं (कास)- सांगीतिक क्षेत्रमा साढे दुई दशकयता क्रियाशील दुर्गा गुरुङले तीज कोसेली 'माइतीको माया' ल्याएकी छन् । उनको गीत क्वालिटी फिल्म नेपालको युटचुब च्यानलमा राखिएको छ । समय र परिस्थितिले तीजमा माइती जान नपाउँदा चेलीको मनमा उब्जिने तरंग र वेदनालाई गीतमा उतार्न खोजिएको छ । यसका गीतकार गणेश गुरुङ हुन् । गुरुङ लामो समयदेखि गायन र संगीत क्षेत्रमा सक्रिय छन् । उनी भन्छन्, 'गीतमा मौलिकता जोगाउने प्रयास गरिएको छ ।' म्युजिक भिडियोमा गणेश र चन्दा दाहाललगायतको अभिनय देख्न सकिछ । संगीत रामचन्द्र अर्याल, एरेन्ज तेजेन्द्र गुरुङ, सम्पादन सुजन शाही, छायांकन मधुर बस्नेतको छ भने निर्देशन उमेश गुरुङले गरेका हुन् ।



स्याङ्जामा जन्मेकी दुर्गाको 'शिरफूल', 'चेलीको वेदना' लगायतका आधा दर्जन बढी तीजका गीत बजारमा आइसकेका छन् । उनले दर्जनौं गीतमा स्वरसमेत भरिसकेकी छन् ।

### 'आफ्नै धरा आफ्नै आकाश'

सुनसरी (कास)- नेपाल बैंकको जागिरबाट अवकाश पाएपछि घरी अमेरिका घरी नेपाल गर्दै आएकी धरानकी बिना घलेको तेस्रो कृति 'आफ्नै धरा आफ्नै आकाश' अमेरिकाको सियाटल वासिङ्टनमा अमेरिकाका लागि नेपालका राजदूत डा. अर्जुनकुमार कार्की र मिस नेपाल वर्ल्ड अनुष्का श्रेष्ठले संयुक्त रूपमा विमोचन गरेका छन् । अमेरिका बसाइलाई यात्रानुभूतिको रूपमा लेखेको पुस्तकमा नयाँ पुस्तामा अमेरिकी सपना र उनीहरूका अभिभावको मनोवाभनालाई सुन्दर रूपमा समेटेका छन् ।

### तिमसिनाको षोडश संस्कार

काठमाडौं (कास)- पूर्वीय अध्यात्म दर्शन बोकेका उपनिषद्, श्रीमद्भगवत् गीता, निर्णयसिन्धुलगायतका प्रमाणलाई जस्ताको त्यस्तै राखेर त्यसको सरलीकरण गर्दै नेपाली भाषामा 'षोडश संस्कार विवेचना' कृति बजारमा आएको छ । पश्चिमी रीतिरिवाज र जीवनशैलीको प्रभावमा परेर मौलिकता बिर्सँदै गएको अवस्थामा हिन्दु सनातन संस्कारका व्यावहारिक र वैज्ञानिक पक्षलाई केलाउँदै भागवताचार्य: श्रीभीमप्रसाद तिमसिना (भागवतशरण) ले पुस्तक लेखेका हुन् ।

पुस्तकमा जन्मपूर्वदेखि मृत्युपर्यन्त गर्नुपर्ने कर्म, मूल्यमान्यता र विज्ञानका सापेक्षतामा हिन्दू आध्यात्मिक कर्मबारे स्पष्ट पारिएको छ । लामो समयसम्म यस क्षेत्रमा लागेर देखेका, भोगेका, अनुभव गरेका, खोज र अनुसन्धान गरेर पुस्तक लेखिएको तिमसिनाले बताए ।


भर्ना खुल्यो ! भर्ना खुल्यो !!
Lab Assistant
18 Months CTEVT Course
Electrical / Civil-Sub overseer
18 Months CTEVT Course
ओजस्वी एकेडेमी
सामाखुशी : 9841511108 / 4362042

भर्ना खुल्यो !
भौतिक पुर्वाधारले सम्पन्न आफ्नै भवनमा संचालित
UNIQUE COLLEGE
of Medical Science & Hospital Pvt. Ltd. Rajbiraj-6, Saptari
AFFILIATED TO PURBANCHAL UNIVERSITY
BPH 4 Years
(Bachelor of Public Health)
PBN 3 Years
(Post Basic Bachelor of Nursing)
फारम भर्ने अन्तिम मिति: २०७६ भाद्र ०१ गते सम्म
दोब्बर दस्तुर तिरेर मिति २०७६ भाद्र ०८ गते सम्म
Unique College
सप्तरी, राजविराज, फोन नं. ०३१-५२०५३१
मो.नं. ९८०८००४११४, ९८०७७८८८७७, ९८०१५५६२००, ९८५२८३२०९८, Email : uea.rjb@gmail.com

पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
हिलसाइड कलेज अफ इन्जिनियरिङ्ग, कोटेश्वरको
प्रबेश परीक्षा सम्बन्धी अत्यन्त जरुरी सूचना
BE-Civil / BE-Electrical कार्यक्रम
प्रबेश परीक्षा शुल्क तथा फाराम भर्ने अन्तिम म्याद
मिति २०७६ साल भाद्र १ गते सम्म रु. १५००/- र दोब्बर दस्तुर तिरी भाद्र ८ गतेसम्म आवेदन दिन सकिनेछ ।
आवेदन फाराम बिहान ७ बजेदेखी साँझ ५ बजेसम्म उपलब्ध हुनेछ ।
न्यूनतम शैक्षिक योग्यता
विज्ञान विषयमा (Physical or Bio Group) उच्च माध्यमिक तह वा A- Level वा इन्जिनियरिङ्ग Diploma वा सो सरहको परीक्षामा न्युनतम 45% वा प्रत्येक बिषयमा कम्तिमा 'C' Grade र Total GPA न्युनतम 2.00 प्राप्त गरी उत्तीर्ण गरेको ।
नोट: Upgrading को लागि आवेदन गरेका विद्यार्थीले पनि प्रबेश परीक्षामा भाग लिन पाउनेछन् ।
HILLSIDE COLLEGE OF ENGINEERING
हिलसाईड कलेज अफ इन्जिनियरिङ्ग
बालकुमारी, कोटेश्वर, काठमाडौं
फोन : ०१-५१४७२०७, ५१४७०१०, ९८०११२७९७४, ९८४१६९५१७३
e: hillsidecollege@hotmail.com, info@hillside.edu.np
u: www.hillside.edu.np
f: https://www.facebook.com/Hillside College of Engineering

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
स्नातक तहका कार्यक्रमहरू:
❖ BSc. Nsg. – ४ वर्षे
❖ PBNS – ३ वर्षे
❖ BPH – ४ वर्षे (८ सेमेस्टर)
अन्य संचालित कार्यक्रमहरू:
PCL Medical Lab - 3 years
PCL Radiography - 3 years
TSLC Lab Assistant - 18 months
फाराम बुझाउने अन्तिम मिति: २०७६ भाद्र १ गते आइतबार
Yeti Health Science Academy
(Affiliated to Purbanchal University & CTEVT)
कान्तिमार्ग, महाराजगञ्ज, काठमाडौं (टिचिङ्ग तथा कान्ति वाल हस्पिटलको ठीक पछाडि)
फोन: ४४२८३४९, ४४१८१३४, ४४३९५१२, ४४२०१०२ www.yhsa.edu.np

छात्रवृत्ति सहित भर्ना खुल्यो
तालिम पछि रोजगारीको अवसर
तपशिल बमोजिमका रोजगारी, स्वरोजगारी र व्यवसायमूलक तालिम कार्यक्रमहरूमा छात्रवृत्ति सहित भर्ना खुल्यो । फारम भर्न र परामर्शको लागि तुरुन्त सम्पर्क गर्नुहोस् ।
१.भेटेरीनरी जे.टि.ए./पशु विज्ञान (Veterinary J.T.A.)
२.कृषि जे.टि.ए./बाली विज्ञान (Agriculture/Plant J.T.A.)
३.मेडिकल ल्याब असिस्टेन्ट (Medical Lab Assistant)
नोट
१. निःशुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुंदैछ ।
२. शिक्षा मन्त्रालयको EVENT Project ले दिने रू ५०,०००/- को छात्रवृत्तिको PMT फारम समेत निःशुल्क भराईन्छ ।
सम्पर्क :- ०१-४३६०६०५, ०१-४३८०८६४

पूर्वाञ्चल विश्व विद्यालयद्वारा सम्बन्धन प्राप्त
भर्ना खुल्यो !!! भर्ना खुल्यो !!!
Bachelor in
Public Health (BPH)
Pharmacy (B.Pharm)
फाराम भर्ने अन्तिम मिति : २०७६ भाद्र १ गते
विस्तृत जानकारीका लागि :
LITTLE BUDDHA COLLEGE OF HEALTH SCIENCE
Min Bhawan, Kathmandu, Nepal
Tel.: 01-4784458, 4784459
Website : www.littlebuddhacollege.edu.np

ANTARCTIC BISCUIT PRIVATE LIMITED
Registered Office at Ward No. 13,
Kalimati, Kathmandu Nepal. Tel: 011-4272836, Fax: 4276813
बिस्कुट प्लान्ट बिक्रिको सूचना
यस एन्टारटिक बिस्कुट प्रा.लिद्वारा बिस्कुट उत्पादनको लागि संचालन हुँदै आएको चालु अवस्थाको कटिङ्ग, मोल्डिङ्ग, कुलिङ्ग कन्भेयर, स्टेकर तथा प्याकिङ्ग टेबल सहितको ३३" बिस्कुट प्लान्ट बिक्री गर्नुपर्ने भएको हुँदा ईच्छुक संघ संस्था व्यक्तिहरूलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आफुले लिन चाहेको मूल्य अंकित मु.अ.करमा दर्ता प्रमाणपत्र सहितको खामबन्दी कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । प्राप्त कोटेशनहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार उद्योगमा सुरक्षित रहनेछ । प्लान्ट सम्बन्धि थप जानकारीको लागी हे.औ.क्षे.स्थित यस उद्योगमा बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म सम्पर्क गरी जानकारी लिन सकिने छ ।
१) स्वीकृत कोटेशनदाताले आफुले कबोल गरेको मूल्यको ५०% रकम अग्रिम रुपमा उद्योगको एस.बि.आई. बैंकको चल्ती खाता नं. २००२५२४०२००३४८ मा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।
२) कोटेशन स्वीकृत भएको मितिले १५ दिनभित्र उल्लेखित प्लान्ट उठाई लैजानु पर्नेछ ।
३) उक्त प्लान्ट उठाई लैजान लाग्ने सम्पूर्ण दायित्व कोटेशनदाताको हुनेछ ।
एन्टारटिक बिस्कुट प्रा.लि.
(हेटौंडा औद्योगिक क्षेत्र)
सम्पर्क : ९८५५०६७७३८, ९८५५०७७७३८

Gandaki College of Engineering and Science
(Affiliated to Pokhara University)
Lamachour, Pokhara
ADMISSION OPEN
Gandaki College of Engineering and Science (GCES) run by GBS GCES Public Education Trust announces admission open for following:

| Program | Seats | Eligibility |
|---|---|---|
| B.E. Software | 43 | 10+2 Science (Math or Bio group) with minimum of 'C' grade (with practical) in every subject of class 11 and 12 / I.E. Diploma/A-Level or equivalent with minimum second division. |
| B.E. Computer | 43 | |

Important Dates:
- Application Form Distribution from :2076/04/16
- Last date for Application Form submission: 2076/04/31 before 1:00 PM
- Entrance Examination: 2076/04/32 at 8:00 AM

Key Points:
- Entrance Exam: Entrance Exam will be on Mathematics, Physics, Chemistry, English based on the curriculum of 10+2 Level and general aptitude test.
- Necessary Documents to be submitted:
- Photocopy of Mark-Sheet and Character/Transfer Certificate of SLC and 10+2 /A-Level/Diploma.
- Photocopy of Citizenship Certificate.
- Two copies of passport size photos.

For Further Information:
Gandaki College of Engineering and Science
Lamachour, Pokhara
Phone: 061-440866/9856021464/9856034523
Email: gces@gces.edu.np, URL: www.gces.edu.np
Application forms are available from college office and can be downloaded from www.gces.edu.np
Principal

## छोटकरी

### खाल्डामा डुबेर दाजुबहिनीको मृत्यु

जनकपुर (कास)- रौतहटको एसके इँटाभट्टाले खनेको खाल्डोमा डुबेर दाजुबहिनीको मृत्यु भएको छ । प्रदेश २ प्रहरी कार्यालय, जनकपुरका अनुसार चन्द्रपुर-९ डुमरियामा रहेको इँटाभट्टाको खाल्डोमा नुहाउने क्रममा वर्ष ११ का अनिश साह र वर्ष ८ की कल्पना साहको मृत्यु भएको छ । प्रदेश प्रहरीका प्रवक्ता ज्ञानकुमार महतोले खाल्डामा डुबेर अचेत भएका दुवैलाई उपचारका लागि अस्पताल नपुऱ्याउँदै मृत्यु भएको जानकारी दिए ।

### उपसचिवविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय भोजपुरका सिनियर डिभिजनल इन्जिनियर (उपसचिव) मोहनबाबु यादवविरुद्ध बुधबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ । यादवले भोजपुरको षडानन्द नगरपालिका-१३ बोयामा रहेको छाँगे खोला सिँचाइ कार्यक्रमको रनिङ बिल पास गरिदिन सेवाग्राहीसँग १ लाख ८० हजार रुपैयाँ घूस लिएको पुष्टि भएकाले मुद्दा दायर गरिएको अख्तियारले जनाएको छ ।

### दुई कर्मचारी घूससहित पक्राउ

काठमाडौं (कास)- अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नापी कार्यालय इनरुवा, सुनसरीका दुई कर्मचारीलाई बुधबार घूससहित पक्राउ गरेको छ । सर्भेक्षक मार्गेन महतो र लेखापढी व्यवसायी रामनारायण पोदारलाई सेवाग्राहीसँग लिएको ११ हजार रुपैयाँसहित समातिएको अख्तियारले जनाएको छ । अख्तियारद्वारा जारी विज्ञप्तिअनुसार उनीहरूले जग्गाको नक्सा सुधार गरिदिन्छु भनेर सेवाग्राहीसित घूस लिएका थिए । दुवै जनालाई अख्तियारको हिरासतमा राखी अनुसन्धान अघि बढाइएको छ ।

### वैद्यखानामा मन्त्रीको छड्के

काठमाडौं (कास)- उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादवले बुधबार सिंहदरबार वैद्यखानाको छड्के अनुगमन गरेका छन् । ४७ जना कर्मचारी रहेको वैद्यखानामा मन्त्री पुग्दा १५ जना मात्रै उपस्थित थिए भने ४ महिला कामदार मात्रै काम गरिरहेका थिए । उनीहरू शिलाजित प्याक गर्दै थिए । वैद्यखानाका कुनै पनि मेसिन चलेका थिएनन्, धेरै जडीबुटी कुहिएका र बोरामा थन्किएका थिए । डाबर इन्डियाको आयुर्वेदिक औषधिमा आर्सेनिकलगायत हेभी मेटल पाइएको समाचार बिहान कान्तिपुरमा पढेपछि मुलुकको एक मात्र सरकारी आयुर्वेदिक औषधि निर्माणशालाको जानकारी लिन मन्त्री यादव त्यहाँ पुगेको उनका निकटले बताए । मन्त्रीले कर्मचारीको उपस्थिति र कामप्रति असन्तुष्टि जनाएका थिए । दुरवस्था देखेपछि उनले वैद्यखानाका अधिकारीलाई प्रगति विवरण र नयाँ कार्ययोजना पेस गर्न निर्देशन दिए ।

### भुटानी शरणार्थीलाई नागरिकता

खोटाङ (कास)- बेलडाँगी क्याम्पका एक भुटानी शरणार्थीले स्थानीयको छोरा बनेर नागरिकता लिएको खुलेपछि छानबिन सुरु भएको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-८ का रत्नबहादुर कठायतको छोरा भएर पूर्णबहादुर कठायतका नाममा नेपाली नागरिकता लिएका हुन् । २०६२ पुस १७ मा जिल्ला प्रशासन कार्यालय खोटाङले दिएको नागरिकतामा पूर्णबहादुरको जन्ममिति २०३४ साउन १५ रहेको रेकर्डमा छ । उनी शरणार्थीकै रूपमा डेनमार्क पुगेको खुलेको छ । आफ्ना पिताले अरूलाई नागरिकता दिलाएको भन्दै रत्नबहादुरका छोरा महेन्द्र कठायतले उजुरी दिएपछि छानबिन सुरु भएको हो । गत असार २२ गते रत्नबहादुर र उनकी छोरी भक्ति कठायत दाहाललाई प्रहरीले इनरुवाबाट पक्राउ गरी खोटाङ ल्याएको थियो ।

### प्रमुख सचिव निजामतीअन्तर्गतको माग

मोरङ (कास)- प्रदेशको प्रमुख सचिव र सचिव पद प्रदेश निजामती सेवाअन्तर्गत कायम राख्न कर्मचारीहरूले ध्यानाकर्षण गराएका छन् । प्रदेश र स्थानीय तहमा समायोजन भएका निजामती कर्मचारीले प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई बुधबार ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराएका हुन् । 'समायोजन ऐन २०७५ को दफा ११ को १ मा कर्मचारी समायोजन प्रयोजनका लागि मात्र प्रदेश सरकारको प्रमुख सचिव र मन्त्रालयका सचिव पद संघीय निजामती सेवाको पद मानिने उल्लेख छ,' ज्ञापनपत्रमा भनिएको छ, 'संघीय सरकारले ल्याउन लागेको संघीय निजामती सेवा ऐनमा प्रमुख सचिव र सचिवको पद सधैंका लागि संघीय निजामती सेवामा राख्न लागेकाले प्रदेश सरकारको ध्यानाकर्षण गराएका छौं ।' तलबसुविधा समायोजन तहमा पूर्वनिर्धारित तहगत स्केलबमोजिम समायोजन गर्न कर्मचारीले ज्ञापनपत्रमार्फत माग गरेका छन् ।

# ५० घण्टापछि जंगलमा भेटिइन् बालिका

■ **आनन्द गौतम** (ताप्लेजुङ)



तस्बिर : फेसबुक

सिरिजंघा गाउँपालिका-१ की २ वर्षीया बालिका सुम्निमा इवाराम हराएको दुई दिनपछि फेला परेकी छन् ।

घरबाट हराएकी उनलाई प्रहरी र आफन्तले ५० घण्टापछि जंगलमा भेटेका हुन् । सदरमुकाम फुङलिङबाट गएको प्रहरी नायब उपरीक्षक सञ्जयसिंह थापा नेतृत्वको टोलीले बालिकाको उद्धारपछि परिवारलाई जिम्मा लगाएको छ । उता बालिकाकी आमालाई भने नानी हराएको पीरमा विष सेवन गरेकाले अस्पताल भर्ना गरिएको छ ।

छोरी बेपत्ता भएपछि पीडा सहन नसकी विष सेवन गरेकी सरस्वता इवारामको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको प्रहरी प्रवक्ता निरीक्षक सरोज खनालले जनाए ।

प्रहरी र आफन्तसहित सय जनाभन्दा बढीको समूहले घरबाट करिब एक किलोमिटर दूरीमा रहेको खरबारीमा बसेको अवस्थामा बालिकालाई फेला पारेको थियो । थापाका अनुसार भेट्नासाथ स्थानीय स्वास्थ्यचौकीमा स्वास्थ्य परीक्षण गराइएको छ । स्वास्थ्यकर्मीले बालिकाको अवस्था सामान्य रहेको बताएका छन् ।

'रुँदारुँदा थाकेको अवस्थामा भेट्यौं,' थापाले भने, 'खरबारीको कान्लामा बसिरहेको अवस्थामा उनी थिइन् ।' बालिका सकुशल भेटेपछि प्रहरी र उनका आफन्तको टोली खुसी हुँदै बालिकालाई उचालेका थिए । 'नानी सकुशल भेटेपछि हामी यति खुसी भयौं कि उचालेर अंगालो हाल्यौं,' उनले भने, 'त्यतिबेला उनी बोल्न खोज्दा पनि सक्ने अवस्थामा थिइनन् ।'

स्थानीय सिनाम माविका प्रधानाध्यापक महेन्द्र प्रकाश गौतमका अनुसार साउन १२ गते दिउँसो ३:३० बजे हजुरबुवासँग खेल्दै गरेको अवस्थामा बालिका अचानक हराएकी थिइन् । परिवार र आफन्तले खोजतलास गर्दा नभेटाएपछि सिनाम प्रहरी चौकीमा खबर गरेका थिए । प्रहरी हवल्दारको नेतृत्वमा सशस्त्र प्रहरी र गाउँलेले रातभर खोजेका थिए । असार १३ गते इलाका प्रहरी कार्यालय तेल्लोकबाट थप जनशक्ति परिचालित भएको थियो ।

असार १४ गते आमाले 'राइनो' नामक विष सेवन गरेपछि प्रहरी र स्थानीयले स्ट्रेचरमा बोकेर मेची राजमार्गको गणेशचोकसम्म र त्यसपछि एम्बुलेन्समा लगाएर उपचारका लागि पाँचथरको फिदिम पठाएका थिए । त्यहाँ उपचार सम्भव नभएपछि धरानको घोपा पुऱ्याइएको छ । उनको अवस्था सुधारोन्मुख छ ।

# शिक्षा ऐनमा कानुन मन्त्रालयको असहमति

■ **सुदीप कैनी** (काठमाडौं)

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले तयार पारेको राष्ट्रिय शिक्षा ऐनको मस्यौदा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले अस्वीकृत गरेको छ । विधेयक संसद्मा लैजानुअघि अर्थ र कानुन मन्त्रालयको राय लिनुपर्ने प्रावधान छ । अर्थबाट सहमति लिएर कानुन मन्त्रालय पठाइएको शिक्षा विधेयक असहमतिसहित फिर्ता आएको जानकारी शिक्षा मन्त्रालयले दिएको छ ।

विधेयक संसद्मा दर्ता गराएर हिउँदे अधिवेशनबाटै ऐन जारी गर्ने शिक्षामन्त्री गिरिराजमणि पोखरेलको तयारी थियो । हिउँदे अधिवेशनमा पेस गर्ने भनिएको विधेयक चालु बजेट अधिवेशनमा पनि संसद्मा दर्ता नहुने देखिएको छ । ऐन जारी गर्न नसक्दा शिक्षामन्त्रीको आलोचना हुँदै आएको छ । उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन लुकाइएको र शिक्षा नीतिसमेत बनिनसकेकाले मस्यौदा विधेयक फिर्ता पठाइएको कानुन मन्त्रालयका एक अधिकारीले जनाए । 'शिक्षा नीतिले नै ऐनका धेरै कुरा समेट्छ, पहिले नीतिको टुंगो लगाएर मात्र ऐन जारी गर्दा उचित हुन्छ, त्यही भएर फिर्ता पठाइएको हो,' ती अधिकारीले भने । मस्यौदाका कतिपय व्यवस्थामा समेत कानुन मन्त्रालयको असन्तुष्टि रहेको छ ।

संविधानअनुसार संघीयता अनुकूल शिक्षा ऐन बन्न नसक्दा शिक्षा क्षेत्रका दैनिक कामकाजमा बाधा पुग्ने गरेको छ । माध्यमिकसम्मको शिक्षाको अधिकार स्थानीय तहमा दिए पनि राष्ट्रिय ऐन नबनेकाले स्थानीय सरकारले संवैधानिक व्यवस्थाअनुसार कामकाज गर्न सकेका छैनन् । फागुनमा मन्त्रिपरिषद्मा दर्ता गरिएको शिक्षा नीति पनि स्वीकृत हुन सकेको छैन । मन्त्रिपरिषद्को सामाजिक समितिमा नीति छलफलकै क्रममा छ ।

सरकारले विज्ञहरूको सुझाव लिएर नीति र ऐन बनाउन एक वर्षअघि आयोग गठन गरेको थियो । शिक्षामन्त्रीको अध्यक्षतामा गठित आयोगको सुझावप्रति प्रधानमन्त्री केपी ओली सकारात्मक छैनन् । गत माघ १ गते प्रधानमन्त्रीलाई बुझाइएको प्रतिवेदन अझै सार्वजनिक हुन सकेको छैन । शिक्षामन्त्री पोखरेलले आयोगकै सुझाव वरिपरि रहेर नीति र ऐनको मस्यौदा तयार पारेका हुन् । आयोगको सुझावमा प्रधानमन्त्रीको असन्तुष्टिका कारण नीति पारित हुनसमेत समय लागेको शिक्षा मन्त्रालयका सहसचिवहरू बताउँछन् । मन्त्रालयका प्रवक्ता वैकुण्ठ अर्यालले ऐनको मस्यौदा कानुन मन्त्रालयबाट फिर्ता आएको पुष्टि गरे पनि के कारणले सहमति प्राप्त नभएको खुलाएनन् । आयोग सदस्यहरू भने सत्तारूढ दल र सरकारका मन्त्रीहरूबीच नै शिक्षासम्बन्धी सबालमा एकमत नभएका कारण नीति र ऐन अलपत्र बनेको दाबी गर्छन् ।

निजी लगानीमा सञ्चालित विद्यालयलाई एक दशकभित्र सेवामूलक बनाउने प्रस्तावसहितको राष्ट्रिय शिक्षा नीति मन्त्रिपरिषद्मा दर्ता गरिएको छ । कम्पनी ऐनअन्तर्गत दर्ता भएर चलेका स्कुललाई १० वर्षभित्र गैरनाफामुखी सेवामूलक सामाजिक संस्थाका रूपमा रूपान्तरण गर्ने त्यसमा उल्लेख छ । कम्पनी, सहकारी र गुठी मोडलमा खुलेका विद्यालयलाई उक्त समयावधिभित्र एउटै ढाँचामा ल्याउने भनिएको छ । यस्ता विद्यालयका ढाँचा कस्तो हुने भन्ने नीतिमा प्रस्ट छैन ।

शिक्षा मन्त्रालय स्रोतले कस्तो ढाँचा बनाउने विषयमा छलफल चलिरहेको जनाएको छ । आयोगले पनि सरकारलाई सोही प्रकृतिको सुझाव दिएको थियो । यसमा निजी विद्यालय सञ्चालकको असन्तुष्टि छ । सरकारले एकपक्षीय ढंगबाट निजी विद्यालयमाथि अंकुश लगाउन खोजेको उनीहरूको गुनासो छ ।

प्रधानमन्त्रीले पटक/पटक सरकारले निजी लगानीमा सञ्चालित शिक्षण संस्थालाई सरकारले प्रोत्साहन गर्ने अभिव्यक्ति दिँदै आएका छन् । आयोगले सार्वजनिक रूपमा शिक्षण संस्थालाई प्रोत्साहन गर्दै निजीलाई नियन्त्रण र नियमन गर्नुपर्ने औंल्याएका छन् । प्रधानमन्त्री र शिक्षामन्त्रीबीच निजी विद्यालयकै सबालमा एकमत नहुँदा नीति र ऐन प्रभावित बनेको मन्त्रालयका ती सहसचिवले बताए ।

नीतिमा विश्वविद्यालयहरूको एकीकृत सेवा आयोग, शिक्षाको संघ, प्रदेश र स्थानीय सरकारको अधिकार क्षेत्र बाँडफाँट, प्रारम्भिक बालविकासका शिक्षक, कर्मचारीको दरबन्दी, टिचिङ काउन्सिल, प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को प्रदेशस्तरीय संरचना, राष्ट्रिय परीक्षा बोर्डलाई नयाँ संरचनामा लैजाने प्रस्ताव समावेश छ । सोहीअनुसार ऐनको मस्यौदा तयार पारिएको छ ।

# कुवेत जान खोज्दा जेल

■ **पर्वत पोर्तेल** (काँकडभिट्टा)

बिर्तामोड-६ की रूपा लिम्बू (परिवर्तित नाम) पुस अन्तिम साता कुवेत जान भनी निस्किइन् । काँकडभिट्टा पार गरेर जलपाइगुडी रेल्वे स्टेसनबाट करिब २४ घन्टा रेल यात्रापछि दिल्ली पुगिन् । त्यहाँ पुगेर आफूलाई कुवेत पठाउने एजेन्टलाई फोन गरिन् । एजेन्टले एउटा भाडाको घरमा लगेर राखे । त्यहाँ अरू महिला पनि थिए ।

रुपा दिल्ली पुगेको एक सातापछि आइपुगिन्, रौतहटको गुजारा नगरपालिका-२ की सानीमाया घिसिङ (परिवर्तित नाम) । सानीमाया माघ १ गते सुनौली नाका पार गरेर दिल्ली पुगेकी थिइन् । रुपालाई झापाकै गोपाल बराइली नामका एजेन्टले दिल्ली पुऱ्याएका थिए । सानीमाया राज नामका एजेन्टको साथ लागेर पुगेकी थिइन् । दुवैले करिब डेढ महिना दिल्लीको जाडो भोगे । दलालले तीन-चार दिनपछि उडाउँछु भनेर आश्वासन दिएको थियो तर डेढ महिनासम्म नपठाएपछि रुपाले भनिन्, 'मलाई विदेश जानु छैन, घर फर्काइदेऊ ।'

रूपाले यति भनेपछि दलाल कुवेत पठाउन सहमत भए । इन्दिरा गान्धी विमानस्थल पुऱ्याएर फर्कनुअघि ती दलालले हातमा टिकट र पासपोर्ट थमाउँदै भने, 'दुबई पुगेर जहाज फेर्नुपर्छ है, ध्यान दिनुहोला ।' रुपा र सानीमायाले नपत्याउने कुरै थिएन । ९ फागुनमा दिल्लीबाट उडेको करिब ३ घण्टापछि जहाज रोकियो । रुपा र सानीमायाले ठाने- दुबई आइपुग्यो, अब कुवेतका लागि अर्को जहाज चढ्नुपर्छ ।

हत्तपत्त काउन्टरमा पुगेर पासपोर्ट देखाए । नबुझिने भाषामा विमानस्थल कर्मचारी गाइँगुइँ गर्न थाले । केही समयपछि प्रहरी आएर कागजात शंकास्पद रहेको भन्दै पक्रेर लग्यो । उनीहरू दुबई नभएर दक्षिण भारत केरलाको त्रिवेन्द्रपुरम विमानस्थल पो पुगेका रहेछन् ।



**भारतको केरला जेलमा करिब ६ महिना बिताएर फर्किएका ३ महिला ।**
*तस्बिर : पर्वत/कान्तिपुर*

'त्यति बेला मात्रै फसाइएछ भन्ने थाहा भयो', रुपाले भनिन्, 'रोइकराइ गऱ्यौं, धेरै बिन्ती गऱ्यौं, पुलिसले छाडेन ।' पासपोर्टमा श्रम स्वीकृतिको नक्कली स्टिकर टाँसिएको पाएपछि वालियाधुरा थाना प्रहरीले मुद्दा चलायो । उनीहरूमाथि आईपीसी र विदेशी कानुन ऐनअन्तर्गत मुद्दा दायर गरिएको थियो ।

स्थानीय अदालतले दुवैलाई दोषी ठहर गर्दै जेल सजाय सुनायो । एक सातापछि हुप्सेकोटा-५ की चिनीमाया राई (परिवर्तित नाम) सोही मुद्दामा जेल परिन् । दलालले श्रम स्वीकृतिको नक्कली स्टिकर टाँसेर पठाएको रुपा र सानीमायाले जस्तै उनले पनि पत्तो पाइनन् । चिनीमाया माघ १२ गते नेपालगन्जको रुपैडिया नाका हुँदै दिल्ली पुगेकी थिइन् । एकल महिला उनको काँधमा एक छोरा र एक छोरी हुर्काउनुपर्ने दायित्व छ । विदेशबाट फर्किएकी चिनारु महिलाले दिल्लीको दलालसँग चिनजान गराएकी थिइन् । चिनीमाया भन्छिन्, 'काम राम्रो छ, सजिलो छ भनेपछि जाने रुचि भयो ।'

यी तीन जनाले करिब ६ महिना त्रिवेन्द्रपुरमको अताकुलांगारा महिला जेलमा सँगै बिताए । उनीहरूलाई प्रथम श्रेणीको स्थानीय न्यायिक अदालतले असार २५ मा निर्दोष साबित गर्दै रिहा गरेको नेपाली दूतावास दिल्लीका काउन्सिलर प्रकाश अधिकारीले जानकारी दिए । रिहापछि उनीहरूलाई केही दिन सेल्टर होममा राखेर मनोसामाजिक परामर्श गरिएको थियो ।

मानव तस्करीविरुद्ध सक्रिय संस्था तथा दिल्लीस्थित दूतावासको सहयोगमा उनीहरूले अदालतको फैसला पुनरावलोकनको माग गर्दै निवेदन दर्ता गराएका थिए । भारतीय प्रहरीको क्राइम ब्रान्चले यो मुद्दा अनुसन्धान गरेको थियो । ब्रान्चका प्रहरी अधिकृत एन अब्दुल रसिदको अनुसन्धानले महिलाहरू निर्दोष भएको निष्कर्ष निकालेको थियो ।

सोही अनुसन्धानलाई आधार मान्दै अदालतले उनीहरू मानव तस्करीको चंगुलमा परेको र नक्कली कागजात बनाउन कुनै संलग्नता नदेखिएको भनी निर्दोष साबित गर्दै सफाइ दिएको काउन्सिलर अधिकारीले जानकारी दिए । उनका अनुसार मानव तस्करीमा संलग्न झापाका बराइलीलाई प्रहरीले पक्राउ गरी मुद्दा चलाएको छ । तीनै जना महिला बुधबार काँकडभिट्टा आइपुगे । उनीहरूलाई लिन आफन्त आइपुगेका थिए । मानव तस्करीविरुद्ध सक्रिय गैरसरकारी संस्था भारत, सिलिगुडीको डुवर्स एक्सप्रेस र आफन्त नेपालले प्रहरीको रोहबरमा उनीहरूलाई आफन्तको जिम्मा लगायो । 'जेल परेपछि बाँचेर फर्किन्न होलाजस्तो लागेको थियो,' छोरीलाई अँगालो हाल्दै चिनीमाया भक्कानिइन्, 'धन्य ! बाँचेर आइयो ।'


## बर्गिकृत डिस्प्ले

**घर बिक्रीमा**
भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. ३ गठ्ठाघर प्राइम बैंकबाट १००मि. भित्र १४ फिटे बाटोमा भुकम्प पछाडी बनेको २.५ तल्ले घर ८ आना १ पैसामा (आधा रोपनीमा) बनेको ७ बेडरुम १ किचन ५ वटा बाथरुम गार्डन एथेष्ट पार्किङ्ग बंगला टाइपको घर ३ करोड ७५ लाख फिक्स । नो कमिशन डाइरेक्ट घरधनी
सम्पर्क: ९८४१४८९५३५

**क्यान्सर**
सबै प्रकारको क्यान्सर
एलोपेथीक उपचारबाट निराश भएकाहरुको लागि सहज उपचार
नशा, स्त्रीरोग, बाथ, पायल्स, युरिक एसिड र माइग्रेन समेत
जडिबुटीबाट परम्परागत उपचार पद्धतिको एउटैमात्र केन्द्र
राजवैद्य रामलाल श्रेष्ठ
परम्परा दिव्य आयुर्वेदिक औषधालय बौद्ध, काठमाडौं
01-4917152, 9803073093

**बुढानिलकण्ठ तौलुङ्ग हाइटमा जग्गा तु. बिक्रीमा**
लगानीको लागि राम्रो जग्गा
रिसोर्ट/हाउजिङ्गको लागि उपयुक्त काठमाण्डौ देखिने
३ रोपनी ३ आना जग्गा
प्रतिआना १७ लाख ५० हजार
सम्पर्क: ९८६९६६४८८५

**TO LET**
PRIME PROPERTY AT CENTRAL LAKE SIDE POKHARA
Good for Restaurant/ Bar/ Lounge/Shopping Complex /Garden/ Rooftop café
Contact: 9841816280

**यौन शक्ति**
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्वलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाइट बढाउन
कपाल झर्न रोकी पुनः उमार्न
चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाइट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

**१ महिने डोजर अपरेटर तालिम**
रू.२५,०००/- मात्र
(आधारभुत मेशिन संचालन तालिम र नि:शुल्क खाने, बस्ने वाईफाइ, किताबको सुबिधामा सिमित सिट-६० जना मात्र)
मो. 9808178842
डोजर अपरेटर तालिम केन्द्र प्रा.लि.
नयाँठिमी चोक, भक्तपुर

**जग्गा बिक्रीमा**
१. मण्डिखाटारमा धोबीखोला कोरिडोरको १ कित्ताभित्र ६, १२, २४ आना पशुपति गुठीको जग्गा ।
२. किर्तिपुर मच्छेगाउँमा ४ आना र ५ आना सस्तो जग्गा ।
३. कौशलटार चोकबाट ८०० मिटर भित्र ४.५ आना जग्गा ।
सम्पर्क: ९८५१०९३७१४

**होटल तालिमको अवसर**
100% job Guarantee
Kitchen : Kitchen Helper, Kitchen Stewards, Indian/ Chinese/Continental/ Arabic/ Japanese/ Italian/Thai Cook, Bakery, Pastry
HK : Cleaner, House Keeping, Laundry Man, Room Boy
F & B : Waiter/Waitress, Hostess, Service Crew, Cashier, Barista/Coffee Maker
Nicholas Hospitality Services Pvt.Ltd.
Hotel Management Institute
Tokha-10, Gangabu, Kathmandu
Tel : 4387681, Mob.: 9851019169
9851072764, 9802747237

**आकर्षक घरहरु विक्रिमा**
बुढानिलकण्ठ देउवाचोकबाट ३० मिटरभित्र मेनरोड नजिकै १४ फिट पिच बाटोमा जोडिएको ४ आना देखि ५.५ आना जग्गामा बनेको ६ बेडरुम ५ बाथरुम भएको आधुनिक बक्स डिजाइनको २.५ तले घरहरु विक्रिमा ।
९८०९४३५५३३, ९८४१३४४७२३

**५१ कर्मचारी अर्जेन्ट**
काम: अफिस भित्रै, घरैमापनि गर्न सकिने
No Interview Job/ आजैबाट गर्नसकिने
योग्यता: साधारण लेखपढ गर्नजान्ने नजान्ने देखि Test/SEE/+2 above महिलापुरुष, विद्यार्थी, गृहिणी जोकोहीले गर्नसक्ने
तलब: 20,000-25,000/-
(सुविधा: खानाखाजा-२००, बोनस बसभाडा-१००)
तिनकुनेचोकैमा
01-5199302 जनता बैङ्क नजिकै
9861604419, 9823705671
नोट: क्षमता र योग्यता हेरेर तलब निर्धारण गरिने, सबै जानकारीको लागि अफिस भिजिट

**प्राविधिक शिक्षामा भर्ना खुल्यो !!!**
TSLC तहको १८ महिने
कम्प्युटर इन्जिनियरिङ्ग
*CTEVT बाट सम्बन्धन प्राप्त
*SEE मा जुनसुकै ग्रेडलेनी पढ्न पाउने
*तालिम पछि उत्कृष्ट हुनेलाई रोजगारी
यशोधरा टेक्निकल कलेज
लगनखेल, ललितपुर, फोन. 01-5523913
9851070398, 9803022694
प्रवेश परीक्षा श्रावण २५ गते २.०० बजे

**Teacher WANTED**
English
Full time Lower secondary level
• Fluent English & Experienced are encouraged to apply
Kausaltar, Bhaktapur
Ph: 6635733, 6638533
info@globalpathshala.edu.np

**फ्रि-होम डेलिभरी यौन-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहै नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन
STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना घटाउन-बढाउन
SEX-TOYS पनि पाईन्छ
कपाल झर्न रोकी पुन:उमार्न-Hair Building Fiber
★हेलो शप नेपाल★
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This Is Food Supplement Products, Not For Medicinal Use

**यौन-सन्तुष्टि**
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्वलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जाँड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाइट बढाउन
कपाल झर्न रोकी पुनः उमार्न
चाँयापोतो, डण्डिफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छातिमा देखिने सेतो धर्सा हटाउने
मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाइट पार्न
महिला तथा पुरुषको Sex Toys पनि पाईन्छ
नेपालभरी फ्रि-होम डेलिभरी
सगरमाथा हर्वल, ग्वार्को
9843457081, 9803647576
Not For Medicinal Use

**नेपाल सरकारबाट मान्यता प्राप्त ७५ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
तलब: 25,000-50,000/-
समय:-9 to 4:00PM/ 12 to 4:00 PM
चावहिलचोक
S.S. Nepal Pvt.Ltd.
01-4482428, 9868132690
9808568414
नोट: SEE दिएर बसेकालाई विशेष प्राथमिकता

**घर भाडामा**
सामाखुसी कपुरधारामा २ रोपनी जग्गामा बनेको ३ तल्ले घर बंग्लो भाडामा स्कुल, कलेज, बैंक तथा अफिसको लागि उपयुक्त ।
सम्पर्क नं.
९८५१०९३५९५

**Teacher Wanted**
1. Secondary English
2. Music Teacher
3. Basketball Teacher
4. Art Teacher
Attractive Salary
Mob: 9841473056
Tarakeshwor, Kathmandu

**नेपाल सरकारबाट मान्यता प्राप्त ८५ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No interview, 100% Job
योग्यता: Test, SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा:- गाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब: Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9803434644, 9866446837
01 4483414

**४१ कर्मचारीहरु अर्जेन्ट**
काम: अफिसभित्रै
No Interview, 100% Job
योग्यता: Test, SLC, +2 साधारण लेखपढ गर्न जान्ने नजान्ने
सुविधा:- खाजा खर्च १००/- गाडीभाडा: १००/-
तलब: Part time: 25,500/- Full time: 48,500/-
समय:- 9:00 to 4:00 PM / 12:00 to 4:00 PM
कोटेश्वरचोक Bright Future
9818394285, 9841715029
मार्केटिङ्ग जब होईन, पहिला आउनेलाई प्राथमिकता Job को ग्यारेन्टी, SEE दिए बसेकालाई विशेष प्राथमिकता

**Not For Medicinal Use यौन-शक्ति बर्द्धक**
जस्तोसुकै यौन दुर्वलता, कमि, कमजोरी हटाउन शक्ति बढाउन तथा Extra Time र साईजको लागि विश्व चर्चित न्यू हर्बल सप्लिमेन्टहरु (US,Germany,Taiwan,UK)
सुगर प्रेसर हुनेले पनि प्रयोग गर्न मिल्ने अति उत्तम
मुखै नबारी सुगर कन्ट्रोल गर्न
जाँडरक्सीको कुलतबाट थाहै नदिई २/३ दिनमा नै छुटाउन
मोटोपना घटाउन बढाउन
महिला/पुरुषको Sex Toys पनि पाईन्छ
नेपाल भरी फ्रि-होम डेलिभरी
नयाँबसपार्क, माछापोखरी
9808014929, 9843541569

**सुपर-शक्ति**
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
★हाईट बढाउन ➔STEP-UP★
जाँड-रक्सी
चुरोट, सुर्ती र ड्रग्सको कुलत थाहै नदिई छुटाउन
मोटोपना घटाउन, बढाउन
•चायाँपोतो, डण्डिफोर र धर्सा हटाउने
•स्तन बढाउन, घटाउन :कपाल उमार्न
हिमालयन टेलिशप, बागबजार
होटल हार्दिकको अपोजिट घर 01-4216041
9851000196, 9818103946
(फ्रि होम डेलिभरी) Not For Medicinal Use

**कर्मचारी आबश्यकता**
कालिमाटीमा अवस्थित प्रतिष्ठित सहकारी संस्थाको लागी कर्मचारी आवश्यक भएकोले इच्छुक ब्यक्तिले १५ दिन भित्र सम्पर्क गर्नुहोला ।
लेखापाल ३ जना (Accountant)
तलब १८०००-२५०००
सम्पर्क
०१४२७३७५७, ९८५१०७३०३६
Email: f10sccl@gmail.com

**नया बंगलो बिक्रीमा**
सातदोबाटो ANFA Complex बाट ५ मिनेटको दुरीमा १३ फुटे बाटो ५-३-२ आनामा बनेका ५ कोठा, ४ टवाइलेट, १ किचेन र २ बैठक कोठा, पर्याप्त पार्किंग र गार्डेन स्पेस भएको नया बंगलो बिक्रीमा:
मूल्य : नेरु ३ करोड २० लाख (पुरा फिनिसिंग) वा आफै फिनिसिंग गरे नेरु ३ करोड मात्र ॥
9851177776

**चाहियो**
रिङ्गरोड आसपासमा गोदामको लागी करिब २-४ रोपनी सम्मको जग्गा लिजमा चाहियो
९८५५०५६३८५

**बर्गिकृत डिस्प्ले अब मल्टिकलरमा पनि छाप्न सकिने**
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

स्वरोजगार

बागलुङको बडिगाडमा इलेक्ट्रोनिक्स पसलमा काम गर्दै ।



kantipurdaily.com

# अर्थ वाणिज्य

# लाभकर विवाद टुंग्याउन आग्रह

## करसम्बन्धी निर्णय गर्ने अधिकार धितोपत्र बोर्डसँग नभएकाले विवाद टुंगिने सम्भावना छैन

■ **यज्ञ बञ्जाडे** (काठमाडौं)

दुई सातादेखि चल्दै आएको पुँजीगत लाभकर गणनाको विवाद छिटो टुंग्याउन सेयर लगानीकर्ताले धितोपत्र बोर्डलाई आग्रह गरेका छन् । सेयर बजारमा सक्रिय पाँचवटै लगानीकर्ता संघहरूले संयुक्त रूपमा विज्ञप्ति निकालेर बुधबार यस्तो आग्रह गरेका हुन् ।

पुँजीगत लाभकर गणनाका लागि आधार मूल्य तय गर्ने अधिकार अर्थ मन्त्रालयले धितोपत्र बोर्डलाई दिएको जनाउँदै, यसअघि बोर्डमा भएको सर्वपक्षीय सहमतिका आधारमा भारित औसत मूल्य तोक्न लगानीकर्ताले बोर्डलाई आग्रह गरेका हुन् । '०५८ देखि ०७६ असारसम्मको मूल्यलाई औसत निर्धारण गरी सो मूल्य नै आधार मूल्य कायम गर्ने विषयमा यही साउन ८ गते नै बोर्डमा सर्वपक्षीय निर्णय भएको छ,' विज्ञप्तिमा भनिएको छ, 'सो निर्णयलाई नेप्से, सीडीएसको सञ्चालक समितिले पारित गरिसकेका छन् । अब बोर्डले उक्त विषय सञ्चालक समितिबाट पारित गराई कार्यान्वयन गर्न अनुरोध छ ।'

लाभकरसम्बन्धी विषयको विवाद पटकपटकको छलफलपछि पनि टुंगोमा पुग्न नसकेपछि अर्थ मन्त्रालयले अन्तिम निर्णयको अधिकार बोडसँग रहेको भन्दै मौखिक निर्देशन दिएको छ । 'बोर्डले सञ्चालक समितिबाट निर्णय गराएर बसेर यो विवाद टुंग्याओस्,' अर्थ स्रोतले भन्यो, 'बैठकमा उपस्थित बोर्डका पदाधिकारीले आजै टुंग्याउँछौं भनेर गएका छन् ।'

अर्थले विवाद कसरी मिलाउने भनेर विभिन्न विषयमा छलफल भए पनि अन्तिम निर्णय बोर्डकै हुने बताए पनि करसम्बन्धी निर्णय गर्ने अधिकार बोर्डसँग नभएकाले विवाद तत्काल टुंगिने सम्भावना नभएको कानुनविद् बताउँछन् । 'धितोपत्रसम्बन्धी ऐनमा कर निर्धारणका लागि बोर्डले निर्णय गर्ने व्यवस्था छैन,' एक कानुनविद्ले भने, 'यस्तो अवस्थामा अर्थको मौखिक निर्देशनको भरमा निर्णय गर्न सक्ने स्थिति छैन ।' बोर्डले सम्भव भए बिहीबार नभए शुक्रबारसम्म सञ्चालक समितिको बैठक डाक्ने योजना बनाएको छ । बैठकमा उक्त विषय पेस हुने बताइएको छ ।

'बोर्ड व्यवस्थापनले सञ्चालक समितिमा पेस गर्ला तर त्यसलाई पारित गर्न बोर्डलाई पनि त कानुनी आधार चाहिएला नि ?,' ती अधिकारीले भने, 'कानुनको बाहिर गएर निर्णय गर्दा त्यसबाट हुन सक्ने कारबाहीको जिम्मेवारी कसले लिने ।'

अर्थ मन्त्रालय वा आन्तरिक राजस्व विभागले लिखित रूपमा निर्देशन नदिएकै कारणले यो विवाद तत्काल टुंगिने सम्भावना नभएको उनले दाबी गरे । 'हेर्दै जानुस्, यही अवस्थामा बोर्डको सञ्चालक समितिले पनि पारित गर्न सक्दैन,' ती अधिकारीले थपे, 'पछि महालेखाले बेरुजु देखायो भने त्यसको भागिदार को हुने ? यही कारण पनि बोर्डलाई निर्णय गर्न अप्ठेरो छ ।'

सरकारले बजेटमा घोषणा गरिसकेकाले आन्तरिक राजस्व विभाग, अर्थ मन्त्रालय र बोर्डले संयुक्त रूपमा बैठक बसेर मात्र लाभकर गणनाको भारित औसत आधार मूल्य तोक्नु पर्ने उनको सुझाव छ । सरोकारवाला र अर्थ मन्त्रालयबीच पटकपटक छलफल भए पनि निर्णय हुन नसक्दा विवाद हालसम्म नटुंगिएको हो । यो विवादले दोस्रो बजारका लगानीकर्ता अन्योलमा परेका छन् । यही कारण सेयर कारोबारमा अपेक्षित सुधार देखिएको छैन । यद्यपि बुधबार बजार करिब सवा ६ अंकले बढेर ३५ करोड ७८ लाख रुपैयाँ बराबरको कारोबार भएको छ ।

बाँकी पृष्ठ १४ ▸▸



इटालीको लाराउ क्षेत्रस्थित एक गोठबाट चर्न निस्किँदै गरेको भेडाको बथान । एक हजार ३ सय मिटर उचाइमा रहेको यो क्षेत्रमा ८ गोठालाले भालुबाट जोगाउन जुनदेखि सेप्टेम्बरसम्म पालैपालो एक हजार ५ सयभन्दा बढी भेडाको हेरचाह गर्छन् । *तस्बिर : एएफपी*

# १ लाख ८० हजार हेक्टर रोपाइँ क्षेत्र घट्यो !

■ **राजु चौधरी** (काठमाडौं)

मुलुकमा धान रोपाइँ हुने क्षेत्रफल १ लाख ८० हजार हेक्टरले घटेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विवरणअनुसार २०७५ मा १५ लाख ५२ हजार ४ सय ६९ हेक्टरमा धान रोपाइँ भएको थियो । २०७६ मा आइपुग्दा रोपाइँको क्षेत्रफल घटेर १३ लाख ७१ हजार ७ सय ६ हेक्टरमा झरेको छ ।

मन्त्रालयका अधिकारीले भने चैते र वर्षे धान रोपाइँको क्षेत्रफल टुक्राएकाले क्षेत्रफल घटेको दाबी गर्छन् । 'साढे १५ लाख हेक्टर दुवै धान रोपाइँको क्षेत्रफल हो । यो वर्ष ब्रेक डाउन गरेका छौं,' मन्त्रालयका प्रवक्ता तेजबहादुर सुवेदीले भने, 'वर्षे धानको क्षेत्रफलमा हिउँदेको घटाउँदा केही कमी देखिएको हो ।' यद्यपि प्लटिङ र निर्माणका काम तीव्र भएकाले विगतमा भन्दा क्षेत्रफल केही घटेको उनले बताए । 'मन्त्रालयसँग आधिकारिक तथ्यांक नभए पनि ७/८ वर्षअघि ५०/६० हजार हेक्टर घटेको अनुमान गरेका थियो । विभिन्न क्षेत्रमा भएको प्लटिङले केही वर्षयता थप घटेको हुन सक्छ,' उनले भने ।

मन्त्रालयका वरिष्ठ तथ्यांक अधिकृत रामकृष्ण रेग्मीले पनि करिब २५ हजार हेक्टर क्षेत्रफल घटेको दाबी गरे । 'धान रोपाइँको क्षेत्रफल घट्नुको मुख्य कारण घडेरी नै हो । एक दुई वर्षको अवधीमा सुनसरी, इटहरी, चितवन, रूपन्देही लगायत क्षेत्रमा घडेरी विस्तार भएको छ । उपत्यकामा पनि प्रत्येक वर्ष घडेरी बढेको छ,' उनले भने, 'कृषियोग्य जमिन मासिएको छ । त्यसको असर उत्पादनमा पनि पर्न सक्छ ।'

मन्त्रालयका अधिकारीहरूले चैते र वर्षे धानको क्षेत्रफल छुट्याएको दाबी गरे पनि विवरणमा भने केही उल्लेख गरिएको छैन । मन्त्रालयको तथ्यांक सबैभन्दा बढी तराईमा १ लाख १७ हजार २ सय २२ हेक्टरले घटेको छ । तराईमा १० लाख ९४ हजार ६ सय ३६ हेक्टरमा रोपाइँ हुन्छ । २०७६ मा ९ लाख ७७ हजार ४ सय १४ हेक्टरमा मात्रै रोपाइँ हुने क्षेत्रफल उल्लेख छ । धान उत्पादन मुख्यतः तराई क्षेत्रमा नै उत्पादन हुन्छ । यही क्षेत्रमा धान रोपाइँको क्षेत्रफल घट्दा उत्पादन र मागमा थप समस्या हुने जानकारहरू बताउँछन् ।

वरिष्ठ तथ्यांक अधिकृत रेग्मीका अनुसार राष्ट्रिय माग ६१ लाख टन हो । गत वर्ष ५६ लाख टन धान उत्पादन भएको थियो । माग अपुग भएपछि अर्बौं रुपैयाँको चामल आयात भएको छ । 'मिठो मसिनो चामलको माग बर्सेनि बढ्दो छ । आगामी वर्ष धानको माग घट्ने अवस्था छैन । माग ६१ लाख टनबाट बढेर ६५ लाख पुग्ने अनुगमन गरेका छौं,' उनले भने, 'अझै पनि ठूलो बाँझो भएको छैन । हिउँदे बालीमा समस्या छ । अधिकांश बाँझो हुन्छ ।' विज्ञका अनुसार रोपाइँको क्षेत्रफल घट्नुमा मुख्यतः चार/पाँच कारण छन् ।

**धान रोपाइँ हुने क्षेत्रफल**

| | २०७५ | २०७६ | घटेको क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| उच्च पहाड | ५८,१५८ | ४८,१९३ | ९,९६५ |
| मध्य पहाड | ३,९९,६७५ | ३,४६,०९९ | ५३,५७६ |
| तराई | १०,९४,६३६ | ९,७७, ४१४ | १७,२२२ |
| नेपाल | १५,५२,४६९ | १३,७१,७०६ | १,८०,७६३ |

*स्रोत : कृषि तथा पशुपन्छी विकास मन्त्रालय*

पहिलो कारण श्रमिक नै हो । धान रोपाइँ हुने मुख्य क्षेत्रमा श्रमिककै अभाव छ । 'मुख्यतः धान प्रदेश १ र २ मा बढी फल्छ । तर, ती प्रदेशका श्रमिकहरू बढी ज्यालाका कारण आफूले नरोपेर पनि चितवन र काठमाडौंमा रोपाइँ गर्न आउने चलन छ,' अर्थविद् केशव आचार्यले भने । उनका अनुसार दोस्रो कारण संस्कृति हो । विगतमा तराई र पहाडमा पर्म प्रणाली थियो । अहिले त्यो चलन विस्थापित हुँदै गएको छ । 'कि आफैंले रोप्नुपर्‍यो । कि त ज्याला दिनुपर्‍यो, त्यसले गर्दा धान खेती हुने क्षेत्रमा कमी आयो,' उनले भने । तेस्रो कारण राजमार्ग क्षेत्रमा प्लटिङ हो । खेती नहुँदा पनि रेमिटचान्सका कारण धान/चामल खरिद गर्न सक्छौं भन्ने मानसिकताले पनि समस्या भएको उनको भनाइ छ ।

मन्त्रालयको विवरणअनुसार उच्च पहाडमा ९ हजार ९ सय ६५ हेक्टर घटेको छ । उच्च पहाडमा ५८ हजार १ सय ५८ हेक्टरमा धान रोपाइँ भएको थियो । २०७६ मा घटेर ४८ हजार १ सय ९३ हेक्टरमा झरेको छ । यस्तै, मध्य पहाडमा पनि ५३ हजार ५ सय ७६ हेक्टर क्षेत्रफल घटेको उल्लेख छ । मध्य पहाडमा ३ लाख ९९ हजार ६ सय ७५ हेक्टर छेत्रफलबाट घटेर ३ लाख ४६ हजार ९९ हेक्टरमा झरेको उल्लेख छ ।

कृषि विज्ञ कृष्ण पौडेलका अनुसार धान रोपेर फलाउनुभन्दा आयात गर्दा आधा सस्तो पर्छ । त्यसैले अधिकांश कृषक खेतीभन्दा आयात गर्न थालेका छन् । 'खेती गर्दा फाइदा नै हुँदैन । जसले गर्दा गाउँका मान्छे खेती गर्न छाडेर सहरमा आए । रोजगारीका लागि बिदेसिए,' पौडेलले भने, 'यो एउटा मुख्य समस्या हो । यीबाहेक मनसुन समयमै आएन । पानीसँगै मलको पनि समस्या भयो । 'गत वर्षको तुलनामा मौसम बढी खराब भयो । तराईका सहर वरिपरि करिब ३० प्रतिशत जग्गा बाँझो छ,' उनले भने ।

विवरणअनुसार सबैभन्दा बढी रौतहटमा २४ हजार ७ सय ८१ हेक्टर, दोस्रोमा मोरङमा २० हजार ३ सय हेक्टर रोपाइँ हुने क्षेत्रफल घटेको छ । झापामा १८ हजार २५ हेक्टर, सर्लाहीमा १७ हजार ३ सय ११ हेक्टर, चितवनमा ११ हजार ६ सय १४ हेक्टर, धनुषामा ७ हजार ४ सय २८ हेक्टर घटेको छ । अन्य जिल्लामा पनि यसैगरी रोपाइँ हुने क्षेत्रफल घटेको मन्त्रालयको विवरणमा छ ।

अर्थविज्ञ आचार्यका अनुसार भारतमा मल, बीउ, ऋण, बिजुली, ढुवानी सेवामा समेत अनुदान दिइएको छ । बजारको पनि जोखिम छैन । 'किसानले उत्पादन गरेपछि राम्रो मूल्यमा बिक्री हुन्छ । लागत पनि सस्तो पर्छ,' आचार्यले भने, 'नेपालको हकमा त्यो सुविधा छैन । मल, सिँचाइ छैन । उत्पादन लागत नै बढी हुँदा किसानलाई नाफा हुँदैन । जसले गर्दा खेती गरेर खान पोसाउँदैनन् ।'

## भूकम्पपछिको पुनर्निर्माण

# ५ वर्षमा पौने ३ खर्ब खर्च

■ **विमल खतिवडा** (काठमाडौं)

भूकम्प गएको ५ वर्षमा पुनर्निर्माणमा पौने ३ खर्ब मात्रै खर्च भएको छ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार ५ वर्षको अवधिमा २ खर्ब ७६ अर्ब ३० करोड ४८ लाख रुपैयाँ खर्च भएको छ । सबैभन्दा बढी खर्च सरकारी ढुकुटीको भएको छ । दातृ निकायले प्रतिबद्धता गरेअनुसारको रकम आएको छैन ।

नेपाल सरकारको १ खर्ब ७५ अर्ब ५२ करोड ३३ लाख खर्च भएको छ । दातृ निकायको १ खर्ब ७८ करोड १५ लाख रुपैयाँ खर्च भएको छ । गैर बजेटरी शीर्षकबाट गैरसरकारी निकायहरूले पनि ४० अर्ब २३ करो १३ लाख रुपैयाँ खर्च भएको छ ।

खर्च भएमध्ये निजी आवास पुनर्निर्माण अनुदानमा १ खर्ब ५५ अर्ब ६५ करोड ४६ लाख रुपैयाँ खर्च भएको प्राधिकरणले जनाएको छ ।

दातृ निकायबाट हालसम्म भएको खर्च प्रतिबद्धताको तुलनामा निकै न्यून हो । दातृ निकायले प्रतिबद्धता गरेमध्ये हालसम्म करिब ४३ प्रतिशत मात्रै बजेट खर्च भएको छ । दातृ निकायले पुनर्निर्माणका लागि सहयोग जुटाउन आयोजना गरिएको अन्तर्राष्ट्रिय दाता सम्मेलनमा ४ खर्ब १० अर्ब रुपैयाँ नेपाललाई उपलब्ध गराउने प्रतिबद्धता पेस गरेका थिए ।

प्रतिबद्धतामध्ये ६७ अर्ब रुपैयाँ राहत तथा उद्धारमा खर्च भइसकेको दातृ निकायले प्राधिकरणलाई जनाइसकेका छन् । बाँकी हुन आउने ३ खर्ब ४३ अर्बमध्ये २ खर्ब ६२ अर्ब रुपैयाँ उपलब्ध गराउने गरी दातृ निकाय र सरकारबीच सम्झौता भइसकेको प्राधिकरणले जनाएको छ ।

प्राधिरकणका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीका अनुसार दातृ निकायबाट काम भइसकेपछि मात्रै प्रतिबद्धताअनुसारको रकम आउँछ ।

'सरकारले तत्काल रकम व्यवस्थापन गरेर काम गर्दै जाने र काम भएपछि दातृ निकायबाट पैसा आउने हुन्छ,' उनले भने । प्राधिकरणका अनुसार विश्व बैंकको अन्तर्राष्ट्रिय विकास संस्था (आईडीए) को ३६ अर्ब २५ करोड ९७ लाख, जापनिज सहयोग नियोग (जाइका) को १९ अर्ब २१ करोड ६१ लाख, एसियाली विकास बैंकको १८ अर्ब ८५ करोड ८५ लाख, युरोपेली युनियनको १० अर्ब ६७ करोड ९५ लाख रुपैयाँ खर्च भइसकेको छ ।

भारत सरकारको ८ अर्ब ६८ करोड १ लाख, अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को ३ अर्ब ७० करोड २९ लाख, 'रिकन्स्ट्रक्सन पुल फन्ड' को १ अर्ब २५ करोड ७८ लाख, विश्व बैंक 'ट्रस्ट फन्ड' को ८१ करोड ९ लाख, जापान सहयोग कोष (जेएफपीआर) को ७८ करोड २० लाख र चीन सरकारको ५३ करोड ३७ लाख रुपैयाँ पुनर्निर्माण क्षेत्रमा खर्च भइसकेको छ । प्रमुख ज्ञवालीका अनुसार प्राधिकरणले तयार पारेको संशोधित पुनर्लाभ कार्यढाँचा अनुसार पुनर्निर्माणमा ६ खर्ब ३० अर्ब रुपैयाँ लाग्ने छ । 'पुनर्निर्माणमा सरकारबाट परिचालन गर्नुपर्ने ९ खर्ब ३८ अर्ब थियो,' उनले भने, 'यसमा हामीले पञ्चवर्षीय योजना बनायौं, सबै निकायसँग छलफल गरेर ६ खर्ब ३० अर्ब बजेट लाग्ने निष्कर्ष निकाल्यौं ।'

खानेपानी, सडक आयोजनाको काम सरकारमार्फत नै हुनेछ । 'यी क्षेत्रमा पुनर्निर्माणबाट बजेट जाँदैन, सरकारबाटै जान्छ,' उनले भने, 'प्राधिकरणले बजेट नै परिचालन गर्ने कार्यक्रम ६ खर्ब ३० अर्बभित्र पर्ने भयो ।'

प्राधिकरणका अनुसार विद्यालय भवन पुनर्निर्माणमा ३७ अर्ब ९५ करोड ११ लाख, स्वास्थ्यचौकी तथा अस्पताल पुनर्निर्माणमा ४५ करोड १० लाख, पुरातात्त्विक एवं सांस्कृतिक सम्पदा पुनर्निर्माणमा ३ अर्ब १० करोड ३० लाख रुपैयाँ खर्च भएको छ ।

प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार ग्रामीण सडक तथा पूर्वाधारको पुनर्निर्माणमा ४५ अर्ब

- घर निर्माण अनुदानमा मात्रै सकियो १ खर्ब ५५ अर्ब ६५ करोड रुपैयाँ
- दातृ निकायले प्रतिबद्धता गरेको रकममध्ये हालसम्म ४३ प्रतिशत मात्रै खर्च

९८ करोड ६३ लाख खर्च भइसकेको छ । सुरक्षा निकायको भूकम्पले क्षति पुर्‍याएको भवनहरूको निर्माणमा ८ अर्ब ४० करोड ८९ लाख, सरकारी भवन निर्माणमा ८ अर्ब २८ करोड २४ खर्च भएको प्राधिकरणले जनाएको छ ।

**७० सरकारी भवनको पुनर्निर्माण सकियो**

भूकम्पबाट पूर्ण रूपमा क्षति भएका ७० वटा सरकारी भवनको पुनर्निर्माण सकिएको छ ।

नेपाल सरकारको स्रोतबाट ३० र एसियाली विकास बैंक (एडीबी)को ऋण सहयोगबाट ४० वटा भवन निर्माण सकिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले जनाएको छ । केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) का आयोजना निर्देशक नवराज प्याकुरेलका अनुसार सरकारी स्रोतबाट पुनर्निर्माण भइरहेका २१ वटा चालु आर्थिक वर्षभित्र र एडीबीको ऋण सहयोगमा निर्माण भइरहेका २९ वटा भवनको ०७६ पुससम्ममा निर्माण सम्पन्न हुनेछ ।

साझा प्रकाशन, गोरखापत्र संस्थान, रेडियो नेपालको भवनको सम्झौता सम्पन्न भएको र सिंहदरबार पश्चिम गेटको दुवैतर्फका भवनहरूको टेन्डर आहवान गरिएको छ ।

भारतीय ऋण सहयोगमा पुनर्निर्माण हुने ललितपुरस्थित एकीकृत प्रशासनिक भवनको ठेक्का लागि सूचना प्रकाशन गरिसकिएको छ ।

यही ऋण सहयोगमा बन्ने गोरखा, सिन्धुपाल्चोक, लमजुङ, रसुवा, ओखलढुंगा र सोलुखुम्बु जिल्ला कारागारहरूको प्रक्रिया बढाउनका लागि गृहकार्य जारी रहेको केन्द्रीय आयोजना कार्यान्वयन इकाईले जनाएको छ ।

# दसकपछि सकियो काबेली करिडोर

■ **विजय तिमल्सिना** (काठमाडौं)

निर्माण सुरु भएको एक दसकपछि काबेली करिडोर १३२ केभी प्रसारण लाइन आयोजनाको तीनै खण्डको निर्माण सकिएको छ । आयोजनाले तत्काल १ सय २० मेगावाट र केही महिनामै २ सय मेगावाट विद्युत् राष्ट्रिय प्रणालीमा जोड्नेछ ।

निर्माणमा अवरोध, वन क्षेत्रको जग्गा प्रयोगमा समस्या झेलेको आयोजना निर्माण सुरु भएको एक दशकपछि पूरा भएको हो । आयोजनालाई तीन खण्डमा विभाजन गरिएको छ । आयोजनाको पहिलो र दोस्रो खण्ड यसअघि नै सञ्चालनमा आइसकेको छ ।

पाँचथर र ताप्लेजुङमा रहेका काबेली, हेवा, माईलगायत खोलामा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका यो प्रसारण लाइन निर्माण गरिएको हो । प्रसारण लाइनका लागि २ सय ६१ वटा टावर निर्माण गरिएको छ । झापाको लनखपुरबाट सुरु भएको कुल ९१ किलोमिटर प्रसारण लाइन इलाम, पाँचथर, तेह्रथुम हुँदै पाँचथरकै अमरपुरसम्म पुग्छ । आयोजना प्रमुख दीपेन्द्रराज द्विवेदीका अनुसार प्रसारण लाइनको निर्माण पूरा भई अहिले परीक्षणको काम भइरहेको छ । 'शुक्रबारसम्म परीक्षण हुन्छ,' उनले भने, 'सबै ठीक भए आइतबारदेखि व्यावसायिक रूपमा सञ्चालनमा आउँछ ।' उनका अनुसार पाँचथर, ताप्लेजुङमा निर्माण हुने धेरै विभिन्न आयोजनाबाट करिब २ सय मेगावाट विद्युत् प्रसारण लाइनले राष्ट्रिय प्रणालीमा जोड्नेछ ।

आयोजनाको पहिलो खण्डअन्तर्गत पर्ने लखनपुर-गोदक भागको ३५ किलोमिटर प्रसारण लाइन २०७२ को असोजबाट सञ्चालनमा आएको थियो । आयोजनाले यसअघि नै दमक, गोदक, थापाटार (फिदिम) र अमरपुरमा १३२/३३/११ केभी सबस्टेसनको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइसकेको छ । प्रसारण लाइनको बाटो (राइट अफ वे) मा पर्ने जग्गाको शतप्रतिशत क्षतिपूर्ति दिनुपर्ने, प्रसारण लाइनको रुट परिवर्तन गर्नु लगायतका माग राखी इलामको मंगलबारे, चमैता, सिद्धिथुम्का पाँचथरको फिदिम जोरसाल क्षेत्रका स्थानीयले प्रसारण लाइन निर्माणमा अवरोध गरेका थिए । काबेली करिडोरको दोस्रो खण्डमा निजी क्षेत्रले निर्माण गरेका १४.९ मेगावाटको हेवाखोला 'ए' र २२.१ मेगावाटको तल्लो हेवाखोला जलविद्युत् आयोजना जोडिन्छन् । हेवाखोला 'ए' सञ्चालनमा छ भने तल्लो हेवाखोला निर्माणको अन्तिम चरणमा छ । हेवाखोला 'ए' को विद्युत् अहिले अस्थायी रूपमा ३३ केभी प्रसारण लाइनमा जोडिएको छ । दुवै आयोजना थापाटार सबस्टेसनमा जोडिने छन् ।

१३.३३ किलोमिटर लम्बाइ भएको तेस्रो खण्डमा पर्ने ४० वटा टावरको निर्माण सकिएको छ । आयोजना असारको दोस्रो साता सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि एक महिना ढिला गरी सम्पन्न भएको हो ।

३७.६ मेगावाटको काबेली 'ए', २५ मेगावाटको काबेली बी-१, १० मेगावाटको रैराङलगायत निजी क्षेत्रले निर्माण गरिरहेका जलविद्युत् आयोजनाहरूको विद्युत् तेस्रो खण्डमा जोडिनेछ । काबेली करिडोर प्रसारण लाइन निर्माण करिब १० वर्षअघि सुरु गरिएको थियो । ठेकेदारको ढिलासुस्ती, प्रसारण लाइनको 'राइट अफ वे' मा स्थानीयको अवरोध, रूख कटान स्वीकृतिमा भएको ढिलाइ लगायतले आयोजनाको काम ढिलाइ भएको हो । ३ करोड १० लाख अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार तथा विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा निर्माण भएको हो ।



ललितपुरको शंखमूलमा बुधबार निर्माणाधिन घरमा ढलानको काम गर्दै कामदारहरू । *तस्बिर :हेमन्त श्रेष्ठ/कान्तिपुर*

# PROCUREMENT NOTICE

UN DP Empowered lives. Resilient nations.

United Nations Development Programme (UNDP) Nepal works with the People and Government of Nepal, and other development partners to pursue equitable and sustainable human development goals through eradication of poverty, increase in livelihood opportunities, improvement in community resilience against conflict, disasters and impact of climate change, while laying down strong foundation or a society based on rule of law with an inclusive and participatory democracy.

The UNDP Nepal is soliciting bids from interested firms/companies to provide the following goods/services:

**Reference No.:** Request for Quotation - **UNDP/RFQ/17/2019**
**Project/Agency:** Comprehensive Disaster Risk Management Programme (CDRMP)/UNDP
**Purpose:** Delivery of First Aid, Light Search & Rescue Training & Emergency Simulation Exercise for Community Based Disaster Management Committees in Sindhupalchok & Dolakha
**Deadline for bid submission: 5:00PM on 13 August 2019**
**Weblink: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html**

**Who can apply:** National/International firms/companies
**How to apply:** As per the instructions in the detailed bidding document.



## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस फर्म/कम्पनीले हङकङ र सिंगापुरबाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडेल | क्षमता | उत्पत्तिको मुलुक/राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा इकाई मूल्य(MRP*) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Video Camera | (18x10.5x9.5)" | SONY | HXR NX-100 | 1" Sensor | Japan | Pcs. | NPR | 1,92,000 | |
| 2 | Video Camera | (5x3.05x0.5)" | SONY | HXR NX-200 | 1" Sensor | Japan | Pcs. | NPR | 2,65,000 | |
| 3 | Video Camera | (18x10.5x9.5" | SONY | PXW-X70 | 1" Sensor | China | Pcs. | NPR | 2,35,000 | |
| 4 | Video Camera | (12.35x11.55x10.45)" | SONY | PXW-FS5M2 | 35 mm | China/Japan | Pcs. | NPR | 6,00,000 | |
| 5 | Video Camera | (18.05x10.6x9.5)" | SONY | PXW-Z150 | 1" Sensor | China | Pcs. | NPR | 4,15,000 | |
| 6 | Video Camera | (15.7x13.5x12.5)" | SONY | PXW-FS7M2 | 35 mm | China/Japan | Pcs. | NPR | 9,00,000 | |
| 7 | Video Camera | (20x11x11)" | SONY | PXW-Z190 | 3 CMOS | China/Japan | Pcs. | NPR | 5,25,000 | |
| 8 | Video Camera | (20.5x11x10)" | SONY | PXW-Z280 | 3 CMOS | China/Japan | Pcs. | NPR | 8,25,000 | |
| 9 | Video Camera | (10.25x9.7x6)" | SONY | PXW-Z90 | 1" Sensor | China/Japan | Pcs. | NPR | 3,25,000 | |
| 10 | Video Camera | (10.25x9.65x5.95)" | SONY | HXR-NX-80 | 1" Sensor | China/Japan | Pcs. | NPR | 2,45,000 | |
| 11 | Video Camera | (16.6x13.2x9.6)" | SONY | HXR-NX-5R | 3 CMOS | Japan | Pcs. | NPR | 4,25,000 | |

विक्रेता/फर्मको नामः Soheto Nepal Pvt. Ltd. भ्याट नं. : 302322990 *भ्याट (VAT) सहित
ठेगानाः टेकू, फोन नं.: 4254277 एक्जिम कोडः 3023229900116NP



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## निजामती कर्मचारी अस्पताल
मिनभवन, काठमाण्डौ

### पदपूर्ति सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७६/०४/१६**

यस अस्पतालमा रिक्त मेडिकल अफिसर पद संख्या- २ (दुई) सेसनमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट मिति २०७६/०४/२३ गते सम्म कार्यालय समयभित्र लिखित दरखास्त आह्वान गरिन्छ। विज्ञापन सम्बन्धि विस्तृत विवरण यस अस्पतालको website: www.civilservicehospital.org तथा अस्पतालको सूचनापाटीमा टाँस गरिएको छ।



## लिलामी सम्बन्धी सूचना

हाम्रो यस उद्योगमा एकदम नयाँ र राम्रो अवस्थामा रहेका निम्न तारहरु बिक्री गर्नुपर्ने भएकाले इच्छुक कम्पनी, व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र तल उल्लेखित ठेगानामा प्रस्ताव पेश गर्नु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ :

| Particulars (Wires) | Qty (In metres) |
|---|---|
| 3C 300sqmm HT Al Armour | 60m |
| 4C 120sqmm Cu Armour | 160m |
| 3.5C 240sqmm AL Armour | 394m |
| 3.5C 400sqmm AL Armour | 423m |
| 3.5C 300sqmm AL Armour | 890m |
| 4C 240sqmm Cu Armour | 127m |
| 1C 185sqmm AL Unarmour | 1,000m |

थप जानकारीका लागि :

Coca-Cola

बोटलर्स नेपाल तराई लिमिटेड (भरतपुर)
इमेल: skunwar@coca-cola.com.np
फोन नं.: ०१-४३५०६०२/४३५१८७१



## उपत्यकामा सञ्चालन भईरहेका बस/मिनिबस बिक्रीमा



| सि.नं. | गाडी नं. | मोडल | मूल्य |
|---|---|---|---|
| १. | बा१क ६२४९ | 2007 - TLTL 407/31 | रु ४,५०,०००।– |
| २. | बा१क ६२५० | 2008 - TLTL 407/31 | रु ४,५०,०००।– |
| ३. | बा१क ५०१२ | 2011 - EICHER 1075E | रु ११,००,०००।– |
| ४. | बा१क ५०१३ | 2011 - TLTL LP 709/34 | रु १२,००,०००।– |
| ५. | बा१क ५०१४ | 2011 - TLTL LP 709/34 | रु १२,००,०००।– |
| ६. | बा३ख ३२७४ | 2013 - TLTL LP 410/34 | रु १३,००,०००।– |
| ७. | बा३ख ३२७६ | 2013 - TLTL LP 410/34 | रु १३,००,०००।– |
| ८. | बा३ख ३२७७ | 2013 - TLTL LP 410/34 | रु १३,००,०००।– |
| ९. | बा३ख ३६३९ | 2014- TLTL LP 410/34 | रु १४,००,०००।– |
| १०. | बा३ख ३६४१ | 2014 - TLTL LP 410/34 | रु १४,००,०००।– |

उक्त गाडीहरू निम्न स्थान, दिन र समयमा हेर्न सकिनेछ। स्थानः ल.पु. सानेपा
शनिबार–आईतबार : बिहान ८:०० देखि बेलुका ६:०० बजेसम्म
सोमबार–शुक्रबार : बिहान ८:०० देखि दिउँसो २:०० बजेसम्म

सम्पर्कः कार्यालय फोन : ५५२३२८४, ५५२२३३४
मोबाइल : ९८५१०२३८४६, ९८५११६०८५०



## Request for Expression of Interest (EoI)

**Transparency International Nepal (TIN),** under its 'Integrity in Post Earthquake Reconstruction and Rehabilitation (IPERR)' program, funded by the Delegation of the European Union in Nepal, seeks to commission a research titled 'Post-Earthquake Reconstruction work, its successes and challenges'. Interested Individual/s or firm/s are requested to email an EoI to ***trans@tinepal.org*** by 20 August 2019 with write-up on following topics also mentioning, methodology, sample size, key questions, team, costs & time breakdown (around 6-8 pages) :

- HH survey, Stakeholder feedback and Key Informant Interview on reconstruction works, successes, impacts, challenges and current issues (proportionate sampling in 14 districts to be used for survey)
- Income, budget and expenditure details of reconstruction work at central and district levels, its processes, practices, uses and difficulties
- Reconstruction related government procurement policies, processes, plans and practices and their impact on work progress

Final Research report with context, above mentioned topics, main findings, conclusions, recommendations and way forward is expected to be around 75 pages, Arial 11 A4 size.

(Budget ceiling is NRs 515,000, including survey and all travel related costs in 14 districts. Time-limit is 3 months. Report to be submitted in English with condensed summary in Nepali)

TRANSPARENCY INTERNATIONAL NEPAL coalition against corruption — European Union



Pokhara University
Faculty of Science and Technology
Admission Committee-2076 (2019)

## CALL FOR APPLICATION

### Undergraduate Program

(First Date of Publication: 2076/04/16)

**School of Engineering (Pokhara-30, Dhungepatan)**

| Programs | Seats |
|---|---|
| BE Civil | 78 |
| BE Civil and Rural | 39 |

**School of Engineering (Pokhara-26, Bijayapur)**

| Programs | Seats |
|---|---|
| BE Electrical and Electronics | 39 |
| BE Computer | 39 |
| BE Software | 39 |

**Important Dates:**
Application Submission starts: 2076/04/17 **(Online)**
Last date of Application submission: 2076/04/31 **(Online)**
Entrance Examination Date:**2076/05/02**
Time: **8:00 AM to 10:00 AM**.
Exam Centre: **School of Engineering, Pokhara-30, Kaski, Nepal**

**Information Regarding Entrance Examination:**

- Online Application form is available on http://pu.edu.np/soe/apply
- Duly filled up admission form with recently taken passport size photograph and voucher of **NRs. 1600** should be submitted.
- Application form fee and entrance examination fee can be deposited in **NIC ASIA Bank Limited A/C No.1641051581752401 or Kamana Sewa Bikash Bank A/C No. 01713400208628000003** in the name of **School of Engineering, Pokhara University.**
- Applicants must record/keep the **REFERENCE NUMBER** which is available immediately after the submission of the form.
- Entrance Card will be available after 2 days of the form submission using the **REFERENCE NUMBER.**
- Applicant must bring Entrance Card and Bank Voucher of **NRs. 1600** to appear in the examination.

**Eligibility:**10+2 Science/Intermediate Level Science/Diploma in Engineering or Equivalent as recognized by Pokhara University with minimum 45% or second division/ "C" Grade (final of theory & practical) in each subject on grade 11 and 12.

**Fee Structure**: Total Fee (4 years) for all programs is **NRs. 4,49,000** and Security deposit of **NRs. 20,000** (refundable).

**For further information:**
School of Engineering
Faculty of Science and Technology
Pokhara University
Pokhara-30, Kaski, Nepal
Tel: +977-61504141


# अर्थ संक्षेप

## सेलपे सेवा सञ्चालनमा

काठमाडौं (कास) - नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलकम प्राइभेट लिमिटेडले सेलपे सेवा बुधबारबाट सञ्चालनमा ल्याएको छ।

CELLPAY सबै. सधैं

सेलपे सेवा मोबाइल तथा वेब एप्लिकेसनको माध्यमबाट बिना कुनै वालेट बनाई आफ्नै खाता प्रयोग गरी विभिन्न भुक्तानी तथा रकम स्थानान्तरण गर्न सकिने र यो सेवा विभिन्न अन्तर्राष्ट्रियस्तरको सुरक्षा प्रणाली अनुपालन गरी विकसित गरिएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

यो एक किसिमको डिजिटल कार्ड भएको विज्ञप्तिमा जारी छ। यो एप्स स्मार्टफोनमा गुगलप्लेस्टोर वा एप्पस्टोर वा सेलपेको वेबसाइटबाट डाउनलोड गर्न सकिनेछ। सेलपेका प्रयोगकर्ताहरूले रकम स्थानान्तरण गर्दा २ रुपैयाँदेखि २० रुपैयाँसम्म शुल्क भुक्तानी गर्नुपर्नेछ।

## सिद्धार्थको शाखा धापासीमा

काठमाडौं (कास)- सिद्धार्थ बैंकले बुधबारबाट काठमाडौंको धापासीमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ। बैंकले उक्त क्षेत्रका सर्वसाधारण तथा उद्यमीमाझ सबै प्रकारका निक्षेप तथा कर्जा सुविधा, रकम भुक्तानी लगायतका सम्पूर्ण बैंकिङ सेवा पुऱ्याउने उद्देश्यले शाखा सञ्चालनमा ल्याएको प्रेस विज्ञप्तिमा भनिएको छ।

## एनबी बैंक र सुक्खा बन्दरगाह सम्झौता

काठमाडौं (कास)- नेपाल बंगलादेश बैंक र तातोपानी सुक्खा बन्दरगाह भन्सार कार्यालय सिन्धुपाल्चोकबीच बुधबार सरकारी कारोबार सञ्चालन गर्ने सम्झौता भएको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना र भन्सार कार्यालयका महानिर्देशक रामेश्वर डंगालबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो।

सम्झौताअनुसार बैंकको बाह्रबिसे शाखा अन्तर्गत एक्सटेन्सन काउन्टर खोली सरकारी कारोबारअन्तर्गत सो कार्यालयको राजस्व संकलन गरी जम्मा गर्न सरकारी कारोबार गर्ने अनुमति भएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

## एनआईसी एसिया-सेलपे सम्झौता



काठमाडौं (कास)- एनआईसी एसिया बैंकले डिजिटल फाइनासन्सियल पार्टनरहरूसँगको सहकार्यलाई अघि बढाउँदै सेलपे सर्भिससँग सम्झौता गरेको छ। सेलपे सर्भिसमा ग्राहकहरूले पूर्ण रूपमा सुविधा उपभोग गर्न पाउने गरी मंगलबारबाट बैंकले सम्झौता गरेको हो। बैंकका सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठी र सेलपेका प्रबन्ध निर्देशक पवन प्रधानबीच सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। बैंकका ग्राहकहरूले छिटोछरितो रूपमा डिजिटल बैंकिङको प्रयोगतर्फ आकर्षण र सक्रियता बढ्ने विश्वास रहेको प्रेस विज्ञप्तिमा भनिएको छ।

## सिटिजन्स र भेनस सम्झौता

काठमाडौं (कास)- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र मध्य बानेश्वरस्थित भेनस हस्पिटलबीच बैंकका ग्राहक वर्गलाई अस्पतालको सेवा शुल्कमा विशेष छुट दिने सम्झौता भएको छ।

यस सम्झौतापछि सिटिजन्स बैंकका डेबिट तथा क्रेडिट कार्डवाहक तथा कर्मचारीहरूले भेनस हस्पिटलमा उपचार गराउँदा विशेष छुट पाउने विज्ञप्तिमा उल्लेख छ।

## एडीबी र लक्ष्मी बैंकबीच कर्जा सम्झौता

काठमाडौं (कास)- एसियन डेभलपमेन्ट बैंक (एडीबी) को ट्रेड फाइनान्स प्रोग्राम र लक्ष्मी बैंक लिमिटेडबीच कर्जा तथा सहयोगका लागि बुधबार सम्झौता भएको छ। नेपालका लागि एडीबीका इन्भेस्टमेन्ट स्पेसलिस्ट एन्ड रिलेसनसिप म्यानेजर ज्यानेत हाइड र लक्ष्मी बैंकका प्रमुख कार्यकारी अधिकृत अजय विक्रम शाहबीच सम्झौतापत्रमा हस्ताक्षर भएको हो।

यस सम्झौताबाट अन्तर्राष्ट्रिय बजारमा ग्राहकहरूले फाइदा लिन सक्ने प्रेस विज्ञप्तिमा उल्लेख छ।

## हुन्डाई एक्सचेन्ज सुरु

काठमाडौं (कास)- नेपालका लागि हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले बिहीबारबाट देशभर हुन्डाई एक्सचेन्ज कार्यक्रम ल्याएको छ। यो कार्यक्रम साउन १६ देखि २३ गतेसम्म बिहान १० देखि साँझ ६ बजेसम्म मात्र रहने प्रेस विज्ञप्तिमा भनिएको छ।

यस कार्यक्रममा स्पोट एक्सचेन्ज एन्ड भ्यालुएसन, इजी फाइनान्स एन्ड इन्स्युरेन्स, नगदमा छुट, १५ हजार रुपैयाँ बराबरको लोयल्टी बोनस तथा १ लाख ५० हजार रुपैयाँको एक्सचेन्ज बोनस तथा चार वर्षसम्मको फ्री सर्भिस र ३ वर्षको वारेन्टीसमेत रहेको छ। यो अफर नेपालभरको हुन्डाई डिलर नेटवर्कबाट उपलब्ध छ।

# लाभकर विवाद....

सरकार (आन्तरिक राजस्व विभाग), अर्थ मन्त्रालय, धितोपत्र बोर्ड र लगानीकर्ताबीच प्रभावकारी रूपमा समन्वय हुन नसक्दा विवाद सुल्झिन नसकेको हो।

पछिल्ला घटनाक्रम हेर्दा यो विषय तत्काल टुंगिने सम्भावना कम रहेको जानकारहरू बताउँछन्। सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यमार्फत साउन १ गतेदेखि पुँजीगत लाभकर गणना विधि परिमार्जन गरेको हो।

नयाँ व्यवस्थाअनुसार लगानीकर्ताले लाभ गणना गर्दा आफ्नो सेयरको आधारमूल्य घोषणा गर्नुपर्छ। सोही व्यवस्थाबमोजिम भारित औसल लाभकर गणना गर्न ब्रोकर एसोसिएसन र सीडीएस एन्ड क्लियरिङले सार्वजनिक रूपमा सूचना जारी गरी लगानीकर्तालाई आग्रह गरेका थिए। सुरुमा यो विषयमा लगानीकर्ता सहमत भए पनि पछि गएर ठीक छैन भन्दै विरोध गरिरहेका छन्।

गत वर्षको भदौमा सीडीएस, नेप्से, धितोपत्र बोर्ड, लगानीकर्ता संघसंस्था र अर्थ मन्त्रालयबीच पुँजीगत लाभकर गणना भारित औसत विधिबाट गर्ने सहमति भएको थियो।

सोही सहमतिअनुसार सरकारले चालु आर्थिक वर्षको बजेटमा उक्त विषय समेटेको हो। नयाँ व्यवस्थाअनुसार लगानीकर्ताले प्रमाणसहित आफ्नो सेयरको भारित औसत मूल्य निर्धारण गर्नुपर्छ। यदि प्रमाण दिन नसकेको अवस्थामा लाभकर गणना गर्दा सेयरको अंकित मूल्य (एक सय रुपैयाँ) लाई नै आधार मान्नुपर्ने व्यवस्था छ।


## निर्माण सामाग्री ढुवानी सम्बन्धमा

यस संस्थाले शहिद धर्मभक्त आधाराभूत विद्यालय, नाम्दो निमार्णको सिलसिलामा नेपालगञ्जबाट शे फोक्सुण्डो गाउँ पालिकामा अवस्थित उक्त स्कूल सम्म २७,६०० केजी सिमेन्ट तथा रड ढुवानी गर्नु पर्ने हुँदा निर्माण स्थल सम्म सामाग्री सुरक्षित ढुवानी गर्न इच्छुक ढुवानी सेवा प्रदायक व्यक्ति तथा संस्थाले यो सूचना प्रकाशित भएको सात दिन भित्र दर रेट खुलाई व्यक्ती तथा संस्थाको विवरण, प्यान/भ्याट नम्बर समेत खुलाई खामबन्दिको टेण्डर आव्हान गरिन्छ।

ग्रामीण शिक्षा तथा वातावरण विकास केन्द्र
बखुण्डोल, ललितपुर, फोनं ५५२१९४३
E-mail:info@reednepal.org



## Request for Expression of Interest (EoI)

**Transparency International Nepal (TIN),** under its 'Integrity in Post Earthquake Reconstruction and Rehabilitation (IPERR)' program, funded by the Delegation of the European Union in Nepal, seeks to commission a study titled 'Technical Evaluation of Post-earthquake Reconstruction Work in 14 districts'. Interested Individual/s or firm/s are requested to email an EoI to ***trans@tinepal.org*** by 20 August 2019 with write-up on following topics also mentioning, methodology, sample size, key questions, team, costs & time breakdown (around 6-8 pages) :

- Technical Evaluation of Quality and Standard of reconstruction works completed in 14 districts with focus on individual homes, government buildings, schools, health posts, heritage sites, water supply, road etc. (proportionate sampling to be used to select evaluation sites)

Final Research report with context, above mentioned technical evaluation reports, main findings, conclusions, recommendations and way forward is expected to be around 75 pages, Arial 11 A4 size.

(Budget ceiling is NRs 430,000, including transportation and all visit related costs to selected sites in districts. Time-limit is 3 months. Report to be submitted in English with condensed summary in Nepali).

TRANSPARENCY INTERNATIONAL NEPAL coalition against corruption — European Union


# नेपाल स्टक एक्सचेन्ज

१५ साउन २०७६ को कारोबार

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| कृषि विकास बैंक | ४२९ | ४३१ | ४२७१३ | २ |
| अपी पावर लि | १३९ | १४० | १५१०९ | १ |
| अरूण कावेली पावर | १७१ | १६९ | ३०५३ | -२ |
| अरूणभ्याली हाइड्रोपावर | १०६ | १०४ | ६३५० | -२ |
| आशा लघुवित्त | ४३३ | ४७६ | १३२९० | ४३ |
| एसियन लाइफ इन्स्योरेन्स | ३६८ | ३७० | ७०१२ | २ |
| बैंक अफ काठमाडौं लि. | २६८ | २६८ | ११७३२ | ० |
| बेस्ट फाइनान्स | १०० | १०० | १३६० | ० |
| बुटवल पावर क. लि. | ४०६ | ४०६ | ७१७३ | ० |
| सेन्टल फाइनान्स | १२० | १२१ | १५५५४ | १ |
| सेन्चुरी कमर्सियल बैंक | १७० | १७० | २२१२३ | ० |
| छिमेक लघुवित्त विकास बैंक | ९८० | ९९३ | २१४६ | १३ |
| चिलिमे हाइड्रोपावर | ५११ | ५१० | ४०९० | -१ |
| सिटिजन बैंक इन्टरनेशनल | २२७ | २२६ | १११६९ | -१ |
| सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट | २४४० | २४४२ | ७४४ | २ |
| सिभिल बैंक | १५५ | १५४ | ६२१३१ | -१ |
| सिभिल लघुवित्त | ५०० | ५५० | १०८० | ५० |
| डिप्रोक्स डेभलपमेन्ट बैंक | ७४५ | ७७५ | ५९१५ | ३० |
| देव विकास बैंक | १४५ | १४६ | ५३७१ | १ |
| दिव्यश्वरी हाइड्रोपावर | ६४ | ६४ | ५६२० | ० |
| एभरेष्ट बैंक लि. | ६६२ | ६६६ | २०५६ | ४ |
| एक्सेल डेभलपमेन्ट बैंक | २९२ | २९० | १००० | -२ |
| फस्ट माइक्रोफाइनान्स | ३८४ | ४०८ | २३६७३ | २४ |
| फरवार्ड कम्युनिटी माइक्रो | १३८२ | १४३९ | २०७५ | ५७ |
| गणपति माइक्रोफाइनान्स | ५५४ | ६०९ | ९४७१ | ५५ |
| गण्डकी विकास बैंक | २१२ | २११ | १२९९७ | -१ |
| गरिमा विकास बैंक | २२६ | २२३ | ८४८३ | -३ |
| ग्लोबल आईएमई लघुवित्त | ७१० | ७५० | १०४१ | ४० |
| ग्रामीण विकास बैंक | ३५७ | ३७३ | १७४६० | १६ |
| ग्रिन डेभलपमेन्ट बैंक | ११३ | ११२ | ४०७० | -१ |
| गुराश लाइफ इन्स्योरेन्स | ४४८ | ४९२ | ७०६३ | ४४ |
| गोर्खा फाइनान्स | १२१ | १२२ | १००६ | १ |
| हिमालयन ऊर्जा विकास | १३५ | १३६ | ९९० | १ |
| हिमालयन बैंक | ५४७ | ५५४ | १४३२ | ७ |
| हिमालय जनरल इन्स्योरेन्स | ३४० | ३४५ | ५८६१ | ५ |
| जलविद्युत लगानी तथा विकास क. | १५८ | १५८ | ६४९७ | ० |
| आईएमई जनरल इन्स्योरेन्स | ३४१ | ३७० | १००५ | २९ |
| इन्फिनिटी लघुवित्त | ४६१ | ५०० | १६९१६ | ३९ |
| जानकी फाइनान्स | १८९ | १९२ | १६९९ | ३ |
| ज्योती विकास बैंक | १६० | १६० | ४९९७ | ० |
| कामना सेवा विकास बैंक | १५४ | १५३ | ८९४६ | -१ |
| कुमारी बैंक | २१५ | २१६ | १३२०५ | १ |
| लक्ष्मी बैंक | २२२ | २२२ | २४३९२ | ० |
| लक्ष्मी लघुवित्त | ७२१ | ७९३ | ४५२२ | ७२ |
| लुम्बिनी विकास बैंक | २०६ | २०७ | ७२०७ | १ |
| माछापुच्छ्रे बैंक लि. | २६७ | २६४ | १०६४० | -३ |
| महालक्ष्मी विकास बैंक | २०३ | २०५ | ५११७ | २ |
| महिला सहयात्रा माइक्रोफाइनान्स | ४७४ | ५२१ | १८३८ | ४७ |
| मञ्जुश्री फाइनान्स | १२६ | १२६ | १२७२ | ० |
| मेगा बैंक | २०९ | २०८ | ३३८३१ | -१ |
| मेरो माइक्रोफाइनान्स | ५२९ | ५५० | ५६३२ | २१ |
| मिथिला लघुवित्त | ४६५ | ५०७ | १४६७ | ४२ |
| मुक्तिनाथ विकास बैंक | ३७८ | ३७८ | १३७५४ | ० |
| नबिल बैंक | ८०१ | ८०० | ९१९९ | -१ |
| नाडेप लघुवित्त | ४४८ | ४९२ | १०८९२ | ४४ |
| नेशनल हाइड्रोपावर | ६५ | ६५ | ६०२० | ० |
| नेशनल लाइफ इन्स्योरेन्स | ५८० | ५८८ | २११४ | ८ |
| नेशनल माइक्रोफाइनान्स | १४८६ | १५६० | ९३६ | ७४ |
| नया नेपाल लघुवित्त | ४६३ | ४८२ | ५४९६ | १९ |
| नेको इन्स्योरेन्स | ४७६ | ४७७ | २६४८ | १ |
| नेपाल एग्रो लघुवित्त | ६५३ | ७१८ | ६३३४ | ६५ |
| नेपाल बंगलादेश बैंक लि. | २२३ | २२३ | १५०९० | ० |
| नेपाल बैंक लि. | ३३९ | ३४० | ८३६४१ | १ |
| नेपाल क्रेडिट एन्ड कमर्स बैंक | २४७ | २४६ | ३०७८२ | -१ |
| नेपाल दुरसंचार कम्पनी | ६९५ | ६९८ | १८१० | ३ |
| नेपाल इन्स्योरेन्स | ३४९ | ३५३ | २३०२ | ४ |
| नेपाल इन्भेष्टमेन्ट बैंक | ५१७ | ५१८ | १११४९ | १ |
| नेपाल लाइफ इन्स्योरेन्स क. लि. | ८७३ | ८७८ | ३८३३ | ५ |
| नेपाल एसबीआई बैंक | ४७० | ४६५ | ८५३५ | -५ |
| नेपाल सेवा लघुवित्त | ४३२ | ४७५ | ८७८ | ४३ |
| नेरूडे लघुवित्त | ५२८ | ५६६ | ९४७७ | ३८ |
| एनआईसी एसिया बैंक | ४६५ | ४६८ | १२२९६ | ३ |
| निर्धन उत्थान | ८८९ | ९०४ | ९३४ | १५ |
| पन्चकन्या माइ हाइड्रोपावर | १०४ | १०७ | १६३१ | ३ |
| पाचथर पावर क. | १३७ | १३५ | ८७६ | -२ |
| पोखरा फाइनान्स | १३७ | १४२ | ३०६९ | ५ |
| प्रभु बैंक | २७४ | २७७ | ५४३४१ | ३ |
| प्रभु इन्स्योरेन्स | ३५६ | ३६१ | २७२८ | ५ |
| प्रिमियर इन्स्योरेन्स | ४६६ | ४७४ | ११८८ | ८ |
| प्राइम कमर्सियल बैंक | २८४ | २८४ | ६४९४ | ० |
| प्राइम लाइफ इन्स्योरेन्स | ४२१ | ४२३ | १७१५ | २ |
| प्रुडेन्सियल इन्स्योरेन्स | ५३५ | ५३८ | ७८८ | ३ |
| रिलायन्स फाइनान्स | १२१ | १२१ | ७३० | ० |
| रिडी हाइड्रोपावर | ८९ | ९० | ९३७ | १ |
| आरएमडीसी लघुवित्त | ६७७ | ६७७ | ५९७४ | ० |
| आरएसडीसी लघुवित्त | ३४८ | ३७७ | ७३१६ | २९ |
| सामुदायिक लघुवित्त | ६३९ | ६७२ | २१४५ | ३३ |
| साना किसान विकास बैंक | ९८९ | १०१३ | ५१२७ | २४ |
| सानिमा बैंक | ३५७ | ३५७ | १२२६३ | ० |
| सानिमा माइ हाइड्रो | २४८ | २४८ | ११४६ | ० |
| सांग्रीला डेभलपमेन्ट बैंक | १५४ | १५२ | २११५ | -२ |
| शिखर इन्स्योरेन्स | ८०२ | ८०० | २५१० | -२ |
| शिवम सिमेन्ट | ५९७ | ६०२ | २११८० | ५ |
| सिद्धार्थ बैंक लि. | ३२२ | ३२४ | ८९७१ | २ |
| सिन्धु विकास बैंक | १३६ | १३६ | १४७० | ० |
| सोल्टी होटल | २३५ | २३६ | ४६६० | १ |
| स्पर्श लघुवित्त | ५४७ | ६०० | ७९५८ | ५३ |
| स्ट्यान्डर्ड चार्टड बैंक | ६६६ | ६७० | २९९३ | ४ |
| समिट लघुवित्त | ५४५ | ५६७ | ३२३७ | २२ |
| सनराईज बैंक | २५० | २५२ | ६०६६ | २ |
| सर्पोट माइक्रोफाइनान्स | ४३३ | ४७६ | १४२० | ४३ |
| सूर्य लाइफ इन्स्योरेन्स | ४४५ | ४५५ | २५५२ | १० |
| स्वावलम्बन विकास बैंक | ९१८ | ९३५ | २४४५ | १७ |
| स्वाभिमान लघुवित्त | ५९७ | ६५६ | ३२५० | ५९ |
| स्वदेशी लघुवित्त वित्तिय संस्था | ६२५ | ६५९ | ५६१६ | ३४ |
| स्वरोजगार लघुवित्त | ४७९ | ५१० | ७७८९ | ३१ |
| तारागाउँ रिजेन्सी | ३१८ | ३१४ | ४९६० | -४ |
| युनियन हाइड्रोपावर | ७३ | ७० | ३०४१ | -३ |
| युनाइटेड इन्स्योरेन्स | ३२९ | ३६० | ३८७७६ | ३१ |
| युनिभर्सल पावर क. | ८८ | ८९ | ४६६० | १ |
| अप्पर तामाकोशी हाइड्रोपावर | २७२ | २७३ | २०९४२ | १ |
| विजय लघुवित्त | ५२० | ५७२ | ३४६५ | ५२ |

कुल कारोबार मूल्य : ३५७,८३६,१८५ कारोबार संख्या : ,३००
सेयर संख्या : १,२६१,५९० नेप्से : १,२६५.५७ (६.२९०)

# मेलम्ची र द्रुतमार्गको संसदीय निगरानी

काठमाडौं (कास)- प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले मेलम्ची खानेपानी आयोजना र काठमाडौं-निजगढ द्रुतमार्गको कागजपत्र झिकाएर निर्माण प्रगति र खर्चको विवरण हेर्ने भएको छ। राष्ट्रिय गौरवको आयोजनाको रूपमा निर्माणको चरणमा रहेको काठमाडौं-निजगढ द्रुतमार्गको भौतिक अवस्था र खर्च प्रणालीको विषमया बुझ्न कागजपत्र झिकाउने निर्देशन दिएको छ।

दुवै आयोजनलाई पत्राचार गरिसकिएको समितिका सचिव रोजनाथ पाण्डेले बताए। द्रुतमार्ग निर्माणको जिम्मेवारी नेपाली सेनाले पाएपनि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बिना काम भइरहेको छ। सेनाले मन्त्रिपरिषद् बाट डीपीआर स्वीकृत नभएको गुनासो गर्दै आएको छ। उक्त आयोजना निर्माणका लागि जंगल फडानी, बस्ती व्यवस्थापन र आर्थिक स्रोत व्यवस्थापनको विषयमा निर्णय हुन सकेको छैन। एडीबीले आयोजना पूरा हुन १० वर्षअघि १ सय १० अर्बको लागत अनुमान गरेको थियो। स्रोतका अनुसार हाल लागत करिबव २ सय १३ अर्ब अनुमान गरिएको छ। एडीबीले तयार गरेको प्रारम्भिक प्रतिवेदनमा पुल सुरुङमार्ग र सडकको चौडाइलाई फेरबदल गरिएको छ।

हालको डीपीआरमा उल्लेख भएअनुसार द्रुतमार्गमा ८७ वटा पुल र ३ वटा सुरुङ मार्ग निर्माण हुनेछ। सडकको चौडा पहाडमा २५ र तराईमा २७ मिटर हुनेछ। आयोजनाको ७२ मध्ये ५४ किमि सडकको कटिङ र फिलिङको काम भइरहेको छ। २०४९ मा डानिडाबाट सम्भाव्य अध्ययन र २०६४ मा मा एसियाली विकास बैंक (एडीबी) ले विस्तृत सम्भाव्य अध्ययन गरेको हो। आयोजना २०७९ मा पूरा गर्ने लक्ष्य राखिएको छ। आयोजनाको अध्ययन सुरु भएको २६ वर्ष भएको छ। समितिका सचिव पाण्डेका अनुसार मेलम्चीको निर्माणका क्रममा भएको खर्च र भौतिक प्रगतिको विषयमा अध्ययन गरिनेछ। समितिका सभापति भरत शाहले पानी आउने कहिले हो भन्दै मेलम्चीको विषयमा सबै कागज झिकाएर हेर्नुपर्ने बताएका थिए। समितिका सदस्यहरूले उक्त आयोजनाको काम र खर्चको विषयमा बढी चासो राखेपछि उक्त निदेृशन दिएको हो।

**सञ्चयकोषलाई टेन्डर गर्न निर्देशन**

प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिले कर्मचारी सञ्चय कोषको सुन्धारा, ललितपुर र ठमेलको भवनहरू टेन्डर प्रक्रियाद्वारा एक महिनामा भाडामा लगाउन निर्देशन दिएको छ।

महालेखा परीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा सञ्चय कोष भवनको भाडा बापतको करोडौं रुपैयाँ बक्यौता रहेको उल्लेख भएपछि समितिले छानबिन सुरु गरेको थियो। यस क्रममा समितिले सञ्चयकोषका कर्मचारीसँग छलफल गरेको थियो। समितिले कोषका अध्यक्ष शिशिर ढुंगानासँग पछिल्लो पटक छलफल गरेर जानकारी लिएपछि टेन्डर प्रक्रियामा जान निर्देशन दिएको हो।

समितिका सचिव रोजनाथ पाण्डेका अनुसार महिनाभित्र भाडादर निर्धारण गरेर टेन्डर गर्न, बक्यौता रकम उठाउन निर्देशन दिने निर्णय भएको छ। उनले भने, 'कोषले २१ करोडभन्दा बढी रकम उठाउनुपर्ने देखिन्छ।' सुन्धारा भवन २०६२ सालदेखि १५ वर्षका लागि भाडामा दिने निर्णय गरिएको थियो। तर भाडामा लिनेहरूले विभिन्न बहानमा तोकिएको समयमा रकम नबुझाएपछि समस्या जटिल बनेको हो।

भाडामा लिनेसँगको सम्झौता तोडिए पनि फेरि टेन्डर नगरी सञ्चायकोषले आफूखुसी भाडामा लगाएको छ। आफूखुसी भाडामा लगाउँदा कर्मचारीले मिलेमतो गरेको शंकामा लेखा समितिले छानबिन सुरु गरेको थियो। भाडा दर नतोकी आफूखुसी नगर्न र प्रतिस्पर्धा गर्ने गरी टेन्डर गर्न समितिले निर्देशन दिएको हो। पाण्डे ले भने, 'ठूलो विवाद सुन्धाराको भए पनि ललितपुर र ठमेलको भवनको भाडा पनि कोषले तोक्नुपर्ने निर्देशन दिएका छौं।'



तनहुँको बन्दीपुर गाउँपालिका-४, जुमडाँडाका किसान कोदो रोप्दै। यतिबेला ग्रामीण भेगका किसानहरू कोदो रोप्नमा व्यस्त छन्। *तस्बिर : सम्झना रसाइली/कान्तिपुर*

# आयात कोलकाताबाट विशाखापटनम सर्दै

**शंकर आचार्य** (पर्सा)

भारतको कोलकाता बन्दरगाहमा रहेको अव्यवस्था र त्यहाँस्थित सिपिङ लाइन कम्पनीको बदमासीका कारण आयात विशाखापटनमतर्फ सरेको छ।

वीरगन्जका उद्योगी-व्यवसायीले कोलकाताको यिनै समस्याको कारण पछिल्लो ६ महिनामा नेपाली आयातकर्ताहरू विशाखापटनमतर्फ सरेको जानकारी कोलकाता पोर्ट ट्रस्टका अधिकारीलाई दिएका छन्। यी समस्या अविलम्ब समाधान नगरे कोलकाता बन्दरगाहसँगको नेपालको पुरानो सम्बन्ध र कारोबार समाप्त हुन सक्ने सम्भावना पनि उनीहरूले औंल्याएका छन्।

हिमालयन टर्मिनल्सको तथ्यांकअनुसार सन् २०१७ मा कोलकाता बन्दरगाहबाट नेपालमा ८२ हजार २ सय ८ कन्टेनर आएका थिए भने विशाखापटनम बन्दरगाहबाट ४ हजार ७ सय ४६ कन्टेनर आएका थिए। २०१८ मा कोलकाताबाट ७९ हजार ७ सय ७७ र विशाखापटनमबाट १७ हजार ५६ कन्टेनर नेपाल आएका थिए।

वीरगन्ज उद्योग वाणिज्य संघले आयोजना गरेको कोलकाता पोर्ट ट्रस्टका पदाधिकारीसँगको छलफलमा सहभागी उद्योगी-व्यवसायीले कोलकाता बन्दरगाहलाई कारोबारी मैत्री बनाउन माग गरे।

वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष सुबोधकुमार गुप्ताले नेपालबाट वर्षौंदेखि कोलकाता बन्दरगाहसँग हुँदै आएको व्यापार विस्तारै विशाखापटनम स्थानान्तरण हुनुमा कोलकातामा लामो समयदेखि रहँदै आएका समस्या तथा अव्यवस्था नै मुख्य कारक रहेको बताए। 'विगतको स्थिति र हालको स्थितिमा निक्कै परिवर्तन आइसकेको छ,' उनले भने, 'कोलकाताबाट हुने नेपालको व्यापार विशाखापटनम सरिसकेको छ, कोलकाता समयमै नसुध्रिए आउने समय उसका लागि थप चुनौतीपूर्ण हुन सक्छ।'

उनले विगतमा बन्दरगाहको व्यवस्थापनको समस्या रहेको र त्यसपछि इसिटिएस प्रणाली लागू भएपछि केही राहत हुने अनुमानविपरीत ढुवानी लागत बढेर झनै बढी आर्थिक भार पर्न गएपछि आफूहरूलाई कोलकाता बन्दरगाहको तुलनामा विशाखापटनम उपयुक्त लाग्न गएको बताए। उनले सिपिङ लाइन कम्पनीहरूले गरेको भाडा वृद्धिको मापदण्ड के हो त्यसबारे सरोकारवालासँग बहस र विश्लेषण गर्न आवश्यक रहेको बताए।

वीरगन्ज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष प्रदीपकुमार केडियाले नेपालले सात दशकदेखि कोलकाता बन्दरगाह उपयोग गर्दै आएकोमा २ वर्षयता कोलकाताभन्दा दोब्बरी दूरीमा रहेको विशाखापटनम बन्दरगाह रुचाउनुको कारण त्यहाँ दिइने सेवा नै भएकाले कोलकाताले पनि त्यस्तै सेवा दिन सके कोलकाता नै आफूहरूलाई उपयोगी हुने बताए। उनले कोलकातामा जहिले पनि नयाँ सेवासुविधा थपिँदा अनावश्यक रूपमा शुल्क पनि थपिने प्रवृत्ति रहेको गुनासो गरे। कार्गो ट्र्याकिङ प्रणाली लागू हुँदा पनि यस्तै समस्या पुनरावृत्ति भएको उनको आरोप थियो। नेपालको निर्यात कार्गोको लागत पनि अत्यधिक भएकाले नेपाली निर्यातकर्ताले प्रतिस्पर्धा गर्न गाह्रो भएको बताउँदै उनले यसले गर्दा नेपालको निर्यात व्यापार गिर्दै गएको बताए।

विगतमा आफूहरूले कोलकाताका भन्सार एजेन्टसँग र हाल सिपिङ लाइन कम्पनीसँग झगडा गर्नु परेको उनले गुनासो गरे। ती कम्पनीहरूले आफूले शुल्क पनि पोर्ट ट्रस्टले लिने शुल्क भनी जवाफ दिने गरेको उनले बताए।

सिर्सिया सुक्खा बन्दरगाह सञ्चालक कम्पनी हिमालयन टर्मिनल्सका सीईओ विष्णुकान्त चौधरीले आफूहरू जुनसुकै बन्दरगाहबाट सेवा दिन तयार रहेको बताए। तर उनले नेपाली आयातकर्ताले भारतमा पाउने सेवासुविधा लिन आफैं बढी चनाखो हुनुपर्ने सुझाए।

नेपाल उद्योग वाणिज्य महासंघका सदस्य अशोककुमार टेमानीले कोलकातामा रहेका समस्या समाधान हुँदै गए नेपाली आयातकर्ता पुनः कोलकाता फर्कन समय नलाग्ने तर त्यसका लागि पोर्ट ट्रस्ट गम्भीरता साथ लाग्नुपर्ने बताए।

## नागढुंगा-सिस्ने खोला सुरुङमार्ग

# 'एक महिना भित्र ठेक्का'

### काठमाडौंमा मुआब्जा वितरण टुंगियो, धादिङमा सुरु नै भएन

**विमल खतिवडा** (काठमाडौं)

नागढुंगा-सिस्ने खोला सुरुङमार्ग निर्माणको ठेक्का एक महिनाभित्र हुने भएको छ। त्यसका लागि धादिङमा मुआब्जा वितरणको तयारी थालिएको छ। पहिलो चरणमा जग्गाको मूल्यांकन गर्ने र त्यसको लगत कट्टाको काम हुनेछ।

नागढुंगा सुरुङमार्ग आयोजनाका अनुसार काठमाडौंतर्फको मुआब्जा वितरण टुंगिसकेको छ। 'केहीले मुआब्जा रकम लगेका छैनन्, केही विदेश होलान्,' आयोजना प्रमुख श्यामप्रसाद खरेलले भने, 'नभए वितरणको काम करिबकरिब सकिसकेको छ।' गत आवबाट सुरुङ निर्माण क्षेत्रमा पर्ने जग्गाको मुआब्जा वितरण थालिएको हो। प्रमुख खरेलका अनुसार काठमाडौंमा मात्र करिब ४ अर्ब २० करोड मुआब्जा वितरण भइसकेको छ।

'काठमाडौंतर्फ २८६ देखि ३ सय रोपनीसम्म जग्गा पर्छ,' उनले भने, 'जसमा अधिकांश व्यक्तिको छ।' धादिङतर्फ १०९ रोपनीमध्ये ४४ रोपनी जग्गा स्थानीयको पर्छ। 'यसमा त्रिभुवन राजपथको जग्गा पनि पर्छ,' उनले भने, 'जुन क्षेत्रको मुआब्जा वितरणका लागि अब प्रक्रिया सुरु हुनेछ।' धादिङतर्फ एक वर्षअघि नै मुआब्जा वितरण गर्नेबारे सूचना प्रकाशित गरिसकिएको छ।

खरेलका अनुसार धादिङमा करिब १ अर्ब जति मुआब्जा वितरण गर्नुपर्ने हुन्छ। मूल्यांकन निर्धारण समितिको बैठक आइतबार जिल्ला प्रशासन कार्यालय धादिङमा बसेर मुआब्जाबारे टुंगो लगाउनेछ। 'पहिला मुआब्जामा केही समस्या थियो, अब समस्या नहोला,' उनले भने, 'समितिमा आबद्ध सबैको उपस्थितिमा बैठक हुनेछ, मुआब्जा रकम १ अर्ब नपुग्ला भन्ने छ।'

असारमै ठेक्का सम्झौता गर्ने भनिए पनि जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को टोकियोमा सहमतिका लागि पठाएको पत्रको जवाफ समयमै नआउँदा ढिलाइ भएको हो। अहिले पत्र आएसँगै मुआब्जा प्रक्रिया टुंग्याउन आयोजना लागिपरेको छ। ठेक्कामा ६ निर्माण कम्पनीले सहभागिता जनाएका थिए। जसमा जापानी कम्पनी हाज्मा-एन्डो जेभी छनोट भएको छ। अन्यमा ५ चिनियाँ कम्पनी रहेका थिए। सडक विभागको वैदेशिक समन्वय महाशाखाले कसले ठेक्का पायो भन्नेबारे अहिलेसम्म खुलाएको छैन। ठेक्का सम्झौता भएको ४२ महिनाभित्र निर्माणको काम सक्नुपर्नेछ। जापान सरकारकै ऋण सहयोगमा सुरुङमार्गको निर्माण गर्न लागिएको हो।

'हाम्रो उद्देश्य एक महिनाभित्रमा ठेक्का सम्झौता गर्ने भन्ने छ, त्योभन्दा ढिलाइ नहोला,' वैदेशिक समन्वय महाशाखा प्रमुख अर्जुनजंग थापाले भने, 'त्यसैले सम्झौताका लागि निर्माण कम्पनीलाई बोलाउनेछौं।' उनले ठेक्का सम्झौताअघि भए पनि दसैंपछि मात्र निर्माणको काम सुरु हुने बताए। मुआब्जा नटुंगिँदा ठेक्कामा ढिलाइ हुने देखिएको छ। 'अहिले हामीलाई मुआब्जाको समस्या टुंग्याएर ठाउँ क्लियर बनाउने हतारो छ,' उनले भने, 'काठमाडौंतिर समस्या छैन, धादिङतर्फ मुआब्जा वितरणको काम नै सुरु भएको छैन।'

आयोजनाले गत वर्ष नै मुआब्जा वितरणको तयारी गरे पनि जग्गाको मूल्य नमिल्दा वितरण प्रक्रिया रोकिएको थियो। 'अब जग्गाको समस्या टुंग्याएर मुआब्जा वितरण नगरे निर्माणमा ढिलाइ हुनेछ,' उनले भने, 'अब यसलाई टुंग्याउने प्रक्रियामा छौं।' सम्झौता भएको एक महिनाभित्र साइट क्लियर गर्नुपर्ने हुन्छ।

सुरुङको लम्बाइ २ दशमलव ६८ किमि हुनेछ। नागढुंगाबाट सिस्नेखोलासम्म मात्र सुरुङ निर्माण हुनेछ। सुरुङमार्ग गुर्जुधाराबाट पश्चिमतर्फ ६ सय मिटरको अकासे-पुल (फ्लाई ओभर) बन्नेछ। यो उत्तरतर्फ मोडिएर सुरुङ मार्गको मुखमा पुग्ने साढे २ किमिको सडक बन्नेछ। सिस्नेमा सुरुङबाट निस्किँदा त्रिभुवन राजपथसँग जोडिने ५ सय मिटर नयाँ सडक बन्नेछ। यो २२ अर्बको ठेक्का हो। मुआब्जा वितरण र परामर्श सेवा पनि यसैमा जोडिनेछ। जापान सरकारको करिब १६ अर्ब मात्र ऋण भएको र मुआब्जा नेपाल सरकार आफैंले तिर्नुपर्नेछ।

जापान सरकारले ४० वर्षका लागि ऋण दिएको हो। पहिलो १० वर्षसम्म ऋणको ब्याज तिर्नुपर्ने छैन र ३० वर्षको मात्र ब्याज तिर्नुपर्ने आयोजना प्रमुख खरेलले बताए। सुरुङ निर्माण गर्न लागिएको खण्डमा दैनिक सवारी जाम हुन्छ। सुरुङमार्ग निर्माणपश्चात् जाम कम हुने आयोजनाको दाबी छ। जामलाई मध्यनर गर्दै सुरुङमार्ग निर्माण गर्ने योजना अघि सारिएको हो।

# मल अभावले रित्तै फर्किए किसान

**ठाकुरसिंह थारू** (बर्दिया)

युरिया मल नपाएर यहाँका किसान रित्तो हात फर्किएका छन्। सहकारीमार्फत मल किसानलाई उपलब्ध गराउँदै आएको कृषि सामग्री संस्थान बर्दियामा साउनयता मलको मौज्दात सकिएको छ।

मल पाउने आशामा किसान दैनिक गुलरिया पुग्ने गरेका छन्। बुधबार पनि किसान रित्तो हात फर्किए। कृषि सामग्री बर्दियाका प्रमुख नरहरि पोखरेलले मलको स्टक सकिएकाले समस्या भएको बताए। 'मल नपाएर किसान रोइरहेका छन्। पैसा तिर्न तयार हुँदा पनि मल नपाउँदा कसको मन रुँदैन ?' उनले कान्तिपुरसँग भने, 'यसबेला किसानलाई बढीजसो युरिया मल चाहिएको छ। तर, हामीले चाहेर पनि दिन सकेका छैनौं।' उनका अनुसार बर्दियाका लागि कम्तीमा पनि युरिया १२ हजार टन, डीएपी १० हजार टन र पोटास ४ सय टन आवश्यक पर्छ। तर, माग अनुसारको मल भने कृषि सामग्रीले उपलब्ध गराउन सकेको छैन। रोपाइँका बेला बर्दियामा सबै गरी ७५ सय टन मल बिक्री भएको थियो।

केन्द्रले मल खरिद गरी पठाउन नसकेका कारण बर्दियामा मलको हाहाकार भएको हो। भारतमा पाइने रासायनिक मल ल्याउन रोक लगाइएको र नेपाली मल खरिद गर्न नपाउँदा किसान समस्यामा परेका हुन्। भारतीयभन्दा नेपाली मलको मूल्य बढी छ। कृषि सामग्रीका अनुसार केन्द्रबाट मल खरिद गरेर नपठाउँदासम्म अभाव भइरहनेछ। लिमिटेडले कृषि सहकारीलाई बिक्री गर्ने र सहकारीले किसानलाई मल उपलब्ध गराउँदै आएका छन्।

यस वर्ष बर्दिया कृषि सामग्रीले प्रतिबोरा युरियाको ८ सय १, डीएपीको २ हजार २ सय ५१ र पोटासको १ हजार ४ सय ४५ रुपैयाँ मूल्य तोकेको छ। सहकारीहरूले भने केही नाफा र यातायात ढुवानी खर्च लिएर किसानलाई बिक्री गर्दै आएका छन्। बर्दियाका ९५ सहकारीले मल बिक्री गर्ने अनुमति पाएका छन्।


**घर जग्गा चाहियो**

काठमाण्डौको पुतलीसडक, डिल्लीबजार, नक्साल, अनामनगर, ज्ञानेश्वर, बालुवाटार, आसपासको क्षेत्रमा कम्तिमा १० आनादेखि १२ आनासम्म जग्गा वा घर चाहिएकोले तु. सम्पर्क गर्नुहोला।

सम्पर्क: ९८४१४०१५८५

**URGENTLY WANTED**

A reputed college invites application from smart and dynamic candidates for the post of

**ASSISTANT TO COORDINATOR**

**(Female Preferred)**

Qualification : Minimum Bachelor
Salary : Attractive (Negotiable)
Experience : Minimum 3 years as an office Secretary/Teacher/Admin. Assistant in a reputed institution.

Email your updated C.V. with expected salary within 3 days at : evisionus53@gmail.com

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederazium svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

**VACANCY NOTICE**

**Swiss Agency for Development and Cooperation (SDC)** is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) through the Department of Local Infrastructure (DoLI) under the Ministry of Federal Affairs and General Administration (MoFAGA) in the implementation of **Trail Bridge Sub Sector Programme (TBSSP)** in Nepal.

On behalf of SDC, Helvetas, Nepal provides technical assistance to the Government of Nepal for implementation of TBSSP under Sector-Wide Approach (SWAp) through Trail Bridge Support Unit (TBSU).

TBSU/Helvetas Nepal invites applications only from **Nepali women citizens** for the following position

**Position** : **Trail Bridge Engineer (TBE) – 5 Positions**
**Purpose** : Provide technical assistance to the respective Infrastructure Development Offices(IDOs)/ Transport Infrastructure Directorate (TID) and Palikas
**Qualification** : Bachelor's Degree in Civil Engineering with one year experience in trail bridges or completed one year of traineeship on "Trail and Motorable Bridges".
**Duration** : 3 years (subject to project approval)
**Duty station** : Provincial Offices of Trail Bridge Support Unit (TBSU) with frequent travel to the field (at least 70% of time in the field).

**Major Roles and Responsibilities**

- Support Provincial partner by co-working to provide technical assistance to the respective IDOs/TID and Palikas, ensuring that they construct bridges as per national norms and standard and in the spirit of National Policy.
- Monitor the performance of other partner providing support to IDOs/TID/Palikas and guide them when deemed required.
- Planning, budgeting, survey, design, estimate, monitoring and supervision of bridge construction ensuring social and environmental aspects, quality control and quality assurance of Trail bridges

**Application Procedures:** Interested candidates who meet above requirements are requested to visit the website at http://apply.helvetas.org.np and submit application through online portal. Detail descriptions are available in the website.

Enquiry in any form will automatically disqualify the candidate. Only short-listed candidates will be contacted for further tests and interviews. TBSU reserves the right to reject any or all applications.

**Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to women candidates and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority communities.**

**Deadline for submission of application:** 21 August 2019

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederazium svizra

Federal Department of Foreign Affairs FDFA
**Swiss Agency for Development and Cooperation SDC**
स्वीस सरकार विकास सहयोग एसडिसि

**TRAINEESHIP OPPORTUNITY FOR SUB-ENGINEERS**

Swiss Agency for Development and Cooperation (SDC) is providing Technical Assistance (TA) to the Government of Nepal (GoN) through the Department of Local Infrastructure (DoLI) under the Ministry of Federal Affairs and General Administration (MoFAGA) for the implementation of Trail Bridge Sub Sector Programme (TBSSP) and Local Roads Bridge Programme (LRBP) in Nepal.

On behalf of Swiss Agency for Development and Cooperation (SDC), Trail Bridge Support Unit (TBSU)/Helvetas Nepal and Local Roads Bridge Support Unit (LRBSU)/AF–Iteco, Switzerland provide the **Technical Assistance** to the Government of Nepal for the implementation of TBSSP and LRBP respectively.

The federal restructuring of country provides a unique historic opportunity for local development in Nepal. The Local and Provincial governments enjoy unprecedented rights and functions with some exclusive authorities for the development of trail and motorable bridges. With a broader objective to help the GoN in developing inclusive human resources with the required capacities in the areas of bridge building, SDC intends to offer traineeship opportunities for fresh engineering graduates (diploma levels), to gain a first-hand experience on bridge engineering and management in these two projects.

In this context, TBSU/Helvetas Nepal invites applications from interested and qualified Nepali Nationals (fresh graduates of diploma in civil engineering) for following traineeship positions:

**Position** : **Trainee Sub-engineer - 35 positions**
**Purpose** : Provide professional work exposure to the fresh graduates by providing guided work opportunity from the senior staff of TBSU and LRBSU. Get hands-on skill on Trail Bridge and Motorable Bridge survey, design, investigation, construction and have exposure in the fieldworks.
**Qualification** : **Fresh Graduates** completing Diploma in Civil Engineering with keen learning attitude, sense of responsibility and sensitivity towards multicultural environment. No prior job experience required.
**Duration** : 9 months
**Duty station** : Provincial Offices of TBSU and LRBSU with frequent travel to the field (at least 70% of time in the field). The field deputation will be done as per both projects' needs.

**Major Roles and Responsibilities**

The Trainee Sub-engineer will acquire in depth knowledge, skills and experience in Trail Bridge and Motorable Bridge area and s/he will be responsible to assist Trail Bridge and Motorable Bridge Engineer for:

- supporting provincial partners by co-working to provide technical assistance to the respective local and provincial governments;
- ensuring that local and provincial governments construct trail and motorable bridges respectively in coherence with the National Bridge policy and strategies;
- planning, budgeting, survey, design, estimate, construction, monitoring and supervision, quality control and quality assurance of Trail and Motorable bridges

**Application Procedures:** Interested candidates who meet above requirements are requested to visit the website at http://apply.helvetas.org.np and submit application through online portal. Detail descriptions are available in the website.

Enquiry in any form will automatically disqualify the candidate. Only short-listed candidates will be contacted for further tests and interviews. TBSU/Helvetas Nepal reserves the right to reject any or all applications.

**Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to women candidates and candidates from Dalit, Janajati, Madhesi/Terai, and other minority communities.**

**Deadline for submission of application:** 21 August 2019

# निस्दीमा पाँच सय प्रकारका कर

## मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा/उडुस मार्ने औषधि बिक्रीमा समेत ५ रुपैयाँका दरले राजस्व बुझाउनुपर्छ ।

■ **माधव अर्याल** (निस्दी, पाल्पा)

अरुण र निस्दी खोलाको डर सधैं छ । ग्रामीण कच्ची सडक बन्द छन् । गाउँपालिका केन्द्र मित्याल जाँदा कतिपयलाई बास नै बस्नुपर्छ । सयौं घरपरिवार टुकीको भरमा छन् । पानीका धारा घरघरमा पुगेका छैनन् । विद्यालयको सहज पहुँच छैन । अनेक थरी दुःख झेल्दै आएका निस्दीका बासिन्दालाई गाउँपालिकाले भने करको थुप्रो लगाएको छ ।

स्थानीय तह गठनपछि घरदैलोमै सुविधा पाउने आस गरेका नागरिक अहिले कर तिर्दै हैरान छन् । गाउँपालिकाको करको दर यो वर्ष झन् बढाएको छ । 'केही वर्ष बढाउन नपरोस् भनेर करको दर निर्धारण गरेका हौं,' गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शालिकराम बस्यालले भने, '२८ दिन गृहकार्य गरेर गत वर्ष नै करको दर निर्धारण गरेका थियौं ।'

गाउँपालिकाका अनुसार दैनिक सिफारिसबाटै बढी राजस्व संकलन हुने गरेको छ । गत आर्थिक वर्षमा लक्ष्यभन्दा बढी राजस्व उठेको छ । बस्यालका अनुसार २० लाख ७० हजार लक्ष्य लिएकामा २२ लाख उठेको छ । यस वर्ष २५ लाख ७० हजार आन्तरिक आम्दानीको लक्ष्य लिएको उनले बताए । 'दुर्गम भएकाले अन्य आम्दानी खासै छैन,' उनले भने ।

गाउँपालिकाले निवेदन दस्तुर १० रुपैयाँ लिने गरेको छ । नाता प्रमाणित, जन्ममिति प्रमाणित, विवाह प्रमाणित तथा अविवाहित प्रमाणित, बसाइँसराइ, मृत्यु, व्यक्तिगत विवरण, हकवाला वा हकदार प्रमाणितको २ सय रुपैयाँ तोकिएको छ । अंग्रेजी माध्यममा सिफारिस र प्रमाणित गर्नुपर्दा भने ५ सय रुपैयाँ लिने गरिएको छ । संरक्षक प्रमाणित, संस्थागत र व्यक्तिगत संरक्षण सिफारिस, नागरिकता लिन, मोही लगत कट्टीको सिफारिस, चार किल्ला प्रमाणित, कागज मञ्जुरीनामा, मिलापत्रको कागजात गराउने निवेदनको पनि २ सय रुपैयाँ तोकिएको छ । वैदेशिक अध्ययन तथा रोजगार सिफारिसका लागि एक हजार तोकिएको छ । निःशुल्क, सःशुल्क स्वास्थ्य उपचार, घरबाटो प्रमाणित, नाम वा जन्ममिति संशोधन, जग्गाधनी पुर्जा हराएको, कित्ताकाट, जग्गादर्ता, आर्थिक अवस्था बलियो, दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिसमा पनि गाउँपालिकाले २ सय रुपैयाँ लिने गरेको छ । जीवित रहेको सिफारिस गर्दा ३ सय रुपैयाँ लाग्छ ।

आर्थिक ऐन, २०७६ अनुसार नामसारी गर्ने सिफारिस गर्दा भने ५ सय रुपैयाँ लाग्छ । फरक जन्ममिति संशोधन, जग्गा मूल्यांकन, अदालतको कोट फि मिनाहा, नाबालक परिचयपत्र, चौपायासम्बन्धी, व्यवसाय दर्ता, विद्यालय ठाउँसारी, विवरण खुलाई पठाउने कार्यका लागि सिफारिस गर्दा पनि २ सय लाग्छ । पेन्सन सिफारिस वैदेशिक मुलुकका लागि ५ सय र नेपालका लागि ३ सय लिने गरिएको छ । वैवाहिक अंगीकृत नागरिकता सिफारिसको १ हजार, साधारण मुचुल्का सिफारिसको २ सय लाग्ने आर्थिक ऐनमा उल्लेख छ ।

'सबैभन्दा धेरै सिफारिसका लागि आउने भनेकै यिनै शीर्षक हुन्,' प्रमुख प्रशासकीय अधिकृत बस्यालले भने । उद्योग खोल्ने सिफारिसमा पनि करको दर महँगो छ । विभिन्न ३४ उद्योगका लागि करको दर निर्धारण गरिएको छ । चाउचाउ, बिस्कुट, चप्पल, सलाई उद्योग खोल्नलाई सिफारिस लिन १ हजार ५ सय तिर्नुपर्छ । प्लाई, काष्ठ, प्लास्टिक, गार्मेन्ट उद्योगका लागि ३ हजार राजस्व लिइन्छ । सःमिलसहितको काष्ठ उद्योग, डिस्टिलरी, इँटा, टायल, चुरोट, बिँडी, वेदबाँस फर्निचर उद्योग, गलैंचा उद्योगका लागि भने ५ हजार तोकिएको छ । तामा, आल्मुनियमजस्ता धातु, पशु आहार, भुजिया, पाउरोटी, ग्यारेज खोल्न एक हजार रुपैयाँ सिफारिस दस्तुर लाग्छ । कपडा रिफाइन उद्योगका लागि सिफारिस लिन ६ सय रुपैयाँ लाग्छ । दैनिक/साप्ताहिक हाटबजारमा प्रतिदिन जिउँदो खसी बोका, राँगा, सुँगुर बेच्नेलाई प्रतिगोटा २० रुपैयाँ दस्तुर लाग्छ । हाँस र परेवा बिक्री गर्दा पनि १० रुपैयाँ तिर्नुपर्ने हुन्छ । मुरली, बाँसुरी, गुलेली, थैली, जुम्रा/उडुस मार्ने औषधि बिक्री गर्दा ५ रुपैयाँका दरले बिक्रीबापतको राजस्व गाउँपालिकालाई तिर्नुपर्छ ।

खेल तमासा देखाउने, प्रचारप्रसार गरी व्यवसाय गर्ने, फलामको समान, भाँडाकुँडा, फोटो, मर्मत, किराना, खुद्रा पसलको पनि करको दर तोकिएको छ । अहिलेसम्म निस्दी गाउँपालिकामा हाटबजार चलेको छैन । सडकको छेउमा विभिन्न पसल गर्नेलाई बहालबिटारी कर तोकेको छ । तर यस वर्ष १५ हजार मात्र आम्दानी हुने अनुमान गरेको प्रमुख प्रशासकीय अधिकृत बस्यालले बताए । यसमा जुनसुकै पसल राखे पनि सय रुपैयाँ तिर्नुपर्ने हुन्छ । विज्ञापन करमार्फत ११ प्रकारका दायरा छन् । जडीबुटी, कवाडी र जीवजन्तु (प्रतिबन्धितबाहेक) का कर तोकिएको छ । टिमुरको दुई, दालचिनीको बोक्रा एक, तेजपातको ५० पैसा, चिउरी बियाँ, अम्रिसो ५० पैसा प्रतिकेजी कर तिर्नुपर्छ । कुरिलो, हर्रोबर्रो, सुठीको एक, अदुवा काँचो र बेसारको ५० पैसा, खयर प्रतिक्यु फिट दुई रुपैयाँ कर तोकेको छ ।

गाउँपालिकाले दलहन र कवाडी सामानको प्रतिकेजी ५० पैसा, वनकस बाबियोको प्रतिक्विन्टल १० रुपैयाँ तोकेको छ । प्रचलित कानुनले नगरेको मृत जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको २ सय तोकेको छ । आर्थिक ऐनअनुसार व्यवसाय करका लागि ५ लाखसम्मलाई 'घ', ५ देखि १२ लाखसम्मलाई 'ग', १२ देखि २० लाखसम्म 'ख' र २० लाखभन्दा माथिकालाई 'क' वर्ग तोकेर करको दर निर्धारण गरिएको छ । यसमा होटल, लज, रेस्टुरेन्ट, मदिरा पसल, मिठाई पसल, कपडा, फेन्सी, ऊनी धागो, जुत्ताचप्पल, निर्माण सामग्री, खाद्यान्न, भाँडा, स्टेसनरीलगायत पसल छन् । यहीअन्तर्गत इन्टरनेट, इलेक्ट्रोनिक, साइकल बिक्री, सवारी मोटर पार्ट्स, ड्राइभिङ इन्स्टिच्युट, ग्रिल, कवाडी सामानको थोक बिक्रेता, टेन्ट, पाउरोटी, सहकारी संस्थालगायत ७१ प्रकारमा करको दर छ ।

प्रमुख प्रशासकीय अधिकृत बस्यालका अनुसार सम्पत्ति कर भने स्वःघोषणा गरेर यस वर्षदेखि उठाउने निर्णय भएको छ । गाउँपालिका अध्यक्ष मुक्तबहादुर सारूले कार्यपालिकाको बैठकले अघिल्लो वर्ष निर्धारण गरेको करको दरलाई परिवर्तन नगरेको बताए । 'आर्थिक ऐनअनुसार नै वर्षभरि कर लिइनेछ,' उनले भने, 'अन्य स्थानीय तहले जे गर्छन्, हामी पनि सोहीअनुसार गर्नेछौं ।'



**विराटनगरस्थित विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालामा बुधबार तरकारीको नमुना परीक्षण गर्दै प्राविधिक टोली । प्रदेश १ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतको बाली संरक्षण प्रयोगशालामातहतमा २५ असारदेखि सञ्चालित उक्त प्रयोगशालामा स्थानीय र भन्सारबाट ल्याइएका तरकारीको ३० वटा नमुना परीक्षण भइसकेको छ ।** *तस्बिर : जितेन्द्र साह/कान्तिपुर*

## 'अपझट आकस्मिकता'...

उनले 'आइस्योस्-गइस्योस्' को भाषा आफूलाई प्रयोग नगर्न र सञ्चारमाध्यममा विज्ञापनमार्फत बधाई नदिन आग्रह गरे ।

भट्टराईले आफ्नो कार्यकालको पहिलो चुनौतीका रूपमा नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई लिएका छन् । 'भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । यसका लागि सबै संयन्त्र अघि बढ्छन्,' उनले भने । निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्ने उनले बताए । 'सकेसम्म भनिएको समयभन्दा पहिल्यै सक्छौं, भएन भने तोकिएको समयभित्र सक्छौं' उनले भने ।

आगामी वर्षदेखि सुरु हुने भ्रमण वर्षलाई सहयोग पुग्ने गरी विमानस्थल निर्माण सक्ने प्रतिबद्धता उनले जनाए । निजगढमा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागि सहमति जुटाउने जनाउँदै उनले सरकारको बाँकी कार्यकालभित्र द्रुतगतिमा काम बढाउने बताए । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको साख उठाउन निगमका पदाधिकारीसँग छुट्टै छलफल गर्ने उनले बताए । 'निगमको साख र विश्वसनीयता उठाउँछौं,' उनले भने, 'आज जसरी टिप्पणी भइरहेको छ, त्यसलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।' उनले देशभरका आन्तरिक विमानस्थल सुदृढीकरण गर्ने बताए ।

भट्टराईले कार्यभार सम्हालेलगत्तै नेपाल नागरिक उड्डयन प्राधिकरणलाई नियमनकारी र सेवा प्रदायक निकायमा विभाजन गर्न बनाइएको विधेयकमाथि अन्य मन्त्रालयको राय लिनुपर्ने विषयको निर्णय सदर गरेका थिए । यसबारे मन्त्रिपरिषद्ले सैद्धान्तिक सहमति दिइसकेकाले मन्त्रालयले प्राधिकरण विभाजनको विधेयक बनाएको हो । सरोकारवाला मन्त्रालयको राय आएपछि विधेयक मन्त्रिपरिषद्मा पठाइने पर्यटन सचिव सापकोटाले बताए । नागरिक उड्डयन क्षेत्रमा नियमनकारी र सेवा प्रदायक निकाय एउटै भएका कारण युरोपियन युनियनले नेपाली वायुसेवा कम्पनीलाई उसको आकाशमा उड्न रोक लगाएको छ । नेकपाका स्थायी समिति सदस्यसमेत रहेका भट्टराई पहिलोपटक मन्त्री बनेका हुन् । २०२३ सालमा ताप्लेजुङमा जन्मिएका भट्टराई तत्कालीन एमालेको विद्यार्थी राजनीतिबाट उदाएका नेता हुन् । २०४३ मा महेन्द्ररत्न क्याम्पस ताहाचलको स्ववियु सभापति बनेका उनी २०५२ मा तत्कालीन एमाले विद्यार्थी संगठन अनेरास्ववियुको अध्यक्ष थिए । विद्यार्थी राजनीतिको बलमा पार्टीमा स्थापित नेता भट्टराई तत्कालीन माओवादीसँग मिल्नुअघि एमालेको सचिव थिए ।

भट्टराई पार्टीभित्र र बाहिर विचार र संगठन दुवै क्षेत्रमा क्रियाशील नेताका रूपमा चिनिन्छन् । २०५४ सालमा तत्कालीन एमाले विभाजन हुँदा उनी माले खेमामा लागेका थिए । पार्टी एकीकरणपछि संगठन निर्माणका क्षेत्रमै क्रियाशील भए । २०६२/६३ को जनआन्दोलनका बेला काठमाडौंको आन्दोलन परिचालनको अग्रमोर्चामा संलग्न थिए । २०६४ र २०७० को संविधानसभा चुनावमा उनी काठमाडौं निर्वाचन क्षेत्र ६ बाट उम्मेदवार बनेका थिए । दुवै निर्वाचन उनका लागि अनुकूल बनेनन् । त्यसपछि २०७४ को प्रतिनिधिसभा चुनावमा गृह जिल्ला ताप्लेजुङबाट उम्मेदवार बने र जिते ।

तत्कालीन एमालेको प्रचार विभागमा बसेर पार्टीका प्रकाशन र प्रचारका काममा समेत भूमिका निर्वाह गरिसकेका भट्टराई संसद्भित्र संसदीय सुनुवाइ समिति र शिक्षा समितिमा बसेर काम गरिरहेका थिए । भट्टराईलाई मन्त्री बनाउन पार्टीभित्रबाट सुरुदेखि नै दबाब थियो । पहिलो चरणको मन्त्रिपरिषद् विस्तारकै क्रममा भट्टराईको नाम आए पनि पार्टीभित्रको गुटबन्दीका कारण उनी सूचीमा परेनन् । चुनावका बेला अध्यक्ष ओलीले नै भट्टराईको निर्वाचन क्षेत्रमा पुगेर जितेपछि मन्त्री बनाउने आश्वासन दिएका थिए । चुनाव जितेपछि सरकार बनाउने बेला भट्टराई पार्टीभित्रको आन्तरिक खिचातानीको सिकार बने । उनी नेकपाभित्र माधव नेपाल समूहनिकट हुन् । तत्कालीन एमालेको महाधिवेशनमा नेपाल समूहबाटै सचिव निर्वाचित भएका थिए ।

## चिकित्सा आयोगमा ११ जनाको दरखास्त

काठमाडौं (कास)- दोस्रोपटक गरिएको आह्वानमा चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष बन्न ११ जनाले दरखास्त दिएका छन् । ६ जना नयाँ अनुहार र ५ जना पहिलोपटक आवेदन दिएकामध्येकै छन् । दरखास्त दिनेमा श्रीकृष्ण गिरी, नीलमणि उपाध्याय, सुरेन्द्र शेरचन, शम्भु पहारी, राजेन्द्रप्रसाद साह, जेएन पाण्डेय, रमेशप्रसाद सिंह, तरुण पौडेल, प्रमोदकुमार शर्मा, यहुनचन्द्र सिवाकोटी र पारसकुमार पोखरेल रहेको आयोगले जनाएको छ ।

दोस्रोपटकको १५ दिने आवेदन म्याद बुधबार सकिएको हो । आवेदकमध्ये उपाध्याय, गिरी, सिंह, पोखरेल र शर्माले पहिलोपटक पनि निवेदन दिएका थिए । लोकसेवा आयोगका अध्यक्षको संयोजकत्वमा रहेको उपाध्यक्ष सिफारिस समितिले उनीहरूको आवेदन रद्द गर्दै असार ३१ गते दोस्रोपटक दरखास्त आहवान गरेको थियो । पहिलोपटक आवेदन दिनेमध्ये नीलाम्बर झाले यसपटक दिएका छैनन् ।

सिफारिस समितिले उपाध्यक्ष भएपछि नेतृत्वदायी भूमिका निर्वाह गर्ने सोचपत्र र व्यावसायिक कार्ययोजनासहित दरखास्त दिन आह्वान गरेको थियो । यसअघि आवेदन दिने उम्मेदवारहरू आयोगको 'नेतृत्व हाँक्न सक्ने सक्षम र विज्ञ नभएको' भन्दै आलोचना भएको थियो । समितिले राष्ट्रिय चिकित्सा शिक्षा ऐनको प्रावधानबमोजिम पहिलोपटक आवेदन नगरेको भन्दै विरोध भएपछि रद्द गरेर पुनः उम्मेदवारी माग गरिएको हो । दोस्रोपटक आवेदन दिनेहरूका लागि दायरासमेत फराकिलो पार्दै विशिष्टीकरण गरिएको थियो । दरखास्त दिने अन्तिम दिनसम्म ४५ वर्ष पूरा भई ६५ वर्ष ननाघेको, चिकित्सा शिक्षामा ख्यातिप्राप्त व्यक्तिले आवेदन दिन सक्ने मापदण्ड तोकिएको थियो । यसअघि उमेर हद ६४ वर्ष तोकिएको थियो । उक्त उमेर हदका कारण आयोगको नेतृत्व गर्न लायक र सम्भावित उम्मेदवार दरखास्त दिनेबाट वञ्चित भएको भन्दै आलोचना भएको हो । दायरा फराकिलो बनाएपछि ११ जनाले दरखास्त दर्ता गराएका हुन् ।

मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्रसम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर गरी २० वर्षको कार्यअनुभव र चिकित्सा शिक्षासम्बन्धी क्षेत्रमा १० वर्ष काम गरेको व्यक्तिले आवेदन दिन सक्ने सूचना आयोगले जारी गरेको थियो ।

चिकित्सा शिक्षा ऐनको दफा ५ बमोजिम गठन हुने चिकित्सा शिक्षा आयोगमा यस क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका मध्येबाट एक जना उपाध्यक्ष हुने प्रावधान छ । समितिले दरखास्त दिएका योग्यमध्ये ३ जनाको नाम नियुक्तिका लागि सरकारसमक्ष सिफारिस गर्नेछ । आयोगका कुलपति तथा प्रधानमन्त्रीले सिफारिस भएका मध्येबाट १ जना आयोगको उपाध्यक्ष नियुक्त हुने प्रावधान छ ।

## देउवा-पौडेल चर्काचर्की...

तर, पौडेलले असोजभित्र संक्रमणकालीन संरचना निर्माण भइसक्नुपर्ने अडान राखे । निधिले अन्तरिम संरचना निर्माणपछि मात्रै केन्द्रीय महाधिवेशनको कार्यतालिका ल्याउन सकिने बताए । पौडेलले भने केन्द्रीय महाधिवेशन कहिले गर्ने भन्ने मोटोमोटी तालिकासमेत ल्याइनुपर्ने बताए । पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले सभापति र पदाधिकारीको यस्तै कार्यशैलीबाट पाँच वर्षमा पनि महाधिवेशन हुन नसक्ने बताए ।

'महाधिवेशन भएन भने सभापति असफल हुनुहुन्छ, पदाधिकारी असफल हुन्छन्,' सिटौलाले भने, 'त्यतिबेला हामीले प्रश्न गर्दा तपाईंले के जवाफ दिनुहुन्छ ?' उनले पुस मसान्तभित्र अन्तरिम संरचना निर्माण गर्ने भनेर मात्रै नहुने भन्दै कार्ययोजनासहितको औपचारिक प्रस्ताव प्रस्तुत गर्नुपर्ने बताए ।

'संक्रमणकालीन संरचना कुन मोडालिटीबाट निर्माण गर्ने ? सहमति गर्ने हो भने कहाँ-कहाँ कसरी गर्ने ? निर्वाचनमा जाने हो भने कसरी कहाँ (कुन-कुन तह) बाट निर्वाचन गर्ने मोडालिटीसहितको प्रस्ताव आउनुपर्छ,' सिटौलाको भनाइ थियो, 'मोडालिटीसहित प्रस्ताव आएन भने विवाद झनै चर्कन्छ । त्यसका लागि पदाधिकारीले प्रस्ताव ल्याउनुहोस् ।'

लगत्तै केन्द्रीय सदस्य मीन विश्वकर्माले मोडालिटी तय गर्न कार्यदल निर्माणको प्रस्ताव गरे । सभापतिले त्यसैलाई समर्थन जनाउँदै महामन्त्री शशांक कोइरालाको संयोजकत्वमा समिति निर्माणको प्रस्ताव गरे । तर, उपसभापति निधिले असन्तुष्टि जनाए । विधानको एउटा बुँदा कार्यान्वयनका लागि कार्यदल बनाउँदै जाने हो भने भोलि सबैमा कार्यदल निर्माण गर्नुपर्ने अवस्था आउन सक्छ भन्दै उनले असन्तुष्टि जनाएका थिए । निधिको असन्तुष्टिपछि कार्यदल निर्माण भएन । त्यसपछि सभापति देउवाले शुक्रबारको बैठकमा प्रस्तुत गर्ने गरी अन्तरिम संरचना निर्माणको कार्यतालिका र मोडालिटी तय गर्न उपसभापति निधि, महामन्त्रीद्वय कोइराला र पूर्णबहादुर खड्कालाई जिम्मेवारी दिए ।

राज्य पुनःसंरचनाअनुसार कांग्रेसमा तल्ला तहका संरचना छैनन् । पुराना संरचना राज्य पुनःसंरचना हुँदा वडा, गाउँ/नगरपालिका र निर्वाचन क्षेत्र समायोजनका कारण भताभुंग छन् । वडा र संघीय निर्वाचन क्षेत्रीय कार्यसमिति नबनेसम्म पार्टीको क्रियाशील सदस्यताको वितरण र नवीकरण हुन सक्दैन । सदस्यता नवीकरण र वितरण नभएसम्म महाधिवेशनको प्रक्रिया अघि बढ्न सक्दैन । यी सबै काममा ढिलाइ गरेर महाधिवेशन टार्न खोजिएको आशंका पौडेलले गर्दै आएका छन् । पार्टी प्रवक्ता विश्वप्रकाश शर्माका अनुसार सभापति देउवा महाधिवेशन चाँडै गर्ने पक्षमै छन् । 'बैठक चाँडै सकौं । अन्तरिम संरचना चाँडै निर्माण गरी महाधिवेशन पनि चाँडै गरौं भन्ने प्रस्ताव सभापतिको थियो,' शर्माले भने ।

बैठकमा अन्तरिम संरचना निर्माण गर्दा तत्कालीन फोरम लोकतान्त्रिकसहित अन्य पार्टीबाट कांग्रेस प्रवेश गरेका नेता तथा कार्यकर्तालाई समायोजन गर्ने कि नगर्ने भन्ने विवाद पनि उब्जेको थियो । केन्द्रीय सदस्य महेश आचार्यले पार्टी विधानले पूर्वप्रतिनिधिहरूबाटै अन्तरिम संरचना निर्माणको व्यवस्था गरेकाले १४ औं महाधिवेशनबाट मात्रै समायोजन हुनुपर्ने बताएका थिए ।

लगत्तै उपसभापति विजय गच्छदारले कांग्रेस र तत्कालीन फोरम लोकतान्त्रिकबीच भएको सहमति पार्टीको विधानलाई हेरेर नभई राजनीतिक निर्णयका आधारमा गरिएको भन्दै समायोजनपछि मात्रै अन्तरिम संरचना निर्माण हुनुपर्ने बताए । 'यो पार्टीमा मैले पनि धेरै दुःख गरेको छु, विशेष परिस्थितिले पार्टी विभाजित भयो । तर, अहिले यही पार्टीमा फर्किएको छु,' गच्छदारको भनाइ थियो, 'दुई पार्टीबीच एकीकरण राजनीतिक निर्णयबाट भएको हो, विधानले निर्धारण गरेर होइन । विधान देखाएर सम्झौताविपरीतको कुरा उठाउन पाइन्न ।'

## खर्च नहुँदा ९ दिनदेखि अस्पतालमै

मोरङ (कास)- उपचार खर्च बुझाउन नसक्दा झापाका दुई महिला अस्पतालमै बाध्यात्मक रूपमा बसिरहेका छन् । बिरामी निको भएको र चिकित्सकले डिस्चार्ज गरेको ९ दिन बितिसक्दा पनि उनीहरू विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा रोकिएका हुन् ।

झापाको गौरादह नगरपालिका ७, फोगेटीका २१ वर्षीया कल्पना शिवा र सोही उमेरकी आकृति मोतेलाई अस्पतालले निस्कन दिएको छैन । उनीहरू जेठानी-देवरानी हुन् । कल्पनाका पति लीलाबहादुर मोतेले असार २२ गते खुकुरी प्रहार गरेर घाइते भएका उनीहरूलाई इलाका प्रहरी कार्यालय गौरीगन्जले उपचारका लागि नोबेल अस्पतालमा भर्ना गराइदिएका थिए । चिकित्सकले डिस्चार्ज गरिदिए पनि उपचार खर्च बुझाउन नसक्दा अस्पताल प्रशासनले निस्कन दिएको छैन । उनीहरूले उपचार खर्च छुट गरेर पनि १ लाख १० हजार रुपैयाँ तिर्नुपर्ने भनिएको छ । पत्रिकामा समाचार आएदेखि चिकित्सकले पटक-पटक अस्पतालको बदनाम गरेको आकृतिले गुनासो पोखिन् ।

अस्पताल प्रशासनले उपचार खर्च अधिकांश छुट गरिदिएको तर औषधि खर्च बुझाउन नसकेकाले समस्या भएको जनाएको छ । औषधि पसल अस्पतालको नभएकाले मिनाहा वा छुट गराउन आफूहरूलाई सकस भएको प्रशासनको भनाइ छ । आकृतिका बुबा गोपाल विश्वकर्मा गाउँमा १० हजार चन्दा संकलन गरेर बुधबार अस्पतालमा बुझाउन आएका थिए । अस्पताल प्रशासनले बिहीबार आउन सल्लाह दिएको उनले बताए ।

## भ्यु टावरमा...

टावरबाट पूरै काठमाडौंको दृश्यावलोकन गर्न सकिने सम्झौतामा छ । टावरलाई व्यापारिक केन्द्रका रूपमा विकसित गरिनेछ । टावरमा प्राचीन कला झल्कने विभिन्न किसिमका डिजाइन निर्माण गर्न लगाइनेछ । टावरमा चारवटा मनोरञ्जन हल, बैंक, अस्पताल, रेस्टुरेन्ट, पुस्तकालयसमेत बनाइनेछ । टावरका प्रत्येक तला चौबीसै घण्टा खुला रहनेछन् ।

पहिलो तीस वर्षसम्म निर्माण कम्पनीले नै टावर सञ्चालन गर्नेछ । त्यसपछि महानगरलाई हस्तान्तरण गर्नेछ । टावर निर्माण गर्न करिब साढे तीन अर्ब रुपैयाँ लाग्ने अनुमान कम्पनीको छ ।

कम्पनीले प्रत्येक वर्ष जमिनको सत्तरी लाख रुपैयाँ भाडा तिर्ने र भाडादर वर्षैपिच्छे दस प्रतिशतले बढ्ने पहिलो चरणको सम्झौता छ । टावर दुई वर्षभित्र सम्पन्न गर्ने, प्रत्येक वर्ष महानगरलाई २ करोड ३५ लाख राजस्व बुझाउने सम्झौतामा उल्लेख छ ।

ZONE PARKING SOLUTIONS

**UAE मा Nepali License भएका Driver हरुलाई सुनौलो अवसर**

पूर्व स्वीकृती मितिः २०७६/२/३१ चलानी नं. ६०१४०९५३ LT# 221261

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Car Washer | 05 | [illegible] | 800 | २४,२४७।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Driver | 70 | [illegible] | 1450 | ४३,९५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

नेपाली, UAE र GCC Lic. भएकाहरुले सम्पर्क गर्नुहोला । २५ दिन भित्र उडि सक्नुपर्नेछ ।


| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

प्रि-अन्तरवार्ता धमाधम भईरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट २०७६ श्रावण २१ र २२ गते (6 & 7 Aug) हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**K.D. OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, 01- 4365983, 9851070161, 9803278096, 9826480530, 9824977459, 9801039873, 9813967860
Lic. No.: 1253/074/075

**हार्दिक श्रद्धाञ्जली**



जन्मः वि.सं. २००९ वैशाख ३१
स्वर्गारोहणः वि.सं. २०७६ साउन ४

**स्वः इ.एस.पी. बराल**

यस नेपाल मेडिकल कलेज (प्रा.) लि. का संस्थापक शेयरधनी **इन्जिनियर एस.पि. बराल**को २०७६ साउन ४ गतेका दिन अकल्पनीय देहावसान भएकोमा यस (प्रा.) लि. का शेयरधनी तथा यस (प्रा.) लि. परिवार मर्माहत एवम् स्तब्ध भएका छौं । उहाँ स्वर्गारोहण हुनु भएको १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको लागि प्रार्थना गर्दै श्रद्धा सुमन अर्पण गर्दछौं । साथै समस्त शोकाकुल परिवारजनलाई यस दुखद् घडीमा धैर्य धारण गर्न सक्ने शक्ति आराध्यदेव श्री पशुपतिनाथले प्रदान गरुन् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

डा.भोला रिजाल
अध्यक्ष एवम्
**नेपाल मेडिकल कलेज (प्रा.) लि. परिवार**
गोकर्णेश्वर नगरपालिका, वडा नं. ८, आत्तरखेल, काठमाडौं

**हार्दिक समवेदना**



जन्मः २०३०/०९/१६ गते
स्वर्गारोहणः २०७६/०४/१२ गते

**स्व. अनुजकुमार वर्मा**

यस विश्वविद्यालयको स्कुल अफ इन्जिनियरिङ अन्तर्गत कम्प्युटर साइन्स एण्ड इन्जिनियरिङ विभागमा S4 पदमा कार्यरत **अनुजकुमार वर्मा**को असामयिक निधन भएकाले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**काठमाडौं विश्वविद्यालय परिवार**

खेलकुद
kantipurdaily.com



## रियलको खराब लय

रियल म्याड्रिडको प्रि-सिजनको तयारी खराब हुने क्रम जारी नै रहँदा उसलाई मंगलबार टोटेनहमले म्युनिखमा औडी कप फुटबलमा १–० ले हरायो । स्पर्सको जितमा एक्लो गोल ह्यारी केनले गरे । च्याम्पियन्स लिगको उपविजेता टोटेनहमले बुधबार बायर्नविरुद्ध खेल्नेछ ।

### १३ औं साग खेलकुद

# बन्द प्रशिक्षणको चटारो

■ कुशल तिमल्सिना (काठमाडौं)

दक्षिण एसियाली खेलकुद (साग) को १३ औं संस्करणका लागि नेपालको टिम तयारी प्रक्रिया लगभग पूरा भएको छ । सागमा समावेश गरिएको २७ मध्ये क्रिकेटबाहेक २६ खेलको बन्द प्रशिक्षणले पूर्णता पाएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले साउन १ देखि नै बन्द प्रशिक्षण सुरु गर्न सम्बन्धित खेल संघलाई निर्देश गरेको थियो । केहीले त्यतिबेलै प्रशिक्षण सुरु गरिसकेका छन् भने विभिन्न कारणले रोकिएका खेलको बन्द प्रशिक्षण पनि बिहीबार सुरु हुँदै छ ।

13th SOUTH ASIAN GAMES-2019 KATHMANDU-POKHARA 1-10 December, 2019

प्रदेश ५ मा भएको आठौं राष्ट्रिय खेलकुदका पदक विजेता खेलाडीलाई बन्द प्रशिक्षणमा सहभागी गराइएको छ । यसअघि स्वर्ण विजेताले मात्र सागको तयारीमा सहभागी हुन पाउने मापदण्ड तोकिए पनि प्रभावकारी नहुने भन्दै परिषदा नवनियुक्त सदस्य-सचिव रमेश सिलवालले पदक विजेता सबैलाई प्रशिक्षणमा सहभागी गराउने व्यवस्था गरेका हुन् ।

राखेपको राष्ट्रिय टिम तयारीका निर्देशक महेन्द्रकुमार राईले करिब १५ सय खेलाडी बन्द प्रशिक्षणमा सहभागी हुने जानकारी दिएका छन् । मंसिर १५ देखि २४ सम्म हुने १३ औं दक्षिण एसियाली खेलकुदमा नेपालको तर्फबाट ३ सय ३२ पुरुष र ३ सय १४ महिला खेलाडीले सहभागिता जनाउँदै छन् ।

क्रिकेटको बन्द प्रशिक्षण सुरु भएको छैन । पुरुष टोली हालै टान्टी-२० विश्वकप एसिया छनोट खेलेर फर्किएको छ । क्रिकेटको पनि केही दिनमै काठमाडौंको कीर्तिपुर र मूलपानी मैदानमा बन्द प्रशिक्षण सुरु हुने जानकारी राईले दिए । क्रिकेटका मुख्य प्रशिक्षक जगत टमाटाले साग खेलकुद खेल्ने टिमबारे टुंगो नलागेकाले बन्द प्रशिक्षण सुरु हुन नसकेको बताए । 'हामीले पुरुष स्पर्धामा यू-२३ टिम खेल्ने कि राष्ट्रिय टोली खेल्ने भन्ने निश्चित भइसकेको छैन,' मुख्य प्रशिक्षक टमाटाले भने, 'महिलातर्फ राष्ट्रिय टोली नै खेल्ने हो । बर्खाको समय भएकाले इन्डोर प्रशिक्षण गर्नुपर्छ । त्रिवि क्रिकेट मैदान खेल्न योग्य बनाउने कार्य बुधबार सुरु भएको छ । बन्द प्रशिक्षणमा रहने खेलाडीको नाम तय गरी यसै साताभित्र प्रशिक्षण सुरु गर्नेछौं ।'

बन्द प्रशिक्षणमा रहेका अधिकांश खेलका खेलाडीहरू नेपालमै प्रशिक्षणरत छन् । 'परिषदसँगको समन्वयमा बक्सिङका २० राष्ट्रिय खेलाडी थाइल्यान्डमा २ महिनाका लागि गएका छन् । आर्चरीका ४ र पौडीका ४ खेलाडी जापान प्रशिक्षण लिन गएका छन् । उनीहरू ओलम्पिक तयारीसम्बन्धी विशेष प्रशिक्षणमा रहने छन्,' राष्ट्रिय टिम तयारी निर्देशक राईले भने, 'अन्य खेल संघबाट पनि वैदेशिक प्रशिक्षणको प्रस्ताव आएमा खेलको सम्भावना हेरेर स्वीकृति दिनेछौं ।'

आर्चरी र कराँतेका एक-एक स्पर्धामा खेलाडी छनोट हुनै बाँकी छ । आठौं राष्ट्रिय खेलकुदमा यी खेलको टिम स्पर्धा समावेश नभएका कारण बन्द प्रशिक्षणमा अन्योल भएको हो । कराँतेको टिम कुमितेको खेलाडी छनोट बिहीबार हुँदै छ ।

प्रतियोगिताका लागि अधिकांश संघले आफ्ना टिमलाई काठमाडौं उपत्यकामै बन्द प्रशिक्षण गराइरहेका छन् । ७ खेलको बन्द प्रशिक्षण काठमाडौं उपत्यकाबाहिर भइरहेको छ । कुस्तीको हेटौंडा, बास्केटबलको धरान, खोखोको बर्दिया तथा आर्चरी, पाराग्लाइडिङ र ह्यान्डबलको बन्द प्रशिक्षण पोखरामा सुरु भएको छ । ह्यान्डबल, बास्केटबल, आर्चरी, खोखो, कबड्डीका खेलको बन्द प्रशिक्षण बिहीबारदेखि सुरु हुन लागेको हो । कुस्तीको साउन १० देखि र फुटबलको १३ देखि प्रशिक्षण सुरु भएको राखेपले जनाएको छ ।

पौडीले नेपालमा रहेका खेलाडीलाई कालोपुलस्थित द वेस्ट भेन्यूको पोखरीमा प्रशिक्षण गराइरहेको छ । 'हाम्रा ४ खेलाडी ओलम्पिक तयारी कोर्सअन्तर्गत प्रशिक्षण लिन जापान गएका छन् । यसले साग खेलकुदलाई पनि सहयोग गर्नेछ । गौरिका सिंह, डुवाना लामालगायतका खेलाडी विदेशमै प्रशिक्षणरत छन्, अन्य खेलाडीलाई एउटा पार्टी प्यालेसको पोखरीमा प्रशिक्षण राखेका छौं । केही दिनमै सातदोबाटोको आफ्नै पोखरीमा ल्याउने छौं,' पौडी संघका अध्यक्ष अशोक वज्राचार्यले भने ।

चीनको सहयोगमा सातदोबाटोमा निर्माण भएको सुटिङ रेन्ज ठेकेदारले हस्तान्तरण नगरेका कारण सुटिङको बन्द प्रशिक्षणमा भने असर परेको छ । टिमलाई आर्मीको रेन्जमा साताको २ दिन प्रशिक्षण दिने गरिएको छ भने बाँकी समयमा फिजिकल ट्रेनिङमात्र हुने गरेको छ । 'यति ठूलो प्रतियोगिताका लागि जस्तो तयारी हुनुपर्ने थियो । त्यो नभएकाले हामीलाई समस्या भएको छ,' सुटिङकी प्रशिक्षक शकुन्तला श्रेष्ठले भनिन्, 'राम्रो ठाउँमा प्रशिक्षण गर्ने चाहना खेलाडीले पनि राखेका छन् ।'

राखेपले १३ औं साग खेलकुदमा समावेश २७ मध्ये २६ खेलको खेल आयोजनास्थल पनि टुंगो लगाएको छ । फेन्सिङ खेलबाहेक अन्यको आयोजनास्थल टुंगो लागिसकेको राष्ट्रिय टिम तयारी निर्देशक राईले जानकारी दिए । तर आवश्यकता हेरेर अन्य खेलको पनि आयोजनास्थल हेरफेर हुनसक्ने राखेपले बताएको छ । पोखरामा ७ खेलको प्रतिस्पर्धा हुनेछ भने बाँकी सबै खेल काठमाडौं, ललितपुर र भक्तपुर जिल्लामा हुनेछन् ।

**सागमा समावेश २७ खेल**

| खेल | बन्द प्रशिक्षण स्थल |
|---|---|
| आर्चरी | पोखरा |
| एथलेटिक्स | आर्मी मैदान भद्रकाली |
| ब्याडमिन्टन | दशरथ रंगशाला, त्रिपुरेश्वर |
| बक्सिङ | थाइल्यान्ड, आर्मी कभर्डहल |
| फेन्सिङ | पुलिस एकेडेमी, महाराजगन्ज |
| जुडो | जुडो हल, नयाँबजार |
| कराँते | कराँते हल, सातदोबाटो |
| सुटिङ | सुटिङ रेन्ज, सातदोबाटो |
| पौडी | द वेस्ट भेन्यू, कालोपुल |
| टेबलटेनिस | टीटी प्रशिक्षण केन्द्र, लैनचौर |
| तेक्वान्दो | तेक्वान्दो हल, सातदोबाटो |
| टेनिस | टेनिस कोर्ट, सातदोबाटो |
| भारोत्तोलन | दशरथ रंगशाला, त्रिपुरेश्वर |
| ट्रायथोलन | आर्मी प्रशिक्षण केन्द्र, लगनखेल |
| उसु | दशरथ रंगशाला, त्रिपुरेश्वर |
| कुस्ती | हेटौंडा |
| पाराग्लाइडिङ | पोखरा |
| साइक्लिङ | जगडोल |
| भलिबल | आर्मी कभर्डहल/राखेप कभर्डहल |
| फुटबल | एन्फा मैदान, सातदोबाटो |
| ह्यान्डबल | पोखरा |
| क्रिकेट | कीर्तिपुर र मूलपानी |
| बास्केटबल | धरान |
| खोखो | खोखो कभर्डहल, बर्दिया |
| कबड्डी | पुलिस एकेडेमी, महाराजगन्ज |
| स्क्वास | स्क्वास एकेडेमी, सातदोबाटो |
| गल्फ | गोकर्ण गल्फ रिसोर्ट |

## छोटकरी

**तेस्रो पाँचपोखरी ट्रेल म्याराथन हुने**

काठमाडौं (कास)- सिन्धुपाल्चोकको पाँचपोखरी थाङ्पाल गाउँपालिकास्थित खेलकुद विकास समितिले तेस्रो पाँचपोखरी हाफ ट्रेल म्याराथन साउन ३० मा गर्ने भएको छ । उक्त क्षेत्रमा जनैपूर्णिमाको अवसरमा विशेष मेला लाग्ने भएकाले त्यति बेलै प्रतियोगिता गर्न लागिएको संयोजक टासी शेर्पाले बताए । १ सय ५० खेलाडीभन्दा बढीले भाग लिने प्रतियोगितामा महिला/पुरुष दुवै तर्फबाट विजेताले ५० हजार, दोस्रोले ३० र तेस्रोले २०, चौथोले १० र पाँचौं हुने खेलाडीले ५ हजार रुपैयाँ पुरस्कार पाउने छन् ।

**राखेप प्रचारमा दुलाल**

काठमाडौं (कास)- राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत प्रचारप्रसार शाखाको प्रमुखमा दुर्गाप्रसाद दुलालले जिम्मेवारी पाएका छन् । राखेपअन्तर्गत प्रशासन विभाग प्रमुख कुलबहादुर थापाले दुलाललाई बुधबार पत्र हस्तान्तरण गरे । यसअघिका प्रमुख सुधिरप्रसाद पोखरेलले उमेर हदका कारण साउन ८ मा अनिवार्य अवकाश पाएपछि प्रचारमा प्रमुख पद रिक्त थियो । दुलालसँग प्रचारमै रहेर १६ वर्ष काम गरेको अनुभव छ । प्रमुखसँगै ५१ वर्षीय दुलालले सूचना अधिकारीको जिम्मेवारी पनि पाएका छन् ।

हार्दिक बधाई !



प्रतिभा मा.वि. पोखराले रच्यो स्वर्णिम इतिहास...

SURATI PANDEY
GPA: 3.92
Stream: Management

राष्ट्रिय परीक्षा बोर्डद्वारा २०७५ मा सञ्चालित कक्षा १२ को परीक्षामा यस प्रतिभा मा.वि.का मेधावी छात्रा शुरती पाण्डे जिपिए ३.९२ सहित देशभरमै सर्वोत्कृष्ट विद्यार्थी हुन सफल भएकामा हार्दिक बधाई ज्ञापन गर्दछौं । विगतका वर्षहरुमा झैं यस वर्षको नतिजाले विद्यालयको शैक्षिक सर्वोत्कृष्टतालाई निरन्तरता दिएकोमा हामी गौरवान्वित छौं । यस अवसरमा उत्कृष्ट जिपिए सहित समुत्तीर्ण विज्ञान तथा व्यवस्थापन समूहका सम्पूर्ण विद्यार्थीहरुमा हार्दिक बधाई ज्ञापनका साथै उत्तरोत्तर शैक्षिक प्रगतिको शुभकामना व्यक्त गर्दछौं । यस सुखद क्षणमा प्रतिभा माध्यमिक विद्यालय सम्पूर्ण अभिभावकज्यूहरु, शिक्षक कर्मचारी मित्रहरु र समस्त शुभेच्छुक महानुभावहरुमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

प्रतिभा माध्यमिक विद्यालय
पालिखेचोक, पोखरा
फोन: ०६१-५३४८७५, ५३५३७१
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18859/0







Laxmi InterContinental Pvt. Ltd.
(An ISO 9001:2015 Certified Company) an entity of Laxmi Group Nepal

For Sales Inquiry:
Naxal: 01-4413934, 4413942, 9801201027 Thapathali: 01-4101553, 4101554, 4101556, 4101557, 9801201011

Bhairahawa: 071-525428, 525429, 9802608801, Bharatpur: 056-522776, 526276, 9855053201, Biratnagar: 021-460609, 9802737964, Birtamod: 023-541495, 9802672041, 9802672028, Birgunj: 051-527507, 527467, 9801019177, 9801087477, Butwal: 071-415278, 415279, 9857039279, Dang: 082-563634, 9857835935, 9802930134, Dhangadhi: 091-524492, 9802540103, 9802540105, Itahari: 025-587502, 9802736982, 9802736984, Janakpur: 041-424381, 424481, 9801667829, 9801032708, Nepalgunj: 081-550427, 9802546482, Pokhara: 061-537426, 9801201010, 9801240155

facebook.com/hyundainepal

HYUNDAI LAXMI

PRISMARK/19

एसेज टेस्ट शृंखला

# इंग्ल्यान्ड र अस्ट्रेलियाको टक्कर



कप्तानद्वय इंग्ल्यान्डका जो रुट र अस्ट्रेलियाका टिम पेन बर्मिङघममा एसेज ट्रफीसाथ ।
*तस्बिर : रोयटर्स*



बर्मिङघम (एएफपी)- इंग्ल्यान्डले एजबास्टनमा बिहीबार सुरु हुने पहिलो टेस्टमा अस्ट्रेलियाको सामना गर्दै छ । टोलीको नजर हुनेछ विश्वकपपछि एसेज 'डबल' को उपलब्धि । त्यसै पनि इंग्ल्यान्डका लागि पछिल्लो समय निकै सम्झनालायक रह्यो । यसैक्रममा टोलीले ५० ओभरको विश्वकप पनि जित्यो । दुवै टोलीका लागि एसेज सिरिजमा आफूहरूबीचको पुरानो प्रतिद्वन्द्विता फेरि नवीकरण गर्नु जत्तिको ठूलो अरू कुनै हुने छैन ।

यसक्रममा दुवैको क्रिकेट प्रतिष्ठा भने दाउमा लाग्नेछ । इंग्ल्यान्डले हालै मात्र पहिलोपल्ट एकदिवसीय विश्वकप जितेको छ । विश्वास गरेको छ, यसको प्रभाव आउने पुस्तासम्म लामो समय रहनेछ । फाइनल खेल नयाँ र युवा दर्शक पाउने आसले टेलिभिजनमा निःशुल्क प्रदर्शन गरिएको थियो । इंग्ल्यान्ड के चाहन्छ भने विश्वकपमा प्राप्त गरेको सफलता र बटुलेका नयाँ दर्शक अहिलेको ५ टेस्टमा पनि दोहोऱ्याएर आउने छन् ।

अस्ट्रेलियाका लागि कप्तान टिम पेनको नेतृत्वले कस्तो भूमिका खेल्ने हो, त्यो सबैभन्दा बढी हेर्नलायक हुनेछ । बल टेम्परिङ विवादमा तत्कालीन कप्तान स्टिभ स्मिथ, डेविड वार्न र क्यामरन बेनक्राफ्ट फसेपछि पेनले नेतृत्वको अवसर पाएका हुन् । यी तीनै खेलाडीले एजबास्टनमा महत्त्वपूर्ण भूमिका निभाउनुपर्नेछ । अर्को तथ्य के पनि निश्चित छ भने स्मिथ र वार्नरले जस्तै बेनक्राफ्टले पनि इंग्ल्यान्ड समर्थकको चर्को आलोचना सुन्नुपर्नेछ ।

पछिल्लो १९ वर्षयता अस्ट्रेलियाले इंग्लिस भूमिमा एसेज सिरिज जितेको छैन । धेरै स्थानमा सिलाइएको ड्युक बलमा खेल्न अस्ट्रेलियाली ब्याट्सम्यानले संघर्ष गर्दै आएका छन् । ड्युक बलले इंग्ल्यान्डको पिचमा खुबै सीम गति लिने गर्छ । रमाइलो के भने अस्ट्रेलियाका लागि पहिलो टेस्ट नै इंग्ल्यान्ड भ्रमणमा पहिलो प्रथम श्रेणीको खेल हुनेछ । तर डरहम काउन्टीको नेतृत्व गरिरहेका बेनक्राफ्टले भने स्थानीय स्थितिलाई राम्रोसँग बुझ्ने अवसर पाएका छन् ।

इंग्ल्यान्ड आफ्नै पनि ब्याटिङ समस्या नरहेको होइन । उसले आयरल्यान्डविरुद्धको एकमात्र टेस्ट सजिलै जितेपछि टोलीको ब्याटिङ समस्या त्यति बेला खुलस्त देखिएको थियो, जति बेला टिम आफ्नो पहिलो इनिङ्समा ८५ रनमात्र बनाएर अलआउट भयो ।

इंग्ल्यान्ड कप्तान जो रुटले फेरि तेस्रो नम्बरमा ब्याटिङ गर्नेछन् । त्यसअघि इनिङ्सका सुरुआत नयाँ सरे प्रारम्भिक ब्याट्सम्यान रोरी बनर्स र जेसन रोयले गर्नेछन् ।

टेस्ट क्रिकेटमा इंग्ल्यान्डका लागि सबैभन्दा बढी विकेट लिने कीर्तिमान आफ्नो नाममा राखेका जेम्स एन्डरसनले बलिङ आक्रमणको जिम्मा लिने छन् र त्यसमा उनलाई साथ दिन विश्वकप नायक जोफ्रा आर्चर पनि हुनेछन् । अस्ट्रेलिया भने आफ्नो चार बलको आक्रमणमा विश्वास राख्छ । त्यसमा जेम्स प्याटिसन र प्याट कमिन्सको पुनरागमन हुनेछ । विश्वकप टिममा सहभागी नभएका ३७ वर्षीय एन्डरसन आफैं टिमको उत्साह बढाउन सक्षम हुने मान्छन् ।

उनी भन्छन्, 'म जस्ता केही खेलाडीका लागि अन्तर्राष्ट्रिय क्रिकेट सिजनको सुरुआत नै यही टेस्टबाट हुँदै छ । त्यसैले हाम्रो काम यसमा राम्रो सुरुआत लिने पनि हो ।' इंग्ल्यान्डको के पनि विश्वास हुनेछ भने उपकप्तानको जिम्मेवारी पाएका बेन स्टोक्स ब्याट र बल दुवैबाट उत्तिकै प्रभावशाली हुनेछन् । सन् २००१ यता एजबास्टनमा अस्ट्रेलियाले कुनै पन स्वरूपमा खेल जितेको छैन । यही मैदानमा अस्ट्रेलियाले इंग्ल्यान्डविरुद्धको विश्वकप सेमिफाइनल गुमाएको थियो ।

यही मैदानमा रोयले आक्रामक ८५ रन बनाएका थिए । यसको ठीक विपरीत इंग्ल्यान्डले बर्मिङघमको यस मैदानमा पछिल्ला ११ अन्तर्राष्ट्रिय खेल जितेको छ । अस्ट्रेलियाका पूर्व कप्तान स्टिभ वा के मान्छन् भने एसेज सिरिजको ५ टेस्ट ६ साताभित्र खेल्दा दुवै टिमका खेलाडी निकै थाक्ने छन् । यस्तोमा जुन टिमका खेलाडी आफूलाई उत्तिकै फुर्तिलो राख्न सक्छ, त्यही टिम बलियो हुनेछ । 'टिममा कति गहिराइ छ, त्यो नै निर्णायक हुनेछ,' पूर्व कप्तान मान्छन् ।

## भिडन्तको तीन क्षेत्र

विश्वकप विजेता इंग्ल्यान्डको अब ध्यान मोडिने छ, एसेज सिरिजतर्फ । अस्ट्रेलिया भने विश्व खेलकुदकै सबैभन्दा पुरानो प्रतिद्वन्द्वी इंग्ल्यान्डमाथि सन् २००१ यता उसकै भूमिमा जित निकाल्ने प्रयासमा हुनेछ । पाँच टेस्टको यस सिरिजमा पहिलो खेल बिहीबार सुरू हुँदै छ । यसमा भिडन्तको तीन मुख्य क्षेत्र यस्तो हुनेछ :

### वार्नरविरुद्ध रोय

इंग्ल्यान्ड र अस्ट्रेलिया दुवै टिममा माथिल्लो क्रममा त्यस्ता ब्याट्सम्यानको कमी छैन, जसले एक्लै खेलको स्वरूप परिवर्तन गर्न सक्छन् । फेरि यस्ता ब्याट्सम्यानलाई आफ्नो उपयोगिता पनि सिद्ध गर्नु छ । विश्वकपमा निकै राम्रो खेलेका अस्ट्रेलियाका डेविड वार्नर फेरि एकपल्ट आफ्नो टेस्ट खेलजीवन सुरु गर्दैछन् । गत वर्ष दक्षिण अफ्रिकाविरुद्धको सिरिजमा बल टेम्परिङको आरोप लागेपछि उनीमाथि एकवर्षे प्रतिबन्ध लगाइएको थियो ।

प्रतिद्वन्द्वीको नियन्त्रणमा रहेको खेललाई आफ्नो पक्षमा मोड्न सक्ने ३२ वर्षीय वार्नरले अहिलेसम्म २१ शतक बनाएका छन् । इंग्ल्यान्ड उनको सकेसम्म चाँडै विकेट लिने उद्देश्यमा रहनेछ । इंग्ल्यान्डका २९ वर्षीय जेसन रोयले अहिलेसम्म एकै टेस्टमात्र खेलेका छन् । त्यो पनि भर्खरले आयरल्यान्डविरुद्ध । इंग्ल्यान्डका लाग ८४ एकदिवसीय खेलिसकेपछि मात्र रोयले टेस्ट खेल्ने अवसर पाएका हुन् । यी खेलाडीबाट इंग्ल्यान्डले टेस्टमा पनि आक्रामक ब्याटिङ अपेक्षा राखेको हुनेछ ।

रोयलाई नै इंगित गर्दै अस्ट्रेलियाली पेसम्यान जोस हेजलउडले टेस्ट र एकदिवसीय क्रिकेटमा निकै भिन्नता रहेको बताएका छन् । 'रोयले कसरी टेस्ट क्रिकेट खेल्छन्, त्यो हामीले पनि हेर्नेछौं,' हेजलउडले भर्खरै भनेका छन्, 'उनले अहिलेसम्मै एकै टेस्टमात्र खेलेका छन् । टेस्टमा ब्याटिङ गर्नु र एकदिवसीयमा ब्याटिङ गर्नु दुई फरक स्थिति हो ।' रोयले पनि इंग्ल्यान्डका लागि विश्वकपमा निकै राम्रो खेलेका थिए र उनकै प्रदर्शनले टिमको फाइनल यात्रा तय भएको थियो ।

### स्मिथविरुद्ध रुट

सन् २०१७-१८ को पछिल्लो एसेज सिरिजमा अस्ट्रेलियाले आफ्नै भूमिमा इंग्ल्यान्डको सामना गर्दा यी दुई टिमका कप्तान थिए, स्टिभ स्मिथ र जो रुट । त्यसयता स्मिथले कप्तानी मात्र गुमाएका छैनन्, बल टेम्परिङको आरोपमा एकवर्षे प्रतिबन्धसमेत बेहोरेका छन् । त्यसयता स्मिथले पनि पहिलो टेस्ट खेलिरहेका छन् । डेविड वार्नरले जस्तै स्मिथले पनि जति बेला इंग्ल्यान्डमा ब्याटिङको अवसर पाएका छन्, सबै स्थितिमा दर्शकले उनीहरूको खिल्ली उडाएका छन् ।

त्यसलै पनि वार्नरले जस्तै स्मिथलाई पनि आफ्नो उपयोगिता फेरि एकपल्ट सिद्ध गर्ने अवसर हुनेछ । उनले ६४ टेस्टमा ६१.३७ को औसतले २३ शतक बनाइसकेका छन् । पछिल्लो एसेजमा उनले ६ सय ८७ रन बनाएका थिए । त्यस ५ टेस्टको सिरिजमा उनले तीन शतकसमेत बनाएका थिए । रुटको टेस्ट औसत ५० रनभन्दा पनि कम रहे पनि उनी अस्ट्रेलियाका लागि सबैभन्दा बढी टाउको दुखाइ हुने ब्याट्सम्यान नै हुन् ।

उनले १६ टेस्ट शतक बनाइसकेका छन् । योर्कसायर ब्याट्सम्यान इंग्ल्यान्डको माथिल्लो क्रमका ब्याटिङ समस्यालाई सुल्झाउन तेस्रो क्रममा क्रिजमा उतार्ने छन् । रुटले एक स्थान तल खेल्ने भएपछि त्यसमा इंग्ल्यान्डले धेरै परीक्षण्समेत गरेको छ, मोइन अली, जोनी बेरिस्टोदेखि जो डेनलीसम्म । तर त्यो स्थानमा कोही पनि सफल हुन सकेका छैनन् । सन् २०१६ मा पाकिस्तानविरुद्ध तेस्रो क्रममै ब्याटिङ गर्दै उनले आफ्नो सर्वाधिक २ सय ५४ रन बनाएका थिए ।

### अनुभवविरुद्ध पेस

इंग्ल्यान्डसँग बलिङ अस्त्रका रूपमा जोफ्रा आर्चर छ, तर एसेज सिरिजमा घरेलु टिमको प्रमुख बलिङ जोडी भने अनुभवी जेम्स एन्डरसन र स्टुवार्ट ब्रोड नै रहने छन् । यी दुई अनुभवी ब्याट्सम्यानले एक आपसमा हजारभन्दा बढी विकेट लिइसकेका छन् । एन्डरसन र ब्रोड दुवै इंग्ल्यान्डको खेल परिस्थितिको खुबै फाइदा उठाएर स्वीङ निकाल्न माहिर छन् । त्यसको अर्कोतर्फ अस्ट्रेलियासँग पनि नयाँ तर उत्तिकै सशक्त पेस बलिङ आक्रमण छ ।

यो आक्रमण इंग्ल्यान्डको माथिल्लो ब्याटिङक्रम तहसनहस गर्न सक्षम छ । इंग्ल्यान्डका पूर्व पेसम्यान स्टिभ हार्मिसन भन्छन्, 'अस्ट्रेलियासँग निकै राम्रा बलर छन् । प्याट कमिन्स, मिचेल स्टार्क, जेम्स प्याटिसन र जोस हेजलउडजस्ता । तर उनीहरूले लय समात्न सकेननन् भने उत्तिकै खर्चालु पनि हुन सक्छन् । यसको ठीक विपरीत एन्डरसन र ब्रोड भने उत्तिकै खर्लिलो हुने बलर होइनन्, यसले पनि सिरिजमा फरक पार्न निश्चित छ ।'

## आर्चरले पहिलो टेस्ट गुमाउने



बर्मिङघम (एएफपी)- एसेज शृंखलाअन्तर्गत अस्ट्रेलियासँगको पहिलो टेस्टमा इंग्लिस टिममा स्थान बनाउन असफल भएपछि विश्व विजेता तीव्र गतिका बलर जोफ्रा आर्चरले टेस्ट डेब्यूका लागि अझै केही समय कुर्नुपर्ने भएको छ । इंग्ल्यान्ड-अस्ट्रेलिया पहिलो टेस्ट एजबास्टनमा बिहीबार सुरु हुनेछ ।

बार्बाडोसमा जन्मिएका आर्चर कम्मरको चोटबाट संघर्षरत छन् । त्यसैले उनी १४ सदस्यीय मुख्य टोलीबाट बाहिर छन् । गत साता आयरल्यान्डविरुद्ध खेलेका तीव्र बलर साम कुरान र ओली स्टोन पनि टिममा स्थान बनाउन असफल रहे । ६ सातासम्म चल्ने ५ टेस्ट शृंखलाका लागि इंग्ल्यान्डले आर्चरको प्रयोगमा सावधानी अपनाएको छ । गत साता ससेक्ससँगको टान्टी-२० खेलेपछि उनले पुनरागमन गर्ने अपेक्षा गरिएको थियो । 'जोफ्रा गम्भीर चोटबाट फर्कन प्रयासरत छन् र हामीले परिस्थितिलाई पनि ध्यान दिएका छौं । हामीले उनलाई पूर्ण फिट हुन पर्याप्त समय दिएका हौं,' इंग्ल्यान्डका कप्तान जो रुटले एजबास्टनमा भने । खुट्टाको मांसपेसीबाट मुक्त हुँदै इंग्ल्यान्डका लागि टेस्ट क्रिकेटमा सर्वाधिक विकेट लिने बलर जेम्स एन्डरसनले टिममा पुनरागमन गरेका छन् । मंगलबार मात्रै ३७ वर्ष लागेका एन्डरसनले स्टुवार्ट ब्रोडसँगै नयाँ बलमार्फत खेल सुरु गर्नेछन् ।

अलराउन्डर क्रिस वोक्स र बेन स्टोक्सले तीव्र बलिङमार्फत उनीहरूलाई सहयोग गर्नेछन् । ब्रोड र वोक्सले उनीहरूको काउन्टी क्लब वारविकसायरको घरेलु मैदानमा खेल्न लागेका छन् । आयरल्यान्डसँग गत साता लर्डसमा सम्पन्न टेस्टको दोस्रो इनिङ्समा आयरल्यान्डलाई ३८ रनमै अलआउट गर्ने क्रममा यी दुईले १० विकेट बाँडेका थिए ।

इंग्ल्यान्डले शीर्ष ७ क्रमसम्मको ब्याट्सम्यान निश्चित गरिसकेको छ । कप्तान रुट तेस्रो नम्बरमा फर्किएका छन् भने जो डेनलीलाई ४ नम्बरमा पठाउने निर्णयसँगै इंग्लिस टोलीको ब्याटिङक्रम सन्तुलित देखिएको छ । आयरल्यान्डविरुद्धको टेस्टमा आराममा रहेका जोस बटलर र बेन स्टोक्स टिममा फर्किएका छन् । स्लो बलका विशेषज्ञको रूपमा अफ स्पिनर मोइन अली पनि टिममा फर्किएका छन् ।

अस्ट्रेलिया एसेजको साबिक विजेता हो । तर सन् २००१ पछि उसले इंग्ल्यान्डलाई उसकै मैदानमा हराउन सकेको छैन ।

**इंग्ल्यान्डको एसेज टिम** : रेरी बनर्स, जेसन रोय, जो रुट (कप्तान), जो डेनली, जोस बटलर, बेन स्टेक्स, जोनी बेरिस्टो, मोइन अली, क्रिस वोक्स, स्टुवार्ट ब्रोड, जेम्स एन्डरसन ।



जेसन रोय

रोयटर्स


**Beautiful House For Rent**

Looking for space, comfort and a touch of luxury? This could be your dream house for rent. Situated in a fantastic location in **Bhaisepti**, easy access to public transportation, few minutes drive for shopping, school areas and the rest of the city. Newly built with designer toilets and kitchen.

**Please Contact : 9801098059**

**जापानको लागि केयर गिभर तालिममा भर्ना खुल्यो**

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग तथा CTEVT द्वारा केयर गिभर तालिम सञ्चालन गर्न स्वीकृति प्राप्त यस संस्थामा कात्तिकमा हुने जापान केयर गिभर (नर्सिङ केयर) रोजगारीको लागि सीप परिक्षा दिन र पास हुनेगरी योग्य र सक्षम हुन तालिममा भर्ना खुल्यो ।

**तालिम लिने इच्छुकहरुले बुझ्नु पर्ने विषयहरु** : स्वीकृति प्राप्त तथा तालिम दिन योग्य हो कि होइन ? तालिम लिन भौतिक पुर्वाधार र प्राक्टिकल कक्षा छ कि छैन ? यि विषयहरु बुझ्न जरुरी हुन्छ ।

विगत १३ वर्षदेखि सञ्चालित माउण्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकी, विपि हस्पीटल अगाडी, फोन : ०१-४३८७४०५

**KANTIPUR VALLEY COLLEGE (KVC)**
Purbanchal University

**BBA**
2,99,800/-
18th Batch Intake

**B-Tech Biotechnology**
5,27,000/-
9th Batch Intake

**MBA**
3,32,000/-
20th Batch Intake

**EMBA**
2,00,000/-
12th Batch Intake

Form Submission Bhadra 01, 2076

www.kvc.com.np

Kumaripati, Lalitpur, Nepal
Tel: 5538233, 9851007598, 9841624902, 9849807147

**ADMISSION OPEN**

**BE Civil**

**BE-IT** (Information Technology)

**BE Computer**

- Special scholarships scheme for intelligent, female & students from scheduled cast
- +2 Science ( both Biology and Physical group ) / Diploma in Engineering & A level with minimum second division (45%) / C in each Subjects in new letter grading system can apply in all Programs

Key Features: Entrance Date: 18 Shrawan,(Saturday) 2076

- Paid internship & placement opportunities.
- Tie up with different professional and academic research organizations.

**Everest Engineering College**
( Affiliated To Pokhara University )
Lalitpur -2,Sanepa
Ph: 01-5520742
Cell: 9851199795, 9841736823
www.eemc.edu.np | admin@eemc.edu.np


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email: kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, प्रधान सम्पादक : नारायण वाग्ले



**बाँसुरीको धुनले...**
मनाइयो दिवस । ११

**एसेज टेस्ट आजदेखि**
इंग्ल्यान्डको नजर डबल उपलब्धि । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १६४ विराटनगर | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ




भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# देउवा–पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)



**‘खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?’**



**‘समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ’**

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई ‘भिलेन’ बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठककै सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । ‘समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ,’ पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, ‘संकटमा पुर्‍याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।’ लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । ‘मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,’ देउवाको भनाइ थियो, ‘मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।

बाँकी पृष्ठ १६ ▸▸

## भित्र


पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग


हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका

पृष्ठ १२

# भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले ‘काठमाडौं भ्यु टावर’ मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । ‘उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

आएको छ,’ विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले ‘काठमाडौं भ्यु टावर’ निर्माणका लागि कानुनी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै बिल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुर्‍याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

## गजब छ बा !

– अविन –




तपैं ‘चन्द’ ‘चन्द’ भनिर’छु भन्नुहुन्छ !... म ‘चन्दा’ ‘चन्दा’ नै सुनिर’छु त !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# ‘अपझ्झट आकस्मिकता’

‘भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।’

■ **सुरज कुँवर** (काठमाडौं)



तस्बिर : दीपक जोशी

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झिँदै भने, ‘आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।’ उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई ‘अपझ्झट आकस्मिकता’ भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, ‘मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा गर्व छ ।’ केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, ‘मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।’

राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।

बाँकी पृष्ठ १६ ▸▸



!!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?


Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!

Sample Bank-Branch wise Account Details




Sample Bank-Branch wise Account Details




Our services:

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds #1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



Discount offer:
If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

G FORCE SYSTEMS & TECHNOLOGIES rest assured

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# मदरसामै विद्यालय शिक्षा

■ अर्जुन राजवंशी (बिर्तामोड)

मोहम्मद साबी अन्सारीका ५ छोराछोरी। चार छोराछोरीले उर्दू भाषा पढ्न पाएनन्। यसबाट खिन्न भएका उनले यो वर्ष कान्छा छोरा मोहम्मद समिरलाई बोर्डिङ स्कुलबाट छुटाएर मदरसामा भर्ना गरिदिएका छन्। समिरले मदरसामा उर्दूसँगै बोर्डिङ स्कुलमा जस्तै अंग्रेजी माध्यमबाट सबै विषय पढ्न पाएका छन्।

बिर्तावजारका मुस्लिम समुदायले उर्दू भाषाको मात्र पढाइ हुने मदरसालाई अलि फरक ढंगले सञ्चालनमा ल्याएका छन्। उनीहरूले बिर्तामोड नगरपालिका ३ बिर्ताबजारमा 'मदरसा तालिमुल कुरान' सामुदायिक विद्यालय सञ्चालनमा ल्याएका हुन्।

उक्त मदरसामा मुस्लिम समुदायको धार्मिक पढाइ उर्दूसँगै अंग्रेजी, विज्ञान, नेपाली, गणित, सामाजिक, कम्प्युटर र सामान्य ज्ञानको पढाइ हुन्छ। उर्दूबाहेक

**धार्मिक पढाइ उर्दूसँगै अंग्रेजी, विज्ञान, नेपाली, गणित, सामाजिक, कम्प्युटर र सामान्य ज्ञानको पढाइ**

अन्य सबै विषय अंग्रेजी माध्यमबाट पढाई हुन्छ। विद्यालयमा नगरभित्रका मुस्लिम समुदायका ७८ जना विद्यार्थी अध्ययनरत छन्। ५ सम्मको अनुमति भए पनि विद्यालयमा अहिले कक्षा ३ सम्मको पठनपाठन हुने गरेको छ।

'उर्दू पढ्न मदरसा जाँदा अन्य पढाइ छोड्नुपर्ने कि त सरकारी वा बोर्डिङ स्कुल जाँदा उर्दू पढ्न नपाउने समस्याबाट हाम्रा छोराछोरी गुज्रिरहेका थिए,' मदरसा व्यवस्थापन समिति अध्यक्ष अफरोज खानले भने, 'हाम्रा नानीहरूलाई उर्दू र उच्च शिक्षा दुवै जरुरी देखेर हामीले मदरसालाई फरक ढंगले सञ्चालनमा ल्याएका हौं।'

मदरसामा मुस्लिम समुदायका विपन्न परिवारका छोराछोरीले निःशुल्क पढ्न पाएको उनले बताए। 'विद्यार्थीहरूबाट कुनै किसिमको शुल्क लिएका छैनौं। बरु, पाठ्य पुस्तक र पोसाक पनि हामीले नै उपलब्ध गराएका छौं। उर्दू एउटा विषय पढाई हुन्छ। बाँकी सरकारी पाठ्यक्रम अनुसारै पढाई हुन्छ,' खानले भने। मदरसामा मुस्लिम विद्यार्थी मात्र नभई अन्य जाति समुदायका विद्यार्थी पनि आए निःशुल्क शिक्षा दिन आफूहरू तयार रहेको अध्यक्ष खानले बताए।

'उर्दू हाम्रो भाषा, संस्कार र संस्कृति सिकाउने महत्त्वपूर्ण पढाइ हो। तर, बाहिरी समाजमा आफ्नो क्षमता र योग्यताअनुसार काम गरेर खान उर्दू बाहेकको पढाई पनि महत्त्वपूर्ण छ,' मोहम्मद साबी अन्सारीले भने, 'बाध्यकारी दुई शिक्षामध्ये एक मात्र रोज्नुपर्ने समस्याबाट अब हामी मुक्त भएका छौं। यो मदरसा सञ्चालनमा आएपछि हाम्रा नानीहरूले सबैखाले पढाई पढ्न पाएका छन्।' मदरसामा पठनपाठन गराउन मुस्लिम बाहेकका जाति समुदायका शिक्षक कार्यरत छन्।

'सुरु-सुरुमा मदरसामा पढाउँछुभन्दा मान्छेहरू छक्क पर्थे,' शिक्षिका गीता ओलीले भनिन्, 'मदरसा भए पनि यहाँ अन्य विद्यालयमा जस्तै सबै विषयको पठनपाठन हुन्छ।' शिक्षिका पूजा साहले बोर्डिङ स्कुलको जागिर छोडेर मदरसामा पढाउन आएको बताइन्। 'मैले पहिला काम गरेको बोर्डिङ र यहाँ केही फरक छैन। एउटा मात्र समुदायका विद्यार्थीहरू पढ्न आउने भएकाले यो विद्यालय फरक देखिए पनि पठनपाठनको हिसाबले अन्य जस्तै हो,' साहले बताइन्।

०३० सालमा स्थानीय मोहम्मद गुलाम नाभीको नेतृत्वमा बिर्ताबजारमा नुरी जामे मस्जिद स्थापना गरिएको थियो। मस्जिदमा प्रत्येक शुक्रबार आसपासका मुस्लिम समुदायले धार्मिक प्रार्थना गर्दै आएका छन्। मस्जिद व्यवस्थापन समितिले साढे २२ धुर जमिन खरिद गरेर मस्जिद निर्माण गरेको छ। मस्जिदकै जमिनलाई घेराबारा गरी मदरसा सञ्चालन गरिएको छ।

मदरसा सञ्चालनपछि मुस्लिम समुदायका छोराछोरीले उर्दुसँगै अन्य शिक्षा पनि पाउन थालेपछि विद्यार्थीको चाप बढदो छ। तर, विद्यार्थीको लागि खेल मैदान छैन। मदरसाका लागि पर्याप्त जमिन छैन। जमिन अभावमा पर्याप्त शौचालय छैन। मदरसा स्थानीय मुस्लिम समुदायका दाताहरूको सहयोगमा सञ्चालन गरिरहेको अध्यक्ष खानले बताए। थप कक्षा कोठा तथा भौतिक पूर्वाधार निर्माणका लागि बजेट अभाव रहेको उनले बताए।

निश्चित एउटा भाषाको मात्र नभई अन्य विद्यालयमा जस्तै शिक्षा उपलब्ध गराउन मदरसामा शिक्षक दरबन्दी नहुँदा समस्या भइरहेको उनले बताए। मदरसामा ७ जना शिक्षक-शिक्षिका र २ जना कर्मचारी छन्। सातामा एक दिन मदरसाले सबै विद्यार्थीलाई दिवा खाजा दिने गरेको छ।

शिक्षक, कर्मचारीको तलब र अन्य गरी मदरसा सञ्चालन गर्न मासिक १ लाख ७० हजारभन्दा बढी खर्च हुने गरेको उनले सुनाए। एक किलोमिटरभन्दा टाढाका विद्यार्थी ल्याउन मदरसाले एउटा गाडी सञ्चालनमा ल्याएको छ। चालु वर्ष मदरसालाई नगरपालिकाले ७ लाख र वडा कार्यालयले ५ लाख सहयोग गर्ने वचन दिएको उनले बताए।

# पाथीभराको क्षेत्र विस्तार

## कञ्चनजङ्घा संरक्षण क्षेत्रको ३ किमि भूभाग पाथीभरामा गाभेपछि विरोध

■ आनन्द गौतम (ताप्लेजुङ)

ताप्लेजुङ- सरकारले पाथीभरा मन्दिरको क्षेत्र विस्तार गरेको छ। कञ्चनजंघा संरक्षण क्षेत्रको ३ किमि भूभागलाई पनि पाथीभरा क्षेत्रमा गाभेको छ। संरक्षण क्षेत्रले भने यसको विरोध गरेको छ।

पाथीभरा क्षेत्र विकास समितिको गठन आदेश ०५१ लाई पहिलोपटक संशोधन गरी क्षेत्र विस्तार गरिएको हो। गत चैत १८ को राजपत्रमा प्रकाशित भएको क्षेत्र निर्धारणका विषय यहाँका अगुवाले ढिला थाहा पाएका हुन्। पूर्वमा सिरिजंघा गाउँपालिका-३ को हर्कटे डाँडालाई भित्र पारी फुङलिङ नगरपालिका-११ फावाखोलाको सम्पूर्ण क्षेत्र, पश्चिममा फक्ताङलुङ गाउँपालिका-३ को लिखिम र ४ को तापेथोकको पाथीभरा मन्दिरबाट ३ किमि क्षेत्रभित्रका सबै भूभागलाई पाथीभरा क्षेत्र भनिएको छ। तर, फक्ताङलुङ गाउँपालिकाको वडा ४ भने पहिलेको तापेथोक गाविस नभई इखाबु गाविस हो। यो वडा पाथीभरा मन्दिरमा जोडिँदैन भने तमोर नदीदेखि पारिपट्टि छ। उत्तरमा फक्ताङलुङ-४ र सिरिजंघा-३ र ६ को सीमाभित्रको सम्पूर्ण क्षेत्र तथा दक्षिणमा फुङलिङ-१० को फुरुम्बु गाडीडाँडा, वडा ९ को देउराली, वडा ६ को सुकेटार सानो पाथीभरा उत्तरको सम्पूर्ण क्षेत्र र पाथीभरा याङवरक-३ को दुधिले पश्चिम फुङलिङको सिमानाको क्षेत्रलाई पाथीभराको क्षेत्र निर्धारण गरिएको छ।

यसअघि कञ्चनजंघा संरक्षण क्षेत्र घोषणा गर्दा पाथीभरा मन्दिरलाई भित्र पारेर सीमा निर्धारण गरिएको थियो। पाथीभराको भेटीपाती व्यवस्थापनको विषयमा छलफल हुँदा संरक्षण क्षेत्र व्यवस्थापन परिषदले मन्दिर कञ्चनजंघा क्षेत्रमा पर्ने जनाएको थियो। व्यवस्थापन परिषद् अध्यक्ष खगेन्द्र फेम्बो नमिल्दो क्षेत्र निर्धारणले जिम्मेवारी निर्वाहमा समस्या उत्पन्न गराएको बताउँछन्। 'मैले वन मन्त्रालयका सचिवसँग पनि संरक्षण क्षेत्रको सीमा कसरी घट्यो र आफूहरूलाई किन जानकारी गराइएन भनेर सोधें,' उनले भने, 'उहाँले मन्त्रालयसँग परामर्श नभएकाले मलाई पनि जानकारी भएन तर यस्तो नहुनुपर्ने भन्नुभयो।' कानुन पछिल्लो मान्य हुने र राजपत्रमा समेत प्रकाशित भएकाले संरक्षण क्षेत्र अहिले तापेथोकमा काम गर्ने कि नगर्ने अन्योलमा छ। तर पाथीभरा मन्दिर रहेको क्षेत्र फक्ताङलुङ गाउँपालिका-५ मा पर्ने भएकाले यो मान्य हुने कि नहुने भन्ने पनि प्रश्न उठेको छ।

संस्कृति मन्त्रालयले परामर्श मागेको भए पनि क्षेत्र विस्तार आफूहरूका लागि मान्य नभएको कारणसहितको जवाफ पठाएको कञ्चनजंघा संरक्षण क्षेत्रका योजना अधिकृत योगेश ढकाल बताउँछन्। 'तपाईंहरूको क्षेत्र घट्यो भनेर पनि अहिलेसम्म मन्त्रालयबाट जानकारी आएको छैन,' उनले भने।



३ हजार ७ सय ९४ मिटर उचाइमा अवस्थित ताप्लेजुङमा रहेको पाथीभरा मन्दिर। तस्बिर : आनन्द/कान्तिपुर

## भेटी अब समितिमा

प्रसिद्ध तीर्थस्थल पाथीभराको भेटी पाथीभरा क्षेत्र विकास समितिले संकलन गरी व्यवस्थापन गर्ने भएको छ। २०७५ चैत १८ गते नेपाल राजपत्रमा प्रकाशित पाथीभरा क्षेत्र विकास समिति गठन आदेश पहिलो संशोधनले भेटी प्रयोगको अधिकार समितिलाई दिएको थियो।

मुल आदेशको दफा ४ मा संशोधन गरी खण्ड 'ड' थपेर 'पाथीभरा देवी मन्दिरमा चढाइएको भेटी, चन्दामध्ये नगदको हकमा बैंकमा खाताखोली जम्मा गर्ने र अन्य जिन्सी तथा उपहारको हकमा सो को विवरण राख्ने तथा भेटीलाई पारदर्शी रूपमा परिचालन वा व्यवस्थापन गर्ने गराउने,' उल्लेख छ।

यो संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट गरिएको निर्णय हो। यो समितिमा नेपाल सरकारले तोकेको व्यक्ति अध्यक्ष, ताप्लेजुङबाट प्रतिनिधित्व गर्ने संघीय संसद, जिल्ला समन्वय समिति संयोजक, फुङलिङ नगरपालिका प्रमुख, पाथीभरा याङवरक, सिरिजंघा र फक्ताङलुङ गाउँपालिका अध्यक्ष, प्रमुख जिल्ला अधिकारी, मालपोत, डिभिजन वन र संस्कृति मन्त्रालयले तोकेको व्यक्ति सदस्य हुने प्रावधान छ।

समाजसेवी, बुद्धिजीवी तथा प्रतिष्ठित व्यक्तिहरूमध्ये सरकारले मनोनयन गरेका ५ जना सदस्य र मन्त्रालयले तोकेको कार्यकारी निर्देशक सदस्यसचिव हुने प्रावधान छ। पाथीभराको भेटी अहिले समन्वय समिति प्रमुख घनेन्द्र मादेन संयोजकत्वको टोलीले संकलन गर्दै आएको छ। पाथीभरा भेटीपाती संकलन तथा व्यवस्थापन समितिको नाममा संकलन गरिएको हो। तर, यो प्रशासन लगायतका कुनै पनि ठाउँमा दर्ता छैन। पाथीभरा क्षेत्र विकास समितिले भने आफ्नो उपसमिति भएको बताउने गरेको छ।

मन्त्रालयले सजन पौडेललाई अध्यक्ष चयन गरेपछि उनले सरकारी निकायले भेटी संकलन गर्न पाउनुपर्ने आवाज उठाएका थिए। भेटी संकलन र व्यवस्थापनका विषयमा विवाद बढेपछि प्रशासन समेतको सक्रियतामा जिसस प्रमुखको संयोजकत्वमा समिति गठन गरिएको हो।

यसको वैद्यताका विषयमा समेत प्रश्न उठिरहेका बेला सरकारले कानुनमै क्षेत्र विकास समितिलाई अधिकार दिएको हो। अब आफूहरूले अधिकारको प्रयोग गर्ने सदस्य राजेन्द्र श्रेष्ठ बताउँछन्। अहिले कर्मचारी र माथिल्लो फेदी अस्थायी प्रहरी चौकीका प्रहरीद्वारा संकलित भेटीको रकम जिल्ला समन्वय समितिको भवनमा राखेर गणना गरिन्छ। मन्दिरमा बस्ने, सरसफाइ गर्ने, तीर्थयात्रीको उपचार गर्ने स्वास्थ्यकर्मी लगायतले यसैबाट तलब खाँदै आएका छन्।

पाथीभरामा वार्षिक १ करोडसम्म भेटी संकलन हुँदै आएको छ। यहाँ संकलित भेटीबाट बाटो बनाउने, रेलिङ लगाउने, मन्दिर परिसर बिस्तार तथा व्यवस्थापन गर्नेजस्ता काम हुँदै आएका छन्।

# छोटकरी

**डुबेर बालकको मृत्यु**
भोजपुर (कास)- पोखरीमा डुबेर एक बालकको ज्यान गएको छ। रामप्रसाद राई गाउँपालिका ६ बैकुण्ठेका प्रकाश थापाका ४ वर्षे छोरा प्रमिश गाईवस्तुलाई पानी खुवाउन बनाइएको पोखरीमा डुबे को प्रहरीले जनाएको छ।

**पौडी खेल्दा ज्यान गयो**
उदयपुर (कास)- कटारी नगरपालिका ८ थलियामा पौडी खेल्ने क्रममा डुबेर ११ वर्षे बालकको मृत्यु भएको छ। मंगलबार दिउँसो स्थानीय गंगाबहादुर पुलामी मगरका ११ वर्षे छोरा हर्कबहादुरको पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ।

**गाँजासहित भारतीय पक्राउ**
विराटनगर (कास)- १२ किलो गाँजासहित प्रहरीले एक भारतीय नागरिकलाई पक्राउ गरेको छ। सुनसरीको बर्जु गाउँपालिका ३ मा भारतको अररियाका २० वर्षीय विकेशकुमार रायलाई पक्राउ गरेको प्रहरीले जनाएको छ। लागूऔषध मुद्दामा सुनसरी जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ।

**२४ घण्टा आकस्मिक सेवा**
इटहरी (कास)- सुनसरीको इटहरी अस्पतालमा चौबिसै घण्टा आकस्मिक (इमेर्जेन्सी) सेवा सुरु भएको छ। बुधबार प्रदेश १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेले सेवाको उद्घाटन गरे। सेवा सुरु भएसँगै इटहरी र आसपासका सेवाग्राहीलाई सहज हुने भएको छ। आकस्मिक सेवा र सुविधासम्पन्न अस्पतालको अभावमा इटहरीवासी धरान र विराटनगरका अस्पतालमा जान बाध्य थिए। पर्याप्त भौतिक पूर्वाधार भएर पनि सेवा दिन नसकेको आरोप लागेको अस्पताललाई पछिल्लो समय भने उपमहानगरले स्तरीय बनाउने प्रयास गरेको छ। १५ शय्याको अस्पतालमा ३ जनाएमबीबीएस डाक्टर, ३ जना हेल्थ असिस्टेन्ट, २ जना अहेब र २ जना स्टाफ नर्सको व्यवस्था गरिएको छ।

**बिरामी बढे**
ओखलढुंगा (कास)- ओखलढुंगा सामुदायिक अस्पतालमा पानीजन्य रोगको संक्रमणले बिरामीको संख्या बढेको छ। वर्षाको मौसममा फोहोर पानीका कारण बिरामी हुनेको संख्या बढेको हो। आउँ, टाइफाइड, झाडापखाला जस्ता पानीजन्य रोगका बिरामी धेरै आउने गरेको अस्पतालले जनाएको छ। ५० शय्याको अस्पतालमा हाल ७० जना बिरामी भर्ना भएका छन्। अन्तरंग विभागमा दैनिक भर्ना हुने २० जनामध्ये ७ जना बिरामीमा पानीजन्य रोगको संक्रमण भेटिएको अस्पतालका तथ्यांक अधिकृत फणिन्द्र दानीले बताए।

**युवकको 'शंकास्पद मृत्यु'**
मोरङ (कास)- मिक्लाजुङका अनिश कार्कीको मृत्यु शंकास्पद भएको भन्दै प्रहरीले अनुसन्धान सुरु गरेको छ। कार्की आफ्ना साथीहरूसँग साउन ५ गते राति १० बजे घरबाट निस्केका थिए। चार दिनपछि बक्राहा र नुनसरी खोलाको दोभान बेतनीमा उनको शव फेला परेको थियो। 'घरबाट सँगै निस्केका साथीमध्ये सबै फर्केर आउने र एकजनाको ४ दिनपछि शव फेला परेकाले घटना शंकास्पद छ,' प्रहरी उपरीक्षक विश्व अधिकारीले भने, 'कार्कीसँग गएका तीनैजनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेका छौं।' कार्कीकी पत्नी रञ्जिलाका अनुसार अनिशका दुईजना साथीले राति १० बजे बोलाएर लगेका थिए।

# 'डाक्टरको लापरबाहीले सुत्केरीको मृत्यु'

मोरङ (कास)- विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा चिकित्सकको लापरबाहीले बुधबार सुत्केरीको मृत्यु भएको आफन्तले आरोप लगाएका छन्। सुनसरीको झुम्काबाट प्रसूति गराउन आएकी ३५ वर्षीया पार्वती कार्कीको मृत्यु भएको हो।

मृतकको आफन्त पुस्विन अधिकारीका अनुसार सामान्य अवस्थामा पाार्वतीलाई प्रसूति गराउन सोमबार अस्पतालमा भर्ना गराएको र मंगलबार बिहान छोरी जन्मियो। 'सुत्केरी भएर वार्डमा सारेपछि पार्वतीले खाना खाने इच्छा गरिन्,' उनले भने, 'खाना खुवाउन खोजेपछि अचानक बेहोस भएपछि हामीले तत्काल चिकित्सकलाई जानकारी गरायौं।'

रक्तस्राव अत्यधिक भएर बेहोस भएकाले तत्काल रगतको व्यवस्था गर्न चिकित्सकले सल्लाह दिएको अधिकारीको भनाइ थियो। 'हामीले रगतको व्यवस्था गरेपछि रगत चढाउन थाल्यो तर रक्तस्राव रोकिएन,' उनले भने, 'चिकित्सकले दिउँसो शल्यक्रिया गरेर पाठेघर फालेपछि मात्रै रक्तस्राब बन्द हुने भन्नुभयो।' त्यसपछि तत्काल शल्यक्रिया गरेको त्यतिञ्जेलमा १७ पिण्ट रगत पनि चढायो। यति हुँदाहुँदै पनि बुधबार बिहान चिकित्सकले पार्वतीलाई बचाउन नसकेको भन्दै जानकारी गराएको अधिकारले सुनाए।

'पार्वती सुत्केरी भएपछि रक्तस्राब भइरहेको छ, छैन भन्ने हेर्ने चिकित्सकको दायित्व हो,' उनले भने, 'तर चिकित्सकले प्रसूतिको वास्तै गरेनन् जसको फलस्वरूप शरीरमा भएको रगत बगेर पार्वतीले मृत्यु वरण गरिन्। के यो चिकित्सकको लापरबाही होइन ?' सामान्य रूपमा प्रसूति भएपछि रक्तस्राब रोकियो, रोकिएन भनेर हेर्ने दायित्व पूरा नगरेको चिकित्सकले लापरबाही गरेनौं अथवा भएन भन्नै नमिल्ने उनको तर्क छ।

उपचारमा संलग्न चिकित्सकलाई कारबाहीको दायरमा ल्याएमात्रै मृतकको शव बुझ्ने परिवारजनको अडान छ। मृतकको पति वैदेशिक रोजगारीको क्रममा कतारमा रहेको उनले सुनाए। बच्चाको अवस्था सामान्य छ। अस्पताल प्रशासनका नारायण दाहालले पार्वतीको प्रसूतिमा र उनको उपचारमा चिकित्सकको कुनै लापरबाही नभएको दाबी गरे। 'चिकित्सकले प्रसूतिको रक्तस्राब रोक्ने प्रयास गरेको तर बचाउन सकेनन्,' उनले भने, 'औषधिले रक्तस्राब नरोकिएपछि पाठेघरको शल्यक्रिया समेत गरेर चिकित्सकले पार्वतीलाई बचाउने प्रयास गऱ्यो तर सकेनन् त्यसैले यसमा चिकित्सकको कुनै दोष छैन। सक्दो प्रयास गरेकै हो।'

**भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर,झापाबाट जिल्ला झापा,साविक पाँचगाछी-७ हाल शिवसताक्षी नगरपालिका वडा नं. ५ बस्ने रुपचन हजामका नाममा जारी भएको ३० दिने सूचना**

जिल्ला झापा साविक महाभारा-३,हाल गौरिगञ्ज गाउँपालिका वडा नं. १ बस्ने बुधोसरी राजवंशीले तपाईका नाममा दर्ता कायम रहेको जिल्ला झापा महाभारा गाविस वडा नं. ३ हाल गौरिगञ्ज गाउँपालिका-१ मा पर्ने कि.नं. ६८८ को ज.वि.१-१३-१७ को मोही मेरा पति विच्छी राजवंशी भन्ने जितु राजवंशी भई निजको मृत्यू पश्चात उक्त जग्गा मैले मोहीको हैसियतले जोतभोग गरिरहेकोले मोही हक मेरा नाममा नामसारी गरी बाडफाँड गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा निवेदकले निवेदनमा उल्लेख गरेको घर,ठेगानामा तपाईको नामको म्याद तामेल हुन नसकेकोले विशेष अदालत ऐन २०५९ को दफा १०(९) बमोजिम यो सुचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावि विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र दावि विरोध नभएमा ऐन बमोजिम मोही हक वाडफाँड भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ।

**पारिवारिक अदालतको सूचना**
**प्रधान न्यायाधीस**
**पारिवारिक अदालत, पूर्णियाँ (बिहार)**
**मुद्दा नं. १२१/२०१५**

**प्रिति देवी पति श्रवण कुमार साह सुपुत्रि श्री चन्द्र प्रसाद मण्डल**
**ठेगाना गौरीगंज, खजुरगाछी शस्त्र वल कैम्प, जिल्ला झापा, नेपाल**

तपाईलाई यस कान्तिपुर दैनिक मार्फत सूचित गरिन्छ कि वादी पिता श्री डोमन लाल साह छोरा श्री श्रवण कुमार साहले तपाई विरुद्ध दायर गर्नुभएको विवाह सम्बन्ध विच्छेदको मुद्दा मेरो इजलासमा विचाराधीन रहेको छ। अतः यस सम्बन्धमा आफ्नो जवाफ रहे भए यस अदालतबाट तोकिएको आगामी तारिक ईश्वी सम्बत ०९-०८-२०१९ (२०७६-४-२४) भित्र आफै वा आफ्नो कानुन व्यवसायी मार्फत उपस्थित भई आफ्नो प्रतिउत्तर राख्न यो सूचना जारी गरिएको छ। तोकिएको समय भित्र आफै वा आफ्नो कानुन व्यवसायीमार्फत यस इजलासमा उपस्थित नभए मुद्धाको एक तर्फी सुनुवाई हुने समेत जानकारी गराईन्छ।

प्रधान न्यायाधीश
कुटुम्ब न्यायालय,पूर्णियाँ

भर्ना खुल्यो !
स्वास्थ्य प्राविधिक विषयहरु
Post Basic Bachelor of Nursing Science
BN
3 Years Nursing Programme
Bachelor in Public Health
BPH
4 Years Semester Based
Admission Criteria: One Year Experience after PCL Nursing
Admission Criteria: +2 Science (BIO)/ H.A./D.Pharmacy/ Nursing Course
छात्रवृत्ति र पूर्णशुल्कमा
फाराम भर्ने अन्तिम मितिः २०७६/०५/०१
पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त तथा सम्बन्धित काउन्सिलबाट स्वीकृति प्राप्त
कोशी हेल्थ एण्ड साइन्स क्याम्पस
तीनपैनी, पानीटंकी पछाडी विराटनगर-१
फोन: ०२१-४६२६८४,४६०६६७

ENJOY DOLBY ATMOS SOUND BIG Movies
NOW SHOWING
JUDGEMENTAL HAI KYA : 8:15 AM, 10:45 AM, 1:15 PM, 3:45 PM, 8:45 PM
SUPER 30 : 8:30 AM, 4:45 PM, 7:45 PM
KABIR SINGH : 1:30 PM
3D : THE LION KING : 8:00 AM, 10:30 AM, 1:00 PM, 6:15 PM
3D : THE LION KING(HINDI) : 3:30 PM, GHAR : 11:30 AM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220, 4433275
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com

BG Mall BSR MOVIES FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com
NEXT CHANGE
CURRENT SHOWTIME

| MOVIES | ATMOS 1 | ATMOS 2 |
|---|---|---|
| JUDGEMENTAL HAI KAYA | | 11:30 AM 7:00 PM |
| GHAR | | 2:00 PM |
| SUPER 30 | | 4:00 PM |
| THE LION KING (3D) | 11:00 AM 7:15 PM | |
| KABIR SINGH | 1:30 PM | |
| SPIDER-MAN | 4:45 PM | |

XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

गोपी कृष्ण Showing Time 8:20, 11:20, 2:20, 5:20
• Jagmental hai kya • घर • Super 30 • एकलब्य • आप्पा • सुपर गोर्खे • प्रतिकार
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.
• Kabir Shing • Ghar • Super Gorkhay • Eak Labya • Aappa • Dal Vat Tarkari • Jatrai Jatra • Jarg mental hai kya

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सोचेको पुग्ने | तुला | कर्म प्राप्ति |
| वृष | शत्रु परास्त | वृश्चिक | भाग्य वृद्धि |
| मिथुन | आर्थिक लाभ | धनु | डर चिन्ता |
| कर्कट | पदोन्नति | मकर | नयाँ कार्य प्रारम्भ |
| सिंह | खर्च वृद्धि | कुम्भ | कान्ति क्षय |
| कन्या | कार्य सफल | मीन | अध्ययनमा सफल |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल श्रावण १७ गते शुक्रबार तदनुरुप २ अगस्ट २०१९ श्रावण शुक्लपक्ष प्रतिपदा तिथी प्रातः ६:३७ बजेसम्म उप्रान्त द्वितिया तिथि, अश्लेषा नक्षत्र प्रातः ११ ५९ बजेसम्म उप्रान्त मघा नक्षत्र, व्यतिपात योग दिनको २:३४ बजेसम्म उप्रान्त वरियान योग, बालब करण दिनको ५:२६ बजेसम्म उप्रान्त कौलब करण, कर्कट राशिमा चन्द्रमा प्रातः ११:५९ बजेसम्म उप्रान्त सिंह राशिमा।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्ट्स् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **दमकल** | |
| विराटनगर | ०२१-४२००० |
| इटहरी | ०२५-५८०१०१ |
| धरान | ०२५-५२०१९९ |
| इनरुवा | ०२५-५६०१०१ |
| दमक | ०२३-५८०१०१ |
| भद्रपुर | ०२३-५१०१०१ |
| धनकुटा | ९८५२०६१२०१ |
| कोसी अञ्चल अस्पताल विराटनगर | ५३०१०३/५२४२३४ |
| मेची अञ्चल अस्पताल, भद्रपुर | ०२३-५२००२४ |
| वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान | ०२५-५२५५५५ |
| रक्तसञ्चार केन्द्र, विराटनगर | ०२१-५२३३२६ |
| विराटनगर आँखा अस्पताल | ०२१-४३६३६० |
| रक्तसञ्चार केन्द्र, धरान | ०२५-५२०९६८ |
| **एम्बुलेन्स** | |
| विराटनगर सेन्ट्रल | ०२१-५३७००१ |
| लाइफगार्ड अस्पताल, विराटनगर | ९७४२०४२३३३ |
| दुहबी जेसिज, सुनसरी | ०२५-५४०४३५ |
| शव बाहन, विराटनगर | ०२१-५२५८७४ |
| **प्रहरी** | |
| जिल्ला प्रहरी कार्यालय, मोरङ | १००/९८५२०२६७५० |
| इलाका प्रहरी कार्यालय, उर्लाबारी | ५४०९९०/९८५२०९०१३६ |
| इलाका प्रहरी कार्यालय, रंगेली | ५८०१३०/९८५२०९०१४४ |
| क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी | ०२५-५८०१०५/९८५२०९०१६१/१०३ |

**काठमाडौंका महत्त्वपूर्ण नम्बर**

| | |
|---|---|
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# अस्पतालमा बिरामीको चाप

- उपचारमा आएका मध्ये अधिकांश ज्वरोका बिमारी
- पानीको प्रदूषणका कारणले बिरामी बढ्दै

■ **आनन्द गौतम** (ताप्लेजुङ)

नानीलाई उपचारका लागि लिएर आएका फुङलिङ नगरपालिका- ९ हाङदेवाका चन्द्र कालिकोटेले जिल्ला अस्पतालमा पालो पाएनन् । ओपीडीमा टिकट लिन नसकेपछि इमर्जेन्सीमा देखाउन बसे तर त्यहाँ पनि सम्भव भएन ।

त्यसपछि क्लिनिकमा गएर जँचाए । बच्चालाई भर्खरदेखि बिराम सुरु भएकाले डाक्टरलाई नै देखाउन उनी भोलिपल्ट पनि आए । बिहान ९ बजे आएका उनको १ बजे पालो आयो र जाँच गराए ।

फुङलिङ २ का गोपाल न्यौपानेले ज्वरो सुरु भएपछि मेडिकलबाट औषधि लिए । अहिले कडा खालको ज्वारो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई एन्टिबायोटिक दिएका थिए । तीन दिनसम्म सुतेर औषधि खाँदा पनि कम नभएपछि मंगलबार जिल्ला अस्पताल आएका उनलाई डाक्टरले टाइफाइडको आशंकामा रगत र पिसाब परीक्षण गर्न सल्लाह दिए । पाँचथरको फालेलुङका रत्न काफ्ले पनि ज्वरोले चापेपछि वीरबहादुर बिकलाई साथ लिएर जिल्ला अस्पताल आए । गाडी चढेर आएका उनलाई डाक्टरले औषधि खाएर आराम गर्न सल्लाह दिएर बिदा गरे ।

चार दिनयता जिल्ला अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको छ । दिउँसो २ बजेसम्म त ओपीडीमा टिकट लिनेको लाइन नै हुन्छ । त्यसपछि इमर्जेन्सीमा जाँचिन्छ । सर्वसाधारण नागरिक मात्रै नभएर जिल्ला अस्पतालमा प्रमुख डाक्टर सोनिम लामा आफैं मंगलबारदेखि अस्पताल आउन सकेनन् । ल्याबमा आएर आफैंले रगत परीक्षण गराएका छन् र औषधि सेवन थालेका छन् । सोमबारसम्म बिरामी जाँचेका डाक्टर लामालाई आइतबारदेखि नै अस्वस्थ्यको महसुस भएको थियो । ल्याब असिस्टेन्ट दीपेन्द्र पौडेलले भने, 'हामी यहाँ काम गर्ने नै धेरैजना बिरामी पर्न थालिसकेका छौं ।'


जिल्ला अस्पताल ताप्लेजुङमा लागेको बिरामीको भीड । *तस्विर : आनन्द/कान्तिपुर*

ल्याबमा अरूको रगत, पिसाबलगायत परीक्षण गरिरहेका उनले आफूलाई बिरामले चापिसकेको तर जनशक्ति कम भएकाले जबरजस्ती काम गरिरहेको बताए ।

चिकित्सकका अनुसार अधिकांशमा ज्वरोको संक्रमण देखिएको छ । 'ज्वरो, टाइफाइडका बिरामी धेरै देखिएका छन्,' डाक्टर लामाले भने, 'म आफैं पनि बिरामी परें, यो पानीको प्रदूषणको मुख्य कारण हो ।' मौसम परिवर्तन हुँदा यस्तो देखिने र यो सर्ने गरेको लामा बताउँछन् । मौसमी बिरामीले तातो पानी प्रशस्त खानुपर्ने र आराम गर्नुपर्ने सुझाब डाक्टरको छ । स्वास्थ्यकर्मी डम्बर श्रेष्ठ जोगिएर काम गर्न कठिन भएको बताउँछन् । जिल्ला अस्पतालमा मात्रै नभएर गाउँका स्वाथ्यचौकीमा पनि बिरामीको चाप उत्तिकै बढेको उनले सुनाए ।

जिल्लाको मैवाखोलाको ढुंगेसाँघु र सिरिजंघा गाउँपालिकाको तेल्लोकमा डाक्टरको दरबन्दी रहेको छ । यीबाहेक प्रत्येकजसो वडामा एचएको नेतृत्वमा स्वास्थ्यकर्मी छन् । जिल्ला अस्पतालमा १५ शय्या रहेको छ । इमर्जेन्सीसमेत गरी ३५ बेड राखिएका छन् ।

यतिबेला जिल्ला अस्पतालमा प्रशस्त औषधि छ । जनस्वास्थ्यको गोदामबाट जिल्ला अस्पताल ल्याउने जनशक्ति भने अभाव छ । समायोजनमा अस्पतालका कार्यालय सहयोगीलगायत जनशक्ति नगरपालिकातिर गएपछि र अस्पतालमा काम गर्ने नभएर समस्या भएको स्टोरको जिम्मेवारी लिएका डम्बर श्रेष्ठ बताउँछन् । जनस्वास्थ्यको गोदामबाट अस्पतालसम्म ल्याउने जनशक्ति अभावले व्यवस्थापनमा कठिनाइ भएको छ । नि:शुल्क औषधि वितरण केन्द्रले मागेजति नदिएको सेवाग्राही दिलिप बरालले बताए । सुपथ मूल्यको औषधि पसलमा भने खरिद प्रक्रियामा समस्या भएकाले औषधि केही अभाव भएको श्रेष्ठ बताउँछन् ।

# बर्थिङ सेन्टरमा कर्मचारी अभाव

■ **प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले करारमा राखिएका सहयोगी हटाउँदा बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी गराउने काम प्रभावित भएको छ । संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि नगरपालिकाले गत वर्षदेखि सहयोगी हटाएको थियो । सहयोगी हटाउँदा स्वास्थ्य क्षेत्रमा काम गरेका धेरै बाहिरिएका थिए ।

नगरपालिकाभित्रको रायडाँडा, तित्याङ, पैयुँपाटा, नारायणस्थानलगायतका स्वास्थ्यचौकीमा आउने गर्भवतीलाई परीक्षण गरेपछि जटिल अवस्था भएमा सदरमुकाम पठाउनुपर्ने बाध्यता भएको सिनियर अहेब सोमराज पाण्डेले बताए । 'तालिम प्राप्त अनमी भए पनि साथ दिने व्यक्ति अभावमा गर्भवतीलाई सुत्केरी बनाउन सक्दैनन्,' उनले भने, 'कुन प्रकारको सहयोगी हटाउने भन्ने तोकिनुपर्थ्यो ।' सुरक्षित गर्भवती गराएपछि एकजना बराबर एक हजार रुपैयाँ संस्थाले पाउनुपर्छ । त्यो बजेटबाट ७ सयको सामग्री किन्ने र ३ सय भत्ता दिने गरिन्छ तर गत आर्थिक वर्षदेखि नै जिल्लाका अधिकांश स्थानीय तहमा त्यस्तो भत्ता गएन, जसका कारण जटिल काम गरेर पनि स्वास्थ्यकर्मीले भत्ता नपाएको गुनासो गरे ।

बडिगाड गाउँपालिकामा गत वर्षको पहिलो चौमासिकलाई पुग्ने मात्र बजेट गयो । त्यसपछि सुत्केरी सामग्री किन्ने पैसा र प्रोत्साहन भत्ता गएन । अत्यावश्यक सामग्री आन्तरिक कोषबाट खरिद गरिए पनि स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता नपाएको निरञ्जन यादवले बताए । 'रातदिन नभनी काम गर्नुपर्छ तर उनीहरूले सामान्य सेवासुविधा पनि पाएका छैनन्,' उनले भने, 'स्वास्थ्यकर्मीले जटिल अवस्थामा साथ नदिए बिरामीको ज्यानै जाने खतरा हुन्छ ।' प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीले आगामी कार्यपालिकाको बैठकमा उक्त एजेन्डा राखेर समस्या समाधान गर्ने बताए । 'यो समस्या जतासुकै हो तर बिरामीको सेवामा खटिनेले सुविधा पाउने

> **संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि करारका सहयोगी हटाउँदा सेन्टरको काम प्रभावित**

गरी निर्णय गर्न आन्तरिक कोष भए पनि परिचालन गर्ने तयारी छ,' उनले भने, 'गत पुसदेखि नै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिई काम गर्न लगाएका छौं ।' भूगोलको समस्याले रणसिंकिटेनी, जलजला, भीमगिठे र दर्लिङका सेवाग्राहीले स्वास्थ्य संस्था आइपुग्न पनि सयौं खर्चनुपर्ने उनले बताए ।

आन्तरिक बजेटबाट अत्यावश्यक सामग्री खरिद गरेर काम चलाइएको तमानखोला गाउँपालिकाकी स्वास्थ्य शाखाकी अहेब गरिमा हर्मेलले बताइन् । बजेट अभावमा अनमीले प्रोत्साहन भत्ता नपाएको उनले सुनाइन् । गलकोट, ढोरपाटन र जैमिनी नगरमा पनि यस्ता समस्या छन् । गाउँपालिका भएका स्थानमा यो समस्या झनै जटिल छ । भूगोलको कठिनाइ र बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी अभाव हुँदा सेवाग्राही पहिलेदेखि सहरमा बसेर सेवा लिन बाध्य छन् । जिल्लामा अहिले ४७ बर्थिङ सेन्टर छन् ।

स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गरेको ८ सय रुपैयाँ र गर्भवती भएमा पाउने २ हजार रुपैयाँ दिने बजेट समेत नहुँदा केही स्थानीय तहले आन्तरिक स्रोतबाट दिने गरेका हुन् । अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा मात्रै झन्डै २ सय ६९ महिला सुत्केरी भएकोमा १ सय ३४ ले मात्र सेवासुविधा पाउन सकेका थिए । सरकारले भने नियमित गर्भ परीक्षण गरेको तथा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएकालाई मात्रै भत्ता दिने प्रावधान राखेको छ । बजेट पठाउँदा ससर्त शीर्षकमा पठाउनुपर्नेमा निसर्त पठाउँदा कतिपय बजेट गाउँपालिकाले विकास निर्माणमा खर्चने गरेको समेत टिप्पणी भइरहेको छ ।

गत वर्ष निसर्त बजेट आएकै कारण पशुस्वास्थ्यको समेत समस्या भएको थियो । पशुले पाउने खोप, कृत्रिम गर्भाधानका लागि चाहिने नाइट्रोजन खरिदजस्ता काम अलपत्र भएर धेरै पशु प्रभावित भएका थिए । 'पशु स्वास्थ्यमा त धेरै समस्या पर्छ भने मानव स्वास्थ्यमा नपर्ने कुरै भएन,' स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ सुपरभाइजर देवप्रकाश घिमिरेले भने ।






# जथाभाबी तार काटिँदा ग्राहक मर्कामा


नाला निर्माणका क्रममा डोजरले विराटनगरको महेन्द्र चोक पूर्वतर्फ नेपाल टेलिकमको भूमिगत तार काटेपछि मर्मत गर्दै टेलिकमका प्राविधिक । *तस्विर : विनु/कान्तिपुर*

■ **विनु तिम्सिना** (विराटनगर)

महानगरपालिका-९ कलेज रोडस्थित पञ्चकन्या प्रिन्टर्समा ६ महिनादेखि टेलिफोनको लाइन छैन । सडक निर्माणका क्रममा अवरुद्ध नेपाल टेलिकमको लाइन महिनौं भइसक्दा पनि मर्मत नभएको प्रिन्टर्सका सञ्चालक लव घिमिरेले बताएका छन् ।

टेलिकमलाई बुझाउनुपर्ने न्यूनतम शुल्क २ सय ५५ रुपैयाँ भने मासिक तिर्नुपरिरहेको उनले गुनासो गरे । '६ महिनाभन्दा बढी भइसक्यो, धेरैपटक गुनासो गर्‍यौं, सुनुवाइ भएको छैन,' उनले भने, 'मासिक शुल्क तिर्न बाध्य छौं ।' प्राय:जसो सबैको हातमा मोबाइन फोन भए पनि कार्यालयको काममा ल्यान्डलाइन फोन नै प्रयोग गर्ने गरेको घिमिरेले बताए । महानगरपालिकामा भइरहेको विकास निर्माणले टेलिकम

> **खानेपानी र विद्युत् प्राधिकरणको क्षति निर्माण कम्पनीले तिर्दै, टेलिकमले भने आफैं बेहोर्दै**

सेवा मात्र होइन, सबै क्षेत्र प्रभावित बनेको छ । सडक तथा नाला निर्माणका लागि खाल्डा खन्ने तर समयमै काम नगर्ने परिपाटीले स्थानीय सेवाग्राहीलाई सास्ती छ । खासगरी खानेपानी, विद्युत् प्राधिकरण र टेलिकमसँग समन्वय नगरी जथाभावी डोजर चलाउनाले विराटनगरमा विद्युत्, खानेपानी र टेलिकमको सेवा सबैभन्दा बढी प्रभावित छ । त्यसमा पनि टेलिकमका तारहरू जमिनमुनि हुँदा काटिएमा मर्मत गर्न झन्झटिलो र लामो समय लाग्नाले सेवाग्राही मर्कामा पर्ने गरेका हुन् । सेवा अवरुद्ध हुँदा टेलिकमको विराटनगर शाखा पनि हैरान बनेको छ ।

एउटै सडकमा पटक-पटक डोजर चलाउँदा थप समस्या हुने गरेको टेलिकम विराटनगर शाखा कार्यालयका सूचना अधिकारी पशुपति सुवेदीले बताए । एउटै सडकमा कहिले नाला बनाउन त कहिले बढाउन भन्दै खन्दा हैरानी बेहोर्नुपरेको उनको भनाइ छ । विराटनगर शाखाबाट ८ हजार ८ सय ५७, रानी शाखाबाट ६ सय १५, रोडशेषबाट १ हजार ८ सय ८२, टंकीसिनुवारीबाट १ हजार ५८ र तीनपैनीबाट २ हजार ८ सय ७९ टेलिफोन लाइन सञ्चालनमा छन् । त्यसमध्ये हाल विराटनगरको ट्राफिक चोकस्थित क्याबिनेटका १ सय ५०, महेन्द्र चोक क्याबिनेटका साढे ५ सय र हाटखोलाको क्याबिनेटका झन्डै साढे ९ सय लाइन विकास निर्माणकै कारण अवरुद्ध बनेको सुवेदीले जानकारी दिए । 'खानेपानीका पाइप धेरै तल गाडिएका हुँदैनन् र बिजुलीका तार पनि पोलमाथि हुन्छ,' उनले भने, 'तर टेलिकमका तार जमिनको तीन फिटमुनिसम्म गाडिएको हुन्छ, तार चुँडियो या काटियो भने मर्मत गर्न निकै झन्झटिलो हुन्छ ।' निर्माण कम्पनीले टेलिकमसँग समन्वय नगरी खनिदिँदा धेरै क्षति भइरहेको सुवेदीको भनाइ छ ।

**क्षतिपूर्ति नलिँदा बढी लापरबाही**

विकास निर्माणका क्रममा डोजरले तार काटेर हैरान बनेको टेलिकमले सम्बन्धित ठेकेदार पक्ष र महानगरपालिकासँग न त क्षतिपूर्ति लिन्छ न त मर्मत नै गर्न लगाउँछ । सँगैका विद्युत् प्राधिकरण र खानेपानी संस्थानले निर्माणका क्रममा सेवा अवरुद्ध बनेमा त्यसको मर्मतको काम सम्बन्धित पक्षलाइ गराउँछ । 'विद्युत् प्राधिकरण र खानेपानीले क्षतिपूर्ति लिने सर्तमा मात्रै खन्न दिन्छन्,' उनले भने, 'तर टेलिकमले त्यस्तो क्षतिपूर्तिको दाबी नगर्दा झन मनपरी डोजर चलाइन्छ ।'

विराटनगरमा सडक, ढल र नाला निर्माण धेरै वर्षदेखि भइरहेकाले खानेपानी संस्थान विराटनगरका प्रमुख शैलेन्द्र साहले भत्केका जति सबै पाइप बनाउन नसक्ने भएकाले ठेकेदार कम्पनीले नै बनाउनुपर्छ भनेर सरोकारवाला सबैसँग छलफल गरेर निर्णय नै भएको जानकारी दिए । 'निर्माणका क्रममा भत्काउँदै जाने अनि हामीले बनाउनुपर्ने ?,' साहले भने, 'त्यो त सकिँदैन, त्यसैले जसले क्षति पुर्‍याउँछ उसैले मर्मत गर्नुपर्छ ।' मर्मत कसले गर्ने भन्ने विषयमा भएको सरोकारवालाको छलफलमा टेलिकमका प्रतिनिधि पनि गएका थिए ।

# कोसीपीडित फेरि आन्दोलित

राजविराज (कास)- तीन पुस्तादेखि थाती मुआब्जा विवाद सुल्झाउन माग गर्दै कोसीपीडितले फेरि आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा समस्या समाधानका साथै कोसीलाई व्यवस्थित गर्नुपर्ने माग गरेको छन् ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाउँदै साबिकका कोसीपीडितले कोसी सम्झौताको कार्यान्वयनसहितका सातबुँदे माग पूरा गर्न प्रधानमन्त्रीसित माग गरेका हुन् । नेपाल-भारत बीचमा १२ वैशाख २०११ मा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, कोसी योजनाले अधिग्रहण गरेको जग्गामा मात्र पायलट च्यानलको काम हुनुपर्ने, सम्झौताअनुसार सो क्षेत्रका नेपाली नागरिकलाई जागिर दिनुपर्ने, कोसीबाट प्रभावित परिवारका लागि विद्यालय र अस्पताल खोल्नुपर्ने तथा नेपाली भूभागमा कोसी योजनाले कुनै काम कारबाही सुरु गर्नुपूर्व नेपाल सरकारसँग अनुमति लिनुपर्नेलगायत माग अघि सारिएको छ ।

त्यस्तै भारत सरकारले कोसी सम्झौताअनुसार वर्षैपिच्छै कोसी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ति नदिएर अन्याय गरेको भन्दै सम्झौता कार्यान्वयन गरिनुपर्ने माग कोसीपीडितको रहेको छ ।

कोसी नदी कटान डुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरको तर्फबाट संयुक्त रूपमा प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा आफूहरूको माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रदेश १ को सुनसरी र प्रदेश २ को सप्तरीको बीचमा अवस्थित सप्तकोसी नदीमा पुल निर्माणका क्रममा भारत सरकारले अधिग्रहण गरेको सप्तरीवासीको सयौं बिघा नम्बरी जग्गाको मुआब्जा ७३ वर्ष नाघिसक्दा पनि पाउन नसक्दा मुआब्जाकै पर्खाइमा तीन-तीन पुस्ताले समस्या झेल्नुपरेको कोसीपीडितको भनाइ छ । संघर्ष समितिका संयोजक महिदेवप्रसाद चौधरीले आउँदो साउन ३२ गते बिहान ९ बजे सदरमुकाम राजविराज तथा कोसी ब्यारेज सडक खण्डमा कोणसभा, धर्ना र रिले अनशनलगायत कार्यक्रम राखिएको बताए ।







नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १६४ जनकपुर | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ




भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

## देउवा–पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)



‘खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?’



‘समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ’

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई ‘भिलेन’ बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठककै सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । ‘समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ,’ पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, ‘संकटमा पुऱ्याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।’ लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । ‘मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,’ देउवाको भनाइ थियो, ‘मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।

बाँकी पृष्ठ १६ ▸▸

### भित्र


पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग


### गजब छ बा !

– अविन –




तपैं ‘चन्द’ ‘चन्द’ भनिर’छु भन्नुहुन्छ !... म ‘चन्दा’ ‘चन्दा’ नै सुनिर’छु त !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


## भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले ‘काठमाडौं भ्यु टावर’ मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । ‘उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

आएको छ,’ विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले ‘काठमाडौं भ्यु टावर’ निर्माणका लागि कुननी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै बिल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुऱ्याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका

पृष्ठ १२

## ‘अपझट आकस्मिकता’

**‘भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।’**

■ **सुरज कुँवर** (काठमाडौं)



*ईश्वर जोशी*

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झिँदै भने, ‘आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।’ उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई ‘अपझट आकस्मिकता’ भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, ‘मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा गर्व छ ।’ केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, ‘मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।’

राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।

बाँकी पृष्ठ १६ ▸▸



**!!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!**

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?


Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!

Sample Bank-Branch wise Account Details




Sample Bank-Branch wise Account Details




**Our services:**

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds #1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



**Discount offer:**

If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

GFORCE SYSTEMS & TECHNOLOGIES rest assured

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# परिवारजस्तै माया बिरुवालाई



रौतहटको चन्द्रपुर ४ का ६९ वर्षीय वृद्ध हरिप्रसाद आचार्य नर्सरीमा बिरुवा हेर्दै । ३४ वर्षदेखि बिरुवासित साइनो गाँसेका आचार्यको अहिले पनि उत्तिकै जोस, जाँगर देखिन्छ । *तस्बिर : शिव/कान्तिपुर*

■ **शिव पुरी** (रौतहट)

चन्द्रपुर ४ जंगलटोलका ६९ वर्षीय हरिप्रसाद आचार्य बिहानै नर्सरीमा पुग्छन् । विभिन्न जातका बिरुवा हुर्कंदै गरेको नर्सरीलाई उनले ३४ वर्षदेखि स्याहार्दै आएका छन् ।

आचार्यको दैनिकी बिहान ५ बजे सुरु भई रातको ८ बजेसम्म बिरुवाको हेरचाहमै हुन्छन् । डिभिजन वन चन्द्रनिगाहपुरको नर्सरीमा काम गर्छन् । ६ लाख बिरुवाको अभिभावकजस्तै भएका छन् आचार्य ।

नर्सरीमा १७ जातका बिरुवाको संरक्षणमा लागेका उनको अहिले पनि जोस र जाँगर उस्तै छ । नर्सरीमा बिरुवा नहुर्किए उनलाई चिन्ता लाग्छ । 'परिवारको सदस्यजत्तिकै माया लाग्छ । बिरुवा हुर्क्यो/हुर्केन, पानी र मल पुग्यो/पुगेन सबै हेर्छु' उनले भने, 'बिरुवालाई हेरे आवश्यकता पूरा गर्छु । यसैमा रमाएको छु । अब बाँकीको जिन्दगी बिरुवा स्याहारेर बित्छ ।' जग्गाको नाममा एक धुर पनि नभएका सुकुम्बासी आचार्यलाई वनले दैनिक ज्यालादारीमा नर्सरीको बिरुवा उत्पादन र संरक्षणका लागि नियुक्ति गरेको छ । उनले दैनिक ५ सय रुपैयाँ मात्र पाउँछन् । बिरुवा लगाउने ठाउँ तयार पार्ने, गोड्ने, माटो भर्ने, रोपेर हुर्काई संरक्षण गर्ने काम एक्लैले भ्याउँछन् ।

प्राय: बिरुवासित रमाउने अचार्यलाई दिनमा भन्दा राति बढी चिन्ता लाग्छ । बाँदर र हरिण आएर बिरुवा खाने गरेकाले उनी धेरैपटक रातको समय टर्चलाइट बोकेर नर्सरी पुग्छन् । बिरुवाको पात/पात हेरेर फर्कन्छन् । 'कुनै दिन त निद्रा नै लाग्दैन,' उनी भन्छन्, 'यति दु:ख र मायाले हुर्काएको बिरुवा वन्यजन्तुले खाइदियो भने बर्बाद हुन्छ ।' हरिणलाई मन पर्ने बिरुवा भएकाले बेलाबेलामा दु:ख दिने गरेको हो । बिरुवामा रोग लाग्यो भने पनि उनी चिन्तित हुन्छन् । अहिलेसम्म नराम्रो रोग नलागेको उनले सुनाए ।

नर्सरीको ब्याडमा अहिले मसला, सिसौ, सतिसाल, टिक, जाग्रान्डा, मलेसियन साल, खयर, राजवृक्ष, बेल, अर्जुना, अमला, कल्की, क्यासिया, मगी र एकोसिया जातका बिरुवाहरू छन् । एउटा बिरुवा हुर्कन ४ महिना लाग्छ । हुर्केको बिरुवालाई वनले स्थानीयलाई नि:शुल्क वितरण गर्दै आएको छ । अहिले जिल्लाको जंगलसैया, चेतनगर, बलरी, चन्द्रपुर बजार गौर, मैरास्थित वनको नर्सरीहरूमा १४ लाख बिरुवा उत्पादन भएका छन् । सबैभन्दा धेरै आचार्य कार्यरत नर्सरीमा ६ लाख बिरुवा उत्पादन हुने गरेको छ । १४ कठ्ठा जमिनमा फैलिएको नर्सरीमा चारैतिर घेराबेरा गरिएको छ । 'एक सिजनमा २ लाख ५० हजारसम्म बिरुवा उत्पादन भई वितरण हुने गरेको डिभिजन वन अधिकृत विनोद सिंहले बताए । 'बिरुवा उत्पादन र संरक्षणमा आचार्यको योगदान देखेर अचम्ममा परेका छौं,' उनले भने, 'यसरी बोटाबिरुवालाई माया गर्ने कमै भेटिन्छन् ।'

एक सिजनमा उत्पादन भएका बिरुवाहरू दुई वर्षभित्रमा वितरण गर्ने वनको योजना छ । पछिल्लो समय स्थानीयले सबैभन्दा धेरै मसलाको बिरुवा लैजान्छन् । उनीहरूले निजी जमिनमा लगाउँछन् । हुर्काएर पछि गोलिया र दाउरा बेच्छन् । मलेसिया साल पनि अहिले रोजाइमा पर्न थालेको छ । यसको बीउ बाहिरबाट मगाइएको हो । राजधानीलगायतका सहरहरूमा मलेसिया सालको डिमान्ड बढी छ । दक्षिणी भेगमा पनि बिस्तारै माग बढ्न थालेको वनले जनायो । सिसौको माग घटदै गएको छ । केही वर्षयता सिसौमा रोग लाग्न थालेपछि स्थानीयले लगाउन छाडेका हुन् ।

# नामसारी भएन ब्रुमर

■ **भूषण यादव** (वीरगन्ज)




वीरगन्ज महानगरपालिकाको वरुणयन्त्र परिसरमा राखिएको ब्रुमर । *तस्बिर : भूषण/कान्तिपुर*

चार वर्ष अगाडि बोलपत्रमार्फत खरिद गरिएको ब्रुमर (सडक धुलो सफा गर्ने मेसिन) को रकम भुक्तानी गरिए पनि हालसम्म वीरगन्ज महानगरपालिकाको नाममा नामसारी भएको छैन ।

सिप्रदी प्रालिका कर्मचारी गत महिना उक्त ब्रुमर खोज्दै महानगरपालिका कार्यालय पुगेपछि यो रहस्य खुलेको हो । ना५ख ८३४८ नम्बरको ब्रुमर महानगरपालिकाले प्रयोग गर्दै आएको छ । ०७२/०७३ मा तत्कालीन वीरगन्ज उपमहानगरपालिकाले ब्रुमर खरिदका लागि बोलपत्र आहान गरेको थियो । ८१ लाख रुपैयाँमा काठमाडौंको पञ्चकन्या निर्माण सेवाले बोलपत्र सकार गरेको थियो ।

कर्मचारीका अनुसार पञ्चकन्या आफैं ब्रुमरको आयातकर्ता नभए पनि उसले सिप्रदी प्रालिको ब्रुमर उपमहानगरपालिकालाई सप्लाई गरेको थियो । ०७२ असारमै उपमहानगरपालिकाले ८१ लाख रुपैयाँ भुक्तानी गरे पनि कागजी रूपमा ब्रुमरको स्वामित्व हस्तान्तरण भएको छैन । यातायात व्यवस्था कार्यालय नारायणीको विवरण अनुसार हालसम्म ना५ख ८३४८ नम्बरको गाडीको धनी सिप्रदी हायर परसेज प्रालि रहेको छ । महानगरपालिकाको वरुणयन्त्र परिसरमा ना५ख ८३४८ नम्बरको ब्रमर राखिएको छ । तर, महानगरपालकासँग ब्रमुरको ब्लुबुक छैन । ब्रमुरको सवारी धनी प्रमाणपत्रमा महानगरपालिकाको नाम उल्लेख छैन ।

महानगरपालिका यान्त्रिक शाखा प्रमुख मनोज कर्णका अनुसार ब्रुमर महानगरपालिकाको प्रयोगमा रहेको भए पनि नामसारी नभएको बताए । पैसा भुक्तानी लिइसकेका ठेकेदार कम्पनीलाई नामसारीका लागि पटक-पटक पत्रचार गर्दा पनि आलटाल गरेको उनले सुनाए । 'नामसारी नगरे कारबाहीका लागि पत्र काट्छौं,' उनले भने, 'पैसा भुक्तानी भएर पनि नामसारी नहुँदा यसमा महानगरपालिकाको लापरबाही भएको छ ।' लेखा फाँटका कर्मचारी पनि सम्पूर्ण भुक्तानी भएको ४ वर्ष बितिसक्दा पनि ब्रुमर नामसारी नभएको सुन्दा आश्चर्य प्रकट गरे । महानगरपालिकाको खरिदको हरेक विवरण राख्ने जिन्सी शाखामा २०७२ असार २७ मा रोड भ्याकुम सुधार मेसिन मात्र लेखिएको छ । दाखिला नम्बर, बिल नम्बर लगायतका अभिलेख उल्लेख छैनन् ।

कार्यालयका तत्कालीन कार्यकारी अधिकृत विष्णु कोइरालाको कार्यकालमा ब्रमर खरिद प्रक्रिया थालिएको थियो । सम्बद्ध स्रोतका अनुसार उनकै पहलमा नामसारी बिना नै सम्पूर्ण भुक्तानी गरिएको थियो । भुक्तानी दिए पनि ब्रुमर किन नामसारी नगराएको प्रश्नमा विष्णु कोइरालाले भने, 'नामसारी ठूलो कुरो होइन तर, गुर्नचाहिँ पर्छ । यातायातमा गएर एकदिनमै हुन्छ ।' सार्वजनिक खरिद ऐन अन्तर्गत खरिद गरिएकाले अनियमितता नभएको उनले दाबी गरे । महानगरपालिकाका कर्मचारीको लापरबाहीका कारण नामसारी नभएको उनले आरोप लगाए ।


स्रोतका अनुसार सिप्रदी प्रालिबाट ब्रुमर लिएर महानगरपालिकालाई सप्लाई गरेको पञ्चकन्या निर्माण सेवाले महानगरपालिकाबाट सम्पूर्ण भुक्तानी लिए पनि सिप्रदीलाई बुझाएको छैन । सिप्रदीबाट गाडी लिएर पञ्चकन्याले त्यसमा थप निर्माणका लागि भारत पठाएको थियो । वीरगन्ज महानगरपालिकाका मेयर विजयकुमार सरावगीले पञ्चकन्या बिरुद्ध ठगीको मुद्दा चलाउन सिप्रदी प्रालिका कर्मचारीलाई सुझाउ दिएको बताए ।

'लामो समयदेखि भुक्तानी रोकिएपछि सिप्रदीका कर्मचारी ब्रुमर खोज्दै आएका थिए,' मेयर सरावगीले भने, 'महनगरपालिकाको नाममा नामसारी नभए कानुनी प्रक्रियामा जान्छौं ।' महानगरपालिकाले प्रयोग गर्दै आएको ब्रुमर सिप्रदीका कर्मचारीले नियन्त्रणमा लिन आएपछि हालसम्म नामसारी नभएको खुलेको मेयरले बताए ।

# राहत र दीर्घकालीन योजना माग्दै प्रदेश

- मुख्यमन्त्रीको दौडधुप
- विपद्सँग जुध्न संधकै आस

■ **अजित तिवारी** (जनकपुर)



अविरल वर्षाले जनकपुर जलमग्न भएको थियो । असार २८ को बिहान पाइजामा घुँडासम्म तानेर मुख्यमन्त्री लालबाबु राउत पानी छिचोल्दै बिहानै कार्यालय पुगे । उनको निवास र कार्यालय पनि डुबानमा परेको थियो । प्रदेशका ८ वटै जिल्लामा डुबान र बाढीले पारेको अप्ठ्यारोको उनले डुबानमै परेको कार्यालयमा बसेर जानकारी लिइरहे ।

त्यही दिन मन्त्रिपरिषद् बैठक बोलाएर दुई महत्त्वपूर्ण निर्णय गरे । पहिलो, विपद्मा परेकाको उद्धार, राहत र पुन:स्थापनाका लागि ८ वटै जिल्लालाई १०-१० लाख रुपैयाँ तत्कालै उपलब्ध गराउने र दोस्रो, मृतक परिवारलाई ३/३ लाख रुपैयाँ दिने । बाढीमा ठाउँठाउँमा मानिस फसेको र बहाव तेज हुँदा स्थलगत उद्धार सम्भव नरहेको सुरक्षा निकायबाट मुख्यमन्त्री राउतले रिपोर्टिङ पाइरहे । प्रधानमन्त्री कार्यालयमा फोन गरेर उनले हेलिकप्टर मागे । भारी वर्षाले उडान सम्भव थिएन । सुरक्षाकर्मीले भने स्थलगत उद्धार प्रयास जारी नै राखे ।

बाढी र डुबानले प्रदेश २ मा ३६ जनाको ज्यान लियो । १३ हजार ४४ परिवार विस्थापित भए । ६ लाख ७९ हजार ६ सय १५ जना बाढी र डुबानले प्रभावित भए । ३ हजार ५ सय ७४ घर पूर्णरूपमा क्षतिग्रस्त भए । १ लाख १८ हजार १ सय ४ घर डुबानमा परे । पानी सुक्न थालेपछि मुख्यमन्त्री र मन्त्रीहरू राहत बोकेर गए । डुबानको दुई सातापछि थिलथिलो घरमा विस्थापितहरू फर्कन थालेका छन् । उद्धार र राहतले सास फर्किएका बाढी प्रभावित भने विपद् टार्ने ठोस योजना कुरिरहेका छन् ।

चैत १७ मा टोर्नाडो हुरीले बाराका पाँच स्थानीय तहमा क्षति पुर्‍याउँदा संघीय र प्रदेश सरकारको भरथेगले सम्हालिएका प्रदेश २ को सरकारलाई असार अन्तिमको बाढीले ८ जिल्ला डुबाएपछि अत्यायो । जनधनको क्षति अपूरणीय त छँदै थियो । पुन:स्थापना र बाढी रोकथाम पनि प्रदेश सरकारको काबु बाहिरको भइदियो । बाढीले कमला, रातु, लालबकैया र बाग्मती खोलाको तटबन्ध ठाउँठाउँमा टुटायो । पूर्व-पश्चिम राजमार्गको महोत्तरीस्थित भब्सी पुल चुँडियो । दक्षिणी लाइफलाइन हुलाकी राजमार्ग अस्तव्यस्त र हिलाम्मे बन्यो । सहरसँग जोडिने ग्रामीण कच्ची सडक खोलाझैं बगिरहे ।

हरेक मौसमी विपद्ले घेरिएको प्रदेश २ मा प्रत्येक वर्ष जनधनको क्षति उच्च छ । खोलाको पानी छेक्न बनाइएका तटबन्ध ४० वर्ष पुराना र जीर्ण छन् । बाढीलाई काबुमा राख्न प्रदेश २ को सरकारले तत्कालीन र दीर्घकालीन योजनामा सहयोग गर्न संघीय सरकारसँग २५ अर्ब रुपैयाँ माग गरेको छ । सहयोगका लागि काठमाडौंमा दौडधूप बढाएका मुख्यमन्त्री राउतले आइतबार र सोमबार बाढी नियन्त्रणका विषयमा उच्चस्तरीय भेटघाट गरेका छन् । विपद्सँग जुध्न पूर्वतयारी, उद्धार, राहत र पुन:स्थापन तथा खोला-नदीको बहाव छेक्ने सूचीसहित काठमाडौं पुगेको प्रदेश सरकारको टोलीले यी सबै काममा संघीय सरकारको सहयोग अपेक्षा गरेको छ । 'बाढी र डुबानको क्षति हाम्रो काबु बाहिरको रह्यो,' मुख्यमन्त्री राउतले भने, 'यति धेरै क्षतिसँग सामना गर्न प्रदेश सरकारको मात्र प्रयासले सम्भव छैन । त्यसैले संघीय सरकारको ध्यानाकर्षण गराउन काठमाडौं आएको हुँ ।'

प्रधानमन्त्री केपी शर्मा ओली र सत्तासीन नेकपाका अध्यक्ष पुष्पकमल दाहालसँगको आइतबारको भेटमा मुख्यमन्त्री राउतले बाढीले विस्थापित परिवारको पुनर्वास, नदी नियन्त्रण र सडक मर्मत सम्भारमा सहयोग गर्न आग्रह गरे । प्रधानमन्त्री ओलीले बाढी प्रभावित क्षेत्रको निरीक्षण गरेर आवश्यक सहयोग गर्ने आश्वासन दिए । बाढी नियन्त्रणको दीर्घकालीन प्याकेज बनाउन पनि प्रदेश सरकारले प्रधानमन्त्रीसित आग्रह गरेका छन् । आइतबार साँझ मुख्यमन्त्री राउतसहितको टोलीले भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठसँग बाढी र डुबानले भत्काएको भौतिक संरचनाबारे छलफल गर्‍यो । प्राविधिकसमेतको उपस्थितिमा भएको छलफलमा क्षतिग्रस्त सडकको मर्मत तत्कालै थाल्न सहमति भएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ । छलफलमा सडक विभाग र हुलाकी राजमार्गको प्रमुखको पनि उपस्थिति थियो । 'सडक अवरुद्ध हुँदा राहत पुर्‍याउन पनि समस्या छ,' मुख्यमन्त्री राउतले भने । मन्त्री महासेठले क्षतिग्रस्त सडक मर्मतका लागि सडक डिभिजन, प्रदेशको जनशक्ति र स्रोतसाधन र आवश्यक परे अन्य प्रदेशबाट पनि प्राविधिक झिकाएर काम तत्कालै अगाडि बढाउने आश्वासन दिए ।

बाढी र डुबानले टुटाएको खोलाको तटबन्ध र सिँचाइ प्रणालीमा पुर्‍याएको क्षतिबारे सोमबार मुख्यमन्त्री राउतसहितको टोलीले ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनसित मन्त्रालयमै भेटघाट गरेको छ । छलफलमा राउतले तत्कालीन र दीर्घकालीन योजना बनाएर तटबन्ध मर्मत तथा निर्माणमा सहयोग गर्न आग्रह गरे । तटबन्ध मर्मतका लागि अर्थ मन्त्रालयसित रकम माग गरिएकाले छिट्टै काम थालिने आश्वासन मन्त्री पुनले दिए । राउतको टोलीमा प्रदेशका भौतिक पूर्वाधार तथा विकासमन्त्री जितेन्द्र सोनल, आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादव, नेकपा संसदीय दल नेता सत्यनारायण मण्डल र कांग्रेस संसदीय दलका नेता रामसरोज यादव छन् ।

## 'दु:ख सुनाउन काठमाडौं गएँ'



**मोहम्मद लालबाबु राउत**
मुख्यमन्त्री, प्रदेश २

मनसुनको सुरुवातमै हाम्रो प्रदेशमा बाढीले वितण्डा मच्चायो । उद्धार, राहत र सुरक्षित ठाउँमा सार्न हाम्रो बलबुत्ताले हुने सबै गर्‍यौं । राहतको सानोतिनो प्याकेज पनि बाँडियो । तर बाढी प्रभावितको पुनर्वास र यातायातको कनेक्टिभिटी हाम्रो काबुमा छैन । पुल, सडक, तटबन्धमा ठूलो क्षति पुर्‍याएको छ । वर्षातको सुरुवातमै यो दु:ख आइपर्‍यो । मनसुन बाँकी नै छ । त्यसैले विपद्बाट बचाउन संघीय सरकारको प्लानिङ के छ ? प्रदेशको सामर्थ्य कति छ ? यही विषयमा काठमाडौंको भेटघाट केन्द्रित रह्यो । विपदको दु:ख सुनाएँ । प्रधानमन्त्रीदेखि मन्त्रीहरू सबै सकारात्मक भएको पाएँ । आशावादी छु । बाढी र डुबानबाट प्रदेश २ लाई जोगाउन हरसम्भव प्रयास गरिरहेको छु । विपदा बेला हात जोडदा समस्या टर्छ भन्ने त्यो किन नगर्ने ?

प्रधानमन्त्री र मन्त्रीहरूले राम्रो रेस्पोन्स गरे । सबैले बाढीको समस्या समाधान गर्न सहयोग गर्न तयार रहेको आश्वासन दिएका छन् । बाढीपहिरो सबैको पीडा हो । यसको स्थायी समाधान हामीले चाहेका छौं । त्यसैले अल्प, मध्यम र दीर्घकालीन योजना बनाएर बाढीको समस्या हल गर्नुपर्छ । सन् १९९१ मा बनेको खोलाको तटबन्धले पानीको बेग थाम्दैन । बलियो र पक्की तटबन्ध बनाउन आग्रह गरेका छौं । हाम्रो सर्वदलीय भेटघाटले समस्या समाधानको ठोस योजना आउनेमा आशावादी छु । *(कुराकानीमा आधारित)*

## छोटकरी

### उत्कृष्ट अंक ल्याएको दाबी

जनकपुर (कास)- जनकपुरको मोडेल माविले छात्रा आँचल साहले कक्षा १२ को परीक्षामा विज्ञान संकायमा देशभरिमै उत्कृष्ट अंक ल्याएको दाबी गरेको छ । विज्ञान संकायमा जिपिए ३.९२ अंक ल्याएकी साहको यो उत्तिर्णांक सबैभन्दा बढी रहेको विद्यालयले दाबी गरेको छ ।

### अपाङ्गता भएकालाई ह्विलचेयर


जनकपुर (कास)- सिरहाका १३ जना अपाङ्गता भएकालाई प्रदेश २ का उद्योग, वन, पर्यटन तथा वातावरण राज्यमन्त्री सुरेश मण्डलले ह्विलचेयर वितरण गरेका छन् । हिंडडुल गर्न समस्या परेका अपाङ्गलाई राज्यमन्त्री मण्डलले आफ्नै स्रोतबाट ह्विलचेयर बाँडेका हुन् । उनले अधिकारसँगै विकास पनि आवश्यक रहेकाले अपाङ्गता भएका व्यक्तिलाई सहयोग गरेको बताए । यस्तै, राज्यमन्त्री मण्डलले सिरहाको बाढी र डुवान प्रभावितलाई प्रदेश सरकारले उपलब्ध गराएको राहत पनि वितरण गरेका थिए ।

### बाढीमा जोगिन डुंगा

राजविराज (कास)- वर्षासँगै बाढीबाट अति प्रभावित सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नम्बर ४ र ५ का पीडितलाई प्रदेशका भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले डुंगा वितरण गरेका छन् । वर्षा हुने बित्तिकै कोसी नदीको सिपेजको पानी र जिता नदीको बाढीका कारण डुबानमा पर्दै आएको वडा नम्बर ४ को कोइलाडी चटी टोलमा १ र वडा नम्बर ५ को बनरझुला र टिकुलियामा १-१ गरी डुंगा मंगलबार मन्त्री साहले स्थानीयलाई हस्तान्तरण गरे ।


### भारतीय गाडीमा गाँजा तस्करी

वीरगन्ज (कास)- सीमावर्ती भारतीय बजारतर्फ लगिरहेको अवस्थामा पर्सा प्रहरीले ८९ किलो गाँजा बरामद गरेको छ । प्रहरीले बीआर२८जी २७७० नम्बरको भारतीय बोलेरो गाडीमा गाँजा बरामद भएको प्रहरी नायव उपरीक्षक अनन्तराम शर्माले बताए । कारोबारीले गाडीमा 'फल्स बटम' बनाई गाँजा लुकाएका थिए । गाँजा कारोबार संलग्न चारजना भारतीयलाई समेत प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान थालको छ । पक्राउ पर्नेमा भारत विहार मोतिहारी जिल्ला बिशुनपुर ३ का नुर महम्मद हुसेन, मोतिहारी फुलवरिया ११ बस्ने असलम आलम साइन, सोही वडा निवासी इर्साद साइन र मोतिहारी सितलपटी निवासी सुनिल साह छन् ।













## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सोचेको पुग्ने | तुला | कर्म प्राप्ति |
| वृष | शत्रु परास्त | वृश्चिक | भाग्य वृद्धि |
| मिथुन | आर्थिक लाभ | धनु | डर चिन्ता |
| कर्कट | पदोन्नति | मकर | नयाँ कार्य प्रारम्भ |
| सिंह | खर्च वृद्धि | कुम्भ | कान्ति क्षय |
| कन्या | कार्य सफल | मीन | अध्ययनमा सफल |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल श्रावण १७ गते शुक्रबार तदनुरुप २ अगस्ट २०१९ श्रावण शुक्लपक्ष प्रतिपदा तिथी प्रात: ६:३७ बजेसम्म उप्रान्त द्धितिया तिथि, अश्लेषा नक्षत्र प्रात: ११ ५९ बजेसम्म उप्रान्त मघा नक्षत्र, व्यतिपात योग दिनको २:३४ बजेसम्म उप्रान्त वरियान योग, बालब करण दिनको ५:२६ बजेसम्म उप्रान्त कौलब करण, कर्कट राशिमा चन्द्रमा प्रात: ११:५९ बजेसम्म उप्रान्त सिंह राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| **धनुषा** | |
| प्रहरी | ०४१५२४१०० |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२६९३८ |
| एम्बुलेन्स महावीर युवा कमिटी | ५२५९८० |
| एम्बुलेन्स मारवाडी सेवा समिति | ५२१७८४ |
| रक्त सञ्चार रेडक्रस | ५२०८७० |
| धनुषा अस्पताल | ५२५८०० |
| केयर मेडिकल सेन्टर | ५२०२३० |
| जानकी आँखा अस्पताल | ५२०३९७ |
| जानकी हेल्थ केयर सेन्टर | ५२५३४१ |
| अञ्चल प्रहरी कार्यालय | ५२०३६५ |
| एयरपोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२४४६० |
| जानकी मन्दिर | ५२०१७६ |
| राष्ट्रिय मानव अधिकार आयोग | ०४१-५२७८१२/५२७८११ |
| **महोत्तरी** | |
| जिल्ला अस्पताल | ५२००७० |
| वारुण यन्त्र | ५२००९७ |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२०००९ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| बन्दना हस्पिटल प्रा.लि. गौशाला | ९८५४०२५५२७/९८५४०२३५२७ |
| विद्युत् फ्युज शाखा | ५२००६६ |
| जलेश्वर अस्पताल | ५२००७० |
| ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स | ९८४४१२७१७७ |
| छिन्नमस्ता गण | ५२९६१९ |
| ई.प्र.का. बर्दिबास | ५५५००६ |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| प्रहरी कन्ट्रोल | ५२०००९ |
| जिल्ला अस्पताल | ५२००७० |
| ईलाका प्रहरी कार्यालय गौशाला | ५५१००/६९२०७२ |
| **काठमाडौंका महत्वपूर्ण टेलिफोन** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| नेपाल मेडिसिटी अस्पताल | ११३४, ४२१७७६६, ४२१७७५५ |
| मेडीकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपिडिक अस्पताल | ४४९३७२५ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७१६०३ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# अस्पतालमा बिरामीको चाप

- उपचारमा आएका मध्ये अधिकांश ज्वरोका बिमारी
- पानीको प्रदूषणका कारणले बिरामी बढ्दै

■ **आनन्द गौतम** (ताप्लेजुङ)

नानीलाई उपचारका लागि लिएर आएका फुङलिङ नगरपालिका- ९ हाङदेवाका चन्द्र कालिकोटेले जिल्ला अस्पतालमा पालो पाएनन् । ओपीडीमा टिकट लिन नसकेपछि इमर्जेन्सीमा देखाउन बसे तर त्यहाँ पनि सम्भव भएन ।

त्यसपछि क्लिनिकमा गएर जँचाए । बच्चालाई भर्खरदेखि बिराम सुरु भएकाले डाक्टरलाई नै देखाउन उनी भोलिपल्ट पनि आए । बिहान ९ बजे आएका उनको १ बजे पालो आयो र जाँच गराए ।

फुङलिङ २ का गोपाल न्यौपानेले ज्वरो सुरु भएपछि मेडिकलबाट औषधि लिए । अहिले कडा खालको ज्वारो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई एन्टिबायोटिक दिएका थिए । तीन दिनसम्म सुतेर औषधि खाँदा पनि कम नभएपछि मंगलबार जिल्ला अस्पताल आएका उनलाई डाक्टरले टाइफाइडको आशंकामा रगत र पिसाब परीक्षण गर्न सल्लाह दिए । पाँचथरको फालेलुङका रत्न काफ्ले पनि ज्वरोले चापेपछि वीरबहादुर बिकलाई साथ लिएर जिल्ला अस्पताल आए । गाडी चढेर आएका उनलाई डाक्टरले औषधि खाएर आराम गर्न सल्लाह दिएर बिदा गरे ।



जिल्ला अस्पताल ताप्लेजुङमा लागेको बिरामीको भीड । *तस्बिर : आनन्द/कान्तिपुर*

चार दिनयता जिल्ला अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको छ । दिउँसो २ बजेसम्म त ओपीडीमा टिकट लिनेको लाइन नै हुन्छ । त्यसपछि इमर्जेन्सीमा जाँचिन्छ । सर्वसाधारण नागरिक मात्रै नभएर जिल्ला अस्पतालमा प्रमुख डाक्टर सोनिम लामा आफैं मंगलबारदेखि अस्पताल आउन सकेनन् । ल्याबमा आएर आफैंले रगत परीक्षण गराएका छन् र औषधि सेवन थालेका छन् । सोमबारसम्म बिरामी जाँचेका डाक्टर लामालाई आइतबारदेखि नै अस्वस्थ्यको महसुस भएको थियो । ल्याब असिस्टेन्ट दीपेन्द्र पौडेलले भने, 'हामी यहाँ काम गर्ने नै धेरैजना बिरामी पर्न थालिसकेका छौं ।' ल्याबमा अरूको रगत, पिसाबलगायत परीक्षण गरिरहेका उनले आफूलाई बिरामले चापिसकेको तर जनशक्ति कम भएकाले जबरजस्ती काम गरिरहेको बताए ।

चिकित्सकका अनुसार अधिकांशमा ज्वरोको संक्रमण देखिएको छ । 'ज्वरो, टाइफाइडका बिरामी धेरै देखिएका छन्,' डाक्टर लामाले भने, 'म आफैं पनि बिरामी परें, यो पानीको प्रदूषणको मुख्य कारण हो ।' मौसम परिवर्तन हुँदा यस्तो देखिने र यो सर्ने गरेको लामा बताउँछन् । मौसमी बिरामीले तातो पानी प्रशस्त खानुपर्ने र आराम गर्नुपर्ने सुझाब डाक्टरको छ । स्वास्थ्यकर्मी डम्बर श्रेष्ठ जोगिएर काम गर्न कठिन भएको बताउँछन् । जिल्ला अस्पतालमा मात्रै नभएर गाउँका स्वाथ्यचौकीमा पनि बिरामीको चाप उत्तिकै बढेको उनले सुनाए ।

जिल्लाको मैवाखोलाको ढुंगेसाँघु र सिरिजंघा गाउँपालिकाको तेल्लोकमा डाक्टरको दरबन्दी रहेको छ । यीबाहेक प्रत्येकजसो वडामा एचएको नेतृत्वमा स्वास्थ्यकर्मी छन् । जिल्ला अस्पतालमा १५ शय्या रहेको छ । इमर्जेन्सीसमेत गरी ३५ बेड राखिएका छन् ।

यतिबेला जिल्ला अस्पतालमा प्रशस्त औषधि छ । जनस्वास्थ्यको गोदामबाट जिल्ला अस्पताल ल्याउने जनशक्ति भने अभाव छ । समायोजनमा अस्पतालका कार्यालय सहयोगीलगायत जनशक्ति नगरपालिकातिर गएपछि र अस्पतालमा काम गर्ने नभएर समस्या भएको स्टोरको जिम्मेवारी लिएका डम्बर श्रेष्ठ बताउँछन् । जनस्वास्थ्यको गोदामबाट अस्पतालसम्म ल्याउने जनशक्ति अभावले व्यवस्थापनमा कठिनाइ भएको छ । नि:शुल्क औषधि वितरण केन्द्रले मागेजति नदिएको सेवाग्राही दिलिप बरालले बताए । सुपथ मूल्यको औषधि पसलमा भने खरिद प्रक्रियामा समस्या भएकाले औषधि केही अभाव भएको श्रेष्ठ बताउँछन् ।

# बर्थिङ सेन्टरमा कर्मचारी अभाव

■ **प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले करारमा राखिएका सहयोगी हटाउँदा बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी गराउने काम प्रभावित भएको छ । संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि नगरपालिकाले गत वर्षदेखि सहयोगी हटाएको थियो । सहयोगी हटाउँदा स्वास्थ्य क्षेत्रमा काम गरेका धेरै बाहिरिएका थिए ।

नगरपालिकाभित्रको रायडाँडा, तित्याङ, पैयुँपाटा, नारायणस्थानलगायतका स्वास्थ्यचौकीमा आउने गर्भवतीलाई परीक्षण गरेपछि जटिल अवस्था भएमा सदरमुकाम पठाउनुपर्ने बाध्यता भएको सिनियर अहेब सोमराज पाण्डेले बताए । 'तालिम प्राप्त अनमी भए पनि साथ दिने व्यक्ति अभावमा गर्भवतीलाई सुत्केरी बनाउन सक्दैनन्,' उनले भने, 'कुन प्रकारको सहयोगी हटाउने भन्ने तोकिनुपर्थ्यो ।' सुरक्षित गर्भवती गराएपछि एकजना बराबर एक हजार रुपैयाँ संस्थाले पाउनुपर्छ । त्यो बजेटबाट ७ सयको सामग्री किन्ने र ३ सय भत्ता दिने गरिन्छ तर गत आर्थिक वर्षदेखि नै जिल्लाका अधिकांश स्थानीय तहमा त्यस्तो भत्ता गएन, जसका कारण जटिल काम गरेर पनि स्वास्थ्यकर्मीले भत्ता नपाएको गुनासो गरे ।

बडिगाड गाउँपालिकामा गत वर्षको पहिलो चौमासिकलाई पुग्ने मात्र बजेट गयो । त्यसपछि सुत्केरी सामग्री किन्ने पैसा र प्रोत्साहन भत्ता गएन । अत्यावश्यक सामग्री आन्तरिक कोषबाट खरिद गरिए पनि स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता नपाएको निरञ्जन यादवले बताए । 'रातदिन नभनी काम गर्नुपर्छ तर उनीहरूले सामान्य सेवासुविधा पनि पाएका छैनन्,' उनले भने, 'स्वास्थ्यकर्मीले जटिल अवस्थामा साथ नदिए बिरामीको ज्यानै जाने खतरा हुन्छ ।' प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीले आगामी कार्यपालिकाको बैठकमा उक्त एजेन्डा राखेर समस्या समाधान गर्ने बताए । 'यो समस्या जतासुकै हो तर बिरामीको सेवामा खटिनेले सुविधा पाउने

**संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि करारका सहयोगी हटाउँदा सेन्टरको काम प्रभावित**

गरी निर्णय गर्न आन्तरिक कोष भए पनि परिचालन गर्ने तयारी छ,' उनले भने, 'गत पुसदेखि नै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिई काम गर्न लगाएका छौं ।' भूगोलको समस्याले रणसिंकिटेनी, जलजला, भीमगिठे र दर्लिङका सेवाग्राहीले स्वास्थ्य संस्था आइपुग्न पनि सयौं खर्चनुपर्ने उनले बताए ।

आन्तरिक बजेटबाट अत्यावश्यक सामग्री खरिद गरेर काम चलाइएको तमानखोला गाउँपालिकाकी स्वास्थ्य शाखाकी अहेब गरिमा हर्मेलले बताइन् । बजेट अभावमा अनमीले प्रोत्साहन भत्ता नपाएको उनले सुनाइन् । गलकोट, ढोरपाटन र जैमिनी नगरमा पनि यस्ता समस्या छन् । गाउँपालिका भएका स्थानमा यो समस्या झनै जटिल छ । भूगोलको कठिनाइ र बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी अभाव हुँदा सेवाग्राही पहिलेदेखि सहरमा बसेर सेवा लिन बाध्य छन् । जिल्लामा अहिले ४७ बर्थिङ सेन्टर छन् ।

स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गरेको ८ सय रुपैयाँ र गर्भवती भएमा पाउने २ हजार रुपैयाँ दिने बजेट समेत नहुँदा केही स्थानीय तहले आन्तरिक स्रोतबाट दिने गरेका हुन् । अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा मात्रै झन्डै २ सय ६९ महिला सुत्केरी भएकोमा १ सय ३४ ले मात्र सेवासुविधा पाउन सकेका थिए । सरकारले भने नियमित गर्भ परीक्षण गरेको तथा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएकालाई मात्रै भत्ता दिने प्रावधान राखेको छ । बजेट पठाउँदा ससर्त शीर्षकमा पठाउनुपर्नेमा निसर्त पठाउँदा कतिपय बजेट गाउँपालिकाले विकास निर्माणमा खर्चने गरेको समेत टिप्पणी भइरहेको छ ।

गत वर्ष निसर्त बजेट आएकै कारण पशुस्वास्थ्यको समेत समस्या भएको थियो । पशुले पाउने खोप, कृत्रिम गर्भाधानका लागि चाहिने नाइट्रोजन खरिदजस्ता काम अलपत्र भएर धेरै पशु प्रभावित भएका थिए । 'पशु स्वास्थ्यमा त धेरै समस्या पर्छ भने मानव स्वास्थ्यमा नपर्ने कुरै भएन,' स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ सुपरभाइजर देवप्रकाश घिमिरेले भने ।




# जथाभाबी तार काटिँदा ग्राहक मर्कामा



नाला निर्माणका क्रममा डोजरले विराटनगरको महेन्द्र चोक पूर्वतर्फ नेपाल टेलिकमको भूमिगत तार काटेपछि मर्मत गर्दै टेलिकमका प्राविधिक । *तस्बिर : विनु/कान्तिपुर*

■ **विनु तिम्सिना** (विराटनगर)

महानगरपालिका-९ कलेज रोडस्थित पञ्चकन्या प्रिन्टर्समा ६ महिनादेखि टेलिफोनको लाइन छैन । सडक निर्माणका क्रममा अवरुद्ध नेपाल टेलिकमको लाइन महिनौं भइसक्दा पनि मर्मत नभएको प्रिन्टर्सका सञ्चालक लव घिमिरेले बताएका छन् ।

टेलिकमलाई बुझाउनुपर्ने न्यूनतम शुल्क २ सय ५५ रुपैयाँ भने मासिक तिर्नुपरिरहेको उनले गुनासो गरे । '६ महिनाभन्दा बढी भइसक्यो, धेरैपटक गुनासो गर्‍यौं, सुनुवाइ भएको छैन,' उनले भने, 'मासिक शुल्क तिर्न बाध्य छौं ।' प्राय:जसो सबैको हातमा मोबाइल फोन भए पनि कार्यालयको काममा ल्यान्डलाइन फोन नै प्रयोग गर्ने गरेको घिमिरेले बताए । महानगरपालिकामा भइरहेको विकास निर्माणले टेलिकम सेवा मात्र होइन, सबै क्षेत्र प्रभावित बनेको छ । सडक तथा नाला निर्माणका लागि खाल्डा खन्ने तर समयमै काम नगर्ने परिपाटीले स्थानीय सेवाग्राहीलाई सास्ती छ । खासगरी खानेपानी, विद्युत् प्राधिकरण र टेलिकमसँग समन्वय नगरी जथाभावी डोजर चलाउनाले विराटनगरमा विद्युत्, खानेपानी र टेलिकमको सेवा सबैभन्दा बढी प्रभावित छ । त्यसमा पनि टेलिकमका तारहरू जमिनमुनि हुँदा काटिएमा मर्मत गर्न झन्झटिलो र लामो समय लाग्नाले सेवाग्राही मर्कामा पर्ने गरेका हुन् । सेवा अवरुद्ध हुँदा टेलिकमको विराटनगर शाखा पनि हैरान बनेको छ ।

**खानेपानी र विद्युत् प्राधिकरणको क्षति निर्माण कम्पनीले तिर्दै, टेलिकमले भने आफैं बेहोर्दै**

एउटै सडकमा पटक-पटक डोजर चलाउँदा थप समस्या हुने गरेको टेलिकम विराटनगर शाखा कार्यालयका सूचना अधिकारी पशुपति सुवेदीले बताए । एउटै सडकमा कहिले नाला बनाउन त कहिले बढाउन भन्दै खन्दा हैरानी बेहोर्नुपरेको उनको भनाइ छ । विराटनगर शाखाबाट ८ हजार ८ सय ५७, रानी शाखाबाट ६ सय १५, रोडशेषबाट १ हजार ८ सय ८२, टंकीसिनुवारीबाट १ हजार ५८ र तीनपैनीबाट २ हजार ८ सय ७९ टेलिफोन लाइन सञ्चालनमा छन् । त्यसमध्ये हाल विराटनगरको ट्राफिक चोकस्थित क्याबिनेटका १ सय ५०, महेन्द्र चोक क्याबिनेटका साढे ५ सय र हाटखोलाको क्याबिनेटका झन्डै साढे ९ सय लाइन विकास निर्माणकै कारण अवरुद्ध बनेको सुवेदीले जानकारी दिए । 'खानेपानीका पाइप धेरै तल गाडिएका हुँदैनन् र बिजुलीका तार पनि पोलमाथि हुन्छ,' उनले भने, 'तर टेलिकमका तार जमिनको तीन फिटमुनिसम्म गाडिएको हुन्छ, तार चुँडियो या काटियो भने मर्मत गर्न निकै झन्झटिलो हुन्छ ।' निर्माण कम्पनीले टेलिकमसँग समन्वय नगरी खनिदिँदा धेरै क्षति भइरहेको सुवेदीको भनाइ छ ।

**क्षतिपूर्ति नलिँदा बढी लापरबाही**

विकास निर्माणका क्रममा डोजरले तार काटेर हैरान बनेको टेलिकमले सम्बन्धित ठेकेदार पक्ष र महानगरपालिकासँग न त क्षतिपूर्ति लिन्छ न त मर्मत नै गर्न लगाउँछ । सँगैका विद्युत् प्राधिकरण र खानेपानी संस्थानले निर्माणका क्रममा सेवा अवरुद्ध बनेमा त्यसको मर्मतको काम सम्बन्धित पक्षलाइ गराउँछ । 'विद्युत् प्राधिकरण र खानेपानीले क्षतिपूर्ति लिने सर्तमा मात्रै खन्न दिन्छन्,' उनले भने, 'तर टेलिकमले त्यस्तो क्षतिपूर्तिको दाबी नगर्दा झन मनपरी डोजर चलाइन्छ ।'

विराटनगरमा सडक, ढल र नाला निर्माण धेरै वर्षदेखि भइरहेकाले खानेपानी संस्थान विराटनगरका प्रमुख शैलेन्द्र साहले भत्केका जति सबै पाइप बनाउन नसक्ने भएकाले ठेकेदार कम्पनीले नै बनाउनुपर्छ भनेर सरोकारवाला सबैसँग छलफल गरेर निर्णय नै भएको जानकारी दिए । 'निर्माणका क्रममा भत्काउँदै जाने अनि हामीले बनाउनुपर्ने ?,' साहले भने, 'त्यो त सकिँदैन, त्यसैले जसले क्षति पुर्‍याउँछ उसैले मर्मत गर्नुपर्छ ।' मर्मत कसले गर्ने भन्ने विषयमा भएको सरोकारवालाको छलफलमा टेलिकमका प्रतिनिधि पनि गएका थिए ।

# कोसीपीडित फेरि आन्दोलित

राजविराज (कास)- तीन पुस्तादेखि थाती मुआब्जा विवाद सुल्झाउन माग गर्दै कोसीपीडितले फेरि आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा समस्या समाधानका साथै कोसीलाई व्यवस्थित गर्नुपर्ने माग गरेको छन् ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाउँदै साबिकका कोसीपीडितले कोसी सम्झौताको कार्यान्वयनसहितका सातबुँदे माग पूरा गर्न प्रधानमन्त्रीसित माग गरेका हुन् । नेपाल-भारत बीचमा १२ वैशाख २०११ मा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, कोसी योजनाले अधिग्रहण गरेको जग्गामा मात्र पायलट च्यानलको काम हुनुपर्ने, सम्झौताअनुसार सो क्षेत्रका नेपाली नागरिकलाई जागिर दिनुपर्ने, कोसीबाट प्रभावित परिवारका लागि विद्यालय र अस्पताल खोल्नुपर्ने तथा नेपाली भूभागमा कोसी योजनाले कुनै काम कारबाही सुरु गर्नुपूर्व नेपाल सरकारसँग अनुमति लिनुपर्नेलगायत माग अघि सारिएको छ ।

त्यस्तै भारत सरकारले कोसी सम्झौताअनुसार वर्षौंपिच्छै कोसी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ति नदिएर अन्याय गरेको भन्दै सम्झौता कार्यान्वयन गरिनुपर्ने माग कोसीपीडितको रहेको छ ।

कोसी नदी कटान डुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरको तर्फबाट संयुक्त रूपमा प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा आफूहरूको माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रदेश १ को सुनसरी र प्रदेश २ को सप्तरीको बीचमा अवस्थित सप्तकोसी नदीमा पुल निर्माणका क्रममा भारत सरकारले अधिग्रहण गरेको सप्तरीवासीको सयौं बिघा नम्बरी जग्गाको मुआब्जा ७३ वर्ष नाघिसक्दा पनि पाउन नसक्दा मुआब्जाकै पर्खाइमा तीन-तीन पुस्ताले समस्या झेल्नुपरेको कोसीपीडितको भनाइ छ । संघर्ष समितिका संयोजक महिदेवप्रसाद चौधरीले आउँदो साउन ३२ गते बिहान ९ बजे सदरमुकाम राजविराज तथा कोसी ब्यारेज सडक खण्डमा कोणसभा, धर्ना र रिले अनशनलगायत कार्यक्रम राखिएको बताए ।




**MEET CQUNIVERSITY AUSTRALIA**

**CQUniversity staff will be available to interview prospective students for places in our exciting range of internationally recognised and employment focussed degrees. Scholarships are available for outstanding candidates in bachelor, two year masters and research degrees.**

» Business and Accounting
» Creative, Performing and Visual Arts
» Education and Humanities
» Engineering and Built Environment
» English, Work and Study Preparation
» Health
» Information Technology and Digital Media
» Psychology, Social Work and Community Services
» Science and Environment
» Service Industries
» Transport and Safety Sciences

Secure your future at CQUniversity by bringing your original documents for an on-the-spot assessment at one of the following information sessions.

**Sunday, 04 August 2019**
10.00 AM - 11.30 AM - **Education Asia** (01) 4267889, 9802016700
12.00 Noon - 1.30 PM - **Sydney Express Education Consultancy** (01) 4225603, 4233185, 9841046231
2.00 PM - 3.30 PM - **Mate's Education** (01) 4233565, 4233566
4.00 PM - 5.30 PM - **AE Global Pvt. Ltd.** (01) 4418782, 4420502, 4422929

**Monday, 05 August 2019**
10.00 AM - 11.30 AM - **KIEC (Kathmandu Infosys)** (01) 4443526
12.00 Noon - 1.30 PM - **Dolphin Education Consultancy Centre Pvt. Ltd.** (01) 4254282, 4223053
2.00 PM - 3.30 PM - **Orbit International Education** (01) 4430677
4.00 PM - 5.30 PM - **VIEC Nepal** (01) 4429190, 4429191

Find out more
**www.cqu.edu.au/international**

CQUniversity AUSTRALIA
BE WHAT YOU WANT TO BE cqu.edu.au
CRICOS: 00219C I P_AD_190017v2



**बाँसुरीको धुनले...**
मनाइयो दिवस । ११

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

**एसेज टेस्ट आजदेखि**
इंग्ल्यान्डको नजर डबल उपलब्धि । १८



वर्ष २७ अंक १६४ पोखरा | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ



भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# देउवा–पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई 'भिलेन' बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठककै सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । 'समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ,' पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'संकटमा पुऱ्याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।' लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । 'मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,' देउवाको भनाइ थियो, 'मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।



'खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?'



'समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ'

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।

बाँकी पृष्ठ १६ ▸▸

## भित्र

पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग

## गजब छ बा !

– अविन –




तपैं 'चन्द' 'चन्द' भनिर'छु भन्नुहुन्छ !... म 'चन्दा' 'चन्दा' नै सुनिर'छु त !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

# भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले 'काठमाडौं भ्यु टावर' मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । 'उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन आएको छ,' विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले 'काठमाडौं भ्यु टावर' निर्माणका लागि कानुनी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै बिल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुऱ्याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका
पृष्ठ १२

# 'अपझ्ट आकस्मिकता'

'भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।'

■ **सुरज कुँवर** (काठमाडौं)

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झिँदै भने, 'आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।' उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई 'अपझ्ट आकस्मिकता' भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, 'मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा गर्व छ ।' केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, 'मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।'



इलिट जोशी

राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।

बाँकी पृष्ठ १६ ▸▸


!!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?


Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!

Sample Bank-Branch wise Account Details





Sample Bank-Branch wise Account Details




**Our services:**

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds #1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



**Discount offer:**
If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

GFORCE SYSTEMS & TECHNOLOGIES rest assured

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# महानगरमा निःशुल्क मेकअप

**कान्तिपुर संवाददाता** (कास्की)

कोही अनुहारमा क्रिम दल्दैछन्, कोही लिपलाइनर । कोही नङमा पालिस दल्दै छन् । कोही हातमा मेहँदी लगाउँदै छन् । ब्युटिपार्लरको जस्तै देखिने यो दृश्य पोखरा महानगरपालिका कार्यालयको हो । महानगर कार्यालय प्रवेश गर्ने मुल ढोकानेरै मंगलबार जापानी स्वयंसेवकले निःशुल्क मेकअप गरिदिएका हुन् ।

केही सेवाग्राहीले भने मेकअपको विरोध गरे । 'कही नभएको जात्रा हाँडी गाउँमा भनेको यहीं हो,' पोखरा-८ देखि कर तिर्न आएकी मेनुका गुरुङले भनिन्, 'यहाँ सेवाग्राहीलाई भनेजस्तो राम्रो सेवासुविधा दिन सकेको छैन, मेकअपको कुरा !' महानगर स्थानीयलाई सेवा दिने ठाउँ भएकोले निःशुल्क नै भएपनि मेकअप स्थल बनाउन नहुने उनी बताउँछिन् । भन्छिन्, 'मेकअपका लागि हामीले जनप्रतिनिधी पठाएका हैनौं महानगरमा राम्रो कामका लागि चुनेर पठाएका हौं । कार्यालयमा कुन काम उपयुक्त छ, छैन भन्ने कुरा प्रमुख र उपप्रमुखले विचार गर्नुपर्ने आवश्यकता छ ।'

अर्का सेवाग्राही युवराज बाँस्तोलाले महानगरलाई मेकअपस्थल बनाएको भन्दै आश्चर्य प्रकट गरे । 'महानगरमा सेवा लिन आएकालाई राम्रो सेवासुविधा दिए पुग्छ,' उनले भने, 'मेकअप त युटचुब हेरेर भए पनि गर्छन्, नभए प्रशस्त पार्लर छन्, सुन्दै लाजमर्दो कुरा हो ।' कतै छेउछाउमा राखेर मेकअप नगरी ढोकानेरै राख्नु उचित नभएको सेवाग्राही विमला अधिकारीले गुनासो गरिन् । भनिन्, 'महानगरको प्रमुख र उपप्रमुख जस्तो व्यक्तिलाई हामी केही नजान्ने मान्छेले कसरी सुझाव दिनु तर यसबारे उनीहरूले नै विचार गर्नुपर्थ्यो ।'

महानगरका सूचना अधिकारी गंगालाल सुवेदी यसबारे आफूलाई कुनै जानकारी नभएको बताए । महानगरकी उपप्रमुख मञ्जुदेवी गुरुङले जापानी नागरिक मेकअप सिकेर स्वयंसेवकका रूपमा नेपाल आएको र पोखराका ब्युटिपार्लरसँग सहकार्य गरी निःशुल्क सेवा दिएको बताइन् । 'यसको अरू कुनै उद्देश्य छैन,' उनले भनिन्, 'धेरै सेवाग्राही आउने सरकारी तथा निजी कार्यालयमा अभियानस्वरूप निःशुल्क मेकअप गर्दै हिँडेका हुन् । यसलाई सकारात्मक नै सोच्नुपर्छ ।' साउन महिनामा धेरै दिदीबहिनीले मेहन्दी लगाउने भएकाले लगाउने तरिका सिक्ने अवसर पनि भएको उनी बताउँछिन् ।

महानगरमा जापानी स्वयंसेवक युरिका सिवयमा र स्थानीय पार्लरका ५ कर्मचारी थिए । उनीहरूका अनुसार मेकअप गर्नेभन्दा मेहन्दी लगाउने धेरै छन् । महानगरका कर्मचारी र सेवाग्राही गरी ६० बढीले निःशुल्क मेकअपको सुविधा लिए ।



**पोखरा महानगरपालिकामा कर्मचारीलाई मेकअप गराउँदै जापानिज नागरिक ।** *तस्बिर : बिना थापा/कान्तिपुर*

# अमेरिकीले बनाएको होमस्टे उत्कृष्ट

राइनासकोटबाट बुद्ध, मनास्लु, अन्नपूर्ण, डा. हर्क हिमाल, गणेश, माछापुच्छ्रे, लमजुङलगायत करिब दुई दर्जन हिमशृंखला नियाल्न सकिन्छ



**लमजुङको राइनास नगरपालिका ९ मा पर्ने पर्यटकीय राइनासकोट गाउँ ।** *तस्बिर : आश/कान्तिपुर*

**आश गुरुङ** (लमजुङ)

एक अमेरिकी नागरिकको पहलमा निर्माण गरिएको लमजुङको राइनासकोट सामुदायिक होमस्टे यस वर्ष उत्कृष्ट घोषित भएको छ ।

२०७२ वैशाख १२ को भूकम्पमा परेर घरहरू भत्किएपछि अमेरिकी नागरिक नताशा वजनाइकको सहयोगमा राइनासकोटका १४ घर पुनर्निर्माण गरिएको थियो । पुनर्निर्माणपछि उक्त घरहरूलाई होमस्टेको रुपमा विकसित गरिएको थियो । राइनास होमस्टे २ वर्षको अवधिमै गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) नेपालले उत्कृष्ट होमस्टे घोषणा गरेको हो । राइनास नगरपालिका-९ राइनासकोटसहित ३ गाउँलाई भिटोफ नेपालले सन् २०१८ को गन्तव्य गाउँ घोषणा गरेको थियो । गएको सेप्टेम्बर २७ तारिखमा विश्व पर्यटन दिवसको दिन भिटोफले राइनासकोटसहित मुगुको मुर्मा, रामेछापको दोरम्बा गरी ३ गाउँलाई गन्तव्य गाउँ घोषणा गरेको थियो । यी ३ गाउँबाट राइनासकोट उत्कृष्ट हुन सफल भएको भिटोफका अध्यक्ष ध्रुव सिंखडाले बताए । गन्तव्य गाउँ घोषणापछि पर्यटकको चहलपहल, होमस्टेको सेवासुविधा, सरसफाइसहितका व्यवस्थापन, पाहुनाको स्वागतसत्कार, प्राकृतिक तथा साँस्कृतिक दृश्यावलोकन लगायतलाई आधार मानेर उत्कृष्ट ठहर्‍याइएको उनले जनाए । 'हामीले वर्ष गन्तव्य घोषणा गरेका गाउँको निरीक्षण तथा अवलोकन गर्छौं । नयाँ सम्भावनाको खोजी गर्छौं । राम्रा त सबै राम्रा छन् । राम्रामध्ये झन राम्रो छान्छौं,' उनले भने, 'छान्दै जाँदा यसपटक लमजुङको राइनासकोट पर्‍यो ।' उनका अनुसार गतवर्ष कास्कीको कालाबाङ घडेरी उत्कृष्ट होमस्टेमा परेको थियो । भिटोफले सन् २०१४ मा लमजुङकै काउलेपानीलाई उत्कृष्ट होमस्टे घोषणा गरेको थियो ।

भिटोफले बुधबार काठमाडौंमा आफ्नो २३ औं वार्षिक साधारण सभामा राइनासकोटलाई यसवर्षको उत्कृष्ट होमस्टे घोषणा गरेको छ । राइनासकोटलाई भिटोफले नगद ११ हजार १ सय ११ रुपैयाँसहित सम्मानपत्र प्रदान गरिएको छ । पूर्व वनमन्त्री शंकर भण्डारीले सम्मानपत्र र भिटोफका अध्यक्ष सिंखडाले पुरस्कार वितरण गरेका थिए । पुरस्कार ग्रहणपछि राइनासकोट होमस्टे व्यवस्थापन समितिकी उपाध्यक्ष विष्णु गुरुङले उत्कृष्ट होमस्टेमा परेको राइनासकोटले जिल्लाकै इज्जत बढाएको बताइन् । 'गण्डकी प्रदेश सरकारले पर्यटनबाटै प्रदेश समृद्धिको आधार खोजिरहेको छ । राइनासकोटलाई उत्कृष्ट ठहर्‍याउँदा हामी हर्षविभोर छौं,' उनले भनिन् । राइनासकोटबारे यसैवर्ष पत्रकार विक्रम न्यौपानेले निर्माण गरेको वृत्तचित्र उत्कृष्ट दोस्रो ठहरिएको थियो । यसले पनि राइनासकोटको पर्यटन प्रवर्द्धनमा थप टेवा पुगेको उनले बताइन् । भूकम्पपछि पुनर्निर्माण गरिएको राइनासकोटका १४ घरमा होमस्टे सञ्चालन गरिएको छ । राइनासकोट गाउँ पुनर्निर्माणका लागि नताशा एक्लैले १ करोड ६० लाख रुपैयाँ खर्च जुटाएकी छन् । ९० लाख रुपैयाँ स्थानीय आफैंले जुटाएका थिए । होमस्टे व्यवस्थापन समितिका अध्यक्ष खडबहादुर गुरुङका अनुसार राइनासकोटको प्रचारप्रचार गर्न पहिलोपल्ट २०६३ सालमा पहिलो राइनासकोट महोत्सव गरिएको थियो । निरन्तरता नपाएपछि बेला-बेला मेला तथा महोत्सवको आयोजना हुँदै आएको थियो । राइनासकोटको पुनर्निर्माण पछि होमस्टे सञ्चालन गर्न गाउँले एकजुट भएको उनले बताए । 'गाउँ एक भएमा सबैको सहयोग पाइने रहेछ,' उनले भने ।

राइनासकोटबाट बुद्ध, मनास्लु, अन्नपूर्ण, डा.हर्क हिमाल, गणेश, माछापुच्छ्रे, लमजुङ लगायत करीब दुई दर्जन हिमशृंखला नियाल्न सकिन्छ । १५ औं सताब्दीमा तत्कालीन लमजुङका राजा यशोब्रह्म शाहका कान्छो छोरा द्रब्य शाह राइनासकोटमा बसेको इतिहास छ । राइनासकोट भन्दा पारीपट्टी गोरखाको लिगलिगकोटमा दौड जितेपछि उनी उक्त क्षेत्रको राजा बनेका थिए । राइनासकोटमा बाइसेचौबिसे राज्य शासनकालमा निर्माण गरिएका किल्ला, स्थानीय कालिका, कोटेश्वर महादेव, थानीमाई मन्दिर र अन्य कोट तथा गढी छन् । तनहुँबाट लमजुङ प्रवेशद्वार पाउँदीबाट करीब ३ घण्टाको पैदल वा २ घण्टाको सवारी यात्रापछि राइनासकोट पुग्न सकिन्छ ।

# दोहोरो सुविधाविरुद्ध संशोधन प्रस्ताव

**प्रतीक्षा काफ्ले** (गण्डकी)

गण्डकी प्रदेशले जनप्रतिनिधिको सेवासुविधा वृद्धि गर्न संसद्मा पेस गरेको संशोधन विधेयकमाथि संशोधन प्रस्ताव दर्ता भएको छ । प्रतिपक्षी दल राष्ट्रिय जनमोर्चाका तर्फबाट प्रदेश सांसद कृष्ण थापाले विधेयक प्रस्तुत भएको ७२ घण्टाभित्रै संसदमा सोमबार संशोधन प्रस्ताव दर्ता गराएका हुन् । जनप्रतिनिधिले दोहोरो सुविधा लिन पाउने गरी आएको संशोधन विधेयक संशोधन गर्नुपर्ने उनको माग छ ।

साउन ९ को प्रदेशसभा बैठकमा आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानले पारिश्रमिक र सुविधासम्बन्धी केही प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधेयक पेस गरेका थिए । संसद सचिवालयका सूचना अधिकारी राजेन्द्र न्यौपानेका अनुसार थापाको संशोधन प्रस्तावमा दुबै सुविधा दिने स्रोत एउटै भएकाले यसमा साविककै ऐन व्यवस्था कायम राख्नुपर्ने माग छ ।

राज्यको स्रोतबाट नै विभिन्न थरीको नाममा सुविधा लिन नहुने थापाले उल्लेख गरेका छन् । सांसद पियारी थापाले संशोधन प्रस्तावको समर्थन गरेकी छन् । असार २५ को मन्त्रिपरिषद् बैठकले जनप्रतिनिधिको सेवासुविधा बढाउन ऐन संशोधनको निर्णय गरेको थियो । उक्त निर्णय प्रदेशसभाबाट पारित हुनुपर्छ ।

दोहोरो सुविधा लिन पाउने-नपाउनेबारे संघीय कानुनमा स्पष्ट उल्लेख छैन् । गण्डकी प्रदेश सरकारले ऐन संशोधन गरेर दोहोरो सुविधा लिने कानुन बनाउन खोजेको हो । प्रदेशसभाले ऐन संशोधन पारित गरेमा सरकारी निवृत्त जनप्रतिनिधिले दोहोरो सुविधा पेन्सन र मासिक पारिश्रमिक पाउनेछन् । प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सेवासुविधासम्बन्धी ऐन, २०७४ को दफा ८ मा एउटा मात्र सुविधा लिने भनिएको छ । त्यसमा उल्लेख गरिएको एउटा मात्र सुविधा लिने शब्दलाई संशोधन गरी दोहोरो सुविधा लिन पाउने व्यवस्था गर्न लागिएको हो । ऐन संशोधन विधेयक पारित भए विधेयक २ को उपदफा ५ कायम रहन्छ ।

**विधायन समितिमा छलफल**

दोहोरो सुविधा लिन पाउने ऐनको विषयमा बुधबार विधायन समितिमा छलफल भएको छ । समितिका सभापति मोहनप्रसाद रेग्मीको सभापतित्वमा सुरु गरिएको दफावार छलफलमा उपस्थित सांसदले विरोध जनाएका छन् ।

प्रदेशसभाका सदस्यको पारिश्रमिक सुविधासम्बन्धी ऐन २०७४ को अनुसूची हेरफेर हुने विषयलाई जोड दिँदै दोहोरो सुविधा र पालिकाका उपमेयर र उपाध्यक्षले गाडी सुविधा पाउने ऐन संशोधन हुन लागेकोको प्रति प्रमुख प्रतिपक्ष दल कांग्रेसका प्रमुख सचेतक मणीभद्र शर्माले विरोध जनाए । उनले राज्यको सम्पत्ति खर्च हुन दिन नहुने बताए ।

प्रदेशसभामा पेस गरेपछि साउन १० मा पारिश्रमिक र सेवासुविधासम्बन्धी केही प्रदेश कानुनलाई संशोधन गर्न बनेको विधेयकमाथि सैद्धान्तिक छलफल गरी दफावार छलफलका लागि विधायन समितिमा पठाइएको थियो ।

छलफलका क्रममा शर्माले महानगरको मेयरलाई शाखा अधिकृत सरहको स्वकीय सचिव र उपमेयरलाई नायव सुब्बा सरहको स्वकीय सचिव नियुक्ति गर्ने विषयमा आफूहरू सहमत नरहेको बताए । भने, 'महानगरपालिकाले अधिकृत स्वकीय सचिव राख्न पाउने हो भने नगरपालिका प्रमुखले पनि राख्न पाउनुपर्छ ।'

# कान्तिपुरकर्मी सम्मानित

बागलुङ (कास)- बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिले कान्तिपुर दैनिकका पर्वत संवाददाता अगन्धर तिवारीलाई सम्मान गरेको छ । गुठीले पर्यटन प्रवर्द्धन र कालिका मन्दिरको प्रचारमा योगदान गरेको भन्दै यहाँका दुई पत्रकारलाई पुरस्कार र दुई पत्रकारलाई सम्मान गरेको अध्यक्ष राजु खड्काले बताए । पाँच हजार रुपैयाँ राशिको पुरस्कार बागलुङका पत्रकार राजेशचन्द्र राजभण्डारी र संगम घर्तीलाई दिएको थियो । तिवारीसहित नेपाल पत्रकार महासंघ पर्वतका उपाध्यक्ष प्रनिश गिरीलाई पनि सम्मान गरिएको हो । प्रतिनिधिसभाका सांसद देवेन्द्र पौडेलले पुरस्कार प्रदान र सम्मान गरे । गुठीले कालिका मन्दिरलाई पर्यटकीय गन्तव्यका लागि दीर्घकालीन योजना पनि बनाएको छ । सञ्चारमाध्यममार्फत पर्यटन प्रवर्द्धन गरेको भन्दै हरेक वर्ष पुरस्कार प्रदान गरिन्छ ।

# मृतक परिवारलाई आफ्नै जिल्लाबाट राहत

**कान्तिपुर संवाददाता** (लमजुङ)


दोर्दी खोलाले बगाएर मृत्यु भएकालाई सरकारले दिने १ लाख रुपैयाँ राहत आफ्नै जिल्लाबाट लिन सकिने व्यवस्था जिल्ला प्रशासन कार्यालय लमजुङले गरेको छ ।

मृत्यु हुने सबै जिल्ला बाहिरका रहेको र उनीहरूको स्थायी ठेगाना पनि जिल्ला बाहिर रहेकाले आवश्यक कागजातको आधारमा सम्बन्धित जिल्लालाई उक्त राहत रकम दिन गृह मन्त्रालयमा सिफारिस गर्ने निर्णय जिल्ला विपद् व्यवस्थापन समितिले गरेको प्रमुख जिल्ला अधिकारी डा. डिजन भट्टराईले बताए । उनका अनुसार जिल्ला प्रशासन कार्यालय लमजुङमा आए पनि मृतक परिवारले राहतबापतको १ लाख रुपैयाँ पाउनेछन् । आफ्नै जिल्लाबाट राहत बुझ्न चाहनेका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमै भुक्तानीका लागि सिफारिस पठाइने उनले बताए । साउन ८ गते दोर्दीखोलामा आएको बाढीले बगाउँदा बाराको जितपुर सिमरा उपमहानगरपालिकाका-२४ का ३५ वर्षीय सैयद अन्सारी, पर्साको पटेर्वा सुगौली गाउँपालिका-४ का ३० वर्षीय शिवधनुप्रसाद राय, सप्तरीको सप्तकोसी नगरपालिका-८ का भुवनेश्वर चौधरी, डडेलधुराको अलिताल गाउँपालिका-६ का भानबहादुर बुढा, भोजपुरको ट्याम्केमयु गाउँपालिका-७ का दिवश कटवालको मृत्यु भएको थियो ।

बाढीले बगाएका ५ कामदार अझैं भेटिएका छैनन् । डडेलधुरा अलिताल गाउँपालिका ६ का कर्णबहादुर बुढाक्षत्री, सप्तरीको सप्तकोसी नगरपालिका-७ का सुरेन्द्र चौधरी, बाराको सिमरा जितपुर उपमहानगरपालिका-१२ का ज्ञानेन्द्र चौधरी, डडेलधुरा अलिताल गाउँपालिका-६ का देवबहादुर कोली र लमजुङको दोर्दी गाउँपालिका-६ का विनोद तामाङ वेपत्ता छन् । बेपत्ताका हकमा भने प्रशासन कार्यालयले निर्णय गरेको छैन । ८ जना घाइते भएका थिए । यस्तै, असार ८ मा आएको बाढीले लमजुङ र मनाङको सिमानामा रहेको म्यार्दी खोलाको पुल बगाएको र पुल निर्माण कार्य हालसम्म सुरु हुन नसकेको अवस्थालाई मध्यनजर राखेर यथाशीघ्र उक्त पुलको निर्माण कार्य सुरु गर्न डिभिजन सडक कार्यालय दमौलीलाई अनुरोध गरेको छ ।


जिल्ला प्रशासनले बेंसीसहर-मनाङ सडकको विभिन्न ठाउँमा बाढीपहिरो आएर सडक अवरुद्ध हुने गरेको भन्दै यथाशीघ्र खुलाउन पनि अनुरोध गरेको छ । विपद् व्यवस्थापन समितिको असार २० मा बसेको बैठकले विपद्सम्बन्धी कामको वार्षिक प्रतिवेदन स्थानीय विपद् व्यवस्थापन समितिले साउन १५ गते भित्र जिल्ला विपद् व्यवस्थापन समितिमा पठाउने निर्णय गरेकोमा कुनै पनि स्थानीय तहबाट प्राप्त हुन नआएको भन्दै छिटो पठाउने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

स्वास्थ्य कार्यालयले वर्षातको समयमा फैलन सक्ने विभिन्न रोग र महामारी सम्बन्धमा सूक्ष्म निगरानी राख्ने र कहींकतै त्यस्तो सम्भावना देखिएमा औषधिसहितको जनशक्ति तत्काल परिचालन गर्ने व्यवस्था मिलाउने निर्णयसमेत विपद् व्यवस्थापन समितिले गरेको छ ।












## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सोचेको पुग्ने | तुला | कर्म प्राप्ति |
| वृष | शत्रु परास्त | वृश्चिक | भाग्य वृद्धि |
| मिथुन | आर्थिक लाभ | धनु | डर चिन्ता |
| कर्कट | पदोन्नति | मकर | नयाँ कार्य प्रारम्भ |
| सिंह | खर्च वृद्धि | कुम्भ | कान्ति क्षय |
| कन्या | कार्य सफल | मीन | अध्ययनमा सफल |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल श्रावण १७ गते शुक्रबार तदनुरुप २ अगस्ट २०१९ श्रावण शुक्लपक्ष प्रतिपदा तिथी प्रात: ६:३७ बजेसम्म उप्रान्त द्धितिया तिथि, अश्लेषा नक्षत्र प्रात: ११ ५९ बजेसम्म उप्रान्त मघा नक्षत्र, व्यतिपात योग दिनको २:३४ बजेसम्म उप्रान्त वरियान योग, बालब करण दिनको ५:२६ बजेसम्म उप्रान्त कौलब करण, कर्कट राशिमा चन्द्रमा प्रात: ११:५९ बजेसम्म उप्रान्त सिंह राशिमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

**पोखराका महत्त्वपूर्ण नम्बरहरू**

| | |
|---|---|
| रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेडक्रस | ०६१-५२१०९१ |
| कास्की रेडक्रस | ०६१-५२०३४७ |
| दमकल सेवा | ०६१-५२०२२२ |
| शव बाहन सेवा (सिद्धार्थ क्लब) | ०६१-५३०२०० |
| पश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ०६१-५२००६६/६७ |
| मनिपाल शिक्षण अस्पताल | ०६१-५२६४१६/१७/१८ |
| गण्डकी मेडिकल कलेज | ०६१-५५०२५३ |
| हिमालय आँखा अस्पताल | ०६१-४६११६८ |
| पोखरा विश्वविद्यालय, लेखनाथ | ०६१-५६१०४६/५६१५४६ |
| क्षेत्रीय प्रशासन कार्यालय | टोल फ्रि १११११/०६१-४६४८४१ |
| क्षेत्रीय प्रहरी कार्यालय | ०६१-४६२५००/९८५६०२८४३३ |
| जिल्ला प्रहरी कार्यालय | ०६१-५२००३३/९८५६०३९५९९ |
| जिल्ला ट्राफिक प्रहरी | १०३/०६१-५२०४१२ |
| सशस्त्र प्रहरी बल (कालिका गण) | ०६१-५४१०८८/९८५१२७२०४७ |

**बागलुङ**

| | |
|---|---|
| धौलागिरि अञ्चल अस्पताल | ०६८ ५२०१८८/५२०२८८ |
| रक्तसञ्चार केन्द्र | ०६८ ५२०२७३ |
| कालिका भगवती गुठी एम्बुलेन्स | ९८४६०१७५०० |
| गोरखा अस्पताल | ०६४ ४२०२०८ |
| स्याङ्जा जिल्ला अस्पताल | ०६३ ४२०२३९ |
| स्याङ्जा रेडक्रस एम्बुलेन्स | ०६३ ४२०११४ |
| पर्वत जिल्ला अस्पताल | ०६७ ४२०११९/४२०४१४ |
| पर्वत रेडक्रस एम्बुलेन्स | ०६७ ४२०१६९ |
| पर्वत प्रहरी/वारुणयन्त्र | ०६७ ४२०१००/४२०१९९ |
| लमजुङ जिल्ला अस्पताल | ०६६ ५२०१९५/५२०५५७ |
| लमजुङ सामुदायिक अस्पताल | ०६६ ५२०१८३ |
| म्याग्दी जिल्ला अस्पताल | ०६९ ५२०१०८ |
| दमौली अस्पताल | ०६५ ५६०२०३ |
| नवलपरासी जिल्ला अस्पताल | ०७८ ५२०५०३ |
| स्याङ्जा वारुणयन्त्र | ०६३ ४२०४०९ |
| जिल्ला प्रहरी बागलुङ | ०६८ ५२०१९९ र ५२०२१९ |
| जिल्ला प्रहरी गोरखा | ०६४ ४२०२३७ |
| जिल्ला प्रहरी लमजुङ | ०६६ ५२०१९८ र ५२०१९९ |
| जिल्ला प्रहरी मनाङ | ०६६ ४४०१९९ |
| जिल्ला प्रहरी मुस्ताङ | ०६९ ४४०११६ र ४४००९८ |
| जिल्ला प्रहरी म्याग्दी | ०६९ ५२०१९९ र ५२०२९९ |
| जिल्ला प्रहरी पर्वत | ०६७ ४२०१९९ |
| जिल्ला प्रहरी स्याङ्जा | ०६३ ४२०१००/४२०१९९/४२०२८४ |
| जिल्ला प्रहरी तनहुँ | ०६५ ५६०१९९ |
| इप्रका आँबुखैरेनी | ०६५ ५४००९९ |
| जिल्ला प्रहरी नवलपरासी | ०७८ ५४०१०० |
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९७ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१९३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

**कान्तिपुर सम्पर्क** जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# अस्पतालमा बिरामीको चाप

- उपचारमा आएका मध्ये अधिकांश ज्वरोका बिमारी
- पानीको प्रदूषणका कारणले बिरामी बढ्दै

■ **आनन्द गौतम** (ताप्लेजुङ)



जिल्ला अस्पताल ताप्लेजुङमा लागेको बिरामीको भीड । *तस्बिर : आनन्द/कान्तिपुर*

नानीलाई उपचारका लागि लिएर आएका फुङलिङ नगरपालिका- ९ हाङदेवाका चन्द्र कालिकोटेले जिल्ला अस्पतालमा पालो पाएनन् । ओपीडीमा टिकट लिन नसकेपछि इमर्जेन्सीमा देखाउन बसे तर त्यहाँ पनि सम्भव भएन ।

त्यसपछि क्लिनिकमा गएर जँचाए । बच्चालाई भर्खरदेखि बिराम सुरु भएकाले डाक्टरलाई नै देखाउन उनी भोलिपल्ट पनि आए । बिहान ९ बजे आएका उनको १ बजे पालो आयो र जाँच गराए ।

फुङलिङ २ का गोपाल न्यौपानेले ज्वरो सुरु भएपछि मेडिकलबाट औषधि लिए । अहिले कडा खालको ज्वारो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई एन्टिबायोटिक दिएका थिए । तीन दिनसम्म सुतेर औषधि खाँदा पनि कम नभएपछि मंगलबार जिल्ला अस्पताल आएका उनलाई डाक्टरले टाइफाइडको आशंकामा रगत र पिसाब परीक्षण गर्न सल्लाह दिए । पाँचथरको फालेलुङका रत्न काफ्ले पनि ज्वरोले चापेपछि वीरबहादुर बिकलाई साथ लिएर जिल्ला अस्पताल आए । गाडी चढेर आएका उनलाई डाक्टरले औषधि खाएर आराम गर्न सल्लाह दिएर बिदा गरे ।

चार दिनयता जिल्ला अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको छ । दिउँसो २ बजेसम्म त ओपीडीमा टिकट लिनेको लाइन नै हुन्छ । त्यसपछि इमर्जेन्सीमा जाँचिन्छ । सर्वसाधारण नागरिक मात्रै नभएर जिल्ला अस्पतालमा प्रमुख डाक्टर सोनिम लामा आफैं मंगलबारदेखि अस्पताल आउन सकेनन् । ल्याबमा आएर आफैंले रगत परीक्षण गराएका छन् र औषधि सेवन थालेका छन् । सोमबारसम्म बिरामी जाँचेका डाक्टर लामालाई आइतबारदेखि नै अस्वस्थ्यको महसुस भएको थियो । ल्याब असिस्टेन्ट दीपेन्द्र पौडेलले भने, 'हामी यहाँ काम गर्ने नै धेरैजना बिरामी पर्न थालिसकेका छौं ।' ल्याबमा अरूको रगत, पिसाबलगायत परीक्षण गरिरहेका उनले आफूलाई बिरामले चापिसकेको तर जनशक्ति कम भएकाले जबरजस्ती काम गरिरहेको बताए ।

चिकित्सकका अनुसार अधिकांशमा ज्वरोको संक्रमण देखिएको छ । 'ज्वरो, टाइफाइडका बिरामी धेरै देखिएका छन्,' डाक्टर लामाले भने, 'म आफैं पनि बिरामी परें, यो पानीको प्रदूषणको मुख्य कारण हो ।' मौसम परिवर्तन हुँदा यस्तो देखिने र यो सर्ने गरेको लामा बताउँछन् । मौसमी बिरामीले तातो पानी प्रशस्त खानुपर्ने र आराम गर्नुपर्ने सुझाव डाक्टरको छ । स्वास्थ्यकर्मी डम्बर श्रेष्ठ जोगिएर काम गर्न कठिन भएको बताउँछन् । जिल्ला अस्पतालमा मात्रै नभएर गाउँका स्वाथ्यचौकीमा पनि बिरामीको चाप उत्तिकै बढेको उनले सुनाए ।

जिल्लाको मैवाखोलाको ढुंगेसाँघु र सिरिजंघा गाउँपालिकाको तेल्लोकमा डाक्टरको दरबन्दी रहेको छ । यीबाहेक प्रत्येकजसो वडामा एचएको नेतृत्वमा स्वास्थ्यकर्मी छन् । जिल्ला अस्पतालमा १५ शय्या रहेको छ । इमर्जेन्सीसमेत गरी ३५ बेड राखिएका छन् ।

यतिबेला जिल्ला अस्पतालमा प्रशस्त औषधि छ । जनस्वास्थ्यको गोदामबाट जिल्ला अस्पताल ल्याउने जनशक्ति भने अभाव छ । समायोजनमा अस्पतालका कार्यालय सहयोगीलगायत जनशक्ति नगरपालिकातिर गएपछि र अस्पतालमा काम गर्ने नभएर समस्या भएको स्टोरको जिम्मेवारी लिएका डम्बर श्रेष्ठ बताउँछन् । जनस्वास्थ्यको गोदामबाट अस्पतालसम्म ल्याउने जनशक्ति अभावले व्यवस्थापनमा कठिनाइ भएको छ । नि:शुल्क औषधि वितरण केन्द्रले मागेजति नदिएको सेवाग्राही दिलिप बरालले बताए । सुपथ मूल्यको औषधि पसलमा भने खरिद प्रक्रियामा समस्या भएकाले औषधि केही अभाव भएको श्रेष्ठ बताउँछन् ।

# बर्थिङ सेन्टरमा कर्मचारी अभाव

■ **प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले करारमा राखिएका सहयोगी हटाउँदा बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी गराउने काम प्रभावित भएको छ । संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि नगरपालिकाले गत वर्षदेखि सहयोगी हटाएको थियो । सहयोगी हटाउँदा स्वास्थ्य क्षेत्रमा काम गरेका धेरै बाहिरिएका थिए ।

नगरपालिकाभित्रको रायडाँडा, तित्याङ, पैयुँपाटा, नारायणस्थानलगायतका स्वास्थ्यचौकीमा आउने गर्भवतीलाई परीक्षण गरेपछि जटिल अवस्था भएमा सदरमुकाम पठाउनुपर्ने बाध्यता भएको सिनियर अहेब सोमराज पाण्डेले बताए । 'तालिम प्राप्त अनमी भए पनि साथ दिने व्यक्ति अभावमा गर्भवतीलाई सुत्केरी बनाउन सक्दैनन्,' उनले भने, 'कुन प्रकारको सहयोगी हटाउने भन्ने तोकिनुपर्थ्यो ।' सुरक्षित गर्भवती गराएपछि एकजना बराबर एक हजार रुपैयाँ संस्थाले पाउनुपर्छ । त्यो बजेटबाट ७ सयको सामग्री किन्ने र ३ सय भत्ता दिने गरिन्छ तर गत आर्थिक वर्षदेखि नै जिल्लाका अधिकांश स्थानीय तहमा त्यस्तो भत्ता गएन, जसका कारण जटिल काम गरेर पनि स्वास्थ्यकर्मीले भत्ता नपाएको गुनासो गरे ।

बडिगाड गाउँपालिकामा गत वर्षको पहिलो चौमासिकलाई पुग्ने मात्र बजेट गयो । त्यसपछि सुत्केरी सामग्री किन्ने पैसा र प्रोत्साहन भत्ता गएन । अत्यावश्यक सामग्री आन्तरिक कोषबाट खरिद गरिए पनि स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता नपाएको निरञ्जन यादवले बताए । 'रातदिन नभनी काम गर्नुपर्छ तर उनीहरूले सामान्य सेवासुविधा पनि पाएका छैनन्,' उनले भने, 'स्वास्थ्यकर्मीले जटिल अवस्थामा साथ नदिए बिरामीको ज्यानै जाने खतरा हुन्छ ।' प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीले आगामी कार्यपालिकाको बैठकमा उक्त एजेन्डा राखेर समस्या समाधान गर्ने बताए । 'यो समस्या जतासुकै हो तर बिरामीको सेवामा खटिनेले सुविधा पाउने

**संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि करारका सहयोगी हटाउँदा सेन्टरको काम प्रभावित**

गरी निर्णय गर्न आन्तरिक कोष भए पनि परिचालन गर्ने तयारी छ,' उनले भने, 'गत पुसदेखि नै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिई काम गर्न लगाएका छौं ।' भूगोलको समस्याले रणसिंकिटेनी, जलजला, भीमगिठे र दर्लिङका सेवाग्राहीले स्वास्थ्य संस्था आइपुग्न पनि सयौं खर्चनुपर्ने उनले बताए ।

आन्तरिक बजेटबाट अत्यावश्यक सामग्री खरिद गरेर काम चलाइएको तमानखोला गाउँपालिकाकी स्वास्थ्य शाखाकी अहेब गरिमा हर्मेलले बताइन् । बजेट अभावमा अनमीले प्रोत्साहन भत्ता नपाएको उनले सुनाइन् । गलकोट, ढोरपाटन र जैमिनी नगरमा पनि यस्ता समस्या छन् । गाउँपालिका भएका स्थानमा यो समस्या झनै जटिल छ । भूगोलको कठिनाइ र बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी अभाव हुँदा सेवाग्राही पहिलेदेखि सहरमा बसेर सेवा लिन बाध्य छन् । जिल्लामा अहिले ४७ बर्थिङ सेन्टर छन् ।

स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गरेको ८ सय रुपैयाँ र गर्भवती भएमा पाउने २ हजार रुपैयाँ दिने बजेट समेत नहुँदा केही स्थानीय तहले आन्तरिक स्रोतबाट दिने गरेका हुन् । अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा मात्रै झन्डै २ सय ६९ महिला सुत्केरी भएकोमा १ सय ३४ ले मात्र सेवासुविधा पाउन सकेका थिए । सरकारले भने नियमित गर्भ परीक्षण गरेको तथा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएकालाई मात्रै भत्ता दिने प्रावधान राखेको छ । बजेट पठाउँदा ससर्त शीर्षकमा पठाउनुपर्नेमा निसर्त पठाउँदा कतिपय बजेट गाउँपालिकाले विकास निर्माणमा खर्चने गरेको समेत टिप्पणी भइरहेको छ ।

गत वर्ष निसर्त बजेट आएकै कारण पशुस्वास्थ्यको समेत समस्या भएको थियो । पशुले पाउने खोप, कृत्रिम गर्भाधानका लागि चाहिने नाइट्रोजन खरिदजस्ता काम अलपत्र भएर धेरै पशु प्रभावित भएका थिए । 'पशु स्वास्थ्यमा त धेरै समस्या पर्छ भने मानव स्वास्थ्यमा नपर्ने कुरै भएन,' स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ सुपरभाइजर देवप्रकाश घिमिरेले भने ।




ADMISSION OPEN
BA (HONS) in FASHION & RETAILING 3 Years
BA IN INTERIOR ARCHITECTURE 3 YEARS
DIPLOMA IN FASHION & MARKETING 15 Months
DIPLOMA IN INTERIOR & PRODUCT DESIGN 15 Months
FASHION ASIA ASIAN TOP FASHION ORGANIZATION AWARD WINNER 2016
NEPAL BEST BRAND LEADERSHIP AWARDS 2018.
NEPAL'S NO.1 FASHION & INTERIOR SCHOOL IEC SCHOOL OF ART & FASHION ...Since 1997
NEPAL'S NO.1 FASHION & INTERIOR COLLEGE IEC COLLEGE OF ART & FASHION
facebook.com/ieccollege.np | instragram.com/iecsaf | ieckn@rediffmail.com | www.ieccollege.com.np
Fashion Wing : Mandikhatar, Kathmandu | Tel : 4650426 / 4650713 Interior Wing : Chandol, Kathmandu | Tel : 4432216 / 4432396
Kathmandu Aradhan Complex, Bagbazar | Tel : 4247475 / 4247528 Bhaktapur Above NCC Bank, 2nd Floor, Lokanthali | Tel : 01-6636553 / 6639727


# जथाभाबी तार काटिँदा ग्राहक मर्कामा



नाला निर्माणका क्रममा डोजरले विराटनगरको महेन्द्र चोक पूर्वतर्फ नेपाल टेलिकमको भूमिगत तार काटेपछि मर्मत गर्दै टेलिकमका प्राविधिक । *तस्बिर : विनु/कान्तिपुर*

■ **विनु तिम्सिना** (विराटनगर)

महानगरपालिका-९ कलेज रोडस्थित पञ्चकन्या प्रिन्टर्समा ६ महिनादेखि टेलिफोनको लाइन छैन । सडक निर्माणका क्रममा अवरुद्ध नेपाल टेलिकमको लाइन महिनौं भइसक्दा पनि मर्मत नभएको प्रिन्टर्सका सञ्चालक लव घिमिरेले बताएका छन् ।

टेलिकमलाई बुझाउनुपर्ने न्यूनतम शुल्क २ सय ५५ रुपैयाँ भने मासिक तिर्नुपरिरहेको उनले गुनासो गरे । '६ महिनाभन्दा बढी भइसक्यो, धेरैपटक गुनासो गऱ्यौं, सुनुवाइ भएको छैन,' उनले भने, 'मासिक शुल्क तिर्न बाध्य छौं ।' प्राय:जसो सबैको हातमा मोबाइन फोन भए पनि कार्यालयको काममा ल्यान्डलाइन फोन नै प्रयोग गर्ने गरेको घिमिरेले बताए । महानगरपालिकामा भइरहेको विकास निर्माणले टेलिकम

**खानेपानी र विद्युत् प्राधिकरणको क्षति निर्माण कम्पनीले तिर्दै, टेलिकमले भने आफैं बेहोर्दै**

सेवा मात्र होइन, सबै क्षेत्र प्रभावित बनेको छ । सडक तथा नाला निर्माणका लागि खाल्डा खन्ने तर समयमै काम नगर्ने परिपाटीले स्थानीय सेवाग्राहीलाई सास्ती छ । खासगरी खानेपानी, विद्युत् प्राधिकरण र टेलिकमसँग समन्वय नगरी जथाभावी डोजर चलाउनाले विराटनगरमा विद्युत्, खानेपानी र टेलिकमको सेवा सबैभन्दा बढी प्रभावित छ । त्यसमा पनि टेलिकमका तारहरू जमिनमुनि हुँदा काटिएमा मर्मत गर्न झन्झटिलो र लामो समय लाग्नाले सेवाग्राही मर्कामा पर्ने गरेका हुन् । सेवा अवरुद्ध हुँदा टेलिकमको विराटनगर शाखा पनि हैरान बनेको छ ।

एउटै सडकमा पटक-पटक डोजर चलाउँदा थप समस्या हुने गरेको टेलिकम विराटनगर शाखा कार्यालयका सूचना अधिकारी पशुपति सुवेदीले बताए । एउटै सडकमा कहिले नाला बनाउन त कहिले बढाउन भन्दै खन्दा हैरानी बेहोर्नुपरेको उनको भनाइ छ । विराटनगर शाखाबाट ८ हजार ८ सय ५७, रानी शाखाबाट ६ सय १५, रोडशेषबाट १ हजार ८ सय ८२, टंकीसिनुवारीबाट १ हजार ५८ र तीनपैनीबाट २ हजार ८ सय ७९ टेलिफोन लाइन सञ्चालनमा छन् । त्यसमध्ये हाल विराटनगरको ट्राफिक चोकस्थित क्याबिनेटका १ सय ५०, महेन्द्र चोक क्याबिनेटका साढे ५ सय र हाटखोलाको क्याबिनेटका झन्डै साढे ९ सय लाइन विकास निर्माणकै कारण अवरुद्ध बनेको सुवेदीले जानकारी दिए । 'खानेपानीका पाइप धेरै तल गाडिएका हुँदैनन् र बिजुलीका तार पनि पोलमाथि हुन्छ,' उनले भने, 'तर टेलिकमका तार जमिनको तीन फिटमुनिसम्म गाडिएको हुन्छ, तार चुँडियो या काटियो भने मर्मत गर्न निकै झन्झटिलो हुन्छ ।' निर्माण कम्पनीले टेलिकमसँग समन्वय नगरी खनिदिँदा धेरै क्षति भइरहेको सुवेदीको भनाइ छ ।

**क्षतिपूर्ति नलिँदा बढी लापरबाही**

विकास निर्माणका क्रममा डोजरले तार काटेर हैरान बनेको टेलिकमले सम्बन्धित ठेकेदार पक्ष र महानगरपालिकासँग न त क्षतिपूर्ति लिन्छ न त मर्मत नै गर्न लगाउँछ । सँगैका विद्युत् प्राधिकरण र खानेपानी संस्थानले निर्माणका क्रममा सेवा अवरुद्ध बनेमा त्यसको मर्मतको काम सम्बन्धित पक्षलाइ गराउँछ । 'विद्युत् प्राधिकरण र खानेपानीले क्षतिपूर्ति लिने सर्तमा मात्रै खन्न दिन्छन्,' उनले भने, 'तर टेलिकमले त्यस्तो क्षतिपूर्तिको दाबी नगर्दा झन मनपरी डोजर चलाइन्छ ।'

विराटनगरमा सडक, ढल र नाला निर्माण धेरै वर्षदेखि भइरहेकाले खानेपानी संस्थान विराटनगरका प्रमुख शैलेन्द्र साहले भत्केका जति सबै पाइप बनाउन नसक्ने भएकाले ठेकेदार कम्पनीले नै बनाउनुपर्छ भनेर सरोकारवाला सबैसँग छलफल गरेर निर्णय नै भएको जानकारी दिए । 'निर्माणका क्रममा भत्काउँदै जाने अनि हामीले बनाउनुपर्ने ?,' साहले भने, 'त्यो त सकिँदैन, त्यसैले जसले क्षति पुऱ्याउँछ उसैले मर्मत गर्नुपर्छ ।' मर्मत कसले गर्ने भन्ने विषयमा भएको सरोकारवालाको छलफलमा टेलिकमका प्रतिनिधि पनि गएका थिए ।

# कोसीपीडित फेरि आन्दोलित

राजविराज (कास)- तीन पुस्तादेखि थाती मुआब्जा विवाद सुल्झाउन माग गर्दै कोसीपीडितले फेरि आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा समस्या समाधानका साथै कोसीलाई व्यवस्थित गर्नुपर्ने माग गरेको छन् ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाउँदै साबिकका कोसीपीडितले कोसी सम्झौताको कार्यान्वयनसहितका सातबुँदे माग पूरा गर्न प्रधानमन्त्रीसित माग गरेका हुन् । नेपाल-भारत बीचमा १२ वैशाख २०११ मा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, कोसी योजनाले अधिग्रहण गरेको जग्गामा मात्र पायलट च्यानलको काम हुनुपर्ने, सम्झौताअनुसार सो क्षेत्रका नेपाली नागरिकलाई जागिर दिनुपर्ने, कोसीबाट प्रभावित परिवारका लागि विद्यालय र अस्पताल खोल्नुपर्ने तथा नेपाली भूभागमा कोसी योजनाले कुनै काम कारबाही सुरु गर्नुपूर्व नेपाल सरकारसँग अनुमति लिनुपर्नेलगायत माग अघि सारिएको छ ।

त्यस्तै भारत सरकारले कोसी सम्झौताअनुसार वर्षौंपिच्छै कोसी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ति नदिएर अन्याय गरेको भन्दै सम्झौता कार्यान्वयन गरिनुपर्ने माग कोसीपीडितको रहेको छ ।

कोसी नदी कटान डुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरको तर्फबाट संयुक्त रूपमा प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा आफूहरूको माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रदेश १ को सुनसरी र प्रदेश २ को सप्तरीको बीचमा अवस्थित सप्तकोसी नदीमा पुल निर्माणका क्रममा भारत सरकारले अधिग्रहण गरेको सप्तरीवासीको सयौं बिघा नम्बरी जग्गाको मुआब्जा ७३ वर्ष नाघिसक्दा पनि पाउन नसक्दा मुआब्जाकै पर्खाइमा तीन-तीन पुस्ताले समस्या झेल्नुपरेको कोसीपीडितको भनाइ छ । संघर्ष समितिका संयोजक महिदेवप्रसाद चौधरीले आउँदो साउन ३२ गते बिहान ९ बजे सदरमुकाम राजविराज तथा कोसी ब्यारेज सडक खण्डमा कोणसभा, धर्ना र रिले अनशनलगायत कार्यक्रम राखिएको बताए ।


GLOBAL COLLEGE INTERNATIONAL
ADMISSIONS OPEN
2019 INTAKE
BBA Bachelor of Business Administration
BTTM Bachelor of Travel and Tourism Management
BHM Bachelor of Hotel Management
FEATURES
- Four - year semester system programs.
- Participative and student centered teaching / learning.
- Research-based practices and real time case studies/ seminars.
- Time tested curriculum.
- Business incubation and leadership programs.
- Out-reach orientation and induction workshop.
- Courses delivered by prominent faculty of national and international repute.
- National/multinational internship & placement opportunities.
- International faculties for specific courses.
- Specialization in industry demanded courses.
- State of the Art facilities and infrastructures.
- Industry based faculties.

Training Partner
culinary solutions AUSTRALIA INTERNATIONAL
Last date of form submission Bhadra 6, 2076
- Application forms can be downloaded from college website.
- GCI Merit Scholarship scheme is available for the meritorious and deserving candidates.
- Provisional admission for result – awaiting students.

Mid Baneshwor, Kathmandu, Nepal,Tel: 977-1-465786, 4488410,
info@gci.edu.np, www.gci.edu.np



MEET CQUNIVERSITY AUSTRALIA
**CQUniversity staff will be available to interview prospective students for places in our exciting range of internationally recognised and employment focussed degrees. Scholarships are available for outstanding candidates in bachelor, two year masters and research degrees.**
» Business and Accounting
» Creative, Performing and Visual Arts
» Education and Humanities
» Engineering and Built Environment
» English, Work and Study Preparation
» Health
» Information Technology and Digital Media
» Psychology, Social Work and Community Services
» Science and Environment
» Service Industries
» Transport and Safety Sciences
Secure your future at CQUniversity by bringing your original documents for an on-the-spot assessment at one of the following information sessions.
**Sunday, 04 August 2019**
10.00 AM - 11.30 AM - **Education Asia** (01) 4267889, 9802016700
12.00 Noon - 1.30 PM - **Sydney Express Education Consultancy** (01) 4225603, 4233185, 9841046231
2.00 PM - 3.30 PM - **Mate's Education** (01) 4233565, 4233566
4.00 PM - 5.30 PM - **AE Global Pvt. Ltd.** (01) 4418782, 4420502, 4422929
**Monday, 05 August 2019**
10.00 AM - 11.30 AM - **KIEC (Kathmandu Infosys)** (01) 4443526
12.00 Noon - 1.30 PM - **Dolphin Education Consultancy Centre Pvt. Ltd.** (01) 4254282, 4223053
2.00 PM - 3.30 PM - **Orbit International Education** (01) 4430677
4.00 PM - 5.30 PM - **VIEC Nepal** (01) 4429190, 4429191
Find out more
**www.cqu.edu.au/international**
CQUniversity AUSTRALIA
BE WHAT YOU WANT TO BE cqu.edu.au
CRICOS: 00219C I P_AD_190017v2



**बाँसुरीको धुनले...**
मनाइयो दिवस । ११

**एसेज टेस्ट आजदेखि**
इंग्ल्यान्डको नजर डबल उपलब्धि । १८



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १६४ बुटवल | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ




भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# देउवा-पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई 'भिलेन' बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठककै सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।



'खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?'



'समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ'

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । 'समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ,' पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'संकटमा पुर्‍याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।' लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । 'मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,' देउवाको भनाइ थियो, 'मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।

बाँकी पृष्ठ १६ ▸▸

## भित्र


पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग


## गजब छ बा !

– अविन –




तपैं 'चन्द' 'चन्द' भनिर'छु भन्नुहुन्छ !... म 'चन्दा' 'चन्दा' नै सुनिर'छु त !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले 'काठमाडौं भ्यु टावर' मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । 'उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

आएको छ,' विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले 'काठमाडौं भ्यु टावर' निर्माणका लागि कुननी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै बिल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुर्‍याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका

पृष्ठ १२

# 'अपझ्र्ट आकस्मिकता'

'भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।'

■ **सुरज कुँवर** (काठमाडौं)

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झिँदै भने, 'आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।' उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई 'अपझ्र्ट आकस्मिकता' भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, 'मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा



दिपेन्द्र जोशी

गर्व छ ।' केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, 'मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।'

राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।

बाँकी पृष्ठ १६ ▸▸



**!!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!**

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?


Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!

Sample Bank-Branch wise Account Details




Sample Bank-Branch wise Account Details




Our services:

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds #1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



Discount offer:
If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# कार्ययोजना बनाएर काम सुरु गर्न मुख्यमन्त्रीको निर्देशन

रूपन्देही (कास)- प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले बजेटको प्रभावकारी कार्यान्वयनका लागि चौमासिक कार्य योजना बनाएर काम सुरु गर्न मन्त्री र कर्मचारीलाई निर्देशन दिएका छन् । असार मसान्तमा हुने विकास निर्माण र सचेतनाका लागि गरिने तालिम, गोष्ठी, अन्तर्क्रिया कार्यक्रमको उपलब्धि न्यून हुने र बजेट सक्नकै लागि गर्ने गरेको आलोचना बढेपछि उनले मन्त्रालयगत कार्ययोजना बनाउन र कार्यान्वयन गर्न निर्देशन दिएका हुन् ।

तीन दिनसम्म मुख्यमन्त्री कार्यालयमै चलेको गत आवको प्रगति समीक्षा बैठकपछि मंगलबार आयोजित पत्रकार सम्मेलनमा उनले गत वर्ष अपेक्षाअनुसार प्रगति हासिल गर्न नसके पनि चालु वर्ष त्यसलाई थप प्रभावकारी बनाउनुपर्ने बताए । उनले डीपीआर नभएका योजनालाई पहिलो चौमासिकमै डीपीआर तयार गर्न र डीपीआर भइसकेका योजनाको काम पहिलो चौमासिकमै अघि बढाउन निर्देशन दिए । 'अब गोष्ठी, सेमिनार, अन्तर्क्रिया पनि पहिलो चौमासिकबाटै सुरु हुनेछन्,' उनले भने, 'विकास निर्माणका लागि हुने ठेक्काको अन्तिम मिति जेठ मसान्त नै हुन्छ ।' उनले अन्तरमन्त्रालयगत समन्वय बढाएर काम गर्न पनि मन्त्रीहरूलाई निर्देशन दिएका थिए । समीक्षा बैठकले मन्त्रालयगत र मन्त्रालयका विषयगत कार्ययोजना तयार गर्ने र त्यसकै आधारमा बजेट कार्यान्वयन सुरु गर्ने निर्णय गरेका छन् । मुख्यमन्त्री कार्यालयको योजना महाशाखा प्रमुख ताराप्रसाद भट्टराईका अनुसार सरकारले प्रस्तुत गरेको नीति कार्यक्रम र बजेटअनुसार नै कार्ययोजना बन्नेछन् । 'समीक्षा बैठकले साना प्रकृतिका योजना र काम दोस्रो र तेस्रो चौमासिकमै सम्पन्न गर्ने गरी कार्य योजना बनेका छन्,' उनले भने, 'जेठ मसान्तपछि गर्नै पर्नेबाहेक अन्य काम नगर्ने गरी कार्ययोजना बनाइएको हो ।' नीति, मापदण्ड, कार्यविधि बनाउनुपर्ने काम पनि पहिलो चौमासिकभित्र नै तयार गरेर दोस्रो चौमासिकबाट कार्यान्वयनमा लैजाने बैठकको निर्देशन रहेको उनले बताए ।

समीक्षा बैठकमा प्रदेशका मन्त्रालयमध्ये सबैभन्दा बढी प्रगति सामाजिक विकास मन्त्रालयको देखिएको छ । कम प्रगति गर्नेमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय छ । बैठकमा अनिवार्य सहभागी भएका मन्त्री र सचिवले संगठन संरचना, जनशक्ति र कानुनकै अभावले लक्षित प्रगति हासिल हुन नसकेको प्रस्टीकरण दिएका थिए । सरकारले ८० प्रतिशत बजेट खर्च गर्ने लक्ष्य लिएको थियो । तर, ६३ प्रतिशत मात्र खर्च गरेको छ । पत्रकार सम्मेलनमा पनि मुख्यमन्त्री पोखरेलले असारे विकास र गोष्ठी सेमिनारको जसरी पनि अन्त्य गरिने बताए । उनले संघीय सरकारबाट आउने योजना र बजेट हस्तान्तरणमा भएको ढिलाइ, संघीयले निर्माण गर्नुपर्ने कानुन निर्माणमा अन्योलले गर्दा पनि लक्ष्य हासिल गर्न नसकिएको बताए ।

# अस्पतालमा न कर्मचारी न औषधि

गर्मी बढेसँगै यहाँ रूघाखोकी, भाइरल ज्वरो र टाइफाइडका बिरामी बढेका छन् । राम्रो सेवा नपाएपछि बिरामीले निजी क्लिनिकमा महँगो शुल्क तिरेर सेवा लिने गरेका छन् । स्वास्थ्य बिमा गरेका बिरामीले औषधि नपाएको गुनासो गरेका छन् ।

**गिरूप्रसाद भण्डारी** (प्यूठान)

आन्तरिक व्यवस्थापनको कमीले जिल्ला अस्पताल लथालिंग बनेको छ । अस्पताल नै विभिन्न समस्याले ग्रस्त भएकाले सेवाग्राही मर्कामा परेका छन् । उपचारका लागि आएका बिरामी स्वास्थ्य सेवा र औषधि नपाएको गुनासो गर्दै फर्किने गरेका छन् ।

गर्मी बढेसँगै यहाँ रुघाखोकी, भाइरल ज्वरो र टाइफाइडका बिरामी बढेका छन् । राम्रो सेवा नपाएपछि बिरामीले निजी क्लिनिकमा महँगो शुल्क तिरेर सेवा लिने गरेका छन् । स्वास्थ्य बिमा गरेका बिरामीले औषधि नपाएको गुनासो गरेका छन् । स्वास्थ्य बिमा गर्दा तोकिएको औषधि अहिले नपाएको मंगलबार अस्पताल परिसरमा भेटिएका प्यूठान नगरपालिका-१, खैराका रेशम बस्नेतले गुनासो गरे ।

'दुईपटक स्वास्थ्य बिमा नवीकरण गरें,' उनले भने, 'तर, अस्पताल आउँदा कहिल्यै चिकित्सकले लेखेको औषधि पाइनँ ।' उनले सुगर र कोलेस्टोरको औषधि नपाएको बताए । बिमा गराएबापत पाउनुपर्ने औषधि नपाएपछि अस्पताल प्रशासनमा कुरा गरे पनि सुनुवाइ नभएको उनले कान्तिपुसित गुनासो गरे । 'कहिल्यै प्यूठान अस्पताल राम्रो हुन सकेन,' उनले भने, 'कहिले के मिलेन भन्छन् त कहिले के !' स्वास्थ्यजस्तो संवेदनशील कुरामा जिम्मेवारी लिएकाहरूले खेलबाड गर्न नहुने उनको भनाइ छ । 'हामी बिरामीले औषधि खरिद गर्ने प्रक्रिया मिलेको छैन भन्ने कुरा जान्दैनौं,' उनले भने, 'बिरामी परेका बेला औषधि चाहिएको हुन्छ । निःशुल्क पाउने भनेको औषधि जहिले आए पनि पाउने व्यवस्था हुनुपर्‍यो ।' बस्नेत मात्र नभए जिल्लाका दूरदराजबाट स्वास्थ्य बिमा गराएर सेवा लिन आएका बिरामीले एक सातादेखि औषधि नपाएको गुनासो गरेका छन् । 'जिल्लाको सबैभन्दा दुर्गम अर्खाबाट सोमबार उपचार गर्न आएका एक वृद्ध दम्पतीले अस्पतालबाट सिटामोल मात्र लिएर आएका थिए,' अस्पताल गेटनजिकका एक निजी क्लिनिक सञ्चालकले भने, 'मैले स्याम्पल आएको औषधि दिएर पठाएँ ।' बिमा गराएकाले औषधि निःशुल्क पाइन्छ भनेर आएका बिरामी निराश भएर फर्कने गरेको उनले बताए ।

अस्पतालमा रहेको नयाँ डिजिटल एक्सरे मेसिन पनि सञ्चालन नहुँदा बिरामी निजी क्लिनिकमा जान बाध्य भएको सेवाग्राहीको गुनासो छ । 'सरकारले पठाएको एक्सरे मेसिन चलाउन सकिएको छैन,' एक कर्मचारीले भने, 'यसले गर्दा सेवाग्राहीले दुःख पाइरहेका छन् ।' उनले हिजोआज अस्पतालमा उपचार गराउन आएका बिरामीले निःशुल्क पाउने भनेर तोकिएको औषधि, बिमा गराएबापत पाउने औषधि केही नपाएको बताए । अस्पतालबाट ज्येष्ठ नागरिक, असहायहरूले पाउने निःशुल्क उपचार सेवासमेत पहुँचवालाभन्दा अरूले नपाउने सेवाग्राहीको गुनासो छ । अस्पतालको यस्तो अवस्थाका बारेमा अस्पताल प्रशासन भने मूकदर्शक बनेको छ ।

लेखामा काम गर्ने कर्मचारी अस्पतालमा नहुँदा औषधि खरिदलगायत समस्या थपिएको निमित्त अस्पताल प्रमुख शेषराज घिमिरेले बताए । 'गत आर्थिक वर्षमा जेनतेन जिल्ला स्वास्थ्यमा दरबन्दी भएका लेखापालबाट काम चलाएका थियौं,' उनले भने, 'यो आर्थिक वर्षको काम उनले गर्दिनँ भनेका छन् । दैनिक आवश्यक औषधिलगायत सामान खरिद गर्नुपर्ने हुन्छ । कसरी गर्नु ?' सेवाग्राहीबाट धेरै गुनासो आएपछि १२/१५ लाख रुपैयाँ बराबरको औषधि लेखापाल आएपछि भुक्तानी दिने गरी खरिद गर्न थालेको उनले बताए । 'लेखापाल पठाउनुपर्‍यो भनेर प्रदेशमा तीनपटकसम्म धाएँ,' घिमिरेले भने, 'हुन्छ भन्दाभन्दै पाँच महिना बितिसक्यो । अझै पठाएका छैनन् ।' डिजिटल एक्सरे मेसिन सञ्चालन गर्नका लागि कोठाको व्यवस्थापन गर्न लाग्ने खर्च भुक्तानी, औषधि खरिदलगायत खर्च सबै कुरा लेखापाल नहुँदा समस्या भएको निमित्त अस्पताल प्रमुख घिमिरेले बताए । उनले केही दिनमै डिजिटल एक्सरे मेसिन सञ्चालनमा आउने बताए ।

अस्पतालमा ११ औं तहका एक जना मेसु, १० औं तहका ८ जना कन्सल्टेन्ट, एक जना खरिदार, एक जना लेखापाल, एक जना बेहोस पार्ने प्राविधिक, एक जना डेन्टल हाइजेनिक, एक जना मेडिकल रेकर्डरको दरबन्दी भए पनि सबै खाली रहेको उनले बताए । 'दरबन्दीअनुसारका कर्मचारी नै छैनन्,' घिमिरेले भने, 'तैपनि, सकेको काम गरेकै छौं ।'

# घरटहरा हटाउन चेतावनी

बर्दिया (कास)- सहरी क्षेत्र मापदण्डविपरीत निर्माण गरिएका घरटहरा हटाउन गुलरिया नगरपालिकाले बुधबार २४ घन्टे अल्टिमेटम दिएको छ । हुलाकी मार्गअन्तर्गत राधाकृष्ण चोकदेखि पश्चिम सर्यु नदी, पूर्व भादा पुल, जिल्ला प्रहरी कार्यालयदेखि दक्षिण भन्सार रोडसम्मका संरचना हटाउन भनिएको हो ।

नगरमा चार लेन सडक निर्माणका लागि अहिलेको केन्द्रविन्दु दायाँ-बायाँ दुवैतर्फ १२/१२ मिटरभित्रका संरचना हटाउन सूचना जारी गरेको प्रशासकीय अधिकृत रामचन्द्र पौडेलले बताए । 'समयमै घरटहरा हटाउन अटेर गरे क्षतिको जिम्मेवार स्वयं घरधनी हुनेछन्,' उनले भने, 'आफैं नहटाए लागेको रकम घरधनीबाट कानुनबमोजिम असुल्ने छौं ।' हुलाकी मार्गअन्तर्गत मधुवन नगरपालिका-८ देखि गुलरियाको तुलापुरसम्म कालोपत्रे सम्पन्न भएको छ । घरटहरा नहटेका कारण सहरी क्षेत्रमा अहिले निर्माण कार्य रोकिएको छ । गणपति निर्माण सेवाले ८ नम्बर चोकदेखि मूर्तिहा सीमासम्म १८ किमि सडक विस्तार गरेर कालोपत्रे गर्ने सम्झौता गरेको हो । ग्रामीण क्षेत्रमा ७ किमि चौडा बनाइनेछ । सहरी क्षेत्रमा १३ मिटर चौडा कालोपत्रे निर्माण हुनेछ । त्यसका लागि २५ करोड ३१ लाख ८५ हजारमा (भ्याटबाहेक) ठेक्का सकारेर काम भइरहेको छ ।

# अदालतद्वारा नियमित काम गर्न आदेश

कपिलवस्तु (कास)- पुनरावेदन अदालत बुटवल इजलासले कपिलवस्तु नगरपालिकालाई बजेट नीति तथा कार्यक्रमअनुसार काम गर्न आदेश दिएको छ ।

उपप्रमुख लक्ष्मी गुप्ताले कपिलवस्तु नगरपालिकाको पाँचौं नगरसभाका सबै निर्णय खारेज गर्नुपर्ने माग गर्दै असार ६ गते रिट दायर गरेकी थिइन् । रिटमा अन्तरिम आदेश गर्न माग थियो । न्यायाधीशद्वय दयानाथ खरेल र दुर्गाबहादुर विश्वकर्माको संयुक्त इजलासले बुधबार अन्तरिम आदेश जारी गर्नु नपर्ने आदेश गरेको हो । मुद्दाको अन्तिम सुनुवाइ हुँदाका बखत सम्बोधन हुने हुँदा नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने कार्यक्रम, बजेट र नीति भएकाले अन्तरिम आदेश जारी गर्नु नपर्ने आदेशमा उल्लेख छ । उपप्रमुखले कपिलवस्तु नगरपालिका कार्यालय, नगर प्रमुख किरण सिंह, प्रमुख प्रशासकीय अधिकृत विमलराज आचार्य र पाँचौं नगरसभालाई विपक्षी बनाई मुद्दा दायर गरेकी थिइन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६७ अनुसार उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण र बजेट सीमामा रहेर कार्यक्रम र बजेट तर्जुमा गर्नेछ भनिएको छ ।

# बर्सेनि बढ्दै कुष्ठरोगी

**मनोज पौडेल** (कपिलवस्तु)


जिल्लामा कुष्ठरोगीको संख्या बर्सेनि बढिरहेको छ । अघिल्लो आर्थिक वर्षसम्म १ सय ३७ थिए । गत वर्ष ६४ पुरुष र २४ महिला थपिएका छन् । तीमध्ये ८३ जना निको भइसके । रोगीको संख्या शून्यमा झार्न अभियान सञ्चालन गरिए पनि असफल बनेको छ । यहाँ तीन वर्षमा ३ सय ८० कुष्ठरोगी फेला परेका छन् ।

जिल्लाबाट सात वर्षअघि कुष्ठरोग निवारण भएको घोषणा गरिएको थियो । अशिक्षा र खुला सिमानाले बिरामी बढ्दै गएका छन् । बिरामी थपिन थालेपछि रोग निवारणको घोषणा कायम राख्न चुनौती बनेको छ । राष्ट्रियस्तरमा ०६६ माघ ५ गते कुष्ठरोग निवारण भएको घोषणा गरिएको थियो । तर, यहाँ बिरामी बढिरहेका छन् । रोगले ठूलो समस्या नपर्दासम्म अस्पताल नजाने प्रवृत्ति छ । लामो समय अस्पताल नजाँदा संक्रमण जटिल बनेर अंगभंग हुने अवस्था आउँछ । 'अवस्था गम्भीर बन्दै गएको छ,' प्रमुख वरिष्ठ जनस्वास्थ्य प्रशासक योगेन्द्र भगतले भने, 'नयाँ रणनीति अपनाएनौं भने मुलुकलाई सन् २०२० सम्म कुष्ठरोगबाट पूर्णतः मुक्त गर्ने अभियान कागजमा मात्र सीमित हुन्छ ।' सरुवा खालको कुष्ठरोगले छालामा असर गरे पनि तत्काल शरीरमा प्रभाव नपर्ने स्वास्थ्यकर्मीले बताए । 'महिलाले घरका काम गर्नुपर्ने बाध्यता छ,' परसोहिया स्वास्थ्य चौकीका वरिष्ठ अहेव माधव अर्यालले भने, 'थला नपरुन्जेल उपचारका लागि नआउने प्रवृत्तिले समस्या बढो छ ।' हिंडडुल गर्न, कामकाज गर्न समस्या नपर्ने हुँदा बिरामीले स्वास्थ्यप्रति ध्यान नदिने उनले बताए । यो रोग लागेको दुईदेखि पाँच वर्षभित्र लक्षण देखा पर्छन् ।

मुलुकका कुष्ठ प्रभावित १० जिल्लामध्ये कपिलवस्तु पनि एक हो । खुला सीमाका कारण रोग निवारण गर्न चुनौती भइरहेको जनस्वास्थ्य प्रशासक भगतले बताए । पहाडबाट बसाइँसराइ गरेर आउने बिरामी र भारतीय बजारमा रोजगारी गरेर फर्कने बिरामीका कारण संख्या बढ्दै गएको उनले बताए ।

माइक्रो ब्याक्टेरियमबाट सर्ने उक्त रोग निको पार्न रिफामपिसिन एमबी र पीबी नामक औषधि अवस्था हेरी ६ महिना र १ वर्षसम्म नियमित सेवन गर्नु पर्छ । गम्भीर खालका बिरामीलाई एमबी र सामान्य खालकालाई पीबी औषधि दिइने गरिएको छ । यसका लक्षणका रूपमा नचिलाउने र लाटोफुस्रो दाग देखा पर्छ । बिस्तारै शरीरका सेल मार्दै जाने, अंगभंग हुने र बिरामी अपांग हुनेसम्मको अवस्था आउँछ । समयमै रोग लागेको पत्ता लगाई उपचार गरेमा शरीर अंगभंग हुनबाट जोगाउन सकिन्छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्म
वि.सं. १९९८ पौष २२ गते

निधन
वि.सं.२०७६ श्रावण ४ गते

स्व. मधुसुदन शर्मा, घिमिरे

यस प्रा.लि. का शेयरधनी श्री प्रभात घिमिरेज्यूका पुजनीय पिता श्री मधुसुदन शर्मा, घिमिरेको असामयिक निधनको खबरले हामी स्तब्ध भएका छौं । यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गर्दछौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

Panas
पानस फर्मास्युटिकल्स प्रा.लि.
जानकी-६, गनापुर (बाँके), नेपालगन्ज


# मासुको व्यापार घट्यो

**अमृता अनमोल** (बुटवल)

साउन महिनामा रूपन्देहीमा मासुको व्यापार ह्वात्तै घटेको छ । व्रत बस्ने र माछामासु नखाने सर्वसाधारण बढेपछि कारोबार घटेको हो । बिहे, भोजलगायतका कार्यक्रम नहुँदा पनि त्यसको असर मासु व्यवसायमा परेको छ । यहाँका मासु पसल अहिले सुनसान छन् । सोमबार त ठप्पप्रायः हुन्छन् ।

मिलनचोकको न्यु आशिष फ्रेस हाउसले असार मसान्तसम्म दैनिक ९० किलोसम्म कुखुराको मासु बेच्थ्यो । जतिबेलै पसलमा ग्राहकको घुइँचो हुन्थ्यो । साउन महिना सुरु भएसँगै यो बिक्री १५ देखि २० किलोमा सीमित भएको पसल सञ्चालक देव थापाले बताए । मिलनचोककै बी एन्ड एस मासु पसलले यसअघि दैनिक ७० किलोसम्म मासु बेच्थ्यो । अहिले घटेर १० देखि १५ किलो बेच्न मुस्किल छ । पसल प्रायः सुनसान रहन्छ ।

मासु व्यवसायी संघका अनुसार जिल्लामा दर्ता भएका ७ सय ६१ मासु पसल छन् । तिनमा दैनिक २ सय ५२ क्विन्टल मासुको कारोबार हुन्छ । कुखुरा १ सय ६०, खसीबोका ४०, राँगा २६, बंगुर १४ र माछा १२ क्विन्टल बिक्री हुने गरेको छ । यहाँको मासु ८० प्रतिशतजति होटल तथा रेस्टुरेन्टमा खपत हुन्छ । २० प्रतिशतको हाराहारीमा मात्रै उपभोक्ताको घरमा पुग्छ । साउन लागेपछि मासुको कारोबारमा मन्दी छाएको हो । संघका अध्यक्ष कृष्णप्रसाद पौडेलले साउन सुरु भएपछि मासुको कारोबार ५० देखि ६० प्रतिशत घटेको बताए । 'धार्मिक आस्था र शिवको व्रत बस्नेका कारण मासुको खपत धेरै घटेको हो,' उनले भने, 'साउनमा बिहे, भोजलगायतका कार्यक्रम नहुने कारणले पनि कारोबार खस्केको छ ।' अध्यक्ष




बुटवलको चाँदबारीस्थित सुनसान मासु पसल । तस्बिर : अमृता/कान्तिपुर

पौडेलका भनाइमा पछिल्लो ६ वर्षयता साउनमा मासु कारोबार घटन थालेको हो । यो अनुपात बर्सेनि बढ्दै गएको छ । होटल तथा रेस्टुरेन्ट व्यवसायी संघ रूपन्देहीका अनुसार जिल्लामा मध्यम र ठूला खालका चार हजार होटल तथा रेस्टुरेन्ट छन् । तिनमा करिब दुई सय क्विन्टल मासुको खपत हुन्छ । नियमित ग्राहकले उपयोग नगर्दा २५ र बिहे, भोज, गोष्ठीलगायतका कार्यक्रम आयोजना नहुँदा ५० प्रतिशतसम्म मासु खपत घटेको अध्यक्ष समुन्द्र जीसीले बताए ।

साउन लागेसँगै यहाँका होटल सुनसान बनेका छन् । नियमित मासु र मदिरा सेवन गर्ने ग्राहक घटेका छन् । रातिसम्म चल्ने होटल साँझमै बन्द हुन्छन् । अस्थायी मुकाम बुटवल घोषणा भएपछि जिल्लाका होटलमा दिनहुँजसो औपचारिक/अनौपचारिक कार्यक्रम हुन्थे । संघसंस्थाका सभा, गोष्ठी र बैठकले पनि मासु कारोबार बढाएका थिए । साउन महिना सुरु भएपछि त्यस्ता कार्यक्रम पनि ९० प्रतिशत घटेका छन् । कार्यक्रममा पनि शाकाहारी खाना र खाजा अर्डर गर्ने चलन बढेको छ । यसले धेरै मात्रामा मासु कारोबार घटाएको हो ।



ENJOY DOLBY ATMOS SOUND | BIG Movies
NOW SHOWING



JUDGEMENTAL HAI KYA : 8:15 AM, 10:45 AM, 1:15 PM, 3:45 PM, 8:45 PM
SUPER 30 : 8:30 AM, 4:45 PM, 7:45 PM
KABIR SINGH : 1:30 PM
3D : THE LION KING : 8:00 AM, 10:30 AM, 1:00 PM, 6:15 PM
3D : THE LION KING(HINDI) : 3:30 PM, GHAR : 11:30 AM

NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185* *Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220, 4433275
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
qfxcinemas.com



BG Mall BSR MOVIES
FIRST TIME IN NEPAL DOLBY ATMOS SOUND
For booking: 01-4362712
Gongabu, Kathmandu
www.facebook.com/bsrmoviesnepal
www.bsrmovies.com

NEXT CHANGE



CURRENT SHOWTIME

| MOVIES | ATMOS 1 | ATMOS 2 |
|---|---|---|
| JUDGEMENTAL HAI KAYA | | 11:30 AM 7:00 PM |
| GHAR | | 2:00 PM |
| SUPER 30 | | 4:00 PM |
| THE LION KING (3D) | 11:00 AM 7:15 PM | |
| KABIR SINGH | 1:30 PM | |
| SPIDER-MAN | 4:45 PM | |

XTENDED SUPER 2 DAYS TUESDAY & WEDNESDAY -190 ALL DAY LONG
BSR owns the rights to change the show time

Showing Time 8:20, 11:20, 2:20, 5:20
GUNA GROUP गुण सिनेमा हल प्रा. लि. Guna Cinema P. Ltd.



• Jagmental hai kya • घर • Super 30 • एकलब्य • आप्पा • सुपर गोर्खे • प्रतिकार
• Kabir Shing • Ghar • Super Gorkhay • Eak Labya • Aappa • Dal Vat Tarkari • Jatrai Jatra • Jarg mental hai kya


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | सोचेको पुग्ने | तुला | कर्म प्राप्ति |
| वृष | शत्रु परास्त | वृश्चिक | भाग्य वृद्धि |
| मिथुन | आर्थिक लाभ | धनु | डर चिन्ता |
| कर्कट | पदोन्नति | मकर | नयाँ कार्य प्रारम्भ |
| सिंह | खर्च वृद्धि | कुम्भ | कान्ति क्षय |
| कन्या | कार्य सफल | मीन | अध्ययनमा सफल |

## भोलिको पात्रो

विक्रम संवत् २०७६ साल श्रावण १७ गते शुक्रबार तदनुरुप २ अगस्ट २०१९ श्रावण शुक्लपक्ष प्रतिपदा तिथी प्रातः ६:३७ बजेसम्म उप्रान्त द्वितिया तिथि, अश्लेषा नक्षत्र प्रातः ११ ५९ बजेसम्म उप्रान्त मघा नक्षत्र, व्यतिपात योग दिनको २:३४ बजेसम्म उप्रान्त वरियान योग, बालब करण दिनको ५:२६ बजेसम्म उप्रान्त कौलब करण, कर्कट राशिमा चन्द्रमा प्रातः ११:५९ बजेसम्म उप्रान्त सिंह राशिमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| समय | कार्यक्रम |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | राधे राधे |
| ६:०० | जीवन विज्ञान |
| ६:३० | वास्तु मन्थन |
| ६:४० | गुडमर्निङ नेपाल |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | गुडमर्निङ नेपाल |
| ८:३० | कान्तिपुर न्युज |
| ९:०० | नेपाल स्पेल बी |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | दस बजे |
| ११:०० | कान्तिपुर न्युज |
| ११:३० | एम एन्ड एस (हङ्गर हन्ट) |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | के आज घरमै |
| १:३० | हर्के हलदार |
| २:३० | कान्तिपुर समाचार |
| ३:०० | नेपाल स्पेल बी |
| ४:०० | कान्तिपुर न्युज |
| ४:३० | दस बजे |
| ५:०० | कल कान्तिपुर रिलोडेड |
| ६:०० | कान्तिपुर समाचार |
| ६:३० | एम एन्ड एस (इन्स्पायर) |
| ७:०० | सुमनसँग |
| ७:३० | ट्वान्टी फर्स्ट लभ |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | सम्मी एडभेन्चर्स |
| ९:३० | रजतपट |
| १०:०० | दस बजे |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | एम एन्ड एस (इन्स्पायर) |
| ११:३० | कान्तिपुर समाचार |
| १२:०० | कल कान्तिपुर रिपिटेड |
| १:०० | कान्तिपुर न्युज रिपिटेड |
| १:३० | एम एन्ड एस (इन्स्पायर) |
| २:०० | कान्तिपुर समाचार (रिपिट १) |
| २:३० | सुमनसँग |
| ३:०० | ट्वान्टी फर्स्ट लभ |
| ३:३० | कान्तिपुर समाचार (रिपिट २) |
| ४:०० | सम्मी एडभेन्चर्स |
| ४:३० | रजतपट |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको
९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| समय | कार्यक्रम |
|---|---|
| ००:०५ | भक्ति अनुष्ठान (अच्यूत सुवेदी) |
| ०६:१० | मुक्तिको आवाज |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेडलाइनर्स |
| ०७:३० | शिक्षा संवाद |
| ०८:०० | डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी |
| ०८:०५ | द गुडमर्निङ शो (रेमन) |
| ०८:३० | ओल्ड इज गोल्ड |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१० | ट्राफिक अपडेट |
| ०९:१५ | राष्ट्रिय गीत |
| १०:०० | स्पोर्टस् डायरी |
| १०:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| ११:०० | आर्ट एन्ड इन्टरटेन्मेन्ट डायरी |
| ११:०५ | द लाइफ स्टाइल सो (सागरिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | हिट लिस्ट (रेमन) |
| १३:०० | डिस्ट्रिक डायरी |
| १३:०५ | के छ नेपाल (एलिसा) |
| १४:०० | इन्टरनेसनल डायरी |
| १४:०५ | के छ नेपाल |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | तमु चौतारी (सहज कु. घले) |
| १६:०० | हेल्थ एन्ड एजुकेसन डायरी |
| १६:०५ | बी-स्कोप |
| १७:०० | डिष्ट्रिक्ट डायरी |
| १७:०५ | को भन्दा को कम (सन्जोक बस्याल) |
| १७:५५ | बाल गीत |
| १७:५५ | सङ्स कलेक्सन |
| १८:३० | कान्तिपुर डायरी |
| १९:०० | यो माया भन्ने चीज यस्तै हो (प्रियंका) |
| २०:०० | सेक्युरिटी एन्ड क्राइम डायरी |
| २०:०५ | हिप हप हसल (स्मीता) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:२५ | न्युज मेकर अफ द डे |
| २१:३० | इन्द्रेनी |
| २२:०० | शब्द श्लाघा (भूपेन्द्र) |
| २३:०० | सुनौलो यादहरु (दीपाञ्जली) |
| २४:०० | हिट लिस्ट (रेमन) |
| ०१:०० | सफर (राजेश) |
| ०२:०० | नेपाली गीतहरु लगातार |
| ०३:०० | हिन्दी गीतहरु लगातार |
| ०४:०० | भजनहरु लगातार |

## अस्पताल र विविध

| | |
|---|---|
| लुम्बिनी अञ्चल अस्पताल बुटवल | ०७१५४०२०० |
| बुद्ध सामुदायीक मुटु अस्पताल | ०७१५४६१९९ |
| महिला तथा बाल अस्पताल-आम्दा | ०७१५४४४५० |
| युनिभर्सल कलेज अफ मेडिकल सायन्सेस भैरहवा | ०७१५०६०३० |
| भीम अस्पताल भैरहवा | ०७१५२०१२३ |
| पृथ्वी चन्द्र अस्पताल परासी | ०७८५२०१८८ |
| अर्घाखाची जिल्ला अस्पताल | ०७७४२०२५७ |
| गुल्मी जिल्ला अस्पताल | ०७९५२०१८८ |
| कपिलवस्तु जिल्ला अस्पताल | ०७६५६०२०० |
| रेडक्रस एम्बुलेन्स भैरहवा | ०७१-५२०२६३, ९७४७०२११०४ |
| रेडक्रस, रक्त संचार भैरहवा | ०७१-५२०२६३, ९८६७३२६४५७ |
| रेडक्रस, रक्त संचार, बुटवल | ०७१-५४१००४ |
| संयुक्त एम्बुलेन्स चालक संघ बुटवल | ९८५७०२३०९९ |
| भीम अस्पतल भैरहवा | ०७१-५२०१२३ |
| युनिभर्सल शिक्षण अस्पताल भैरहवा | ०७१-५०६०९२, ५०६०५२ |
| जिल्ला ट्राफिक प्रहरी कार्यालय | ०७१-५२२८७५, ९८५७०९०३९० |
| इलाका प्रहरी कार्यालय बेलहिया | ०७१-४१८००४ |
| अध्यागमन कार्यालय बेलहिया | ०७१-४१८०२० |
| गौतम बुद्ध विमानस्थल कार्यालय | ०७१-५०७००६ |
| दमकल सिद्धार्थनगर नगरपालिका | ०७१-५२०२१५ |
| दमकल बुटवल उपमहानगरपालिका | ०७१-५४०१११ |
| माईती नेपाल क्षेत्रिय कार्यालय भैरहवा | ०७१-५२३५३४ |
| जिल्ला प्रशासन कार्यालय | ५६०१३३ |
| जिल्ला प्रहरी कार्यालय | ५६०१९९ |
| राप्ती उपक्षेत्रीय अस्पताल घोराही | ५६२३६५ |
| राप्ती अञ्चल अस्पताल तुलसीपुर | ५२००११ |
| लमही अस्पताल | ५४००११ |
| राप्ती आँखा अस्पताल तुलसीपुर | ५२०१६५ |
| आँखा अस्पताल लमही | ४१७००८ |
| घोराही उपमहानगरपालिका | ५६०७०० |
| तुलसीपुर उपमहानगरपालिका | ५२०२३३ |
| लमही नगरपालिका | ५४००५० |
| उच्च अदालत तुलसीपुर | ५२००२४ |
| जिल्ला अदालत | ५६०२४५ |
| राप्ती प्राबिधिक शिक्षालय लालमटिया | ४१३००१ |
| एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर | ९८५७८२३१२३ |
| एम्बुलेन्स परिवार नियोजन संघ घोराही | ५६००२३/९८४७८६२३५८ |
| दमकल घोराही | ५६०४९९ |
| दमकल तुलसीपुर | ५२०३०५ |
| रेडक्रश सोसाइटी घोराही ब्लड बैंक | ५६१४६० |
| रेडक्रश सोसाइटी तुलसीपुर ब्लड बैंक | ५२३१४० |
| घोराही बसपार्क | ५६०४१५ |
| तुलसीपुर बसपार्क | ५२०५७४ |
| लमही बसपार्क | ५४००४० |
| जिल्ला प्रहरी कार्यालय बाँके | ५२०२११/५२२७४८/१०० |
| ईलाका प्रहरी कार्यालय कोहलपुर | ५४०४२०/५४०११३ |
| वडा प्रहरी कार्यालय नेपालगन्ज | ५२०२९९ |
| क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज | ५४०००३/ १०३ |
| जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज | ५२०८५३ |
| नेपाल रेडक्रस सोसाईटी | ५२०१०४ |
| एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज | ५२०१७४ |
| दमकल नेपालगन्ज | ५२०१११ |
| दमकल कोहलपुर | ९८६८११४९६० |
| भेरी अन्चल अस्पताल नेपालगन्ज | ५२०१२० |
| नेपालगन्ज मेडिकल कलेज | ५२२४५८ |
| कोहलपुर मेडिकल | ५४०४०८ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# अस्पतालमा बिरामीको चाप

- उपचारमा आएका मध्ये अधिकांश ज्वरोका बिमारी
- पानीको प्रदूषणका कारणले बिरामी बढ्दै

**आनन्द गौतम** (ताप्लेजुङ)

नानीलाई उपचारका लागि लिएर आएका फुङलिङ नगरपालिका- ९ हाङदेवाका चन्द्र कालिकोटेले जिल्ला अस्पतालमा पालो पाएनन् । ओपीडीमा टिकट लिन नसकेपछि इमर्जेन्सीमा देखाउन बसे तर त्यहाँ पनि सम्भव भएन ।

त्यसपछि क्लिनिकमा गएर जँचाए । बच्चालाई भर्खरदेखि बिराम सुरु भएकाले डाक्टरलाई नै देखाउन उनी भोलिपल्ट पनि आए । बिहान ९ बजे आएका उनको १ बजे पालो आयो र जाँच गराए ।

फुङलिङ २ का गोपाल न्यौपानेले ज्वरो सुरु भएपछि मेडिकलबाट औषधि लिए । अहिले कडा खालको ज्वारो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई एन्टिबायोटिक दिएका थिए । तीन दिनसम्म सुतेर औषधि खाँदा पनि कम नभएपछि मंगलबार जिल्ला अस्पताल आएका उनलाई डाक्टरले टाइफाइडको आशंकामा रगत र पिसाब परीक्षण गर्न सल्लाह दिए । पाँचथरको फालेलुङका रत्न काफ्ले पनि ज्वरोले चापेपछि वीरबहादुर बिकलाई साथ लिएर जिल्ला अस्पताल आए । गाडी चढेर आएका उनलाई डाक्टरले औषधि खाएर आराम गर्न सल्लाह दिएर बिदा गरे ।

चार दिनयता जिल्ला अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको छ । दिउँसो २ बजेसम्म त ओपीडीमा टिकट लिनेको लाइन नै हुन्छ । त्यसपछि इमर्जेन्सीमा जाँचिन्छ । सर्वसाधारण नागरिक मात्रै नभएर जिल्ला अस्पतालमा प्रमुख डाक्टर सोनिम लामा आफैं मंगलबारदेखि अस्पताल आउन सकेनन् । ल्याबमा आएर आफैंले रगत परीक्षण गराएका छन् र औषधि सेवन थालेका छन् । सोमबारसम्म बिरामी जाँचेका डाक्टर लामालाई आइतबारदेखि नै अस्वस्थ्यको महसुस भएको थियो । ल्याब असिस्टेन्ट दीपेन्द्र पौडेलले भने, 'हामी यहाँ काम गर्ने नै धेरैजना बिरामी पर्न थालिसकेका छौं ।'



जिल्ला अस्पताल ताप्लेजुङमा लागेको बिरामीको भीड । *तस्बिर : आनन्द/कान्तिपुर*

ल्याबमा अरूको रगत, पिसाबलगायत परीक्षण गरिरहेका उनले आफूलाई बिरामले चापिसकेको तर जनशक्ति कम भएकाले जबरजस्ती काम गरिरहेको बताए ।

चिकित्सकका अनुसार अधिकांशमा ज्वरोको संक्रमण देखिएको छ । 'ज्वरो, टाइफाइडका बिरामी धेरै देखिएका छन्,' डाक्टर लामाले भने, 'म आफैं पनि बिरामी परें, यो पानीको प्रदूषणको मुख्य कारण हो ।' मौसम परिवर्तन हुँदा यस्तो देखिने र यो सर्ने गरेको लामा बताउँछन् । मौसमी बिरामीले तातो पानी प्रशस्त खानुपर्ने र आराम गर्नुपर्ने सुझाब डाक्टरको छ । स्वास्थ्यकर्मी डम्बर श्रेष्ठ जोगिएर काम गर्न कठिन भएको बताउँछन् । जिल्ला अस्पतालमा मात्रै नभएर गाउँका स्वाथ्यचौकीमा पनि बिरामीको चाप उत्तिकै बढेको उनले सुनाए ।

जिल्लाको मैवाखोलाको ढुंगेसाँघु र सिरिजंघा गाउँपालिकाको तेल्लोकमा डाक्टरको दरबन्दी रहेको छ । यीबाहेक प्रत्येकजसो वडामा एचएको नेतृत्वमा स्वास्थ्यकर्मी छन् । जिल्ला अस्पतालमा १५ शय्या रहेको छ । इमर्जेन्सीसमेत गरी ३५ बेड राखिएका छन् ।

यतिबेला जिल्ला अस्पतालमा प्रशस्त औषधि छ । जनस्वास्थ्यको गोदामबाट जिल्ला अस्पताल ल्याउने जनशक्ति भने अभाव छ । समायोजनमा अस्पतालका कार्यालय सहयोगीलगायत जनशक्ति नगरपालिकातिर गएपछि र अस्पतालमा काम गर्ने नभएर समस्या भएको स्टोरको जिम्मेवारी लिएका डम्बर श्रेष्ठ बताउँछन् । जनस्वास्थ्यको गोदामबाट अस्पतालसम्म ल्याउने जनशक्ति अभावले व्यवस्थापनमा कठिनाइ भएको छ । निःशुल्क औषधि वितरण केन्द्रले मागेजति नदिएको सेवाग्राही दिलिप बरालले बताए । सुपथ मूल्यको औषधि पसलमा भने खरिद प्रक्रियामा समस्या भएकाले औषधि केही अभाव भएको श्रेष्ठ बताउँछन् ।

# बर्थिङ सेन्टरमा कर्मचारी अभाव

**प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले करारमा राखिएका सहयोगी हटाउँदा बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी गराउने काम प्रभावित भएको छ । संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि नगरपालिकाले गत वर्षदेखि सहयोगी हटाएको थियो । सहयोगी हटाउँदा स्वास्थ्य क्षेत्रमा काम गरेका धेरै बाहिरिएका थिए ।

नगरपालिकाभित्रको रायडाँडा, तित्याङ, पैयुँपाटा, नारायणस्थानलगायतका स्वास्थ्यचौकीमा आउने गर्भवतीलाई परीक्षण गरेपछि जटिल अवस्था भएमा सदरमुकाम पठाउनुपर्ने बाध्यता भएको सिनियर अहेब सोमराज पाण्डेले बताए । 'तालिम प्राप्त अनमी भए पनि साथ दिने व्यक्ति अभावमा गर्भवतीलाई सुत्केरी बनाउन सक्दैनन्,' उनले भने, 'कुन प्रकारको सहयोगी हटाउने भन्ने तोकिनुपर्थ्यो ।' सुरक्षित गर्भवती गराएपछि एकजना बराबर एक हजार रुपैयाँ संस्थाले पाउनुपर्छ । त्यो बजेटबाट ७ सयको सामग्री किन्ने र ३ सय भत्ता दिने गरिन्छ तर गत आर्थिक वर्षदेखि नै जिल्लाका अधिकांश स्थानीय तहमा त्यस्तो भत्ता गएन, जसका कारण जटिल काम गरेर पनि स्वास्थ्यकर्मीले भत्ता नपाएको गुनासो गरे ।

बडिगाड गाउँपालिकामा गत वर्षको पहिलो चौमासिकलाई पुग्ने मात्र बजेट गयो । त्यसपछि सुत्केरी सामग्री किन्ने पैसा र प्रोत्साहन भत्ता गएन । अत्यावश्यक सामग्री आन्तरिक कोषबाट खरिद गरिए पनि स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता नपाएको निरञ्जन यादवले बताए । 'रातदिन नभनी काम गर्नुपर्छ तर उनीहरूले सामान्य सेवासुविधा पनि पाएका छैनन्,' उनले भने, 'स्वास्थ्यकर्मीले जटिल अवस्थामा साथ नदिए बिरामीको ज्यानै जाने खतरा हुन्छ ।' प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीले आगामी कार्यपालिकाको बैठकमा उक्त एजेन्डा राखेर समस्या समाधान गर्ने बताए । 'यो समस्या जतासुकै हो तर बिरामीको सेवामा खटिनेले सुविधा पाउने गरी निर्णय गर्न आन्तरिक कोष भए पनि परिचालन गर्ने तयारी छ,' उनले भने, 'गत पुसदेखि नै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिई काम गर्न लगाएका छौं ।' भूगोलको समस्याले रणसिंकिटेनी, जलजला, भीमगिठे र दर्लिङका सेवाग्राहीले स्वास्थ्य संस्था आइपुग्न पनि सयौं खर्चनुपर्ने उनले बताए ।

> संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि करारका सहयोगी हटाउँदा सेन्टरको काम प्रभावित

आन्तरिक बजेटबाट अत्यावश्यक सामग्री खरिद गरेर काम चलाइएको तमानखोला गाउँपालिकाकी स्वास्थ्य शाखाकी अहेब गरिमा हर्मेलले बताइन् । बजेट अभावमा अनमीले प्रोत्साहन भत्ता नपाएको उनले सुनाइन् । गलकोट, ढोरपाटन र जैमिनी नगरमा पनि यस्ता समस्या छन् । गाउँपालिका भएका स्थानमा यो समस्या झनै जटिल छ । भूगोलको कठिनाइ र बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी अभाव हुँदा सेवाग्राही पहिलेदेखि सहरमा बसेर सेवा लिन बाध्य छन् । जिल्लामा अहिले ४७ बर्थिङ सेन्टर छन् ।

स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गरेको ८ सय रुपैयाँ र गर्भवती भएमा पाउने २ हजार रुपैयाँ दिने बजेट समेत नहुँदा केही स्थानीय तहले आन्तरिक स्रोतबाट दिने गरेका हुन् । अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा मात्रै झन्डै २ सय ६९ महिला सुत्केरी भएकोमा १ सय ३४ ले मात्र सेवासुविधा पाउन सकेका थिए । सरकारले भने नियमित गर्भ परीक्षण गरेको तथा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएकालाई मात्रै भत्ता दिने प्रावधान राखेको छ । बजेट पठाउँदा ससर्त शीर्षकमा पठाउनुपर्नेमा निसर्त पठाउँदा कतिपय बजेट गाउँपालिकाले विकास निर्माणमा खर्चने गरेको समेत टिप्पणी भइरहेको छ ।

गत वर्ष निसर्त बजेट आएकै कारण पशुस्वास्थ्यको समेत समस्या भएको थियो । पशुले पाउने खोप, कृत्रिम गर्भाधानका लागि चाहिने नाइट्रोजन खरिदजस्ता काम अलपत्र भएर धेरै पशु प्रभावित भएका थिए । 'पशु स्वास्थ्यमा त धेरै समस्या पर्छ भने मानव स्वास्थ्यमा नपर्ने कुरै भएन,' स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ सुपरभाइजर देवप्रकाश घिमिरेले भने ।




Affiliated to LIMKOKWING UNIVERSITY OF CREATIVE TECHNOLOGY WORLDWIDE

ADMISSION OPEN

BA (HONS) in FASHION & RETAILING 3 Years

BA IN INTERIOR ARCHITECTURE 3 YEARS

DIPLOMA IN FASHION & MARKETING 15 Months

DIPLOMA IN INTERIOR & PRODUCT DESIGN 15 Months

FASHION ASIA ASIAN TOP FASHION ORGANIZATION AWARD WINNER 2016 | NEPAL BEST BRAND LEADERSHIP AWARDS 2018.

NEPAL'S NO.1 FASHION & INTERIOR SCHOOL IEC SCHOOL OF ART & FASHION ...Since 1997

NEPAL'S NO.1 FASHION & INTERIOR COLLEGE IEC COLLEGE OF ART & FASHION

facebook.com/ieccollege.np | instragram.com/iecsaf | ieckn@rediffmail.com | www.ieccollege.com.np

Fashion Wing : Mandikhatar, Kathmandu | Tel : 4650426 / 4650713 Interior Wing : Chandol, Kathmandu | Tel : 4432216 / 4432396

Kathmandu Aradhan Complex, Bagbazar | Tel : 4247475 / 4247528 Bhaktapur Above NCC Bank, 2nd Floor, Lokanthali | Tel : 01-6636553 / 6639727


# जथाभाबी तार काटिँदा ग्राहक मर्कामा



नाला निर्माणका क्रममा डोजरले विराटनगरको महेन्द्र चोक पूर्वतर्फ नेपाल टेलिकमको भूमिगत तार काटेपछि मर्मत गर्दै टेलिकमका प्राविधिक । *तस्बिर : विनु/कान्तिपुर*

**विनु तिम्सिना** (विराटनगर)

महानगरपालिका-९ कलेज रोडस्थित पञ्चकन्या प्रिन्टर्समा ६ महिनादेखि टेलिफोनको लाइन छैन । सडक निर्माणका क्रममा अवरुद्ध नेपाल टेलिकमको लाइन महिनौं भइसक्दा पनि मर्मत नभएको प्रिन्टर्सका सञ्चालक लव घिमिरेले बताएका छन् ।

टेलिकमलाई बुझाउनुपर्ने न्यूनतम शुल्क २ सय ५५ रुपैयाँ भने मासिक तिर्नुपरिरहेको उनले गुनासो गरे । '६ महिनाभन्दा बढी भइसक्यो, धेरैपटक गुनासो गऱ्यौं, सुनुवाइ भएको छैन,' उनले भने, 'मासिक शुल्क तिर्न बाध्य छौं ।' प्रायःजसो सबैको हातमा मोबाइन फोन भए पनि कार्यालयको काममा ल्यान्डलाइन फोन नै प्रयोग गर्ने गरेको घिमिरेले बताए । महानगरपालिकामा भइरहेको विकास निर्माणले टेलिकम सेवा मात्र होइन, सबै क्षेत्र प्रभावित बनेको छ । सडक तथा नाला निर्माणका लागि खाल्डा खन्ने तर समयमै काम नगर्ने परिपाटीले स्थानीय सेवाग्राहीलाई सास्ती छ । खासगरी खानेपानी, विद्युत् प्राधिकरण र टेलिकमसँग समन्वय नगरी जथाभावी डोजर चलाउनाले विराटनगरमा विद्युत्, खानेपानी र टेलिकमको सेवा सबैभन्दा बढी प्रभावित छ । त्यसमा पनि टेलिकमका तारहरू जमिनमुनि हुँदा काटिएमा मर्मत गर्न झन्झटिलो र लामो समय लाग्नाले सेवाग्राही मर्कामा पर्ने गरेका हुन् । सेवा अवरुद्ध हुँदा टेलिकमको विराटनगर शाखा पनि हैरान बनेको छ ।

> खानेपानी र विद्युत् प्राधिकरणको क्षति निर्माण कम्पनीले तिर्दै, टेलिकमले भने आफैं बेहोर्दै

एउटै सडकमा पटक-पटक डोजर चलाउँदा थप समस्या हुने गरेको टेलिकम विराटनगर शाखा कार्यालयका सूचना अधिकारी पशुपति सुवेदीले बताए । एउटै सडकमा कहिले नाला बनाउन त कहिले बढाउन भन्दै खन्दा हैरानी बेहोर्नुपरेको उनको भनाइ छ । विराटनगर शाखाबाट ८ हजार ८ सय ५७, रानी शाखाबाट ६ सय १५, रोडशेषबाट १ हजार ८ सय ८२, टंकीसिनुवारीबाट १ हजार ५८ र तीनपैनीबाट २ हजार ८ सय ७९ टेलिफोन लाइन सञ्चालनमा छन् । त्यसमध्ये हाल विराटनगरको ट्राफिक चोकस्थित क्याबिनेटका १ सय ५०, महेन्द्र चोक क्याबिनेटका साढे ५ सय र हाटखोलाको क्याबिनेटका झन्डै साढे ९ सय लाइन विकास निर्माणकै कारण अवरुद्ध बनेको सुवेदीले जानकारी दिए । 'खानेपानीका पाइप धेरै तल गाडिएका हुँदैनन् र बिजुलीका तार पनि पोलमाथि हुन्छ,' उनले भने, 'तर टेलिकमका तार जमिनको तीन फिटमुनिसम्म गाडिएको हुन्छ, तार चुँडियो या काटियो भने मर्मत गर्न निकै झन्झटिलो हुन्छ ।' निर्माण कम्पनीले टेलिकमसँग समन्वय नगरी खनिदिँदा धेरै क्षति भइरहेको सुवेदीको भनाइ छ ।

**क्षतिपूर्ति नलिँदा बढी लापरबाही**

विकास निर्माणका क्रममा डोजरले तार काटेर हैरान बनेको टेलिकमले सम्बन्धित ठेकेदार पक्ष र महानगरपालिकासँग न त क्षतिपूर्ति लिन्छ न त मर्मत नै गर्न लगाउँछ । सँगैका विद्युत् प्राधिकरण र खानेपानी संस्थानले निर्माणका क्रममा सेवा अवरुद्ध बनेमा त्यसको मर्मतको काम सम्बन्धित पक्षलाइ गराउँछ । 'विद्युत् प्राधिकरण र खानेपानीले क्षतिपूर्ति लिने सर्तमा मात्रै खन्न दिन्छन्,' उनले भने, 'तर टेलिकमले त्यस्तो क्षतिपूर्तिको दाबी नगर्दा झन मनपरी डोजर चलाइन्छ ।'

विराटनगरमा सडक, ढल र नाला निर्माण धेरै वर्षदेखि भइरहेकाले खानेपानी संस्थान विराटनगरका प्रमुख शैलेन्द्र साहले भत्केका जति सबै पाइप बनाउन नसक्ने भएकाले ठेकेदार कम्पनीले नै बनाउनुपर्छ भनेर सरोकारवाला सबैसँग छलफल गरेर निर्णय नै भएको जानकारी दिए । 'निर्माणका क्रममा भत्काउँदै जाने अनि हामीले बनाउनुपर्ने ?,' साहले भने, 'त्यो त सकिँदैन, त्यसैले जसले क्षति पुऱ्याउँछ उसैले मर्मत गर्नुपर्छ ।' मर्मत कसले गर्ने भन्ने विषयमा भएको सरोकारवालाको छलफलमा टेलिकमका प्रतिनिधि पनि गएका थिए ।

# कोसीपीडित फेरि आन्दोलित

राजविराज (कास)- तीन पुस्तादेखि थाती मुआब्जा विवाद सुल्झाउन माग गर्दै कोसीपीडितले फेरि आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा समस्या समाधानका साथै कोसीलाई व्यवस्थित गर्नुपर्ने माग गरेको छन् ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाउँदै साबिकका कोसीपीडितले कोसी सम्झौताको कार्यान्वयनसहितका सातबुँदे माग पूरा गर्न प्रधानमन्त्रीसित माग गरेका हुन् । नेपाल-भारत बीचमा १२ वैशाख २०११ मा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, कोसी योजनाले अधिग्रहण गरेको जग्गामा मात्र पायलट च्यानलको काम हुनुपर्ने, सम्झौताअनुसार सो क्षेत्रका नेपाली नागरिकलाई जागिर दिनुपर्ने, कोसीबाट प्रभावित परिवारका लागि विद्यालय र अस्पताल खोल्नुपर्ने तथा नेपाली भूभागमा कोसी योजनाले कुनै काम कारबाही सुरु गर्नुपूर्व नेपाल सरकारसँग अनुमति लिनुपर्नेलगायत माग अघि सारिएको छ ।

त्यस्तै भारत सरकारले कोसी सम्झौताअनुसार वर्षैपिच्छै कोसी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ति नदिएर अन्याय गरेको भन्दै सम्झौता कार्यान्वयन गरिनुपर्ने माग कोसीपीडितको रहेको छ ।

कोसी नदी कटान डुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरको तर्फबाट संयुक्त रूपमा प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा आफूहरूको माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रदेश १ को सुनसरी र प्रदेश २ को सप्तरीको बीचमा अवस्थित सप्तकोसी नदीमा पुल निर्माणका क्रममा भारत सरकारले अधिग्रहण गरेको सप्तरीवासीको सयौं बिघा नम्बरी जग्गाको मुआब्जा ७३ वर्ष नाघिसक्दा पनि पाउन नसक्दा मुआब्जाकै पर्खाइमा तीन-तीन पुस्ताले समस्या झेल्नुपरेको कोसीपीडितको भनाइ छ । संघर्ष समितिका संयोजक महिदेवप्रसाद चौधरीले आउँदो साउन ३२ गते बिहान ९ बजे सदरमुकाम राजविराज तथा कोसी ब्यारेज सडक खण्डमा कोणसभा, धर्ना र रिले अनशनलगायत कार्यक्रम राखिएको बताए ।


GLOBAL COLLEGE INTERNATIONAL

ADMISSIONS OPEN 2019 INTAKE

BBA Bachelor of Business Administration

BTTM Bachelor of Travel and Tourism Management

BHM Bachelor of Hotel Management

FEATURES
- Four - year semester system programs.
- Participative and student centered teaching / learning.
- Research-based practices and real time case studies/ seminars.
- Time tested curriculum.
- Business incubation and leadership programs.
- Out-reach orientation and induction workshop.
- Courses delivered by prominent faculty of national and international repute.
- National/multinational internship & placement opportunities.
- International faculties for specific courses.
- Specialization in industry demanded courses.
- State of the Art facilities and infrastructures.
- Industry based faculties.

Training Partner culinary solutions AUSTRALIA INTERNATIONAL

Last date of form submission Bhadra 6, 2076

- Application forms can be downloaded from college website.
- GCI Merit Scholarship scheme is available for the meritorious and deserving candidates.
- Provisional admission for result – awaiting students.

Mid Baneshwor, Kathmandu, Nepal,Tel: 977-1-465786, 4488410, info@gci.edu.np, www.gci.edu.np



MEET CQUNIVERSITY AUSTRALIA

CQUniversity staff will be available to interview prospective students for places in our exciting range of internationally recognised and employment focussed degrees. Scholarships are available for outstanding candidates in bachelor, two year masters and research degrees.

» Business and Accounting
» Creative, Performing and Visual Arts
» Education and Humanities
» Engineering and Built Environment
» English, Work and Study Preparation
» Health
» Information Technology and Digital Media
» Psychology, Social Work and Community Services
» Science and Environment
» Service Industries
» Transport and Safety Sciences

Secure your future at CQUniversity by bringing your original documents for an on-the-spot assessment at one of the following information sessions.

**Sunday, 04 August 2019**
10.00 AM - 11.30 AM - **Education Asia** (01) 4267889, 9802016700
12.00 Noon - 1.30 PM - **Sydney Express Education Consultancy** (01) 4225603, 4233185, 9841046231
2.00 PM - 3.30 PM - **Mate's Education** (01) 4233565, 4233566
4.00 PM - 5.30 PM - **AE Global Pvt. Ltd.** (01) 4418782, 4420502, 4422929

**Monday, 05 August 2019**
10.00 AM - 11.30 AM - **KIEC (Kathmandu Infosys)** (01) 4443526
12.00 Noon - 1.30 PM - **Dolphin Education Consultancy Centre Pvt. Ltd.** (01) 4254282, 4223053
2.00 PM - 3.30 PM - **Orbit International Education** (01) 4430677
4.00 PM - 5.30 PM - **VIEC Nepal** (01) 4429190, 4429191

Find out more **www.cqu.edu.au/international**

CQUniversity AUSTRALIA BE WHAT YOU WANT TO BE cqu.edu.au

CRICOS: 00219C I P_AD_190017v2



**बाँसुरीको धुनले...**
मनाइयो दिवस । ११



**एसेज टेस्ट आजदेखि**
इङ्ल्यान्डको नजर डबल उपलब्धि । १८


नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २७ अंक १६४ सुर्खेत | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ




भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ । *तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# देउवा-पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)



'खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?'



'समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ'

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई 'भिलेन' बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठककै सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । 'समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ,' पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'संकटमा पुर्‍याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।' लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । 'मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,' देउवाको भनाइ थियो, 'मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।

बाँकी पृष्ठ १६ ▸▸

## भित्र


पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग


## गजब छ बा !

– अविन –




तपैं 'चन्द' 'चन्द' भनिर'छु भन्नुहुन्छ !...
म 'चन्दा' 'चन्दा' नै सुनिर'छु त !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले 'काठमाडौं भ्यु टावर' मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । 'उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन आएको छ,' विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले 'काठमाडौं भ्यु टावर' निर्माणका लागि कानुनी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै बिल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुर्‍याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका

पृष्ठ १२

# 'अपझ्झट आकस्मिकता'

'भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।'

■ **सुरज कुँवर** (काठमाडौं)



*दीपेन्द्र जोशी*

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झँदै भने, 'आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।' उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई 'अपझ्झट आकस्मिकता' भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, 'मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा गर्व छ ।' केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, 'मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।'

राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।


बाँकी पृष्ठ १६ ▸▸



!!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?

Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!




Our services:

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds
#1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



Discount offer:
If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# रारामा घटे पर्यटक

'राराको प्रचार, पाहुनाका लागि खानबस्न उचित पूर्वाधार र बाटोघाटो नहुँदा पनि पर्यटक आगमन दरमा असर पर्‍यो'



मुगुको रारा तालमा डुंगा चढेर रमाउँदै पर्यटक । तस्बिर : राजबहादुर/कान्तिपुर

■ **राजबहादुर शाही** (मुगु) **र छपाल लामा** (हुम्ला)

हिमाली जिल्ला मुगु र हुम्लाको आन्तरिक आय स्रोतमा प्रमुख पर्यटन व्यवसाय हो । मुगुमा रारा ताल घुम्न आन्तरिक पर्यटक आउँछन् भने हुम्लामा मानसरोवर यात्रा गर्न जाने भारतीय पर्यटक पुग्छन् । केही समययता पर्यटक आगमनमा निकै कमी आएको छ ।

गत आवमा रारामा पुगेका पर्यटकको संख्या ११ हजार ७ सय थियो । उक्त संख्या अघिल्लो आवको भन्दा करिब ४ हजारले कमी हो । रारा राष्ट्रिय निकुञ्ज प्रमुख लालबहादुर भण्डारीका अनुसार आगमनदर वृद्धि हुनुपर्नेमा घट्नु चिन्ताजनक छ । गत वर्ष सार्क मुलुकबाट ५५ र अन्य तेस्रो मुलुकबाट पुगेका पर्यटक ४ सय १० थिए । 'राराको प्रचार, पाहुनाका लागि खानबस्न उचित पूर्वाधार र बाटोघाटोका कारण पनि आगमन दरमा असर परेको हुनुपर्छ,' उनले भने, 'पर्यटक आगमनको दर बढाउन पूर्वाधार विकासमा साथै देशबाहिर पनि प्रचार गर्नुपर्छ ।'

रारा क्षेत्रमा अझै पनि स्तरीय सडक र सुविधा सम्पन्न होटेल छैनन् । बाटोका कारण पर्यटकलाई असुविधा छँदै छ, पुगेपछि सजिलै खान र बस्न पनि सहज छैन । खानपिन र बासको लागि अनेक सास्ती खेप्नुपर्छ । रारा कर्णाली राजमार्गको नाग्म-गमगढी सडक भएर पुगिन्छ । उक्त खण्ड स्तरोन्नति भएको छैन । बेलाबेला बाढीपहिरोले आवागमन अवरुद्ध हुन्छ । रारा राष्ट्रिय निकुञ्जभित्र डाँफे गेस्ट हाउस, भिलेज हेरिटेज रिसोर्ट र माझघट्ट होमस्टे छन् । पर्यटकको चाप हुने समयमा यिनमा बास पाउन सजिलो हुँदैन । बस्न असुविधाले छिटै फिर्न चाहनेका लागि पनि बाटो सजिलो छैन ।

निकुञ्जले रारा क्षेत्रमा पर्यटकबाट प्रवेश शुल्क लिने गरेको छ । आन्तरिकलाई प्रतिव्यक्ति सय, सार्क मुलुकका १५ सय र अन्य मुलुकका पर्यटकलाई प्रतिव्यक्ति ३ हजार रुपैयाँ शुल्क छ । निकुञ्जले गत आव ३८ लाख ३४ हजार रुपैयाँ राजस्व संकलन गरेको छ । कर्णाली प्रदेश सरकारले गत आवलाई 'कर्णाली-रारा पर्यटन वर्ष' घोषणा गर्दै ५ लाख पर्यटक भित्र्याउने घोषणा गरेको थियो । पूर्वाधार विकास र अनुकूल वातावरण अभावमा उक्त घोषणाअनुरूप कार्यक्रम सफल हुन सकेन । कर्णाली प्रदेशको राजधानी सुर्खेतदेखि रारा पुग्न दुई दिन लाग्छ । नाग्म-गमगढी सडक कालोपत्रे भइसकेको छैन । हवाइजहाजबाट सुर्खेत र नेपालगन्जको दूरी ४५ मिनेट मात्र भए पनि सेवा नियमित छैन । हवाइसेवा नहुँदा रारा घुम्न जाने पर्यटकका लागि स्थलमार्गको विकल्प हुँदैन । निकुञ्जका अनुसार निकै कम पर्यटक हवाइ मार्ग भएर राराको यात्रा गर्छन् ।

कर्णाली प्रदेश पर्यटन विकास समिति संयोजक राजु कार्की रारा आउने पर्यटकलाई यहाँबाट छायानाथ र शे-फोक्सुण्डोको हेलिकोप्टर प्याकेज गर्न सके राम्रो हुने बताउँछन् । 'यसो गर्दा पर्यटकले सहजै दुई-तीन दिन बिताउन सक्ने हुन्छ,' उनले भने, 'आजकल त रारा आएको पर्यटक १/२ घण्टामै फर्कन्छन् । घुम्ने र मनोरञ्जन गर्ने ठाउँ नै छैन ।' पर्यटकलाई लोभ्याउन नयाँ गन्तव्य देखाउनुका साथै सेवासुविधाको स्तर पनि बढाउनु जरुरी रहेको उनले बताए ।

रारा पुगेका पर्यटकका लागि पनि ताल हेर्नुबाहेक अन्य मनोरञ्जन गर्ने सुविधा छैनन् । पर्यटकलाई तालमा घुम्न कर्णाली प्रदेश सरकारले र निकुञ्जले २/२ वटा डुंगा उपलब्ध गराएका छन् । पुराना २ डुंगा पनि सञ्चालनमा छन् । विदेशी पर्यटकलाई भने ती डुंगा चढ्न प्रतिबन्ध छ । यो वर्ष हुम्ला भएर मानसरोवर कैलाश यात्रा गर्न जाने पर्यटकको संख्यामा पनि कमी आएको छ । जेठ तेस्रो सातादेखि आइतबारसम्ममा ५ हजार ५ सय २६ भारतीय तीर्थयात्री मानसरोवर जान हुम्ला पुगेका छन् । गत वर्ष यही समयमा यो संख्या करिब ७ हजार पुगेको नाम्खा गाउँपालिकाका राजस्व संकलक देजर लामाले बताए । २०७२ वैशाखको भूकम्पपछि केरुङ नाका बन्द हुँदा हुम्ला भएर मानसरोवर जाने भारतीय पर्यटकको चाप बढेको थियो । गत वर्ष केरुङ नाका खुलेपछि भने स्थलमार्गबाट जाँदा हुम्लामा भारतीय पर्यटकको संख्या घटेको व्यवसायीले बताएका छन् ।

होटेल मानसरोवरका सञ्चालक टेके रावतले यो वर्ष आफूले १ हजार २ सय १० जना भारतीय पर्यटकलाई सेवा दिएको बताए । 'टुरिस्ट पोहोरभन्दा थोरै आए,' उनले भने, 'हाम्रो कमाइ हुने सिजन भनेकै मानसरोवर कैलाशयात्राको सिजन हो । यो वर्ष त व्यापार निकै घटयो ।' केरूङ नाका बन्द भएर तीर्थयात्री हुम्ला आउन थालेपछि यहाँका व्यवसायीले होटलमा लगानी बढाएका थिए । यसैबीच यो वर्ष मानसरोवर यात्रामा गएका ५ जनाको लेक लागेर मृत्यु भएको छ । केरुङबाट गएका २ र हुम्लाबाट गएका ३ जनाको मृत्यु भएको राजस्व संकलक लामाले बताए ।

## खोलानाला पुरिए, खेतमै ठडिए घर

वीरेन्द्रनगर (कास)- पर्सेनीका ५३ वर्षीय कृष्णबहादुर चौधरीको भनाइमा सुर्खेत उपत्यकामा पहिले पनि डुबान हुन्थ्यो । तर, त्यसका लागि कम्तीमा ४-५ दिन पानी पर्नुपर्थ्यो । उपत्यकामा प्रायः तल्लो तटीय क्षेत्र डुबान पर्थ्यो । 'अहिले त १-२ घण्टा पानी पर्‍यो कि डुबान भइहाल्छ,' उनी भन्छन्, 'खोलानाला पुरिए, खेतमै घर ठडिए, अनि किन नहोस् डुबान ?'

चौधरीले भने झैं पानीलाई प्राकृतिक रूपमा बग्न नदिँदा पछिल्लो समय सुर्खेत उपत्यका डुबानको जोखिममा पर्ने गरेको छ । खेतमा अव्यवस्थित रूपमा घर निर्माण हुनु र खोलानाला मिचिनुले पानीको बहाव प्रभावित भएको स्थानीयको बुझाइ छ । सुर्खेत उपत्यकाको गुरुयोजनामा रत्न राजमार्गदेखि दक्षिणतिरको भागलाई खेतीयोग्य क्षेत्रमा राखिएको छ । ६० को दशकमा त्यही खेतीयोग्य जमिन प्लटिङ गरी धमाधम घर बन्न थाले । 'पानी सलल बग्नै पाउँदैन, घरले नै बहाव रोकेर डुबान गराइदिन्छन्,' डुबानबाट अत्यधिक प्रभावित क्षेत्र वीरेन्द्रनगर ९ का वडाध्यक्ष सुरेश मानन्धर भन्छन्, 'हामीले प्रकृतिलाई दोष दिनुको कुनै अर्थ छैन, मानवीय संरचनाले नै मानिसलाई जोखिममा पारिरहेका छन् ।'

उपत्यकामा इत्राम, नेवारे, खोर्के, कुइनेपानी प्रमुख खोला हुन् । यसका साथै गुरुयोजनाको नक्सामा सयौंको संख्यामा स-साना खोलानाला र कुलो छन् । ती खोलानाला र कुलो भने अहिले नक्सामै सीमित छन् । कुलो त सामान्य भइहाल्यो, खोलासमेत अतिक्रमणको चपेटामा परेका छन् । अतिक्रमण रोक्ने निकाय नगरपालिका भने मौन छ । २ वर्षअघि वीरेन्द्रनगर ४ की कौशिला शर्माले स्थानीयद्वारा कुलो अतिक्रमण भएको भन्दै नगरपालिकामा उजुरी दिइन् । तर, नगरपालिकाले उक्त कार्य रोक्न सकेन । 'खोलानाला र कुलो सार्वजनिक सम्पदा हुन्, यिनलाई जोगाउनुपर्छ भनेर मैले थुप्रैपटक नगरपालिका धाएँ,' उनले भनिन्, 'नगरपालिकाले २-३ पटक संरचना हटाउन पत्र पठायो, तैपनि ती व्यक्तिले टेरेनन्, नगरपालिका हेरेको हेर्‍यै भयो ।' नगरपालिकाले कुलो अतिक्रमण रोक्न नसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी दिएको उनले बताइन् ।

करिब ३० मिटर चौडा हुनुपर्ने खोला अहिले ५-१० मिटरमा खुम्चिएका छन् । वडाध्यक्ष मानन्धर नक्सामा उल्लेख भएअनुसार खोलानाला र कुलोको सीमा कायम गरी तटबन्ध गरेको खण्डमा डुबान समस्या धेरै हदसम्म कम गर्न सकिने बताउँछन् । यसका लागि नगरपालिकाका साथै प्रदेश र संघीय सरकारले पनि हातेमालो गर्नुपर्ने उनले बताए । 'खोलानालालाई आफ्नै बाटोमा बग्न दिने र गुरुयोजनाअनुसार सडक तथा नाला बनाउने हो भने डुबानको समस्या समाधान गर्न सकिन्छ,' उनले भने, 'यी कामको लागि नगरपालिकासँग बजेट कम छ, प्रदेश र स्थानीय सरकारले सहयोग गर्नुपर्छ ।' उनका अनुसार उपत्यकाको पानी बाहिरिने निकास खोला साँघुरो हुनुले पनि पर्सेनी क्षेत्रमा डुबानको समस्या निम्तिने गरेको छ ।

## राजपा कर्णाली प्रदेशमा न्यौपाने

वीरेन्द्रनगर (कास)- राष्ट्रिय जनता पार्टी (राजपा) नेपालको कर्णाली प्रदेश समिति अध्यक्षमा देवीकृष्ण न्यौपाने चयन भएका छन् । वीरेन्द्रनगरमा सम्पन्न अगुवा कार्यकर्ता भेलाले न्यौपानेको अध्यक्षतामा ११ सदस्यीय प्रदेश कार्यसमिति र जिल्ला समिति चयन गरेको हो । राजपाका अनुसार प्रदेश उपाध्यक्षमा पदमबहादुर घर्ती क्षत्री, सचिवमा महेश बम र कोषाध्यक्षमा निर्मला जैसी चयन भएका छन् । भेलाले यज्ञ भट्टराईको अध्यक्षतामा जिल्ला कार्यसमिति चयन गरेको जनाएको छ । जिल्ला कार्यसमिति उपाध्यक्षमा कुसुम सापकोटा, सचिव चूडामणि शर्मा र कोषाध्यक्षमा पुष्पा गौतम निर्वाचित भएको पार्टीले जनाएको छ ।

## फितलो अनुगमन, बढ्यो मनपरी

**कान्तिपुर संवाददाता** (मुगु)

विकास निर्माणका साथै बजारमा प्रभावकारी अनुगमन नहुँदा मनपरि बढेको छ । यसले उपभोक्ता मारमा परेका छन् ।

दैनिक उपभोग्य सामानको अनुगमनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बजार अनुगमन समिति रहने प्रावधान छ । समितिमा कोष तथा लेखा नियन्त्रक कार्यालय, उद्योग वाणिज्य संघ र नागरिक समाजका प्रतिनिधि सदस्य रहन्छन् । समितिले महिनामा १ देखि दुईपटक नियमित अनुगमन गर्नुपर्ने भए पनि भएको देखिँदैन । समिति दसैं-तिहारमा मात्र सक्रिय हुने गरेको छ ।

छायानाथ-रारा नगरपालिका १ का डिलबहादुर मल्लले नियमित बजार अनुगमन नहुँदा बजारमा कर छली, कालोबजारी, महँगीले प्रश्रय पाएको बताए । 'पान नम्बरसमेत नलिएर एउटै पसलमा नुनदेखि सुनसम्म पाइन्छ, यो त सरासर गैरकानुनी काम हो,' उनले भने, 'नियन्त्रण र नियमन गर्ने निकाय चुपचाप हुँदा व्यापार व्यवसायमा अवैध धन्दा फस्टाउँदो छ ।' घरेलु मदिरा बिक्री गर्न नपाइने भए पनि बजारमा यसको निर्वाध व्यापार भइरहेको छ । प्रतिबोतल ६० रुपैयाँ पर्ने मदिरा अहिले सय रुपैयाँमा बिक्री भइरहेको छ । बजार अनुगमन मात्र होइन, विकास निर्माणको पनि प्रभावकारी अनुगमन भएको छैन । स्थानीय तहमा भए/गरेका विकास निर्माणको अनुगमन गर्ने निकाय जिल्ला समन्वय समिति हो । तर, यहाँका ४ स्थानीय तह छायानाथ-रारा, सोरु, खत्याड र मुगमकार्मारोङमा सञ्चालित विकास योजनाको प्रभावकारी अनुगमन नभएको सरोकारवालाको भनाइ छ । जिसस प्रमुख पूर्णबहादुर रोकायाले कारबाही गर्ने अधिकार नहुँदा अनुगमन गरेरमात्र नहुने बताए । यद्यपि, चारवटै स्थानीय तहमा एक-एक संयोजक तोकेर अनुगमनको काम भएको उनको भनाइ छ ।

सम्बन्धित स्थानीय तहमा समेत उपप्रमुखको संयोजकमा ५ सदस्यीय अनुगमन समिति गठन गर्ने प्रावधान छ । समितिले कडाइका साथ अनुगमन गरी गलत भेटिए कारबाही गर्ने अधिकार राख्छ । कानुनतः जिल्ला हुलाक कार्यालयलाई केबुल नेटवर्क र एफएमको अनुगमन गर्ने अधिकार छ । तर, गलत गर्नेलाई कारबाही गर्ने क्षमता भने अनुगमन अधिकारीले राख्दैनन् । जिल्ला हुलाक अधिकृत नागमल शाहीले रारा एफएम २ वर्षदेखि नवीकरणबिनै चलिरहेको बताए । 'माथि (मन्त्रालयमा) सोध्दा एफएम खारेज भइसकेको छ भन्ने जवाफ आउँछ, यता भने कार्यक्रम चलिरहेको छ,' उनले भने, 'अवैध रूपमा चलिरहेको एफएमलाई सरकारी निकायले नै विज्ञापन र कार्यक्रम दिइरहेका छन् ।' सहायक प्रमुख जिल्ला अधिकारी प्रदीपकुमार ढकालले महिनामा दुईपटकसम्म अनुगमन गर्नुपर्ने भए पनि कर्मचारी अभावले सम्भव नभएको बताए ।

## घस्रिएरै १० कक्षा

सल्यान (कास)- छत्रेश्वरी गाउँपालिका ६, छाया क्षेत्रका नोखबहादुर सुनारको जन्मँदै कम्मरदेखि मुनिको भाग चल्दैन । २४ वर्षीय सुनारले घस्रिँदै भए पनि शारदा मावि शंखमूलबाट १० कक्षा पास गरे । उनी भन्छन्, 'म एसईई गरी क्याम्पस पढ्न चाहन्छु, तर पढ्ने वातावरण छैन ।'

विद्यालय जाने क्रममा उनी थुप्रैपटक लडेर घाइते भए । तैपनि पढ्न छाडेनन् । बायाँ खुट्टाले काम नगर्ने र दायाँ खुट्टाले भर नपाउने हुँदा विद्यालय जान-आउन उनले निकै सकस झेल्नुपर्छ । 'जति चोटपटक लागे पनि पढ्न छोडिनँ, बुवाआमाको चाहना पनि छोराले पढोस् भन्ने नै छ,' उनले भने, 'सजिलोसँग हिँडडुल गरी पढ्न पाउने भए कति राम्रो हुन्थ्यो ।'



नोखबहादुर सुनार

आफ्नो उमेरका साथीहरू पढेर कसैले जागिर खाएका र कोही विदेश गएको देख्दा पढाइप्रति रुचि जागेको उनले बताए । 'घरबाट विद्यालय नजिक भए पनि घस्रँदै जाँदा ३ घण्टा लाग्थ्यो,' उनले भने, 'घस्रँदै जाँदा खुट्टाको छाला खुइलिएर घाउ नै हुन्थ्यो ।' बिहान ७ बजे खाना खाएर विद्यालय हिँड्ने गरेको उनले बताए ।

विद्यालय लैजान र ल्याउन कसैले सहयोग नगरे पनि पढाइ नछाडेको उनको भनाइ छ । पछिल्लो समय आउजाउमा थप समस्या देखिएपछि पढाइ अनियमित भई एसईईमा समस्या भएको उनले बताए । कम्तीमा प्लस टुसम्म अध्ययन गर्ने उनको अठोट छ । ५ कक्षा पढदासम्म उनी कक्षामा दोस्रो-तेस्रो आउँथे । समस्या बल्झिँदै जाँदा भने पछिल्लो समय पढाइमा पनि असर पर्‍यो । यही कारण एसईई पास गर्न नसकेको उनले बताए । अब पढ्ने वातावरण मिले एसईई दिने उनको तयारी छ ।

पढाइ पूरा गर्न नसके पनि उनी व्यवसायमा संलग्न छन् । घरमै मोबाइल मर्मत गर्ने पसल राखेका छन् । दुईमहिने मोबाइल बनाउने तालिम लिएपछि व्यवसाय सुरु गरेको उनले सुनाए । 'आर्थिक अवस्था कमजोर भएकैले बुबाआमाले उपचार गर्न सक्नुभएन,' उनले भने, 'सहयोगी पनि कोही भेटिएनन्, उपचार नहुँदा मनको धोको मनमै मर्दो रहेछ ।' नोखबहादुर फुर्सदको समयमा विभिन्न किसिमका किताब पढ्छन् । अपांगता भएका व्यक्तिलाई गाउँ-समाजमा अवहेलना गरेको उनलाई मन पर्दैन । अवसर र वातावरण पाए सबलाङ्ग सरह काम गर्न र क्षमता देखाउन सक्ने उनी बताउँछन् । बुबा नरबहादुरले कमजोर आर्थिक अवस्थाका कारण ठूलो अस्पतालमा लगेर उपचार गर्न नसकिएको बताए ।

## विद्यालयबाटै प्रहरीको काम

■ **विप्लव महर्जन** (सल्यान)



सल्यानको जनज्योति मावि फारुलाको भवनबाट इलाका प्रहरी कार्यालयको काम सञ्चालन गरिँदै । तस्बिर : विप्लव/कान्तिपुर


दार्मा गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय, फारुलाको कामकाज जनज्योति प्राथमिक विद्यालयको भवनबाट भइरहेको छ । भाडामा बस्दै आएको भवन जीर्ण र साघुँरो भएपछि इलाका प्रहरीले विद्यालय भवन प्रयोग गरिरहेको हो ।

स्थानीय तह गठन हुनु अघिसम्म अस्थायी प्रहरी पोस्ट रहेको कार्यालयलाई इलाकामा रूपान्तरण गरिएको हो । ४० जनाको दरबन्दी रहेको कार्यालयमा सुरक्षाकर्मी बस्न र कामकाज गर्न समस्या भएपछि विद्यालय भवन प्रयोग गर्न थालिएको हो । कार्यालयका इन्चार्ज प्रहरी नायब निरीक्षक (सई) जनक भण्डारीले अझै पनि कार्यालयका लागि उक्त भवन पर्याप्त नभएको जनाए ।

जनकल्याण माविमा जनज्योति प्रावि गाभिएपछि खाली भएकाले आफूहरूले प्रयोग गरेको उनको भनाइ छ । 'पहिलाको भवन साघुँरो भएपछि दरबन्दी अनुसारकै सुरक्षाकर्मी पूर्ति गर्न सकिएको थिएन,' उनले भने, 'विद्यालय भवन प्रयोग गर्न पाएपछि कामकाजमा सजिलो भएको छ, अब दरबन्दीअनुसार सुरक्षाकर्मी पूर्ति गरिनेछ ।' कार्यालयले विद्यालयका ५ कोठा प्रयोग गरिरहेको जनाएको छ । गाउँपालिकाले लामो समयसम्म उक्त भवन कसरी प्रयोग गर्ने भन्नेबारे निर्णय लिन सकेको थिएन । प्रहरी बसेपछि सार्वजनिक सम्पत्तिको संरक्षण हुने सई भण्डारीको दावी छ । यसअघि विद्यालयको ३ रोपनी ५ आना जग्गा इलाका प्रहरीको भवन निर्माणका लागि पास गरिएको थियो ।


भाडाको घरमा कार्यालय सञ्चालन गर्न समस्या भएपछि केही प्रहरी अन्य घर भाडामा लिई बस्न बाध्य थिए । 'पहिले केही झगडा वा विवाद भए बयानका लागि धेरै जनालाई बोलाउँदा बसाउने ठाउँसमेत थिएन,' सई भण्डारीले भने, 'विद्यालयको चौर पर्याप्त भएकाले कामकाजमा अब सजिलो भयो ।' इलाका प्रहरीको कामकाज तत्काल सहज भए पनि पक्राउ गरिएका व्यक्ति राख्न अझै समस्या रहेको उनी बताउँछन् । उनले कोही व्यक्तिलाई पक्राउ गरिए इलाका प्रहरी कार्यालय थारमारे र जिल्ला प्रहरीमा पठाइने गरिएको सुनाए । इलाका प्रहरीको आफ्नै सवारी साधन नहुँदा सेवाप्रवाहमा केही समस्या भएको सुरक्षाकर्मीको भनाइ छ ।

जिल्ला प्रहरी प्रमुख (डीएसपी) वीरेन्द्रबहादुर शाहीले जिल्लाका अधिकांश एकाइको आफ्नै भवन नहुँदा कार्यसम्पादनमा समस्या भएको बताए । उनका अनुसार जिल्लामा ९ इप्रका, ५ चौकी र ११ अस्थायी पोस्ट स्थापना गरिएका छन् । २६ कार्यालयमध्ये ३ इलाका प्रहरी नयाँ भवनमा, ६ कार्यालय पुरानो भवनमा र ६ कार्यालय भाडामा सञ्चालन भइरहेको उनको भनाइ छ । यस वर्ष देवस्थल र जिल्ला प्रहरी कार्यालयको ब्यारेक भवन निर्माण सुरु हुने उनले जानकारी दिए ।












## तपाईंको आज

| | |
|---|---|
| मेष | पुण्य आर्जन |
| वृष | यात्रा हुने |
| मिथुन | प्रशन्न रहने |
| कर्कट | वादविवाद |
| सिंह | समुन्नति |
| कन्या | धन प्राप्ति |
| तुला | आकस्मिक यात्रा |
| वृश्चिक | सोचेको पुग्ने |
| धनु | लाभ बढ्ने |
| मकर | आलश्यता |
| कुम्भ | हर्ष बढ्ने |
| मीन | नवीन कार्यको प्रारम्भ |

## भोलिको पात्रो

विक्रम संवत २०७२ साल कार्तिक ३ गते मंगलबार तदनुरुप २० अक्टुबर २०१५ आश्विन शुक्लपक्ष सप्तमी तिथि प्रात: ९ : ४७ बजे सम्म उप्रान्त अष्टमी तिथि पूर्वाषाढा नक्षत्र प्रात: ११:१९ बजे सम्म उप्रान्त उत्तरषाढा नक्षत्र सुकर्मा योग रात्रीको ७ : १५ बजे सम्म उप्रान्त धृति योग भद्रा करण रात्रीको ९ : १७ बजे सम्म उप्रान्त बब करण धनु राशीमा चन्द्रमा साँझ ५ : १४ बजे सम्म उप्रान्त मकर राशीमा । ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | कुण्डली/आत्मज्ञान |
| ६:३० | ज्योतिष मन्थन |
| ६:४० | स्काइ सप |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज |
| ८:३० | राइज एण्ड साइन |
| ९:०० | हेडलाइन न्यूज |
| ९:०५ | साझा सवाल |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | कान्तिपुर आज |
| ११:०० | हेडलाइन न्यूज |
| ११:०५ | लोकगीत काउन्टडाउन |
| ११:३० | हर्के हलदार |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | कान्तिपुर टिफिन बक्स |
| १:०० | हेडलाइन न्यूज |
| १:०५ | उद्यम |
| १:३० | लाइफ इज ब्युटिफुल |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | राइज एण्ड साइन |
| ३:०० | हेडलाइन न्यूज |
| ३:०५ | साझा सवाल |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | न्यू इन्ट्री |
| ५:०० | हेडलाइन न्युज |
| ५:०५ | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | आगमन |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | ह्वाट द फ्लप |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | फायरसाइड |
| १०:०० | कान्तिपुर आज |
| १०:३० | कान्तिपुर न्युज |
| ११:०० | कान्तिपुर समाचार |
| ११:३० | ह्वाट द फ्लप |
| १२:०० | कल कान्तिपुर |
| १:०० | कान्तिपुर न्युज |
| १:३० | आगमन |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | कान्तिपुर आज |
| ३:०० | कान्तिपुर समाचार |
| ३:३० | फायरसाइड |
| ४:३० | कान्तिपुर आज |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

| | |
|---|---|
| ००:०२ | ननस्टप हिन्दी सङ्स |
| ०२:०० | ननस्टप नेपाली पप/आधुनिक सङ्स |
| ०४:०० | ननस्टप भजन |
| ०५:०० | भक्ति अनुष्ठान (जनार्दन) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेड लाइनर्स |
| ०७:३० | संगीत सागर |
| ०८:०० | कान्तिपुर डायरी |
| ०८:०५ | जम्प स्टार (स्मिता) |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) |
| ०९:३० | अल द टाइम टेन (सेजसु) |
| १०:०० | कान्तिपुर डायरी |
| १०:०५ | हाइवे (हेम सुवेदी) |
| ११:०० | कान्तिपुर डायरी |
| ११:०५ | मनका कुरा (अम्बिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | मलाई मनपर्छ (प्रतिमा) |
| १३:०० | कान्तिपुर डायरी |
| १३:०५ | के छ नेपाल (सञ्जय) |
| १४:०० | कान्तिपुर डायरी |
| १४:०५ | के छ नेपाल (सञ्जय) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | लोक कोसेली (अम्बिका) |
| १६:०० | कान्तिपुर डायरी |
| १६:०५ | माई बेस्ट फ्रेन्ड (सेजसु) |
| १७:०० | कान्तिपुर डायरी |
| १७:०५ | म्युजिक लङ्ग (राजेश) |
| १८:०० | स्पोर्टस् वर्ल्ड (आशीष) |
| १८:३० | कान्तिपुर डायरी |
| १८:५५ | खोज |
| १९:०० | लभ सङ्स एट द रेट- सेभेन (भूमिका) |
| २०:०० | कान्तिपुर डायरी |
| २०:०५ | रिसाइकल (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:३० | इन्द्रेणी |
| २२:०० | नकटर्नल (सुप्रल/आशीष) |
| २३:०० | भाव संवेग (भूपेन्द्र) |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२११११ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८०४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३९५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४०९३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

# अस्पतालमा बिरामीको चाप

- उपचारमा आएका मध्ये अधिकांश ज्वरोका बिमारी
- पानीको प्रदूषणका कारणले बिरामी बढ्दै

■ **आनन्द गौतम** (ताप्लेजुङ)

नानीलाई उपचारका लागि लिएर आएका फुङलिङ नगरपालिका- ९ हाङदेवाका चन्द्र कालिकोटेले जिल्ला अस्पतालमा पालो पाएनन् । ओपीडीमा टिकट लिन नसकेपछि इमर्जेन्सीमा देखाउन बसे तर त्यहाँ पनि सम्भव भएन ।

त्यसपछि क्लिनिकमा गएर जँचाए । बच्चालाई भर्खरदेखि बिराम सुरु भएकाले डाक्टरलाई नै देखाउन उनी भोलिपल्ट पनि आए । बिहान ९ बजे आएका उनको १ बजे पालो आयो र जाँच गराए ।

फुङलिङ २ का गोपाल न्यौपानेले ज्वरो सुरु भएपछि मेडिकलबाट औषधि लिए । अहिले कडा खालको ज्वारो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई एन्टिबायोटिक दिएका थिए । तीन दिनसम्म सुतेर औषधि खाँदा पनि कम नभएपछि मंगलबार जिल्ला अस्पताल आएका उनलाई डाक्टरले टाइफाइडको आशंकामा रगत र पिसाब परीक्षण गर्न सल्लाह दिए । पाँचथरको फालेलुङका रत्न काफ्ले पनि ज्वरोले चापेपछि वीरबहादुर बिकलाई साथ लिएर जिल्ला अस्पताल आए । गाडी चढेर आएका उनलाई डाक्टरले औषधि खाएर आराम गर्न सल्लाह दिएर बिदा गरे ।

चार दिनयता जिल्ला अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको छ । दिउँसो २ बजेसम्म त ओपीडीमा टिकट लिनेको लाइन नै हुन्छ । त्यसपछि इमर्जेन्सीमा जाँचिन्छ । सर्वसाधारण नागरिक मात्रै नभएर जिल्ला अस्पतालमा प्रमुख डाक्टर सोनिम लामा आफैं मंगलबारदेखि अस्पताल आउन सकेनन् । ल्याबमा आएर आफैंले रगत परीक्षण गराएका छन् र औषधि सेवन थालेका छन् । सोमबारसम्म बिरामी जाँचेका डाक्टर लामालाई आइतबारदेखि नै अस्वस्थ्यको महसुस भएको थियो । ल्याब असिस्टेन्ट दीपेन्द्र पौडेलले भने, 'हामी यहाँ काम गर्ने नै धेरैजना बिरामी पर्न थालिसकेका छौं ।'



जिल्ला अस्पताल ताप्लेजुङमा लागेको बिरामीको भीड । *तस्विर : आनन्द/कान्तिपुर*

ल्याबमा अरूको रगत, पिसाबलगायत परीक्षण गरिरहेका उनले आफूलाई बिरामले चापिसकेको तर जनशक्ति कम भएकाले जबरजस्ती काम गरिरहेको बताए ।

चिकित्सकका अनुसार अधिकांशमा ज्वरोको संक्रमण देखिएको छ । 'ज्वरो, टाइफाइडका बिरामी धेरै देखिएका छन्,' डाक्टर लामाले भने, 'म आफैं पनि बिरामी परें, यो पानीको प्रदूषणको मुख्य कारण हो ।' मौसम परिवर्तन हुँदा यस्तो देखिने र यो सर्ने गरेको लामा बताउँछन् । मौसमी बिरामीले तातो पानी प्रशस्त खानुपर्ने र आराम गर्नुपर्ने सुझाब डाक्टरको छ । स्वास्थ्यकर्मी डम्बर श्रेष्ठ जोगिएर काम गर्न कठिन भएको बताउँछन् । जिल्ला अस्पतालमा मात्रै नभएर गाउँका स्वाथ्यचौकीमा पनि बिरामीको चाप उत्तिकै बढेको उनले सुनाए ।

जिल्लाको मैवाखोलाको ढुंगेसाँघु र सिरिजंघा गाउँपालिकाको तेल्लोकमा डाक्टरको दरबन्दी रहेको छ । यीबाहेक प्रत्येकजसो वडामा एचएको नेतृत्वमा स्वास्थ्यकर्मी छन् । जिल्ला अस्पतालमा १५ शय्या रहेको छ । इमर्जेन्सीसमेत गरी ३५ बेड राखिएका छन् ।

यतिबेला जिल्ला अस्पतालमा प्रशस्त औषधि छ । जनस्वास्थ्यको गोदामबाट जिल्ला अस्पताल ल्याउने जनशक्ति भने अभाव छ । समायोजनमा अस्पतालका कार्यालय सहयोगीलगायत जनशक्ति नगरपालिकातिर गएपछि र अस्पतालमा काम गर्ने नभएर समस्या भएको स्टोरको जिम्मेवारी लिएका डम्बर श्रेष्ठ बताउँछन् । जनस्वास्थ्यको गोदामबाट अस्पतालसम्म ल्याउने जनशक्ति अभावले व्यवस्थापनमा कठिनाइ भएको छ । निःशुल्क औषधि वितरण केन्द्रले मागेजति नदिएको सेवाग्राही दिलिप बरालले बताए । सुपथ मूल्यको औषधि पसलमा भने खरिद प्रक्रियामा समस्या भएकाले औषधि केही अभाव भएको श्रेष्ठ बताउँछन् ।

# बर्थिङ सेन्टरमा कर्मचारी अभाव

■ **प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले करारमा राखिएका सहयोगी हटाउँदा बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी गराउने काम प्रभावित भएको छ । संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि नगरपालिकाले गत वर्षदेखि सहयोगी हटाएको थियो । सहयोगी हटाउँदा स्वास्थ्य क्षेत्रमा काम गरेका धेरै बाहिरिएका थिए ।

नगरपालिकाभित्रको रायडाँडा, तित्याङ, पैयुँपाटा, नारायणस्थानलगायतका स्वास्थ्यचौकीमा आउने गर्भवतीलाई परीक्षण गरेपछि जटिल अवस्था भएमा सदरमुकाम पठाउनुपर्ने बाध्यता भएको सिनियर अहेब सोमराज पाण्डेले बताए । 'तालिम प्राप्त अनमी भए पनि साथ दिने व्यक्ति अभावमा गर्भवतीलाई सुत्केरी बनाउन सक्दैनन्,' उनले भने, 'कुन प्रकारको सहयोगी हटाउने भन्ने तोकिनुपर्थ्यो ।' सुरक्षित गर्भवती गराएपछि एकजना बराबर एक हजार रुपैयाँ संस्थाले पाउनुपर्छ । त्यो बजेटबाट ७ सयको सामग्री किन्ने र ३ सय भत्ता दिने गरिन्छ तर गत आर्थिक वर्षदेखि नै जिल्लाका अधिकांश स्थानीय तहमा त्यस्तो भत्ता गएन, जसका कारण जटिल काम गरेर पनि स्वास्थ्यकर्मीले भत्ता नपाएको गुनासो गरे ।

बडिगाड गाउँपालिकामा गत वर्षको पहिलो चौमासिकलाई पुग्ने मात्र बजेट गयो । त्यसपछि सुत्केरी सामग्री किन्ने पैसा र प्रोत्साहन भत्ता गएन । अत्यावश्यक सामग्री आन्तरिक कोषबाट खरिद गरिए पनि स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता नपाएको निरञ्जन यादवले बताए । 'रातदिन नभनी काम गर्नुपर्छ तर उनीहरूले सामान्य सेवासुविधा पनि पाएका छैनन्,' उनले भने, 'स्वास्थ्यकर्मीले जटिल अवस्थामा साथ नदिए बिरामीको ज्यानै जाने खतरा हुन्छ ।' प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीले आगामी कार्यपालिकाको बैठकमा उक्त एजेन्डा राखेर समस्या समाधान गर्ने बताए । 'यो समस्या जतासुकै हो तर बिरामीको सेवामा खटिनेले सुविधा पाउने

**संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि करारका सहयोगी हटाउँदा सेन्टरको काम प्रभावित**

गरी निर्णय गर्न आन्तरिक कोष भए पनि परिचालन गर्ने तयारी छ,' उनले भने, 'गत पुसदेखि नै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिई काम गर्न लगाएका छौं ।' भूगोलको समस्याले रणसिंकिटेनी, जलजला, भीमगिठे र दर्लिङका सेवाग्राहीले स्वास्थ्य संस्था आइपुग्न पनि सयौं खर्चनुपर्ने उनले बताए ।

आन्तरिक बजेटबाट अत्यावश्यक सामग्री खरिद गरेर काम चलाइएको तमानखोला गाउँपालिकाकी स्वास्थ्य शाखाकी अहेब गरिमा हर्मेलले बताइन् । बजेट अभावमा अनमीले प्रोत्साहन भत्ता नपाएको उनले सुनाइन् । गलकोट, ढोरपाटन र जैमिनी नगरमा पनि यस्ता समस्या छन् । गाउँपालिका भएका स्थानमा यो समस्या झनै जटिल छ । भूगोलको कठिनाइ र बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी अभाव हुँदा सेवाग्राही पहिलेदेखि सहरमा बसेर सेवा लिन बाध्य छन् । जिल्लामा अहिले ४७ बर्थिङ सेन्टर छन् ।

स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गरेको ८ सय रुपैयाँ र गर्भवती भएमा पाउने २ हजार रुपैयाँ दिने बजेट समेत नहुँदा केही स्थानीय तहले आन्तरिक स्रोतबाट दिने गरेका हुन् । अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा मात्रै झन्डै २ सय ६९ महिला सुत्केरी भएकोमा १ सय ३४ ले मात्र सेवासुविधा पाउन सकेका थिए । सरकारले भने नियमित गर्भ परीक्षण गरेको तथा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएकालाई मात्रै भत्ता दिने प्रावधान राखेको छ । बजेट पठाउँदा ससर्त शीर्षकमा पठाउनुपर्नेमा निसर्त पठाउँदा कतिपय बजेट गाउँपालिकाले विकास निर्माणमा खर्चने गरेको समेत टिप्पणी भइरहेको छ ।

गत वर्ष निसर्त बजेट आएकै कारण पशुस्वास्थ्यको समेत समस्या भएको थियो । पशुले पाउने खोप, कृत्रिम गर्भाधानका लागि चाहिने नाइट्रोजन खरिदजस्ता काम अलपत्र भएर धेरै पशु प्रभावित भएका थिए । 'पशु स्वास्थ्यमा त धेरै समस्या पर्छ भने मानव स्वास्थ्यमा नपर्ने कुरै भएन,' स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ सुपरभाइजर देवप्रकाश घिमिरेले भने ।






# जथाभाबी तार काटिँदा ग्राहक मर्कामा



नाला निर्माणका क्रममा डोजरले विराटनगरको महेन्द्र चोक पूर्वतर्फ नेपाल टेलिकमको भूमिगत तार काटेपछि मर्मत गर्दै टेलिकमका प्राविधिक । *तस्बिर : विनु/कान्तिपुर*

■ **विनु तिम्सिना** (विराटनगर)

महानगरपालिका-९ कलेज रोडस्थित पञ्चकन्या प्रिन्टर्समा ६ महिनादेखि टेलिफोनको लाइन छैन । सडक निर्माणका क्रममा अवरुद्ध नेपाल टेलिकमको लाइन महिनौं भइसक्दा पनि मर्मत नभएको प्रिन्टर्सका सञ्चालक लव घिमिरेले बताएका छन् ।

टेलिकमलाई बुझाउनुपर्ने न्यूनतम शुल्क २ सय ५५ रुपैयाँ भने मासिक तिर्नुपरिरहेको उनले गुनासो गरे । '६ महिनाभन्दा बढी भइसक्यो, धेरैपटक गुनासो गर्‍यौं, सुनुवाइ भएको छैन,' उनले भने, 'मासिक शुल्क तिर्न बाध्य छौं ।' प्रायःजसो सबैको हातमा मोबाइन फोन भए पनि कार्यालयको काममा ल्यान्डलाइन फोन नै प्रयोग गर्ने गरेको घिमिरेले बताए । महानगरपालिकामा भइरहेको विकास निर्माणले टेलिकम सेवा मात्र होइन, सबै क्षेत्र प्रभावित बनेको छ । सडक तथा नाला निर्माणका लागि खाल्डा खन्ने तर समयमै काम नगर्ने परिपाटीले स्थानीय सेवाग्राहीलाई सास्ती छ । खासगरी खानेपानी, विद्युत् प्राधिकरण र टेलिकमसँग समन्वय नगरी जथाभावी डोजर चलाउनाले विराटनगरमा विद्युत्, खानेपानी र टेलिकमको सेवा सबैभन्दा बढी प्रभावित छ । त्यसमा पनि टेलिकमका तारहरू जमिनमुनि हुँदा काटिएमा मर्मत गर्न झन्झटिलो र लामो समय लाग्नाले सेवाग्राही मर्कामा पर्ने गरेका हुन् । सेवा अवरुद्ध हुँदा टेलिकमको विराटनगर शाखा पनि हैरान बनेको छ ।

**खानेपानी र विद्युत् प्राधिकरणको क्षति निर्माण कम्पनीले तिर्दै, टेलिकमले भने आफैं बेहोर्दै**

एउटै सडकमा पटक-पटक डोजर चलाउँदा थप समस्या हुने गरेको टेलिकम विराटनगर शाखा कार्यालयका सूचना अधिकारी पशुपति सुवेदीले बताए । एउटै सडकमा कहिले नाला बनाउन त कहिले बढाउन भन्दै खन्दा हैरानी बेहोर्नुपरेको उनको भनाइ छ । विराटनगर शाखाबाट ८ हजार ८ सय ५७, रानी शाखाबाट ६ सय १५, रोडशेषबाट १ हजार ८ सय ८२, टंकीसिनुवारीबाट १ हजार ५८ र तीनपैनीबाट २ हजार ८ सय ७९ टेलिफोन लाइन सञ्चालनमा छन् । त्यसमध्ये हाल विराटनगरको ट्राफिक चोकस्थित क्याबिनेटका १ सय ५०, महेन्द्र चोक क्याबिनेटका साढे ५ सय र हाटखोलाको क्याबिनेटका झन्डै साढे ९ सय लाइन विकास निर्माणकै कारण अवरुद्ध बनेको सुवेदीले जानकारी दिए । 'खानेपानीका पाइप धेरै तल गाडिएका हुँदैनन् र बिजुलीका तार पनि पोलमाथि हुन्छ,' उनले भने, 'तर टेलिकमका तार जमिनको तीन फिटमुनिसम्म गाडिएको हुन्छ, तार चुँडियो या काटियो भने मर्मत गर्न निकै झन्झटिलो हुन्छ ।' निर्माण कम्पनीले टेलिकमसँग समन्वय नगरी खनिदिँदा धेरै क्षति भइरहेको सुवेदीको भनाइ छ ।

**क्षतिपूर्ति नलिँदा बढी लापरबाही**

विकास निर्माणका क्रममा डोजरले तार काटेर हैरान बनेको टेलिकमले सम्बन्धित ठेकेदार पक्ष र महानगरपालिकासँग न त क्षतिपूर्ति लिन्छ न त मर्मत नै गर्न लगाउँछ । सँगैका विद्युत् प्राधिकरण र खानेपानी संस्थानले निर्माणका क्रममा सेवा अवरुद्ध बनेमा त्यसको मर्मतको काम सम्बन्धित पक्षलाइ गराउँछ । 'विद्युत् प्राधिकरण र खानेपानीले क्षतिपूर्ति लिने सर्तमा मात्रै खन्न दिन्छन्,' उनले भने, 'तर टेलिकमले त्यस्तो क्षतिपूर्तिको दाबी नगर्दा झन मनपरी डोजर चलाइन्छ ।'

विराटनगरमा सडक, ढल र नाला निर्माण धेरै वर्षदेखि भइरहेकाले खानेपानी संस्थान विराटनगरका प्रमुख शैलेन्द्र साहले भत्केका जति सबै पाइप बनाउन नसक्ने भएकाले ठेकेदार कम्पनीले नै बनाउनुपर्छ भनेर सरोकारवाला सबैसँग छलफल गरेर निर्णय नै भएको जानकारी दिए । 'निर्माणका क्रममा भत्काउँदै जाने अनि हामीले बनाउनुपर्ने ?,' साहले भने, 'त्यो त सकिँदैन, त्यसैले जसले क्षति पुर्‍याउँछ उसैले मर्मत गर्नुपर्छ ।' मर्मत कसले गर्ने भन्ने विषयमा भएको सरोकारवालाको छलफलमा टेलिकमका प्रतिनिधि पनि गएका थिए ।

# कोसीपीडित फेरि आन्दोलित

राजविराज (कास)- तीन पुस्तादेखि थाती मुआब्जा विवाद सुल्झाउन माग गर्दै कोसीपीडितले फेरि आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा समस्या समाधानका साथै कोसीलाई व्यवस्थित गर्नुपर्ने माग गरेको छन् ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाउँदै साबिकका कोसीपीडितले कोसी सम्झौताको कार्यान्वयनसहितका सातबुँदे माग पूरा गर्न प्रधानमन्त्रीसित माग गरेका हुन् । नेपाल-भारत बीचमा १२ वैशाख २०११ मा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, कोसी योजनाले अधिग्रहण गरेको जग्गामा मात्र पायलट च्यानलको काम हुनुपर्ने, सम्झौताअनुसार सो क्षेत्रका नेपाली नागरिकलाई जागिर दिनुपर्ने, कोसीबाट प्रभावित परिवारका लागि विद्यालय र अस्पताल खोल्नुपर्ने तथा नेपाली भूभागमा कोसी योजनाले कुनै काम कारबाही सुरु गर्नुपूर्व नेपाल सरकारसँग अनुमति लिनुपर्नेलगायत माग अघि सारिएको छ ।

त्यस्तै भारत सरकारले कोसी सम्झौताअनुसार वर्षैपिच्छै कोसी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ति नदिएर अन्याय गरेको भन्दै सम्झौता कार्यान्वयन गरिनुपर्ने माग कोसीपीडितको रहेको छ ।

कोसी नदी कटान डुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरको तर्फबाट संयुक्त रूपमा प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा आफूहरूको माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रदेश १ को सुनसरी र प्रदेश २ को सप्तरीको बीचमा अवस्थित सप्तकोसी नदीमा पुल निर्माणका क्रममा भारत सरकारले अधिग्रहण गरेको सप्तरीवासीको सयौं बिघा नम्बरी जग्गाको मुआब्जा ७३ वर्ष नाघिसक्दा पनि पाउन नसक्दा मुआब्जाकै पर्खाइमा तीन-तीन पुस्ताले समस्या झेल्नुपरेको कोसीपीडितको भनाइ छ । संघर्ष समितिका संयोजक महिदेवप्रसाद चौधरीले आउँदो साउन ३२ गते बिहान ९ बजे सदरमुकाम राजविराज तथा कोसी ब्यारेज सडक खण्डमा कोणसभा, धर्ना र रिले अनशनलगायत कार्यक्रम राखिएको बताए ।











**बाँसुरीको धुनले...**
मनाइयो दिवस । ११

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

kantipurdaily.com

# कान्तिपुर

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

**एसेज टेस्ट आजदेखि**
इंग्ल्यान्डको नजर डबल उपलब्धि । १८



वर्ष २७ अंक १६४ गोदावरी | १६ साउन २०७६ बिहीबार श्रावण कृष्णपक्ष औंसी | नेपाल संवत् ११३९ | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, August 1, 2019 | पृष्ठ १२+६ | १० रुपैयाँ




भक्तपुरको निकोसेरा सडक खण्डमा जमेको पानीबाट जोखिम मोलेर मोटरसाइकल चलाइँदै । यहाँ खाल्डो यति ठूलो भइसक्यो कि साना सवारीसाधन वारपार गर्नै धौधौ हुन्छ । सडक मर्मत गर्न नगरपालिका, सडक विभाग, खानेपानी विभाग र जनप्रतिनिधिलाई पटक-पटक आग्रह गरे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ ।
*तस्बिर : अंगद ढकाल/कान्तिपुर*

# देउवा–पौडेल चर्काचर्की

■ **कुलचन्द्र न्यौपाने** (काठमाडौं)

पार्टीको चौधौं महाधिवेशनको कार्यतालिका ल्याउने कि नल्याउने भन्ने सवालमा कांग्रेस सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलबीच चर्को आरोप-प्रत्यारोप चलेको छ ।

बुधबारको केन्द्रीय कार्यसमिति बैठकमा पौडेलले महाधिवेशन नगराई कार्यसमितिलाई निरन्तरता दिन खोजिएको धारणा राखेपछि सभापति देउवा झोक्किएका थिए । पाँच वर्षभित्र महाधिवेशन गराउन खोज्दाखोज्दै पनि आफूलाई 'भिलेन' बनाउन खोजिएको भन्दै देउवाले पौडेलको टिप्पणीप्रति आपत्ति जनाए ।

कार्यतालिकाकै विवादले बुधबार छलफलका लागि तय भएका अन्य एजेन्डा प्रवेश भएनन् । बैठकको सुरुमै पौडेलले कार्यतालिका नल्याएसम्म अन्य एजेन्डामाथिको छलफलमा आफूहरू सहभागी नहुने बताएका थिए । चौधवटा एजेन्डा तय गरी कांग्रेस बैठक असार २२ देखि चल्दै आएको छ । तीमध्ये पार्टीको नियमावलीको मस्यौदा, पार्टीको तल्ला तहका अन्तरिम संरचना निर्माण र महाधिवेशनको एजेन्डामाथि मंगलबार छलफल सकिएको थियो । अन्तरिम संरचना निर्माण र महाधिवेशनको तालिका नआएको भन्दै पौडेलले अन्य एजेन्डाको छलफलमा सहभागी नहुने बताएपछि बैठक अघि बढ्न सकेन ।

बैठकमा पौडेलले सभापति देउवा अधिवेशन नगराउने खेलमा अघि बढेको भन्दै रोष प्रकट गरेका थिए । 'समय घर्काउँदै जाने र समय बितिसकेपछि यही कार्यसमितिलाई मानौं भन्ने परिस्थिति निर्माण गरेर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ,' पौडेलको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो, 'संकटमा पुर्‍याएर पार्टीलाई बचाउन भन्दै यही समितिलाई निर्वाचित भनी निर्वाचन आयोगमा बुझाउने दिन ल्याउन खोजिएको छ ।' लगत्तै झोक्किँदै देउवाले पौडेलको प्रतिवाद गरे । 'मलाई खालि शंका गर्ने ? चार वर्षमा अधिवेशन गर्न अब सम्भव छैन । तर, पाँच वर्ष कटाउने पक्षमा म छैन,' देउवाको भनाइ थियो, 'मलाई भिलेन जस्तो बनाउने ? अरू सबै हिरो हुने ? मैले महाधिवेशन गराउन नचाहेको छु र ? सभापति देउवाले एक वर्षको कार्यकाल बढाएर २०७७ फागुनसम्ममा महाधिवेशन गर्ने बताएका थिए ।

दुई नेताको आरोप-प्रत्यारोपपछि उपसभापति विमलेन्द्र निधिले पुस मसान्तसम्ममा पार्टीका तल्ला तहका संक्रमणकालीन संरचना निर्माण गर्ने प्रस्ताव गरेका थिए ।



'खालि शंका गर्ने ? मलाई भिलेन बनाएर अरू सबै हिरो हुने ?'



'समय घर्काएर महाधिवेशन नगराउने खेलमा सभापति लाग्नुभएको छ'

बाँकी पृष्ठ १६ ▸▸

## भित्र


पौडेललाई गोली हान्नेसँग आयोगले लिन थाल्यो बयान

के हो संसद् अवरोधको गुत्थी ?

प्रदेश १ सरकारद्वारा कर्मचारी भर्ना तयारी

चन्द समूहका पोलिटब्युरो र स्थायी कमिटी भंग


## गजब छ बा !

– अविन –




तपैं 'चन्द' 'चन्द' भनिर'छु भन्नुहुन्छ !... म 'चन्दा' 'चन्दा' नै सुनिर'छु त !


हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि


# भ्यु टावरमा हुन्डी रकम

■ **कृष्ण ज्ञवाली र दीपेन्द्र विष्ट** (काठमाडौं)

जलेश्वर स्वच्छन्द बिकोई बिल्डर्स प्रालिले पुरानो बसपार्कमा निर्माण थालेको २९ तले 'काठमाडौं भ्यु टावर' मा गैरकानुनी रूपमा संकलित रकम प्रयोग भएको भेटिएको छ । सिंगापुरमा संकलित रकम हुन्डीबाट नेपाल भित्र्याएको आरोपमा राजस्व अनुसन्धान विभागले बुधबार बिल्डर्स सञ्चालक मनोज भेटवालसहित ४ जनाविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको छ ।

गैरकानुनी रूपमा हुन्डी कारोबार गरेकाले विदेशी विनिमय ऐनअनुसार कारबाही हुनुपर्ने भन्दै विभागले उनीहरूसँग ४ करोड ६० लाख रुपैयाँका दरले बिगो अनि त्यसको ३ गुणा सजाय र तीन वर्ष कैद सजायको मागदाबी गरेको छ । बरामद भएको ४ करोड ६० लाख जफतसमेत हुनुपर्ने मागदाबी छ ।

विभागका अनुसार निशा गुरुङले सिंगापुरमा रहेका आफन्त, साथीहरू र अन्य व्यक्तिसँग काठमाडौं भ्यु टावरमा लगानी गर्ने भनी रकम संकलन गरेकी थिइन् । त्यो रकम राष्ट्र बैंकको अनुमतिबिना गैरकानुनी रूपमा हुन्डीबाट नेपाल भित्र्याएको विभागको आरोप छ । त्यस क्रममा राजकुमार विष्ट अनि उनका भाइ शिव विष्टको सहयोगमा भेटवालसँग मिलेमतो गरी रकम प्रयोग गरिएको विभागको अनुसन्धानबाट खुलेको छ । 'उक्त रकम विभिन्न व्यक्तिहरूलाई वितरण गरेको कुरा पुष्टि हुन आएको छ,' विभागले भन्यो । रकम संकलनको आरोप लागेकी गुरुङ अमिताभ मल्टी प्रपोज प्रालिकी सञ्चालकसमेत हुन् । उनको फर्मले कुनै कारोबार नगरेको भनी आन्तरिक राजस्व कार्यालयले विवरण पठाएको थियो । तर उनको फर्मको बैंक खातामा व्यावसायिक कारोबारको आन्दानीका नाममा ठूलो रकम बचत र भुक्तानी भएको भेटिएको हो । उनीहरूका साथबाट १ सय ४ वटा चेक पनि बरामद भएको विभागले जनाएको छ ।

**मनोज भेटवालसहित ४ जनाविरुद्ध मुद्दा**

करिब ६ वर्षअघि काठमाडौं महानगरपालिकाले रत्नपार्कस्थित पुरानो बसपार्कमा बुट प्रणालीमा २९ तले 'काठमाडौं भ्यु टावर' निर्माणका लागि कुननी प्रक्रिया अघि बढाएको थियो । निर्माण जिम्मा पाएको बिकोई बिल्डर्सले रकम अभावमा काम गर्न सकेको छैन । पहिलो चरणमा टावरको १२ तलासम्म निर्माण गर्ने सम्झौता छ । अहिलेसम्म टावरको पाइल हाल्नेबाहेक अन्य काम हुन सकेको छैन । विभिन्न कानुनी अड्चन देखाउँदै विल्डर्सले ढिलाइ गरिरहेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र संसद्को सार्वजनिक लेखा समितिले आवश्यक प्रक्रिया पुर्‍याएर निर्माण गर्न भनेपछि दुई वर्षअघि महानगरले बिल्डर्ससित अन्तिम सम्झौता गरेको थियो ।

भ्यु टावरको भूमिगत दुई तलामा पार्किङ, त्यसभन्दा माथि बस, टेम्पोलगायत सवारी साधन, मोटरसाइकललगायत स्टेसन बनाइनेछ ।

बाँकी पृष्ठ १६ ▸▸

हराएको ५० घण्टापछि जंगलमा भेटिइन् दुई वर्षीया बालिका

पृष्ठ १२

# 'अपझ्र्ट आकस्मिकता'

'भ्रमण वर्ष आइहाल्यो, हामी लक्ष्यमा पुग्छौं । पोखरा र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई तोकिएको समयभन्दा अगाडि नै सक्न प्रयास गर्नेछौं । वायुसेवा निगमलाई वाउ नेपाल एयरलाइन्स भन्ने बनाउँछौं ।'

■ **सुरज कुँवर** (काठमाडौं)

लामो समय सहकार्य गरेका थिए रवीन्द्र अधिकारी र योगेश भट्टराईले । दुवै तत्कालीन एमालेका आसलाग्दा युवा नेता । तुलनात्मक रूपमा स्वच्छ छवि भएका । १८ महिनाअघि सरकार गठन हुँदा रवीन्द्र संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बने । तर दुर्भाग्य ! ५ महिनाअघि हेलिकप्टर दुर्घटनामा उनको मृत्यु भयो । अहिले त्यही मन्त्रालय सम्हाल्न आइपुगेका छन् सुखदुःखका उनै साथी योगेश ।

राष्ट्रपतिबाट बुधबार शपथ लिएलगत्तै पदबहाल गर्न मन्त्रालय पुगेका भट्टराईले सहयात्री रवीन्द्रलाई सम्झिँदै भने, 'आज म परिस्थितिले, घटनाक्रमहरूले उहाँ बस्नुभएको कुर्सीमा आइपुगेको छु । उहाँले थालेका कामलाई अझै उचाइ दिनेछु ।' उनले आफ्नो आगमन पूर्वघोषित र नियोजित नभई 'अपझ्र्ट आकस्मिकता' भएको बताए ।

पार्टीमा रवीन्द्रसँग सहकार्य गरेको स्मरण गर्दै उनले भने, 'मैले उहाँसँग लामो समय सुखदुःखमा बिताएको थिएँ । सँगै हिँडेका थियौं । अहिले उहाँको उत्तराधिकारी भएर आएको छु । यसमा गर्व छ ।' केही दिनमै प्रधानमन्त्रीसँग आफूले गर्ने कामको करार गर्ने जनाउँदै उनले मुलुकको इज्जत बढ्ने काम गर्ने बताए । सञ्चारजगत्को निगरानीमा आफू र आफ्नो मन्त्रालय रहेको जनाउँदै उनले भने, 'मन्त्रीका हिसाबले आउने एक वर्षमा के-के गर्ने भनेर प्रधानमन्त्रीसँग केही दिनमा करार गर्दै छु । जे गर्न सकिन्छ, त्यही भन्ने हो । नभएको किन भएन, अत्यन्तै पारदर्शी ढंगले बताउनेछु ।'



राष्ट्रपति कार्यालयबाट लैनचौरस्थित सहिद स्मारक पार्क पुगेर सिंहदरबार आएका भट्टराईले सचिव मोहनकृष्ण सापकोटालाई खादा र मालाले स्वागत गर्ने कार्यक्रम नराख्न भनेका थिए । सोहीअनुसार मन्त्रालय र मातहत कर्मचारीले फूलका माला, खादालगायतले स्वागत गरेनन् । पार्टीका नेता र शुभेच्छुक भने माला-खादासहित मन्त्रालय आएका थिए ।

मन्त्रालयको हल मर्मत भइरहेकाले मन्त्रीकै कार्यकक्षभित्र रहेको सानो हलमा स्वागत समारोह आयोजना गरिएको थियो । आगन्तुकका लागि तीन दर्जन हाराहारी कुर्सी राखिएको हलमा सांसदलगायतका विशिष्ट व्यक्तिहरूले उभिएरै उनको मन्तव्य सुने ।

उनले आफ्नो नेतृत्वको मन्त्रालयमा कार्यालय सहयोगीदेखि मन्त्रीसम्म सबै एउटै टिमका साथी रहने र आफ्नो भूमिका टिमलाई गति दिने हुने बताए ।

बाँकी पृष्ठ १६ ▸▸



## !!!Digital Archiving of Bank's KYC, AOF and Company documents into American Enterprise DMS systems!!!

Bankers, don't you need to know your latest account holders documents are digitally archived to show the number of Personal Accounts vs. Company Accounts for each branch and regional/provincial level, what about regulatory compliance of IMF and Nepal Rastra Bank ?


Well, our System gives Bird's-eye view Dashboard reports of each branch or department to the Directors, CEO and President of each organization.

Note: We already are providing our services/solution to A-Class banks and top Cell Operators of the country!

Sample Bank-Branch wise Account Details




Sample Bank-Branch wise Account Details




**Our services:**

Creating reports from Database
Data Mining,
Data Analysis,
Data Dashboard reporting for Top Level Management team,
Document Digitization and Digital archiving into the worlds #1 Document Management System with reporting dashboard,
Digitize either on your premises or in our facility with our own hardware and the American Enterprise DMS systems,
Call Center for Banks and Insurance Companies,
Proactively supporting the process of Digital Nepal,
Mass Youth Employment in Nepal



**Discount offer:**
If you sign the deal for our service within the month of July/August, we will give your bank the 50% Discount on the DMS System and 25% discount on the Digital Archiving process.

Contact:
Cell: + 977-9802094054
Email: business@gforcesystems.com
Web: http://www.gforcesystems.com/

G FORCE SYSTEMS & TECHNOLOGIES rest assured

Gforce Systems & Technologies Pvt. Ltd.
GPO - 24444
Gforce Plaza - Block-A
Kathmandu, Nepal

# न्यायिक समितिमा विवादको चाङ

टीकापुर (कास)- स्थानीय तहमा रहेको न्यायिक समितिप्रति नागरिकको विश्वास बढ्न सकेको छैन । स्थानीय तहको उपप्रमुखको संयोजकत्वमा रहेको समितिमा राजनीतिक विचार र चरित्र बोकेकाहरू रहने भएकाले नागरिकको विश्वास नबढेको हो ।

सर्वसाधारणले गाउँघरमै सजिलै न्याय पाउन भन्ने उद्देश्यले न्यायि समिति बनाइए पनि दलकै कारण पक्ष-विपक्षमा निर्णय हुन सक्ने आशंका उस्तै छ । जोशीपुर गाउँपालिकाकी सरस्वती श्रेष्ठले भनिन्, 'न्यायिक समितिबाट न्याय मिल्ने कुरामा मलाई विश्वास छैन । एउटा मुद्दामा समिति संयोजकले आफ्नो नजिकको पक्षमा निर्णय सुनाइन् । जबरजस्ती निर्णय लाद्ने काम भयो ।' यस्तै जानकी गाउँपालिका ३ मा रहेको बाटोसम्बन्धी विवादमा पनि गाउँपालिकाको न्यायिक समितिले न्याय दिन सकेन । स्थानीय भक्तप्रसाद भण्डारीले भने, 'समितिको नाम मात्र हो । केही काम छैन ।' यहाँका बासिन्दाको न्याय पाउने चाहनाले भन्दा पनि बाध्यताले समितिमा मुद्दा दर्ता हुने गरेका छन् । प्रहरी कार्यालयले स्थानीय तहमा रहेको समितिमा मुद्दा पठाउने भएपछि बाध्यताले सर्वसाधारण समिति पुग्छन् ।

टीकापुर नगरपालिकामा रहेको न्यायिक समितिका कानुन अधिकृत केशरु थापाले भने, 'न्यायिक समितिमा पुरै अदालती प्रक्रिया अनुसार जानुपर्ने भएकाले न्याय सम्पादनमा केही ढिलाइ भएको महसुस नागरिकमा भएको छ ।' अधिकांश स्थानीय तहको न्यायिक समिति अझै व्यवस्थित छैन । मेलमिलापकर्ता छनोट र तालिमकै चरणमा छन् । टीकापुर नगरपालिका उपप्रमुख केशरी विष्टले भनिन्, 'मेलमिलापकर्ता सूचीकृत गरेका छौं । उनीहरूलाई तालिम दिन बाँकी छ । इजलास पनि बनिसकेको छ ।'

प्राविधिक र व्यवस्थापकीय कमजोरीका कारण इजलास प्रक्रियामा जान नसकिएको स्थानीय तहमा रहेका न्यायिक समितिका अधिकारीको भनाइ छ । स्थानीय तहमा रहेका समितिले आएका विवादमा दुवै पक्षलाई राखेर छलफल गराउनेबाहेक अरु काम गरेका छैनन् । उपप्रमुख विष्टले भनिन्, 'विवाद मिलाउन २/३ पटक पनि छलफल गराउँछौं । कोही नटेर्ने खालकालाई प्रहरी कार्यालय पठाइदिने पनि गरेका छौं ।'

टीकापुर नगरपालिकाको न्यायिक समितिमा आव ०७५/७६ मा ३७ वटा विवाद आएको थियो । जसमध्ये १२ मेलमिलापद्वारा समाधान गरिएको, २/३ पटक छलफल भई मेलमिलापको क्रममा रहेका १३ मुद्दा छन् । यस्तै विवाद दर्तापछि प्रतिवादीको नाममा १५ दिने म्याद तामेली सूचना जारी भएका तर सम्पर्कमा नआइ म्याद गुजार्ने ४ तथा मेलमिलाप नभई सम्बन्धित निकायमा पठाइएका ८ मुद्दा रहेको नगरपालिकाले जनाएको छ । नारायणपुर र धनसिंहपुर गाविस तथा टीकापुर नगर मिलेर बनेको नगरपालिकामा वर्षभरी ३७ मुद्दा मात्र आउनुले कि न्यायिक समितिमा विश्वास नलागेर वा विवाद घटेको रूपमा लिन सकिने मेलमिलापकर्ता अर्जुन बादी बताउँछन् । उनले भने, 'नारायणपुर गाविस हुँदा वर्षमा एक सयभन्दा बढी मुद्दा मिलापत्र गरेर टुंगिने गरेका थिए ।'

# गिट्टीले धान्दै बुढ्यौली

'सडकको धुवाँधूलोले आँखै देख्न नसक्ने अवस्था छ, औषधिमूलो गर्ने पैसा पनि छैन त्यसैले त गिट्टी फोर्नुको विकल्प भएन'



बैतडी सदरमुकाम गोठलापानीको सडकछेउ गिट्टी कुट्न पुगेका २ वृद्धा धौली र हरूली भुल । *तस्बिर : तृप्ति/कान्तिपुर*

■ **तृप्ति शाही** (बैतडी)

वर्षाको समय, बेलाबेला झरी । कुनै बेला खपिनसक्नु चर्को घाम । सवारीसाधन गुडिरहने सडकको छेउमै २ वृद्धा दैनिकजसो गिट्टी कुटिरहेका हुन्छन् । उमेरले सेताम्मे फुलिसकेका उनीहरूका केश धूलोधूवाँले धमिला देखिन्छन् ।

धूवाँधूलो र झरीको उनीहरूलाई खासै प्रवाह हुँदैन । किनकि गिट्टी नकुटेको साँझ घरमा चुलो बल्न मुस्किल पर्छ । उनीहरूको हातमुख जोर्ने माध्यम त्यही गिट्टीबाहेक अरू छैन । पतिको मृत्यु भएपछि दशरथचन्द नगरपालिका ४ की धौली भुल वर्षौंबाट गिट्टी कुटेरै जीवन चलाइरहेकी छन् । धौलीको बुढेसकालकी साथी ६५ वर्षीया हरूली भुल भएकी छिन् ।

छोराछोरी भए पनि आ-आफ्नो गरिखाने भएकाले उनी एक्लै छिन् । धौलीले भनिन्, 'उनीहरू आफैंलाई पुग्दैन् । मलाई के दिऊन् । आफ्ना लागि आफैं गर्नुपर्‍यो ।' जीवनभर अरूकै काम गरी गुजारा चलाएको दुखेसो गर्दै उनले बुढेसकालमा पनि आरामले बस्न नपाएको बताइन् । 'भोको पेटले बुढेसकाल भन्दैन,' धौलीले भनिन्, 'प्लास्टिकको एक बोरा गिट्टी बेच्यो भने ६० रुपैयाँ आउँछ । छाक टार्ने माध्यम त्यत्ति हो ।' ढुंगा कुटदाकुटदै उनको बुढीऔंलामा चोट लागेर रगत बगेको छ । कपडाले बाँधेर काम गरिरहेकी उनले चोट सहेर पनि गिट्टी फोर्नुको विकल्प नभएको सुनाइन् । 'सडकको धूवाँधूलोले आँखै देख्न नसक्ने अवस्था छ । औषधिमूलो गर्ने पैसा छैन ।' सदरमुकामको गोठलापानी बजारनजिकै नगरपालिकालगायत अन्य मुख्य सरकारी तथा गैरसरकारी कार्यालय जाने बाटोमै धौली भुलको सधैंको दैनिकी एकनाशको छ ।

त्यही सडकमै काम गर्ने अर्की वृद्धा हुन् ६५ वर्षीय हरूली भुल । उनको अवस्था पनि धौलीको भन्दा फरक छैन । अरू केही काम गर्न नसक्ने उमेर भएपछि पेट पाल्नकै लागि उनी पनि गिट्टी कुटेर छाक टार्ने जोहो गर्दै आएकी छिन् । २ छोरा र १ छोरी भए पनि उनीहरूको कमाइले मात्रै नपुग्ने भएपछि आफूलेपनि कुनै काम गरेर खर्च जुटाउनु परेको उनले बताइन् । 'पति बितेपछि एक्लो महसुस हुन्छ,' उनले भनिन्, 'उमेर छँदा भारी बोकेर खाएँ, उमेर ढल्किँदै गएर नसक्ने भएपछि यही ढुंगा फोडेर खान्छु ।' खेतीपाती गर्न जग्गा छैन । घरवरिपरि सानो बारी छ । त्यसैमा लगाएको तरकारी बाँदरले स्वाहा गर्ने भएकाले पछिल्ला वर्षमा त्यो पनि छाडेको उनको भनाइ छ । ढुंगा संकलन गरी बनाएको गिट्टी पनि भनेका बेला बिक्री हुँदैन । गिट्टी बिक्री गर्न पनि हारगुहार गर्नुपर्ने अवस्था रहेको हरूलीले बताइन् । 'घर निर्माण गर्ने ठेकेदारहरूलाई गुहारेर गिट्टी बेच्नुपर्छ,' धौलीले भनिन्, 'त्यो पनि मूल्य घटाउन खोज्छन् । एक बोरा गिट्टी बिक्री गरे बढीमा ६० रुपैयाँ आउँछ । बजारमा चामल प्रतिकिलो ५५ पर्छ । राम्ररी काम गर्न नसकेका दिन १ किलो चामल किन्ने गिट्टी बनाउन पनि मुस्किल पर्छ ।'

# ६५ महिला र बालबालिका हराए

बाजुरा (कास)- गत आर्थिक वर्षमा बाजुराबाट ६५ जना महिला तथा बालबालिका हराएका छन् । २६ बालक, २० बालिका र १९ जना महिला हराएको निवेदन जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका छन् ।

कार्यालयका प्रहरी निरीक्षक जनकराज ढुंगानाका अनुसार कार्यालयमा आएका निवेदनहरूमा प्रहरीले खोजी गर्दा १९ बालक, १३ बालिका र ५ महिला फेला परेको भएपनि अन्यको कुनै जानकारी हुन सकेको छैन । ७ बालबालिका बेवारिसे अवस्थामा फेला पारेर आफन्तको जिम्मा लगाएको उनले बताए । ७ मध्ये ४ बालक र ३ बालिका प्रहरीले फेला पारेको हो ।

गत शुक्रबार जिल्ला प्रशासन कार्यलयमा आयोजित सार्वजनिक निकायका सूचना अधिकारीहरूको बैठकमा जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारीसमेत रहेका प्रहरी निरीक्षक ढुंगानाले उक्त विवरण प्रस्तुत गरेका हुन् । ढुंगानाकाअनुसार बेपत्ता भएका बाँकी महिला तथा बालबालिकाको विभिन्न माध्यामबाट खोजी जारी छ ।

**हिंसा नियन्त्रणमा प्रहरी सक्रिय**

जिल्ला प्रहरी कार्यालय महिला तथा बालकालिका सेवा केन्द्रमा गत आर्थिक वर्षमा लैंगिक हिंसाका ५० उजुरी दर्ता भएकोमा ४८ वटा घटनामा मिलापत्र गरेर बाजुरा जिल्ला अदालत पठाएको प्रहरीले जनाएको छ । बालबिवाहका १० उजुरी आएकोमा विवाहित जोडीलाई सम्झाएर अभिभावकको जिम्मा लागाएको डीएसपी उद्धवसिंह भाटले बताए । जिल्लामा व्याप्त छाउपडी परम्परा न्यूनीकरण गर्ने क्रममा प्रहरीले जिल्लाभर ९ वटै स्थानीय तहहरूमा ३ सय ८९ वटा छाउपडी गोठ पहिचान गरेर भत्काएको जनाएको छ । स्थानीय बासिन्दालाई सहभागिता गराएर उनीहरूकै रोहबरमा छाउपडी गोठ भत्काएको डीएसपी भाटले बताए ।

# हिलोमुक्त बन्यो गुरेलथुम



गाउँ हिलो-धूलोमुक्त भएको खुसीमा बाजा बजाएर रमाउँदै स्थानीय बासिन्दा । *तस्बिर : वसन्तप्रताप सिंह/कान्तिपुर*

बझाङ (कास)- पानी परे हिलाम्मे । घाम लागे धुलाम्मे । छबिसपाथिभेरा, गुरेलथुमका सुरेश बोहरालाई कार्यालय जाने र फर्कने बेला हिलाम्मे र धुलाम्मे बाटोले जहिल्यै सास्ती दिन्थ्यो ।

घाम लाग्दा उस्तै धूलो । मास्क कहिल्यै छुटदैन्थ्यो । पानी परेका बेला कार्यालय जाँदा हातमा छाता, लौरो र झोलामा कपडा जहिल्यै साथमै हुन्थ्यो । लगाएका कपडा कार्यालय नपुग्दै हिलमैलो हुनेभएपछि हाफ पाइन्ट लगाएर घरबाट निस्कन्थे । कार्यालय पुग्नेबेला झोलाबाट लिएको कपडा फेर्थे । मान्छे हिँड्ने गोरेटो बाटो पानी पर्दा पशुचौपाया हिँडाएपछि झनै सिकसिको हुन्थ्यो । पानी पर्‍यो कि घर बाहिर जान पाइला अघि बढदैनथे । तर अहिले सास्ती टरेको छ ।

प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत ५ लाख रुपैयाँले गाउँका घर, आँगन र गोरेटा सरसफाइ गरेपछि हिलो र धूलोबाट सर्वसाधारणले मुक्ति पाएका छन् । गोरेटाबाटा पिच भएका छन् । बाटाहरू चिल्ला बनाइएका छन् । 'यति बिघ्न सास्तीबाट पार पाइएला भनेर मैले कहिल्यै सोचेको थिएनँ,' खुसी हुँदै बोहराले सुनाए, 'अहिले घरैमा कपडा लगाएर ढुक्कले अफिस जान पाइएको छु ।' पानी पर्दा चिप्लो बाटोमा थुप्रै मानिस लडेर घाइते हुन्थे । 'घाँस, दाउरा, पानी पधेरो जाँदा नलडेको दिन हुदैन्थ्यो, पल्लीघरकी दिदीको त टाउको र खुट्टामै चोट लागेको थियो,' महिला स्वास्थ्य स्वयंसेविका खिउटी धामी भन्छिन्, 'पानी पँधेरो जाने सबै गोरेटाबाटा नै पिच भएदेखि लड्नुपरेको छैन ।'

छबिसपाथिभेरा १ का अध्यक्ष नैनबहादुर बोहरा बाटोघाटो सरसफाइ भएपछि हिँडडुलमा सहज भएको बताउँछन् । गाउँपालिकाले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत ५ लाख छुट्याएर छोटो समय सम्पन्न गरेको योजना उपलब्धिमूलक बनेको छ । यो बजेटले गिटी, बालुवा, सिमेन्ट किन्न पुगेको थियो । स्थानीयले श्रमदान गरेका थिए । आफ्नो घर, आँगन, गोरेटोबाटो मिलेर सरसफाइ गरेका थिए । 'स्थानीयले चाहे देखिने र अनुभव हुने विकासे काम गर्न सांसद र ठूला नेताहरूको मुख ताक्न नपर्ने रहेछ,' वडाध्यक्ष बोहराले भने । उनले ५ लाख रुपैयाँ प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत प्राप्त भएको र बाँकी स्थानीयले श्रमदान गरी ११ लाख बरावरको काम गरेको बताए ।

# तुइनबाटै व्यापार

■ **मनोज बडू** (दार्चुला)

सीमावर्ती क्षेत्रका बासिन्दालाई भारतीय बजारबाट दैनिक उपभोग्य सामान नल्याए गुजारै चल्दैन । ग्रामीण क्षेत्रका पसलेहरू पनि पारिबाटै व्यापारिक सामान ओसार्छन् । तर उनीहरूलाई सहज भने छैन । बर्खे भेलमा महाकालीबाट ट्युब र तुइनबाट सामान ओसार्दा ज्यानकै जोखिम उत्तिकै हुन्छ ।

सदरमुकाममाथि कालागाडदेखि सीतापुलसम्म तुइन र तल्लो भागमा खलंगादेखि लालीसम्मका दर्जनौं ठाउँमा सर्वसाधारण ट्युब र तुइनबाटै सामान ओसार्छन् । दैनिक उपभोग्यलगायत विकास निर्माणका लागि चाहिने जस्तापाता, सिमेन्ट, व्यापारिक सामान पनि त्यहींबाट ल्याइन्छ । गाउँलेहरू भारतको धारचुलालगायत सीमावर्ती बजारबाट सामान किनेर सीधै गाउँसम्म पुर्‍याउने गरेका छन् । व्यासको तिग्रम, सीतापुल, महाकाली नगरपालिकाको दत्तु, मालिकार्जुन गाउँपालिकाको जौलजीवीबाहेक अन्य दर्जनौं अस्थायी नाका महाकाली नदीमै सञ्चालित छन् ।




व्यास गाउँपालिकाको मलघट्यामा राखेको तुइन । यही तुइनबाट सर्वसाधारण तथा व्यापारीहरूका सामान भारतबाट नेपाल भित्रिने गर्छन् । स्थानीय पनि जोखिम मोलेर तुइनमार्फत महाकाली नदी तर्ने गर्छन् । *तस्बिर : मनोज/कान्तिपुर*

'गाउँघरमा बजार नहुँदा आफूहरूले बाध्य भएर भारतबाट दैनिक उपभोग्य सामान ल्याउनुपरेको छ,' मालिकार्जुन गाउँपालिका ६, बाकुका श्यामसिंह धामीले भने, 'व्यापारीहरूले पनि त्यसैगरी ल्याउने भएकाले उनीहरूका कारण हामी भने निगरानीमा रहनुपर्ने अवस्था छ ।' भारतीय सुरक्षाकर्मीहरूको घरायसी सामान सहजै ल्याउन दिने र व्यापारिक प्रयोजनको सामान कडाइ गर्ने नीतिअनुसार समस्या झेल्नुपरेको उनको भनाइ छ । आफ्नै सदरमुकाम पुग्न ६/८ घण्टादेखि डेढ दिन पैदल हिँडेर पुगिने हुँदा बाध्यताले जोखिमपूर्ण तुइन र ट्युबबाट दैनिक गुजारा चलाइरहेको स्थानीय बताउँछन् ।


जोखिम मोलेरै गर्भवती, वृद्धवृद्धा र बिरामी तुइन र ट्युबबाटै आउजाउ गर्न बाध्य छन् । यहाँका नागरिकले दुई दशक अघिबाट महाकाली नदीमा नेपाल भारत जोड्ने पुल बन्छ भन्ने सुन्दै आए पनि अझै बन्न सकेको छैन । भारतमा कुनै ठूलो घटना भए, विशिष्ट व्यक्तिको सीमावर्ती क्षेत्रमा भ्रमण र चुनावका बेला भारतीय पक्षले सीमामा निगरानी बढाउने गरेको छ । यस्तो बेला भारतीय एसएसबीले तुइन काट्ने र ट्युब फुटाउने गर्छन् ।

'व्यासका बासिन्दालाई तुइन तर्नुको विकल्प छैन,' वडा ५ का हरसिंह धामीले भने, 'तुइन काटेर पुल हालिदिए राहत मिल्थ्यो ।' महाकालीमा पानी बढी हुने बेला बर्खामा थोरै र सुक्खा मौसममा धेरै ठाउँमा तुइन जोडिने गरेका छन् । अहिले पनि उत्तरी क्षेत्रका स्याकु घाट, नाजी, मल्घट्या, डोकट, बत्तीघाट, मालघाट, गस्कु र दुम्लिङ क्षेत्रमा तुइनको प्रयोग हुँदै आएको छ । मालिकार्जुन र लेकम गाउपालिकाका उकु, बाकु, लाली, सेरालगायत आधा दर्जन गाउँका बासिन्दा घाटबाटै ट्युब चढेर महाकाली ओहोरदोहोर गर्छन् । लेकम गाउँपालिकाको सेरादेखि व्यासको सीतापुलसम्म नेपाल-भारत सीमामा एकमात्र छोटी भन्सार नाका पर्छ । खलंगा, दत्तु, जौलजीवी र तिग्रम नाकामा भने नेपाली सुरक्षाकर्मी उपस्थिति छ ।












## तपाईंको आज

| | |
|---|---|
| मेष | पुण्य आर्जन |
| वृष | यात्रा हुने |
| मिथुन | प्रशन्न रहने |
| कर्कट | वादविवाद |
| सिंह | समुन्नति |
| कन्या | धन प्राप्ति |
| तुला | आकस्मिक यात्रा |
| वृश्चिक | सोचेको पुग्ने |
| धनु | लाभ बढ्ने |
| मकर | आलश्यता |
| कुम्भ | हर्ष बढ्ने |
| मीन | नवीन कार्यको प्रारम्भ |

## भोलिको पात्रो

विक्रम संवत २०७२ साल कार्तिक ३ गते मंगलबार तदनुरुप २० अक्टुबर २०१५ आश्विन शुक्लपक्ष सप्तमी तिथि प्रात: ९ : ४७ बजे सम्म उप्रान्त अष्टमी तिथि पूर्वाषाढा नक्षत्र प्रात: ११:१९ बजे सम्म उप्रान्त उत्तरषाढा नक्षत्र सुकर्मा योग रात्रीको ७ : १५ बजे सम्म उप्रान्त धृति योग भद्रा करण रात्रीको ९ : १७ बजे सम्म उप्रान्त बब करण धनु राशीमा चन्द्रमा साँझ ५ : १४ बजे सम्म उप्रान्त मकर राशीमा ।

ज्यो. रामप्रसाद सिटौला

## कान्तिपुर टेलिभिजन

KANTIPUR HD

| | |
|---|---|
| ५:०० | शुभारम्भ/भक्तिसुर |
| ५:३० | कुण्डली/आत्मज्ञान |
| ६:३० | ज्योतिष मन्थन |
| ६:४० | स्काइ सप |
| ७:०० | कान्तिपुर समाचार |
| ८:०० | कान्तिपुर न्यूज |
| ८:३० | राइज एण्ड साइन |
| ९:०० | हेडलाइन न्यूज |
| ९:०५ | साझा सवाल |
| १०:०० | कान्तिपुर समाचार |
| १०:३० | कान्तिपुर आज |
| ११:०० | हेडलाइन न्यूज |
| ११:०५ | लोकगीत काउन्टडाउन |
| ११:३० | हर्के हलदार |
| १२:०० | कान्तिपुर समाचार |
| १२:३० | कान्तिपुर टिफिन बक्स |
| १:०० | हेडलाइन न्यूज |
| १:०५ | उद्यम |
| १:३० | लाइफ इज ब्युटिफुल |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | राइज एण्ड साइन |
| ३:०० | हेडलाइन न्यूज |
| ३:०५ | साझा सवाल |
| ४:०० | कान्तिपुर समाचार |
| ४:३० | न्यू इन्ट्री |
| ५:०० | हेडलाइन न्यूज |
| ५:०५ | कल कान्तिपुर |
| ६:०० | कान्तिपुर न्यूज |
| ६:३० | आगमन |
| ७:०० | कान्तिपुर समाचार |
| ७:३० | ह्वाट द फ्लप |
| ८:०० | कान्तिपुर समाचार |
| ९:०० | फायरसाइड |
| १०:०० | कान्तिपुर आज |
| १०:३० | कान्तिपुर न्यूज |
| ११:०० | कान्तिपुर समाचार |
| ११:३० | ह्वाट द फ्लप |
| १२:०० | कल कान्तिपुर |
| १:०० | कान्तिपुर न्यूज |
| १:३० | आगमन |
| २:०० | कान्तिपुर समाचार |
| २:३० | कान्तिपुर आज |
| ३:०० | कान्तिपुर समाचार |
| ३:३० | फायरसाइड |
| ४:३० | कान्तिपुर आज |

## रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur रेडियो राष्ट्रको

**९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज**

| | |
|---|---|
| ००:०२ | ननस्टप हिन्दी सङ्स |
| ०२:०० | ननस्टप नेपाली पप/आधुनिक सङ्स |
| ०४:०० | ननस्टप भजन |
| ०५:०० | भक्ति अनुष्ठान (जनार्दन) |
| ०६:३० | कान्तिपुर डायरी |
| ०७:०० | द हेड लाइनर्स |
| ०७:३० | संगीत सागर |
| ०८:०० | कान्तिपुर डायरी |
| ०८:०५ | जम्प स्टार (स्मिता) |
| ०९:०० | कान्तिपुर डायरी |
| ०९:१५ | ट्राफिक अपडेट (नेपाल प्रहरी) |
| ०९:३० | अल द टाइम टेन (सेजसु) |
| १०:०० | कान्तिपुर डायरी |
| १०:०५ | हाइवे (हेम सुवेदी) |
| ११:०० | कान्तिपुर डायरी |
| ११:०५ | मनका कुरा (अम्बिका) |
| १२:०० | कान्तिपुर डायरी |
| १२:१० | मलाई मनपर्छ (प्रतिमा) |
| १३:०० | कान्तिपुर डायरी |
| १३:०५ | के छ नेपाल (सञ्जय) |
| १४:०० | कान्तिपुर डायरी |
| १४:०५ | के छ नेपाल (सञ्जय) |
| १५:०० | कान्तिपुर डायरी |
| १५:१५ | लोक कोसेली (अम्बिका) |
| १६:०० | कान्तिपुर डायरी |
| १६:०५ | माई बेस्ट फ्रेन्ड (सेजसु) |
| १७:०० | कान्तिपुर डायरी |
| १७:०५ | म्युजिक लङ्ग (राजेश) |
| १८:०० | स्पोर्टस् वर्ल्ड (आशीष) |
| १८:३० | कान्तिपुर डायरी |
| १८:५५ | खोज |
| १९:०० | लभ सङ्स एट द रेट- सेभेन (भूमिका) |
| २०:०० | कान्तिपुर डायरी |
| २०:०५ | रिसाइकल (रेमन) |
| २१:०० | कान्तिपुर डायरी |
| २१:३० | इन्द्रेणी |
| २२:०० | नकटर्नल (सुप्रल/आशीष) |
| २३:०० | भाव संवेग (भूपेन्द्र) |

## अस्पताल र विविध

| | |
|---|---|
| **सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर** | |
| मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल | ५२०२०० |
| जिल्ला प्रहरी कार्यालय | ५२०१९९ |
| नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा) | ५२०३१० |
| क्षेत्रीय अस्पताल एम्बुलेन्स | ९८४८०६३५२० |
| **महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन** | |
| महाकाली अञ्चल अस्पताल | ५२१११९ |
| जिल्ला प्रहरी कार्यालय | ५२१२०० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१२५८ |
| जिल्ला प्रशासन कार्यालय | ५२११०९ |
| **कैलालीका महत्वपूर्ण टेलिफोन** | |
| सेती अञ्चल अस्पताल | ५२१२७१ |
| जिल्ला प्रहरी कार्यालय | ५२११५० |
| नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा | ५२१६०० |
| जिल्ला प्रशासन कार्यालय | ५२११०१ |
| टीकापुर अस्पताल | ५६०१५० |
| क्षेत्रीय अस्पताल | ०८३-५२०२०० |
| सुर्खेत विमानस्थल | ०८३-५२०१३२ |
| **कञ्चनपुर** | |
| महाकाली अञ्चल अस्पताल महेन्द्रनगर | ०९९-५२११११ |
| रेडक्रस एम्बुलेन्स | ५२१२५८/५२३१८३ |
| जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर | ५२११०९/५२२४०६ |
| जिल्ला प्रहरी कार्यालय | १००/५२१२०० |
| **डोटी** | |
| सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय | ०९४-४४०३१० |
| जिल्ला प्रशासन कार्यालय डोटी | ४२०१३३ |
| जिल्ला प्रहरी डोटी कन्ट्रोल | ९८५८४४०१९९/४२०२०५ |
| जिल्ला अस्पताल | ४२००१९ |
| जिल्ला अस्पताल एम्बुलेन्स | ९८४८५२५१५० |
| **डडेल्धुरा** | |
| जिल्ला प्रहरी | ०९६-४२०१९९ |
| **जाजरकोट** | |
| जिल्ला प्रहरी कार्यालय- | ०८९-४३०१३१, ९८५८०४५५५५ |
| अस्पताल- | ०८९४३०१८८ |
| एम्बुलेन्स | ९८१५५०९४३० |
| रेडक्रस एम्बुलेन्स | ०८९४३००४२, ९८६६७००२६४ |
| **कालिकोट** | |
| प्रहरी | ०८७-४४०११३, ९८५८३३५५५५ |
| **जुम्ला** | |
| प्रहरी | ०८७-५२००१३, ०८७-५२०११३ |
| शिक्षण अस्पताल | ०८७-५२०३५५, ५२००१५ |
| एम्बुलेन्स | ९७४८९४१६६६ |
| **दैलेख** | |
| जिल्ला प्रहरी कार्यालय | ०८९-४२०१२५,९८५८०१५५५५ |
| अस्पताल | ०८९-४१०१२७ |
| एम्बुलेन्स | ०८९-४१०१८५, ९८६८१६५६८२ |
| **पश्चिम रुकुम** | |
| जिल्ला प्रहरी कार्यालय | ०८८५३०१८७ |
| जिल्ला अस्पताल | ०८८५३०२४७, ०८८५३०११५ |
| एम्बुलेन्स | ९८०९८५८५८५ |
| **हुम्ला** | |
| प्रहरी | ०८७-६८००३/ ०८७६८००९९ |
| अस्पताल | ०८७-६८००२४ |
| विमानस्थल | ९८५१०७३०५९ |
| **डोल्पा** | |
| जिल्ला प्रहरी कार्यालय | ०८७-५५००५५, ९८५८३०५५५५ |
| **मुगु** | |
| प्रहरी | ०८७-४६००९९ |
| अस्पताल | ०८७-४६०१३० |
| एम्बुलेन्स | ९८४८३२१६६६ |
| **सल्यान** | |
| प्रहरी | ०८८-५२००७०, ९८५७८४५५५५ |
| अस्पताल | ०८८-५२००८२ |
| एम्बुलेन्स/रेडक्रस | ९८४७८३२४३८/०८८-५२०००४ |

## प्रहरी र एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| ट्राफिक प्रहरी | १०३ |
| दमकल | १०१ |
| श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन | ४४९८०३५ |
| सुमेरु एम्बुलेन्स सेवा | ०१ ५५५५५५०,९७५१०४४५५० |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क सववाहन सेवा | ४४३४००३ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

# अस्पतालमा बिरामीको चाप

- उपचारमा आएका मध्ये अधिकांश ज्वरोका बिमारी
- पानीको प्रदूषणका कारणले बिरामी बढ्दै

**आनन्द गौतम** (ताप्लेजुङ)

नानीलाई उपचारका लागि लिएर आएका फुङलिङ नगरपालिका- ९ हाङदेवाका चन्द्र कालिकोटेले जिल्ला अस्पतालमा पालो पाएनन् । ओपीडीमा टिकट लिन नसकेपछि इमर्जेन्सीमा देखाउन बसे तर त्यहाँ पनि सम्भव भएन ।

त्यसपछि क्लिनिकमा गएर जँचाए । बच्चालाई भर्खरदेखि बिराम सुरु भएकाले डाक्टरलाई नै देखाउन उनी भोलिपल्ट पनि आए । बिहान ९ बजे आएका उनको १ बजे पालो आयो र जाँच गराए ।

फुङलिङ २ का गोपाल न्यौपानेले ज्वरो सुरु भएपछि मेडिकलबाट औषधि लिए । अहिले कडा खालको ज्वारो भएको भन्दै स्वास्थ्यकर्मीले उनलाई एन्टिबायोटिक दिएका थिए । तीन दिनसम्म सुतेर औषधि खाँदा पनि कम नभएपछि मंगलबार जिल्ला अस्पताल आएका उनलाई डाक्टरले टाइफाइडको आशंकामा रगत र पिसाब परीक्षण गर्न सल्लाह दिए । पाँचथरको फालेलुङका रत्न काफ्ले पनि ज्वरोले चापेपछि वीरबहादुर बिकलाई साथ लिएर जिल्ला अस्पताल आए । गाडी चढेर आएका उनलाई डाक्टरले औषधि खाएर आराम गर्न सल्लाह दिएर बिदा गरे ।

चार दिनयता जिल्ला अस्पतालमा बिरामीको चाप अत्यधिक बढेको छ । दिउँसो २ बजेसम्म त ओपीडीमा टिकट लिनेको लाइन नै हुन्छ । त्यसपछि इमर्जेन्सीमा जाँचिन्छ । सर्वसाधारण नागरिक मात्रै नभएर जिल्ला अस्पतालमा प्रमुख डाक्टर सोनिम लामा आफैं मंगलबारदेखि अस्पताल आउन सकेनन् । ल्याबमा आएर आफैंले रगत परीक्षण गराएका छन् र औषधि सेवन थालेका छन् । सोमबारसम्म बिरामी जाँचेका डाक्टर लामालाई आइतबारदेखि नै अस्वस्थ्यको महसुस भएको थियो । ल्याब असिस्टेन्ट दीपेन्द्र पौडेलले भने, 'हामी यहाँ काम गर्ने नै धेरैजना बिरामी पर्न थालिसकेका छौं ।'



जिल्ला अस्पताल ताप्लेजुङमा लागेको बिरामीको भीड । *तस्बिर : आनन्द/कान्तिपुर*

ल्याबमा अरूको रगत, पिसाबलगायत परीक्षण गरिरहेका उनले आफूलाई बिरामले चापिसकेको तर जनशक्ति कम भएकाले जबरजस्ती काम गरिरहेको बताए ।

चिकित्सकका अनुसार अधिकांशमा ज्वरोको संक्रमण देखिएको छ । 'ज्वरो, टाइफाइडका बिरामी धेरै देखिएका छन्,' डाक्टर लामाले भने, 'म आफैं पनि बिरामी परें, यो पानीको प्रदूषणको मुख्य कारण हो ।' मौसम परिवर्तन हुँदा यस्तो देखिने र यो सर्ने गरेको लामा बताउँछन् । मौसमी बिरामीले तातो पानी प्रशस्त खानुपर्ने र आराम गर्नुपर्ने सुझाव डाक्टरको छ । स्वास्थ्यकर्मी डम्बर श्रेष्ठ जोगिएर काम गर्न कठिन भएको बताउँछन् । जिल्ला अस्पतालमा मात्रै नभएर गाउँका स्वाथ्यचौकीमा पनि बिरामीको चाप उत्तिकै बढेको उनले सुनाए ।

जिल्लाको मैवाखोलाको ढुंगेसाँघु र सिरिजंघा गाउँपालिकाको तेल्लोकमा डाक्टरको दरबन्दी रहेको छ । यीबाहेक प्रत्येकजसो वडामा एचएको नेतृत्वमा स्वास्थ्यकर्मी छन् । जिल्ला अस्पतालमा १५ शय्या रहेको छ । इमर्जेन्सीसमेत गरी ३५ बेड राखिएका छन् ।

यतिबेला जिल्ला अस्पतालमा प्रशस्त औषधि छ । जनस्वास्थ्यको गोदामबाट जिल्ला अस्पताल ल्याउने जनशक्ति भने अभाव छ । समायोजनमा अस्पतालका कार्यालय सहयोगीलगायत जनशक्ति नगरपालिकातिर गएपछि र अस्पतालमा काम गर्ने नभएर समस्या भएको स्टोरको जिम्मेवारी लिएका डम्बर श्रेष्ठ बताउँछन् । जनस्वास्थ्यको गोदामबाट अस्पतालसम्म ल्याउने जनशक्ति अभावले व्यवस्थापनमा कठिनाइ भएको छ । निःशुल्क औषधि वितरण केन्द्रले मागेजति नदिएको सेवाग्राही दिलिप बरालले बताए । सुपथ मूल्यको औषधि पसलमा भने खरिद प्रक्रियामा समस्या भएकाले औषधि केही अभाव भएको श्रेष्ठ बताउँछन् ।

# बर्थिङ सेन्टरमा कर्मचारी अभाव

**प्रकाश बराल** (बागलुङ)

बागलुङ नगरपालिकाले करारमा राखिएका सहयोगी हटाउँदा बर्थिङ सेन्टरमा सुरक्षित सुत्केरी गराउने काम प्रभावित भएको छ । संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि नगरपालिकाले गत वर्षदेखि सहयोगी हटाएको थियो । सहयोगी हटाउँदा स्वास्थ्य क्षेत्रमा काम गरेका धेरै बाहिरिएका थिए ।

नगरपालिकाभित्रको रायडाँडा, तित्याङ, पैयुँपाटा, नारायणस्थानलगायतका स्वास्थ्यचौकीमा आउने गर्भवतीलाई परीक्षण गरेपछि जटिल अवस्था भएमा सदरमुकाम पठाउनुपर्ने बाध्यता भएको सिनियर अहेब सोमराज पाण्डेले बताए । 'तालिम प्राप्त अनमी भए पनि साथ दिने व्यक्ति अभावमा गर्भवतीलाई सुत्केरी बनाउन सक्दैनन्,' उनले भने, 'कुन प्रकारको सहयोगी हटाउने भन्ने तोकिनुपर्थ्यो ।' सुरक्षित गर्भवती गराएपछि एकजना बराबर एक हजार रुपैयाँ संस्थाले पाउनुपर्छ । त्यो बजेटबाट ७ सयको सामग्री किन्ने र ३ सय भत्ता दिने गरिन्छ तर गत आर्थिक वर्षदेखि नै जिल्लाका अधिकांश स्थानीय तहमा त्यस्तो भत्ता गएन, जसका कारण जटिल काम गरेर पनि स्वास्थ्यकर्मीले भत्ता नपाएको गुनासो गरे ।

बडिगाड गाउँपालिकामा गत वर्षको पहिलो चौमासिकलाई पुग्ने मात्र बजेट गयो । त्यसपछि सुत्केरी सामग्री किन्ने पैसा र प्रोत्साहन भत्ता गएन । अत्यावश्यक सामग्री आन्तरिक कोषबाट खरिद गरिए पनि स्वास्थ्यकर्मीले प्रोत्साहन भत्ता नपाएको निरञ्जन यादवले बताए । 'रातदिन नभनी काम गर्नुपर्छ तर उनीहरूले सामान्य सेवासुविधा पनि पाएका छैनन्,' उनले भने, 'स्वास्थ्यकर्मीले जटिल अवस्थामा साथ नदिए बिरामीको ज्यानै जाने खतरा हुन्छ ।' प्रमुख प्रशासकीय अधिकृत प्रदीपचन्द्र सुवेदीले आगामी कार्यपालिकाको बैठकमा उक्त एजेन्डा राखेर समस्या समाधान गर्ने बताए । 'यो समस्या जतासुकै हो तर बिरामीको सेवामा खटिनेले सुविधा पाउने

**संघीय सरकारबाट ससर्त अनुदानको बजेट नआएपछि करारका सहयोगी हटाउँदा सेन्टरको काम प्रभावित**

गरी निर्णय गर्न आन्तरिक कोष भए पनि परिचालन गर्ने तयारी छ,' उनले भने, 'गत पुसदेखि नै स्वास्थ्यकर्मीलाई प्रोत्साहन भत्ता नदिई काम गर्न लगाएका छौं ।' भूगोलको समस्याले रणसिंकिटेनी, जलजला, भीमगिठे र दर्लिङका सेवाग्राहीले स्वास्थ्य संस्था आइपुग्न पनि सयौं खर्चनुपर्ने उनले बताए ।

आन्तरिक बजेटबाट अत्यावश्यक सामग्री खरिद गरेर काम चलाइएको तमानखोला गाउँपालिकाकी स्वास्थ्य शाखाकी अहेब गरिमा हर्मेलले बताइन् । बजेट अभावमा अनमीले प्रोत्साहन भत्ता नपाएको उनले सुनाइन् । गलकोट, ढोरपाटन र जैमिनी नगरमा पनि यस्ता समस्या छन् । गाउँपालिका भएका स्थानमा यो समस्या झनै जटिल छ । भूगोलको कठिनाइ र बर्थिङ सेन्टरमा स्वास्थ्यकर्मी अभाव हुँदा सेवाग्राही पहिलेदेखि सहरमा बसेर सेवा लिन बाध्य छन् । जिल्लामा अहिले ४७ बर्थिङ सेन्टर छन् ।

स्वास्थ्य संस्थामा नियमित गर्भ परीक्षण गरेको ८ सय रुपैयाँ र गर्भवती भएमा पाउने २ हजार रुपैयाँ दिने बजेट समेत नहुँदा केही स्थानीय तहले आन्तरिक स्रोतबाट दिने गरेका हुन् । अघिल्लो वर्ष बडिगाड गाउँपालिकामा मात्रै झन्डै २ सय ६९ महिला सुत्केरी भएकोमा १ सय ३४ ले मात्र सेवासुविधा पाउन सकेका थिए । सरकारले भने नियमित गर्भ परीक्षण गरेको तथा स्वास्थ्य संस्थामा पुगेर सुत्केरी भएकालाई मात्रै भत्ता दिने प्रावधान राखेको छ । बजेट पठाउँदा ससर्त शीर्षकमा पठाउनुपर्नेमा निसर्त पठाउँदा कतिपय बजेट गाउँपालिकाले विकास निर्माणमा खर्चने गरेको समेत टिप्पणी भइरहेको छ ।

गत वर्ष निसर्त बजेट आएकै कारण पशुस्वास्थ्यको समेत समस्या भएको थियो । पशुले पाउने खोप, कृत्रिम गर्भाधानका लागि चाहिने नाइट्रोजन खरिदजस्ता काम अलपत्र भएर धेरै पशु प्रभावित भएका थिए । 'पशु स्वास्थ्यमा त धेरै समस्या पर्छ भने मानव स्वास्थ्यमा नपर्ने कुरै भएन,' स्वास्थ्य कार्यालय बागलुङका क्षयकुष्ठ सुपरभाइजर देवप्रकाश घिमिरेले भने ।




# जथाभावी तार काटिँदा ग्राहक मर्कामा



नाला निर्माणका क्रममा डोजरले विराटनगरको महेन्द्र चोक पूर्वतर्फ नेपाल टेलिकमको भूमिगत तार काटेपछि मर्मत गर्दै टेलिकमका प्राविधिक । *तस्बिर : विनु/कान्तिपुर*

**विनु तिम्सिना** (विराटनगर)

महानगरपालिका-९ कलेज रोडस्थित पञ्चकन्या प्रिन्टर्समा ६ महिनादेखि टेलिफोनको लाइन छैन । सडक निर्माणका क्रममा अवरुद्ध नेपाल टेलिकमको लाइन महिनौं भइसक्दा पनि मर्मत नभएको प्रिन्टर्सका सञ्चालक लव घिमिरेले बताएका छन् ।

टेलिकमलाई बुझाउनुपर्ने न्यूनतम शुल्क २ सय ५५ रुपैयाँ भने मासिक तिर्नुपरिरहेको उनले गुनासो गरे । '६ महिनाभन्दा बढी भइसक्यो, धेरैपटक गुनासो गऱ्यौं, सुनुवाइ भएको छैन,' उनले भने, 'मासिक शुल्क तिर्न बाध्य छौं ।' प्रायःजसो सबैको हातमा मोबाइन फोन भए पनि कार्यालयको काममा ल्यान्डलाइन फोन नै प्रयोग गर्ने गरेको घिमिरेले बताए । महानगरपालिकामा भइरहेको विकास निर्माणले टेलिकम

**खानेपानी र विद्युत् प्राधिकरणको क्षति निर्माण कम्पनीले तिर्दै, टेलिकमले भने आफैं बेहोर्दै**

सेवा मात्र होइन, सबै क्षेत्र प्रभावित बनेको छ । सडक तथा नाला निर्माणका लागि खाल्डा खन्ने तर समयमै काम नगर्ने परिपाटीले स्थानीय सेवाग्राहीलाई सास्ती छ । खासगरी खानेपानी, विद्युत् प्राधिकरण र टेलिकमसँग समन्वय नगरी जथाभावी डोजर चलाउनाले विराटनगरमा विद्युत्, खानेपानी र टेलिकमको सेवा सबैभन्दा बढी प्रभावित छ । त्यसमा पनि टेलिकमका तारहरू जमिनमुनि हुँदा काटिएमा मर्मत गर्न झन्झटिलो र लामो समय लाग्नाले सेवाग्राही मर्कामा पर्ने गरेका हुन् । सेवा अवरुद्ध हुँदा टेलिकमको विराटनगर शाखा पनि हैरान बनेको छ ।

एउटै सडकमा पटक-पटक डोजर चलाउँदा थप समस्या हुने गरेको टेलिकम विराटनगर शाखा कार्यालयका सूचना अधिकारी पशुपति सुवेदीले बताए । एउटै सडकमा कहिले नाला बनाउन त कहिले बढाउन भन्दै खन्दा हैरानी बेहोर्नुपरेको उनको भनाइ छ । विराटनगर शाखाबाट ८ हजार ८ सय ५७, रानी शाखाबाट ६ सय १५, रोडशेषबाट १ हजार ८ सय ८२, टंकीसिनुवारीबाट १ हजार ५८ र तीनपैनीबाट २ हजार ८ सय ७९ टेलिफोन लाइन सञ्चालनमा छन् । त्यसमध्ये हाल विराटनगरको ट्राफिक चोकस्थित क्याबिनेटका १ सय ५०, महेन्द्र चोक क्याबिनेटका साढे ५ सय र हाटखोलाको क्याबिनेटका झन्डै साढे ९ सय लाइन विकास निर्माणकै कारण अवरुद्ध बनेको सुवेदीले जानकारी दिए । 'खानेपानीका पाइप धेरै तल गाडिएका हुँदैनन् र बिजुलीका तार पनि पोलमाथि हुन्छ,' उनले भने, 'तर टेलिकमका तार जमिनको तीन फिटमुनिसम्म गाडिएको हुन्छ, तार चुँडियो या काटियो भने मर्मत गर्न निकै झन्झटिलो हुन्छ ।' निर्माण कम्पनीले टेलिकमसँग समन्वय नगरी खनिदिँदा धेरै क्षति भइरहेको सुवेदीको भनाइ छ ।

**क्षतिपूर्ति नलिँदा बढी लापरबाही**

विकास निर्माणका क्रममा डोजरले तार काटेर हैरान बनेको टेलिकमले सम्बन्धित ठेकेदार पक्ष र महानगरपालिकासँग न त क्षतिपूर्ति लिन्छ न त मर्मत नै गर्न लगाउँछ । सँगैका विद्युत् प्राधिकरण र खानेपानी संस्थानले निर्माणका क्रममा सेवा अवरुद्ध बनेमा त्यसको मर्मतको काम सम्बन्धित पक्षलाइ गराउँछ । 'विद्युत् प्राधिकरण र खानेपानीले क्षतिपूर्ति लिने सर्तमा मात्रै खन्न दिन्छन्,' उनले भने, 'तर टेलिकमले त्यस्तो क्षतिपूर्तिको दाबी नगर्दा झन मनपरी डोजर चलाइन्छ ।'

विराटनगरमा सडक, ढल र नाला निर्माण धेरै वर्षदेखि भइरहेकाले खानेपानी संस्थान विराटनगरका प्रमुख शैलेन्द्र साहले भत्केका जति सबै पाइप बनाउन नसक्ने भएकाले ठेकेदार कम्पनीले नै बनाउनुपर्छ भनेर सरोकारवाला सबैसँग छलफल गरेर निर्णय नै भएको जानकारी दिए । 'निर्माणका क्रममा भत्काउँदै जाने अनि हामीले बनाउनुपर्ने ?,' साहले भने, 'त्यो त सकिँदैन, त्यसैले जसले क्षति पुऱ्याउँछ उसैले मर्मत गर्नुपर्छ ।' मर्मत कसले गर्ने भन्ने विषयमा भएको सरोकारवालाको छलफलमा टेलिकमका प्रतिनिधि पनि गएका थिए ।

# कोसीपीडित फेरि आन्दोलित

राजविराज (कास)- तीन पुस्तादेखि थाती मुआब्जा विवाद सुल्झाउन माग गर्दै कोसीपीडितले फेरि आन्दोलन गर्ने चेतावनी दिएका छन् । उनीहरूले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै मुआब्जा समस्या समाधानका साथै कोसीलाई व्यवस्थित गर्नुपर्ने माग गरेको छन् ।

सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारीमार्फत ज्ञापनपत्र बुझाउँदै साबिकका कोसीपीडितले कोसी सम्झौताको कार्यान्वयनसहितका सातबुँदे माग पूरा गर्न प्रधानमन्त्रीसित माग गरेका हुन् । नेपाल-भारत बीचमा १२ वैशाख २०११ मा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, कोसी योजनाले अधिग्रहण गरेको जग्गामा मात्र पायलट च्यानलको काम हुनुपर्ने, सम्झौताअनुसार सो क्षेत्रका नेपाली नागरिकलाई जागिर दिनुपर्ने, कोसीबाट प्रभावित परिवारका लागि विद्यालय र अस्पताल खोल्नुपर्ने तथा नेपाली भूभागमा कोसी योजनाले कुनै काम कारबाही सुरु गर्नुपूर्व नेपाल सरकारसँग अनुमति लिनुपर्नेलगायत माग अघि सारिएको छ ।

त्यस्तै भारत सरकारले कोसी सम्झौताअनुसार वर्षौंपिच्छै कोसी कटानबाट पीडितलाई दिनुपर्ने क्षतिपूर्ति नदिएर अन्याय गरेको भन्दै सम्झौता कार्यान्वयन गरिनुपर्ने माग कोसीपीडितको रहेको छ ।

कोसी नदी कटान डुबानपीडित संघर्ष समिति सप्तरी, सुनसरी र उदयपुरको तर्फबाट संयुक्त रूपमा प्रधानमन्त्रीलाई बुझाइएको ज्ञापनपत्रमा आफूहरूको माग सम्बोधन नगरिए चरणबद्ध आन्दोलन गर्ने चेतावनी दिइएको छ ।

प्रदेश १ को सुनसरी र प्रदेश २ को सप्तरीको बीचमा अवस्थित सप्तकोसी नदीमा पुल निर्माणका क्रममा भारत सरकारले अधिग्रहण गरेको सप्तरीवासीको सयौं बिघा नम्बरी जग्गाको मुआब्जा ७३ वर्ष नाघिसक्दा पनि पाउन नसक्दा मुआब्जाकै पर्खाइमा तीन-तीन पुस्ताले समस्या झेल्नुपरेको कोसीपीडितको भनाइ छ । संघर्ष समितिका संयोजक महिदेवप्रसाद चौधरीले आउँदो साउन ३२ गते बिहान ९ बजे सदरमुकाम राजविराज तथा कोसी ब्यारेज सडक खण्डमा कोणसभा, धर्ना र रिले अनशनलगायत कार्यक्रम राखिएको बताए ।

